# निर्वाचन न्याय



## स्रोत पुस्तिका

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

**पहिलो प्रकाशन :** पौष, २०७६

**प्रकाशन प्रति :** १००० प्रति

## प्रकाशक

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाडौ, नेपाल
टेलिफोन नं : (९७७१) ४२२८६६३
ईमेल : info@election.gov.np
वेबसाइट : www.election.gov.np

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**
तारकेश्वर - २०, मनमैजु, काठमाडौ, नेपाल
टेलिफोन नं : (९७७१) ४०२७४४९
ईमेल : info@njanepal.org.np
वेबसाइट : www.njanepal.org.np

## सहयोगी

European Union

UNDP
Empowered lives.
Resilient nations.

यो पुस्तक युरोपियन युनियन र युएनडिपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो ।
यस पुस्तकमा उल्लिखित विषयहरूले दातृमुलुक तथा दातृनिकायहरूको प्रतिनिधित्व गर्दैनन् ।

# निर्वाचन न्याय

## स्रोत पुस्तिका

२०७६ (२०१९)

**प्रधान न्यायाधीश**

**सर्वोच्च अदालत**
**काठमाडौं, नेपाल**



## मन्तव्य

निर्वाचन नागरिकको सार्वभौम अधिकार अभिव्यक्त गर्ने माध्यम हो। निष्पक्ष निर्वाचनले लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणको लागि महत्त्वपूर्ण योगदान पुऱ्याउँदछ। निर्वाचनले लोकतान्त्रिक शासन व्यवस्थाको सुनिश्चितताका साथै सोभन्दा बाहिर हुने अभ्यासलाई निरूत्साहित गर्दछ र स्वच्छ प्रतिस्पर्धामार्फत राजनीतिक स्थायित्वसमेत प्रदान गर्दछ।

निर्वाचन न्याय प्रचलित संविधान, कानून, अन्तर्राष्ट्रिय सन्धि, महासन्धि एवम् स्थानीय परिवेश र प्रचलनका आधारमा नागरिकका निर्वाचनसम्बन्धी अधिकारहरूलाई सुनिश्चित गर्ने र त्यसको प्रक्रिया वा कार्यविधिलाई नियमित र व्यवस्थित गर्ने न्यायिक प्रबन्ध हो। निर्वाचन न्यायले निर्वाचनसम्बन्धी अधिकारको उल्लङ्घन हुँदा न्यायिक उपचारका लागि उजुरी गर्न पाउने, सोको उचित सुनुवाइ र निर्णय हुने तथा न्यायिक पुनरावलोकनसमेतका माध्यमबाट त्यसप्रकारका विवादहरूमा न्याय निरूपण हुने कुराको सुनिश्चितता गर्दछ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी व्यवस्था, निर्वाचन न्यायका मान्य सिद्धान्त तथा अभ्यास अनुरूप निर्वाचन अधिकारको सुनिश्चितताको प्रत्याभूतिका लागि अनुकूल वातावरण बनाउन प्रबन्ध गरिएका कानुनी उपाय वा संयन्त्रहरू नै निर्वाचन न्यायका आधारभूत संरचना हुन्। निर्वाचन न्यायको सुनिश्चितता र प्रभावकारिताबाट नै समग्र निर्वाचन प्रणाली व्यवस्थित, पारदर्शी र प्रभावकारी बन्न सक्दछ भन्ने मलाई लाग्दछ।

निर्वाचनसम्बन्धी विवादहरूको निरूपण वा निर्वाचन न्याय पद्धति सम्बन्धमा विश्वमा विभिन्न अभ्यास र प्रचलनहरू रहेका छन्। कतिपय देशहरूमा विद्यायिकी निकायबाट, कतिपय देशमा न्यायिक निकायबाट र कतिपय देशहरूमा प्रशासनिक वा तदर्थ निकायबाट समेत निर्वाचनसम्बन्धी विवादहरूको निरूपण गर्ने अभ्यास रहेको पाइन्छ। नेपालमा निर्वाचन आयोगले अर्धन्यायिक निकायको रूपमा कार्य गर्ने र तोकिएका न्यायिक निकाय अर्थात् अदालतहरूले निर्वाचनसम्बन्धी विवादको सुनुवाइ गर्ने गरी दुई निकायबाट निर्वाचनसम्बन्धी विषयको व्यवस्थापन, नियमन र न्याय निरूपणको कार्य हुँदै आएको छ।

निर्वाचन आयोग र राष्ट्रिय न्यायिक प्रतिष्ठानले प्रकाशन गर्न लागेको यो "निर्वाचन न्याय स्रोत पुस्तिका" न्याय सम्पादनसम्बन्धी जिम्मेवार निकाय र अधिकारीहरू, राजनीतिक दल, निर्वाचनका सरोकारवालाहरू तथा निर्वाचनमा खटिने सबै कर्मचारीहरूका लागि यससम्बन्धी महत्त्वपूर्ण स्रोतका रूपमा रहने मैले विश्वास लिएको छु। नेपालको सन्दर्भमा निर्वाचन न्यायसम्बन्धी विषयलाई समेटेर यसप्रकारको महत्त्वपूर्ण प्रकाशन गर्न लागेकामा निर्वाचन आयोग र राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

पौष, २०७६

(चोलेन्द्र शम्शेर ज.ब.रा.)
प्रधान न्यायाधीश

**सम्पर्क नं. : +९७७-१-४२००७००, +९७७-१-४२००७०८, रामशाहपथ, काठमाडौं,पोष्ट बक्स नं. : २०४३८,**
**ईमेल :cjs@supremecourt.gov.np, cjnsecretariat@gmail.com, वेवसाईट : *www.supremecourt.gov.np***

# मन्तव्य



आधुनिक राज्य सञ्चालनको मुख्य आधार प्रजातन्त्रलाई मानिन्छ भने आवधिक निर्वाचन यसको अभिन्न अङ्गको रूपमा रहेको हुन्छ। निर्वाचनको माध्यमद्वारा जनताले आफ्ना प्रतिनिधि निर्वाचित गरी उनिहरूले बनाएको कानुन मार्फत कानुनी राज्य तथा शासन सञ्चालनमा आफ्नो सहभागिता जाहेर गर्दछन् । निर्वाचन आधुनिक राज्य व्यवस्थाको अनिवार्य शर्तको रूपमा रहेको छ।

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ लगायतका अन्तर्राष्ट्रिय कानुनले प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधि मार्फत सरकारमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गरेको छ। प्रत्यक्ष वा स्वतन्त्र रूपमा छानिएका प्रतिनिधिहरू मार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने, सर्वव्यापी तथा समान मताधिकार र गोप्य मतदानबाट मतदाताहरूको इच्छा अभिव्यक्ति गर्ने, स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने, स्वच्छ आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने अधिकारको सुनिश्चितता गर्नुपर्ने विषय समेत यस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरूले गरेका छन्। साथै यस्तो अधिकार निर्वाचनका विश्वव्यापी मान्यता बमोजिम नागरिकले प्रयोग गर्न पाउने व्यवस्था गरिएको हुन्छ। स्वच्छ, स्वतन्त्र, विश्वसनीय, स्वीकार्य, आवधिक निर्वाचन, समान मताधिकार, गोप्य मतदान, पारदर्शी मत गणना तथा निर्वाचन परिणाम घोषणा प्रक्रिया निर्वाचनको विश्वव्यापी मान्यताको रूपमा स्वीकार गरिएको छ।

लोकतन्त्रको सम्बर्द्धन र संरक्षणका लागि निर्वाचन न्याय एक आधारभूत पक्ष हो। उचित निर्वाचन न्याय प्रणालीबिना हामी कुनै पनि निर्वाचनको विश्वसनीयता र वैधता सुनिश्चित गर्न सक्दैनौं। निर्वाचनलाई स्वतन्त्र निष्पक्षताको कसीमा उतार्ने यो नै एक कानुनसम्मत बाटो हो, जहाँ कानुनी लगायतका उपचारको उपायहरूको गुञ्जाइस रहन्छ। यस प्रकारको कानुनी प्रबन्धले एकातर्फ निर्वाचन व्यवस्थापन गर्ने निकायको महत्वलाई थप उजागर गर्दछ भने अर्कातर्फ निर्वाचनका सन्दर्भमा राजनीतिक, प्रशासनिक/व्यवस्थापकीय र कानुनी संरचनाको सहअस्तित्वलाई पक्षपोषण गर्दछ। राजनीतिक रूपले विभक्त र प्रतिस्पर्धी स्वभावका कारण जुनसुकै निर्वाचनले केही न केही प्राविधिक जटिलताहरू सिर्जना गरेकै हुन्छन् जसबाट जोगिन र कानुनी वैधता प्रदान गर्न समेत निर्वाचनको न्यायिक पुनरावलोकनका लागि एक प्रभावकारी र चुस्त निर्वाचन न्याय प्रणालीको व्यवस्था अत्यावश्यक हुन आउँछ।

निर्वाचन सम्बन्धी न्यायको धारणा अनुसार सबै निर्वाचन प्रक्रिया कानुन बमोजिम सञ्चालन हुनु पर्दछ। यदि नागरिकलाई आफ्नो अधिकार हनन् भएको अनुभूति भएको छ भने निर्वाचन न्यायले तिनीहरूलाई क्षतिपूर्ति सहितको न्याय खोजी गर्न सक्ने र सम्बन्धित निकायबाट न्याय प्राप्त गर्न सक्ने क्षमता प्रदान गर्नुपर्छ। भरपर्दो निर्वाचन न्यायले जनतामा निर्वाचन प्रक्रियाप्रति भरोसा र विश्वसनीयता बढाउँछ। यसले सरकारलाई वैधता प्रदान गर्छ जसको माध्यमबाट लोकतन्त्रको सुदृढीकरण र प्रशासनको सबलीकरण सुनिश्चित हुन जान्छ।

प्रस्तुत स्रोत पुस्तिकाको आद्योपान्त समीक्षा गर्ने अवसर मलाई प्राप्त भएको छ। यसले राजनीतिक दल, मतदाता, नागरिक, निर्वाचनका सरोकारवाला, निर्वाचन न्याय सम्पादन गर्ने निकाय तथा कर्मचारीहरूलाई पर्याप्त रूपमा आवश्यक ज्ञान दिन सक्ने देखिएको छ। जसले आगामी दिनमा हुने निर्वाचनका सन्दर्भमा निर्वाचन न्यायलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहज हुने आशा लिएको छु।

निर्वाचन आयोग, नेपाल र राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालले प्रकाशन गरेको निर्वाचन न्याय स्रोत पुस्तिकाको समीक्षा गर्ने अवसर प्रदान गर्नु भएकोमा दुवै निकायप्रति आभार व्यक्त गर्दछु।

**कल्याण श्रेष्ठ**
पूर्व प्रधान न्यायाधीश

पौष, २०७६

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

## दिनेश कुमार थपलिया

प्रमुख निर्वाचन आयुक्त



नेपालको संविधानले सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले आफूद्धारा निर्वाचित प्रतिनिधि मार्फत जनताका लागि जनताको अभिमतको धरातलमा उभिएर शासकीय प्रबन्ध गर्ने सर्वोत्तम प्रणाली संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना गरेको छ। यसलाई संस्थागत गर्ने, विधिको शासनको स्थापना गर्ने, मतादाताको सार्वभौमिक अधिकारको रक्षा गर्ने र जनउत्तरदायी सरकारको निर्माण गरी सुशासन दिने कार्य निर्वाचनबाटै सम्पन्न हुन्छ। यस अर्थमा निर्वाचन भनेको प्रतिनिधिमुलक राजनीतिक व्यवस्थाको आधारशीला हो। निर्वाचन कै माध्यमबाट जनताले आफ्ना प्रतिनिधीहरुलाई राजनीतिक व्यवस्थाको निर्णायक तहमा पुर्याउछन्। आफूले रोजेको प्रतिनिधि मार्फत शासन संचालन गराउने जनताको अधिकारलाई सुनिश्चित गर्ने तथा जनताले आफू मध्येबाट छनौट गरी प्रतिनिधीत्वको लागि पठाउने प्रक्रियालाई बैधता प्रदान गर्ने काम निर्वाचनबाटै हुन्छ। संसारभरी नै जनप्रतिनिधि रोज्ने लोकतान्त्रिक विधिको रुपमा परिचित र स्थापित बिधि हो निर्वाचन। यसले मतदातालाई सिद्धान्त, विचार, कार्यक्रम हेरी राजनीतिक दल वा उम्मेद्वार मध्येवाट स्वतन्त्र र भयरहित वातावरणमा आफ्नो अभिमत प्रकट गर्ने अवसर प्रदान गर्दछ। निर्वाचनको यो समग्र पक्षलाई व्यवस्थापन, संचालन, रेखदेख, नियन्त्रण र निर्देशन गर्ने संवैधानिक अधिकार प्राप्त निकाय निर्वाचन आयोग हो। बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, बालिग मताधिकार, शुद्ध मतदाता नामावली, गोप्य मतदान र प्रभाबकारी निर्वाचन कानूनको माध्यमबाट आबधिक निर्वाचनको व्यवस्था भएको यसैको निम्ति हो ।

निर्वाचन जति स्वच्छ, निष्पक्ष पारदर्शी, स्वतन्त्र, मितव्ययी र सुर्वस्वीकार्य हुन्छ त्यति नै शासन व्यवस्था पारदर्शी, उत्तरदायी, जनमुखी र सदाचारयुक्त हुन्छ। त्यसैले सबै जसो लोकतान्त्रिक मुलुकहरुमा निर्वाचन प्रणालीको समग्र सुधारलाई निरन्तर कार्यक्रम भित्र समावेश गरी अगाडि बढाउँदै लगेको पाइन्छ। हामीले पनि यो अभ्यासलाई निरन्तरता दिदै आएका छौं। यति हुँदाहुँदै पनि निर्वाचनका सबै सरोकारवालाहरु बीच सहमति कायम गरी आबधिक निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र मितव्ययी ढंगबाट गराउनु चुनौतिको विषय बन्दै आएको छ। समग्रमा निर्वाचन सम्बन्धी सबै सवालहरुको संवोधन गर्ने गरी एकीकृत निर्वाचन कानून, निर्वाचन न्याय, निर्वाचन विवाद निरुपण, निर्वाचन व्यवस्थापन लगायत विषयलाई संवोधन गर्ने गरी उपयुक्त कानूनी प्रवन्ध गर्नु आजको आवश्यकता हो। यसका साथै निर्वाचनलाई स्वच्छता, स्वतन्त्रता र निश्पक्षताको कसीमा उतार्ने कानून सम्मत् बाटो निर्वाचन न्यायलाई व्यवस्थित गर्न निर्वाचनसँग सम्बन्धित सिद्धान्त, मान्यता, कानूनी मापदण्ड र पद्धतिलाई स्पष्ट गरी निर्वाचन प्रतिको विश्वास र भरोसालाई जीवन्त राख्नु पनि उतिकै महत्वपूर्ण छ। त्यसैले उचित, उपयुक्त, समयसापेक्ष निर्वाचन न्याय प्रणालीबाट नै निर्वाचनको विश्वसनियता र वैधता कायम गर्न सकिने हुँदा निर्वाचन न्याय सम्बन्धी विषयलाई अध्ययन, अनुसन्धान, विष्लेषण, संकलन र परिमार्जनद्वारा संहितावद्ध गरी प्रकाशन गर्ने प्रयास प्रारम्भ भएकोमा म खुशी व्यक्त गर्दै सम्बन्धित सवैलाई धन्यवाद दिन चाहन्छु ।

निर्वाचन न्यायको विषयलाई केन्द्रविन्दुमा राखी तयार गरिएको यस प्रकाशनले निर्वाचन विवाद र संयन्त्र लगायतका विषय समेटी यस सम्बन्धी नीति, कानून, संरचना पद्धति राष्ट्रीय एवं अन्तराष्ट्रीय अभ्यास अनुभव अवसर तथा संभाबनाहरूलाई उल्लेख गरेकोले यो प्रकाशन यस विषयको उपयोगी र खँदिलो दस्तावेज हो भन्ने मेरो बुझाई छ। यसको अध्ययनले जो कोहीलाई निर्वाचन न्यायका विविध पक्षमा ज्ञान हासिल गर्न र कार्यक्षेत्रमा अवलम्बन गर्न पर्याप्त खुराक दिनेछ भन्ने विश्वासका साथ शुभकामना व्यक्त गर्न चाहन्छु।

पौष, २०७६

दिनेश कुमार थपलिया

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२६०९२ । फ्याक्स: (९७७-१) ४२२९९८४
इमेल: dkthapaliya@gmail.com, वेव् साइट: www.election.gov.np

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

National Judicial Academy, Nepal

(Estd. under the national judicial Academy Act, 2006)

*"…Center for Excellence for Judicial Education."*


## मन्तव्य



लोकतान्त्रिक शासन पद्धतिमा मुलुकको शासन नागरिकहरुले आफूले चुनेका प्रतिनिधिहरुबाट हुने गर्दछ । मुलुकको शासकीय प्रणालीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागिता जनाउने अधिकार मानव अधिकारको विश्वव्यापी घोषणा १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ समेतका अन्तर्राष्ट्रिय दस्तावेजहरुमा प्रत्याभूत भएको छ ।

मुलुकको शासन प्रणालीमा सहभागिता जनाउने अधिकार, शासकीय पद्धतिका विभिन्न पदहरुमा उम्मेदवार हुन पाउने अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार, निर्वाचन प्रयोजनको लागि संघसंस्था खोल्ने अधिकार, मतदान गर्न पाउने अधिकार जस्ता संवैधानिक तथा राजनीतिक अधिकारको उपभोग गर्ने र त्यस्तो अधिकार उल्लंघन भएको अवस्थामा सोको उपचार पाउने अधिकारका विषयसँग निर्वाचन न्याय सम्बन्धित भएकोले निर्वाचन न्याय संवेदनशील विषयवस्तु रहेको छ ।

निर्वाचन र निर्वाचनसम्बन्धी विवादको संवेदनशीलता र निर्वाचन सम्बन्धी विवाद शिघ्र तथा सरल रुपमा निरुपण गर्ने उपायहरुका बारेमा सर्वसाधारण लगायत निर्वाचन विवाद निरुपण गर्ने निकायहरुको जानकारी तथा अन्तरकृयाको लागि समेत प्रस्तुत निर्वाचन न्यायसम्बन्धी स्रोत सामग्री तयार गरिएको छ । निर्वाचन प्रणाली, निर्वाचन विवाद निरुपण प्रणालीसम्बन्धी सैद्धान्तिक विषयका साथै नेपालको निर्वाचन र निर्वाचन विवाद निरुपण प्रणाली, सर्वोच्च अदालत, संवैधानिक इजलास, उच्च अदालत, जिल्ला अदालत र अर्ध न्यायिक निकायको रुपमा निर्वाचन आयोग, निर्वाचन अधिकृत समेतले निरुपण गर्ने निर्वाचन सम्बन्धी विवाद र सो विवाद निरुपण गर्दा न्यायिक निकाय तथा अर्ध न्यायिक निकायले अपनाउनु पर्ने कार्यविधि, निर्वाचन न्यायमा लैङ्गिक तथा सामाजिक समावेशीकरण, निर्वाचनसम्बन्धी मुद्दामा सर्वोच्च अदालत र संविधानसभा अदालतहरुबाट भएका मुख्य मुख्य फैसलाहरु र निर्वाचन न्यायलाई प्रभावकारी बनाउनको लागि चाल्नुपर्ने उपायहरु समेत प्रस्तुत श्रोत सामाग्रीमा समावेश भएका छन् ।

प्रस्तुत श्रोत सामाग्री निर्वाचनसँग सरोकार तथा चाख राख्ने व्यक्ति तथा संघ संस्थाहरु, निर्वाचन गर्ने गराउने निकाय, पदाधिकारीहरु र अधिकारीहरु लगायत निर्वाचन विवाद निरुपणमा संलग्न हुने न्यायाधीश तथा अर्ध न्यायिक निकायका पदाधिकारीहरु समेतको लागि उपयोगी हुने अपेक्षा गरिएको छ । प्रारम्भमा, उच्च अदालतका न्यायाधीशहरु र उच्च सरकारी वकिल कार्यालयका सरकारी वकिल, नेपाल बार एसोसिएसनका प्रतिनिधि र त्रिभुवन विश्वविद्यालय नेपाल ल क्याम्पसका प्रतिनिधिसमेत रहेको कार्यशालावाट श्रोत सामग्री परिमार्जन गरिएको थियो । परिमार्जित श्रोत सामाग्रीको आधारमा प्रतिष्ठानले गुरु प्रशिक्षक प्रशिक्षण कार्यक्रम र सो प्रशिक्षक प्रशिक्षणका आधारमा उच्च अदालतका न्यायाधीशहरु र उच्च सरकारी वकिल कार्यालयका सरकारी वकिलहरुको लागि विराटनगर, जनकपुर र नेपालगञ्जमा एक एक र काठमाडौंमा दुईवटा निर्वाचन विवाद निरुपण विषयक अन्तरकृयात्मक तथा छलफल कार्यक्रम सञ्चालन गरिसकेको छ ।

अन्तमा, निर्वाचन आयोग, नेपाल र राष्ट्रिय न्यायिक प्रतिष्ठानले यु.एन.डी.पी., इ.एस.पी. को सहकार्यमा प्रकाशन गरेको प्रस्तुत श्रोत सामाग्री तयार गर्न संलग्न हुने सम्पूर्ण व्यक्तिहरु लाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**तप बहादुर मगर**
कार्यकारी निर्देशक
राष्ट्रिय न्यायिक प्रतिष्ठान
पौष, २०७६


मनमैजु, काठमाडौं
फोन नं.: +१-४०२७४४९, +१-४०२७४५१
फ्याक्स +१-४०२७१४०
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Manamaiju, Kathmandu
Ph.: +1-4027449, +1-4027451
Fax: +1-4027140
Post Box No: 24865

**United Nations Development Programme**

*Empowered lives.*
*Resilient nations.*

# Foreword



Elections form the backbone of democracy. Electoral justice is a key element in upholding a genuine democratic process. These, in turn, are central to effectiveness, accountability and inclusion, and therefore foster good governance and sustainable development.

UNDP works around the world for inclusive and effective democratic governance through advocacy and advice, fostering impartial spaces for dialogue, achieving consensus and building institutions with the ultimate goal of bringing effective and equitable delivery of service to citizens, reinforcing the rule of law and citizen security, as well as establishing a peaceful and cohesive society.

In Nepal, with the support of development partners, UNDP has been working with the Government, the Election Commission, Nepal (ECN) and rule of law institutions towards these objectives. The Electoral Support Project (ESP) has been providing long-term institutional capacity development of the ECN and other stakeholders for conducting credible, inclusive and transparent elections.

I am pleased to see that ECN, the Judiciary and the National Judicial Academy have joined hands to work on the important issue of electoral justice with an objective to create better understanding about existing laws, policies and procedures and best practices from national and international experiences. This collaboration has produced the present electoral justice resource book. UNDP has been honoured to facilitate the collaboration and I would like to express my gratitude to the participating institutions for their commitment and trust as well as to the European Union for the support, without which this would not have been possible.

This resource book examines the concept of electoral justice and how to address and prevent electoral disputes. In addition, the book attempts to highlight the theory and conceptual part of elections as a whole; international normative frameworks on human rights related to political participation and representation as well as access to justice and fundamental elements of elections based on national and international good practices.

The book highlights existing national laws, policies, issues related to the election, processes and procedures to deal with the electoral violence, remedial measures, guiding principles and mechanisms for electoral dispute resolutions and the way forward. Likewise, the book covers the existing process and procedures of the electoral complaints handling mechanism within ECN and the Judiciary for different levels of elections.

Furthermore, the book aims to identifying a number of areas for coordination and collaboration among diverse actors of the electoral justice so that electoral disputes are settled in a timely and effective manner and so that access to justice of victims is provided.

The book reflects the laws and context of today and will no doubt need to be updated in the near future and frequently thereafter, but I trust that it will form a useful foundation and reference for all concerned agencies, including the Election Commission, the Judiciary, semi-judicial bodies, prosecutors, lawyers and all other concerned authorities as well as other electoral stakeholders in Nepal.

**Ayshanie Medagangoda-Labé (Ms.)**
Resident Representative
United Nations Development Programme, 22 January 2020

# प्रकाशकीय

निर्वाचन दुई वा सो भन्दा बढी पक्ष बिच निर्वाचित हुनका लागि गरिने प्रतिस्पर्धा भएकोले विश्व समुदायमा नै निर्वाचनको सिलसिलामा कुनै न कुनै रूपमा विवादको सिर्जना हुने गर्दछ । यसरी सिर्जना हुने विवाद समयमा नै कानुन बमोजम निरुपण गरिनु पर्दछ । समयमै विवादको निरुपण गर्न सकिएमा निर्वाचनको विश्वसनीयतामा थप वृद्धि हुन्छ ।

विश्वसनीय र पारदर्शी निर्वाचन लोकतन्त्रको आधारस्तम्भ भएकोले निर्वाचन विधि र प्रक्रियाको पारदर्शिताले निर्वाचनलाई विश्वसनीय बनाउँदछ । निर्वाचनमा उजुरीको सङ्ख्यामा वृद्धि हुनुले निर्वाचन न्यायमा जनताको पहुँच वृद्धिको अवस्थालाई दर्शाउँछ । निर्वाचन विवादहरूको छोटो समयमा निरुपण भई निर्वाचन न्याय प्रदान गर्न सकिएमा मात्र निर्वाचन व्यवस्थापन निकाय तथा निर्वाचन प्रक्रियाको साख वृद्धि भई समग्रमा निर्वाचनको विश्वसनीयतामा वृद्धि हुन जान्छ ।

विश्वका जुनसुकै मुलुकमा पनि निर्वाचनका क्रममा उत्पन्न विवाद वा गुनासाहरूलाई सम्बोधन गर्नका लागि विवाद निरुपण संयन्त्रको व्यवस्था गरिएको हुन्छ । नेपालमा पनि निर्वाचन न्याय सम्पादन गर्नका लागि उपयुक्त संयन्त्रको व्यवस्था गरिएको छ ।

कानुनतः दुवै पक्ष अदालतमा उपस्थित भएको मितिले ९० दिनभित्र निर्वाचन सम्बन्धी मुद्दाको अन्तिम किनारा गरी सक्नुपर्ने व्यवस्था रहेको भए पनि अधिकांश मुद्दाहरू तोकिएको अवधिभित्र किनारा हुन नसकिरहेको यथार्थताका बिच हामीले कार्य गर्नु परिरहेको छ ।

यसै सन्दर्भमा आगामी निर्वाचनहरूमा निर्वाचन न्यायलाई विशेष प्राथमिकताका साथ सम्बोधन गर्न र तोकिएको समयावधिभित्रै निर्वाचनका उजुरी वा विवादहरूको किनारा गर्न आवश्यक स्रोत सामग्रीको अभावलाई पूर्ति गर्नका लागि यो स्रोत पुस्तिका तयार गरिएको छ । निर्वाचन न्यायका लागि अति आवश्यक स्रोत सामग्रीको पूर्ति गर्नका साथै निर्वाचन न्यायलाई छिटो छरितो बनाउनमा यो स्रोत पुस्तिका सहयोगी हुने विश्वास लिइएको छ ।

अन्तमाः यो स्रोत पुस्तिका तयार गर्नका लागि आद्योपान्त समीक्षा गरिदिनु हुने पूर्व प्रधान न्यायाधीश कल्याण श्रेष्ठ, मुख्य लेखक अधिवक्ता मोहनलाल आचार्य, स्रोत पुस्तिकाको तयारीका क्रममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग र सहभागिता जनाउनु हुने अन्य सम्पूर्ण महानुभाव तथा स्रोत पुस्तिका तयारी र प्रकाशनमा सहयोग गर्ने युएनडीपी निर्वाचन सहायता परियोजनाप्रति हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछौँ ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# विषय सूची

## खण्ड - एक
निर्वाचन सम्बन्धी अवधारणा तथा सैद्धान्तिक पक्ष

### परिच्छेद - एक
परिचय


१.१ पृष्ठभूमि १
१.२ निर्वाचन सम्बन्धी अवधारणा एवम् सिद्धान्त ४
क. निष्पक्षता ५
ख. तटस्थता ५
ग. पारदर्शिता ६
घ. जबाफदेहिता ६
१.३ निर्वाचन प्रणालीको सान्दर्भिकता ७
१.४ निर्वाचनमा जनताको अधिकार र पूर्वशर्तहरू ९
१.५ निर्वाचन प्रणालीको महत्व १२
१.६ निर्वाचन सम्बन्धी हक र मानव अधिकार १४
१.६.१ मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ १४
१.६.२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ १५
१.६.३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ १५
१.६.४ महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ १५
१.६.५ जातीय भेदभाव विरुद्धको महासन्धि, १९६५ १६
१.६.६ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ १६


### परिच्छेद - दुई
विश्वमा प्रचलनमा रहेका प्रमुख निर्वाचन प्रणालीहरू


२.१ निर्वाचन प्रणाली (Electoral System) १९
२.२ बढी मत/बहुमत प्रणाली (Majority System) २१
२.२.१ पहिलो हुने निर्वाचित हुने प्रणाली (First Past the Post Electoral System) २२
२.२.२ उम्मेदवार एकमुस्ट मत प्रणाली (Candidate Block Vote System) २४
२.२.३ दलगत एकमुस्ट मत प्रणाली (Party Block Vote System) २६
२.२.४ वैकल्पिक मत प्रणाली (Alternative Vote system) २६
२.२.५ दुई चरण वा दुई चक्र प्रणाली (Two Round System) २८
२.३ समानुपातिक प्रतिनिधित्व प्रणाली (Proportional Representation System) ३०
२.३.१ सूची समानुपातिक प्रणाली (List Proportional Representation System) ३१

२.३.२ एकल सङ्क्रमणीय मत प्रणाली (Single Transferable Voting System) ३२
२.३.३ मिश्रित सदस्य समानुपातिक प्रणाली (Mixed Member Proportional System) ३२
२.४ मिश्रित प्रणाली (Mixed System) ३३
२.५ सहमतीय प्रणाली (Consensus System) ३३
२.६ आरक्षण तथा कोटा प्रणाली ३४

## परिच्छेद - तीन

### नेपालले अवलम्बन गरेका निर्वाचन प्रणाली तथा प्रक्रिया

३.१ राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन ४१
३.२ प्रतिनिधि सभा सदस्य निर्वाचन ४२
३.३ राष्ट्रिय सभा सदस्य निर्वाचन ४३
३.४ प्रदेश सभा सदस्य निर्वाचन ४४
३.५ स्थानीय तह निर्वाचन ४६
३.६ नेपालले अवलम्बन गरेको निर्वाचन प्रक्रियाका चरणहरू ४८

## परिच्छेद - चार

### निर्वाचन सम्बन्धी कानुन

४.१ नेपालको संविधान ५१
४.१.१ मौलिक हकअन्तर्गत निर्वाचन सम्बन्धी अधिकार ५१
४.१.२ राज्यका निर्देशक नीति तथा सिद्धान्त ५२
४.२ निर्वाचन सम्बन्धी अन्य कानुन ५३
४.२.१ निर्वाचन आयोग ऐन, २०७३ ५३
४.२.२ राजनैतिक दल सम्बन्धी व्यवस्था ५४
४.२.३ निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ५६
४.२.४ निर्वाचन विवाद (सुनुवाइ र निरूपण) सम्बन्धी कार्यविधि, २०७६ ६१
४.२.५ मतदाता नामावली ऐन, २०७३ ६२
४.२.६ स्थानीय तह निर्वाचन ऐन, २०७३ ६३
४.२.७ प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ ६४
४.२.८ प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ ६५
४.२.९ राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ ६६
४.२.१० राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ ६६
४.३ निर्वाचनका प्रमुख सरोकारवाला पक्षहरू र निर्वाचन आचार संहिता ६६
४.४ नेपालको निर्वाचनमा निर्वाचन आचार संहिता, २०७२ ६९

## परिच्छेद - पाँच

लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी

कानुन, नीति तथा अन्तर्राष्ट्रिय अभ्यासहरु


| | |
|---|---|
| ५.१ पृष्ठभूमि | ७३ |
| ५.२ लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यासहरू | ७३ |
| ५.३ नेपालको संविधान र निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण | ७५ |
| ५.४ कानुनमा भएका व्यवस्थाहरू | ७६ |
| ५.५ लैङ्गिक तथा समावेशीकरण नीति | ७६ |


# खण्ड - दुई

निर्वाचन न्याय सम्बन्धी नेपाल कानून र न्यायिक दृष्टिकोण

## परिच्छेद - छ

निर्वाचन न्याय प्रणाली र संयन्त्र


| | |
|---|---|
| ६.१ परिचय | ८१ |
| ६.२ निर्वाचन न्याय र निर्वाचन न्याय प्रणाली | ८२ |
| ६.३ निर्वाचन न्याय सम्बन्धी अन्तर्राष्ट्रिय कानुन | ८४ |
| ६.४ निर्वाचन विवाद समाधानका उपायहरू | ८५ |
| ६.५ निर्वाचन सम्बन्धी विवाद समाधानका लागि संस्थागत संयन्त्र | ८६ |


## परिच्छेद - सात

निर्वाचन न्याय सम्बन्धमा नेपालका न्यायिक निकाय


| | |
|---|---|
| ७.१ परिचय | ८९ |
| ७.२ जिल्ला अदालत | ९० |
| ७.३ उच्च अदालत | ९१ |
| ७.४ सर्वोच्च अदालत | ९१ |
| ७.५ संवैधानिक इजलास | ९२ |
| ७.६ नेपालमा निर्वाचन न्यायका सम्बन्धमा संवैधानिक इजलास र अन्य न्यायिक निकायको प्रभावकारिता | ९३ |

## परिच्छेद - आठ

नेपाल कानुनमा निर्वाचन सम्बन्धी विवाद समाधान


८.१ निर्वाचन सम्बन्धी विवाद ९७

८.२ निर्वाचन विवाद र विवाद निरूपण ९८

८.३ निर्वाचनसँग सम्बन्धित विवाद समाधानका आधारभूत सिद्धान्तहरू १००

८.४ निर्वाचन विवाद समाधानका सम्बन्धमा कानुनमा समावेश हुनुपर्ने विषयहरू १०१

८.५ नेपालको कानुन बमोजिम निर्वाचन कसुर र सजाय सम्बन्धी व्यवस्था १०२

८.६ निर्वाचनलाई असर पार्ने मुख्य विषयहरू (Tender/Triger Points) १०५

८.७ नेपालले ग्रहण गरेको विवाद समाधान पद्धति १०९

८.८ निर्वाचन विवादमा प्रमाणको भारको अवस्था १११

८.९ निर्वाचन पूर्व र निर्वाचन पश्चात् उजुरी र कारबाही ११२

८.१० मुद्दा व्यवस्थापन तथा न्याय निरूपण ११४

८.११ विवाद समाधानका वैकल्पिक उपाय सम्बन्धी पद्धति र त्यसको प्रभाव ११६


## परिच्छेद - नौ

निर्वाचन विवाद सम्बन्धमा अदालतबाट भएका फैसलाहरूको सार सङ्क्षेप


९.१ निर्वाचन बदर समेत ११९

९.२ मतदानको अधिकार १२०

९.३ निर्वाचनको मिति तोक्नु पूर्व आवश्यक कानुन तर्जुमा हुनुपर्ने १२१

९.४ उम्मेदवारको योग्यता र अयोग्यता १२२

९.५ मतपत्रको वैधानिकता १२२

९.६ मतदाता र मतदाता नामावली १२३

९.७ मतदान स्थगित, निर्वाचनमा धाँधली र बदर १२४

९.८ मत गणना र अनुचित प्रभाव १२६

९.९ निर्वाचन सम्बन्धी अन्य विषय १२७


## परिच्छेद - दश

निर्वाचन आयोगको विवाद निरूपणमा अर्धन्यायिक भूमिका


१०.१ संवैधानिक हैसियतमा निर्वाचन आयोग १२९

१०.२ निर्वाचन आयोग ऐनमा भएका मुख्य व्यवस्थाहरू १२९

१०.३ प्रभावकारी निर्वाचनको लागि आयोगले खेल्नु पर्ने भूमिका १३०

१०.४ निर्वाचन सम्बन्धी न्यायमा निर्वाचन आयोगको भूमिका १३१

१०.५ निर्वाचन आयोगको प्रभावकारिता र मुख्य चुनौतीहरू १३६

## परिच्छेद - एघार

### निर्वाचन प्रणालीमा जबाफदेहिता सुनिश्चित गर्ने संयन्त्रहरु


११.१ नेपाल सरकार १३९
११.२ व्यवस्थापिका/संसद् १४०
११.३ जबाफदेहिता सुनिश्चितताको लागि राजनीतिक दलको भूमिका १४१
११.४ सरकारी वकिल १४२
११.५ निर्वाचन र निर्वाचन न्यायमा नेपाल प्रहरी १४२
११.६ निर्वाचन पर्यवेक्षक, नागरिक समाज र सञ्चार जगत्को भूमिका १४३
११.७ फरक फरक तहका निकाय बिचको प्रभावकारी समन्वय संयन्त्रको सुनिश्चितता १४४


# खण्ड - तीन

### अभ्यास, चुनौती, निष्कर्ष र सुझाव

## परिच्छेद - बाह्र

### विभिन्न देशमा विकसित केही अभ्यासहरु


१२.१ विभिन्न देशका निर्वाचनबाट प्राप्त अनुभवहरू १४७
१२.२ विवाद निरूपण सम्बन्धमा भएका केही अन्तर्राष्ट्रिय असल अभ्यासहरू १४९
१२.३ नेपालका केही असल अभ्यास र सिकाइहरू १५२


## परिच्छेद - तेह्र

### चुनौती, निष्कर्ष र समाधानका उपायहरु


१३.१ नेपालको लागि मुख्य चुनौतीहरू १५५
१३.२ सम्भावित विकल्पहरू १५८
१३.३ समस्याको सम्बोधनको लागि केही सुझावहरू १५८

# खण्ड - एक

## निर्वाचन सम्बन्धी अवधारणा तथा सैद्धान्तिक पक्ष

# परिच्छेद - एक
## परिचय

### १.१ पृष्ठभूमि

आधुनिक राज्य सञ्चालनको मुख्य आधार प्रजातन्त्रलाई मानिन्छ। प्रजातन्त्रलाई मुखरित गर्ने मुख्य माध्यम निर्वाचन हो । जनताले शासनमा सहभागिता जनाउन र शासकीय निर्णय प्रक्रियामा सहभागिताको लागि निर्वाचनको माध्यमद्वारा आफ्ना जनप्रतिनिधि निर्वाचित गरी पठाउँछन्। यसरी पठाएका आफ्ना प्रतिनिधिले बनाएको कानुन मार्फत कानुनी राज्य सञ्चालन गर्दछन् । निर्वाचन आधुनिक राज्य व्यवस्थाको अनिवार्य शर्तको रूपमा रहेको छ । लोकतान्त्रिक व्यवस्थाको आधार प्रतिनिधित्वको छनोट भएकाले निर्वाचनको महत्व अझै स्पष्ट हुन पुगेको छ ।[१]

निर्वाचनको माध्यमद्वारा नागरिकले आफ्ना सार्वभौम अधिकार अभिव्यक्त गर्दछन् । यस अर्थमा निर्वाचन लोकतान्त्रिक शासन पद्धतिको वैधता पुष्टि गर्ने एक सशक्त माध्यम हो ।[२] विधिको शासनलाई कार्यान्वयन गर्ने माध्यमको रूपमा पनि निर्वाचनलाई स्वीकार गरिन्छ । हरेक लोकतान्त्रिक राष्ट्रहरूमा निर्वाचनको माध्यमबाट जनइच्छा र आकाङ्क्षा बमोजिम वैधानिक आधारमा सरकारको चयन गर्ने गरिन्छ । निर्वाचनको माध्यमबाट सरकारलाई बढी जिम्मेवार र जनताप्रति जबाफदेही बनाउने र दलीय पद्धतिलाई बलियो बनाउने कार्य समेत सम्पन्न हुन्छ ।[३] निष्पक्ष तवरबाट सम्पन्न हुने निर्वाचनले लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण र निरन्तरताका लागि महत्वपूर्ण योगदान पुऱ्याएको हुन्छ किनकि प्रतिनिधिमूलक शासन व्यवस्थाका लागि निर्वाचन अनिवार्य मानिन्छ। सार्वजनिक विचारहरू व्यक्त गर्न सार्वजनिक विषयमा छलफल गर्ने माध्यम पनि निर्वाचन नै मानिन्छ।

स्वच्छ, स्वतन्त्र, विश्वसनीय, स्वीकार्य, आवधिक निर्वाचन, समान मताधिकार, गोप्य मतदान, पारदर्शी मत गणना तथा निर्वाचन परिणाम घोषणा प्रक्रिया निर्वाचनको विश्वव्यापी मान्यताभित्र पर्छन्। मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधि मार्फत सरकारमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गरेको छ। यस्तो अधिकार निर्वाचनका विश्वव्यापी मान्यता बमोजिम नागरिकले प्रयोग गर्न पाउने व्यवस्था समेत घोषणापत्रले गरेको छ।[४] त्यसै गरी प्रत्यक्ष वा स्वतन्त्र रूपमा छानिएका प्रतिनिधिहरू मार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने, सर्वव्यापी तथा समान मताधिकार र गोप्य मतदानबाट मतदाताहरूको इच्छा अभिव्यक्ति गर्ने, स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने, स्वच्छ आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने अधिकारको सुनिश्चितता नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले पनि गरेको छ।[५]

---

१ हे. संविधान सभा, शासकीय स्वरुप निर्धारण समितिको अवधारणापत्र एवम् व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मसौदा प्रतिवेदन, ७ माघ २०६६, पृष्ठ ५९

२ हे. संयोजन सुवोधराज प्याकुरेल, समिक्षक तारानाथ दहाल र प्रदिप घिमिरे तथा अनुसन्धान समूह, डा. भिमार्जुन आचार्य, डा. विपिन अधिकारी, प्रा.डा. यज्ञ प्रसाद अधिकारी, डा. गोविन्द प्रसाद थापा र शुभदायक शाह “निर्वाचन प्रणाली सुधार”, राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा), काठमाण्डौ, प्रथम संस्करण, पुस २०६५, पृष्ठ १३

३ उही

४ हे. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २१ तथा आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल, पर्यवेक्षण प्रतिवेदन, प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७४, नेपाल कानून समाज, बबरमहल काठमाडौँ, नेपाल, परिच्छेद ३, पृष्ठ १७

५ हे. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २५

सन् २००५ मा जारी भएको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण सिद्धान्त सम्बन्धी घोषणापत्र अनुसार प्रजातान्त्रिक निर्वाचनबाट नै सम्बन्धित देशका जनताले आफ्नो मत जाहेर गर्दछन् । स्वतन्त्र रूपमा व्यक्त गरिएका नागरिकका भावनाहरूबाट मात्र सरकारले वैधता प्राप्त गर्दछ ।[६] निष्पक्ष प्रजातान्त्रिक निर्वाचनले लोकतान्त्रिक शासनको सुनिश्चितता मात्र गर्दैन, गैर प्रजातान्त्रिक अभ्यासलाई निरुत्साहित गर्दै प्रजातन्त्रको जग बलियो बनाउने र राजनीतिक नेतृत्वलाई स्थापित गर्ने कार्य गर्दछ भने शान्तिपूर्ण रूपमा हुने राजनीतिक प्रतिस्पर्धालाई शक्ति प्रदान गर्नुका साथै राजनीतिक स्थायित्व समेत प्रदान गर्दछ ।[७] यसले राजनीतिक निश्चिततालाई गति प्रदान गर्दछ भने कम्तीमा केही समयको लागि राजनीतिक दिशाको भविष्य सुनिश्चित समेत गर्दछ । निर्वाचनका केही आधारभूत निर्देशक सिद्धान्तहरू छन् । स्वतन्त्र, स्वच्छ, विश्वसनीय र स्वीकार्य निर्वाचनको लागि कम्तीमा पनि निम्न कुराहरू सुनिश्चित हुनु पर्दछ भन्ने विश्वव्यापी मान्यता छ :

क. जनमतको विश्वव्यापकतालाई स्वीकार गरिएको,

ख. जनताबाट स्वतन्त्र रूपमा अभिव्यक्त गरिएका प्रजातान्त्रिक अधिकारको मान्यता स्थापित भएको,

ग. आवधिक निर्वाचनको व्यवस्था गरिएको,

घ. निर्वाचन सञ्चालन गर्ने निकाय स्वतन्त्र, निष्पक्ष, पारदर्शी र जबाफदेही भएको,

ङ. स्वतन्त्र, पारदर्शी, विश्वसनीय र जबाफदेही निर्वाचन प्रक्रियाको अवलम्बन गरिएको, आदि ।

हालसम्म विश्वका १९९ मुलुकहरूले निर्वाचन मार्फत विधायिका/संसद् गठन गर्ने गरेको उदाहरण पाइन्छ । हाम्रो जस्ता मुलुकहरूले निर्वाचनलाई संवैधानिक वा कानुनी रूपमा पारदर्शिता र समान बालिग मताधिकारमा विशेष जोड दिएको पाइन्छ, जसले गर्दा बढीभन्दा बढी जनता निर्वाचनमा सहभागी हुन रूचाउँछन् । निर्वाचन सम्बन्धमा नेपालको संविधानले गरेको व्यवस्था अनुरूप वि. सं. २०७४ सालमा सम्पन्न सबै तहको निर्वाचन सञ्चालन र व्यवस्थापन गर्न आवश्यक ऐन, नियमावली, निर्देशिका र एकीकृत निर्वाचन आचार संहिता समेत जारी गरिएको छ ।[८] नेपालमा वि. सं. २०७४ सालमा करिब १५ वर्षदेखि थाती रहेको स्थानीय तहको निर्वाचनमा नेपाली नागरिकले भाग लिने अवसर पाए । उक्त स्थानीय, प्रादेशिक तथा सङ्घीय संसद्का लागि भएका निर्वाचनहरूबाट करिब ३५,००० स्थानीय सभाका पदाधिकारीहरू, ५५० प्रादेशिक सभाका सदस्यहरू, २७५ सङ्घीय संसद्को प्रतिनिधि सभाका सदस्यहरू र ५६ जना राष्ट्रिय सभाका सदस्यहरू तथा नेपालको राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन प्रक्रिया सफलतापूर्वक सम्पन्न भइसकेका छन् ।[९]

नेपालमा सम्पन्न भएका सबै तहका पछिल्ला निर्वाचनहरू अपेक्षाकृत सन्तोषजनक ढङ्गले सम्पन्न भई हाल सङ्घीय नेपालको संविधान राजनीतिक दृष्टिले पूर्ण रूपमा कार्यान्वयनको चरणमा छ ।

---

६ *"Genuine democratic elections are an expression of sovereignty, which belongs to the people of a country, the free expression of whose will provides the basis for the authority and legitimacy of a government,"* begins the 2005 Declaration of Principles for International Election Observation. See at *http://aceproject.org/ace-en/focus/international-election-observation/copy_of_default*

७ Genuine democratic elections do not guarantee democratic governance, but are a prerequisite for it. They provide political legitimacy for elected leaders and a foundation from which to govern, reducing the scope for non-democratic challenges to power. They serve to resolve competition for political power peacefully and are more likely to lead to stability than non-democratic forms of succession. Ibid

८ हे. निर्वाचन आयोग, निर्वाचन समीक्षा, प्रकाशन, निर्वाचन आयोग, २०७५, पृष्ठ ३४,

९ IFES, A Year of Elections in Nepal: Implemengting a Federal and Inclusive Constitution, Pub. in 16 April, 2018, see at https://www.ifes.org/news/year-elections-nepal-implementing-federal-and-inclusive-constitution

यति हुँदा हुँदै पनि आगामी निर्वाचनलाई कसरी बढीभन्दा बढी विश्वसनीय ढङ्गबाट सम्पन्न गर्ने भन्ने विषयमा सम्बन्धित सबै सरोकारवालाहरू समयमै चनाखो हुनु आवश्यक छ ।

निर्वाचन प्रणाली, निर्वाचनको सञ्चालन, व्यवस्थापन तथा अनुगमनका सम्बन्धमा नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूले केही अध्ययन, अनुसन्धान गरेको भए तापनि निर्वाचनसँग सम्बन्धित न्यायको सम्बन्धमा गरिएका अध्ययन तथा अनुसन्धानहरूको सर्वथा अभाव देखिएको छ । निर्वाचन अपराध र सजायका सम्बन्धमा न्यायिक तथा अर्धन्यायिक निकायबाट विवाद निरूपण गरिने कानुनी व्यवस्था भए पनि यस सम्बन्धमा विशेषज्ञता हासिल गर्ने चासो अत्यन्तै कम देखिन्छ । लामो राजनीतिक सङ्क्रमणको कारण आवधिक रूपमा हुनुपर्ने निर्वाचनहरू समयमा नहुने गरेको, फलस्वरूप निर्वाचन प्रक्रियाको परिमार्जन र परिष्कारमा दिनुपर्ने ध्यान वाञ्छित मात्रामा दिन नसकिएको, निर्वाचन नै नियमित रूपमा नहुने भएपछि निर्वाचनका विवादहरू कम पर्ने गरेको, परेका विवादहरूलाई प्राथमिकताका साथ निराकरण गर्ने विवाद समाधानको उपयुक्त सिप र विशेषज्ञताको अभाव रहेको, विवादित निर्वाचनबाट निर्वाचित भएका उम्मेदवारको पदावधि समाप्त हुँदासम्म पनि विवाद निरूपण हुन नसकी मुद्दाको औचित्य नै समाप्त भई मुद्दा तामेलीमा राख्नेसम्मको परिस्थिति निर्माण हुने गरेको, शीघ्रातिशीघ्र निर्वाचनसँग सम्बन्धित विवादहरू फछ्र्यौट गर्न चाहिने संस्थागत प्रबन्ध, जनशक्ति, प्रक्रिया र तत्परता तर्फ ध्यान नपुग्नाले तदर्थवादी तरिकाले विवाद समाधानको पक्षलाई हेर्ने प्रवृति विद्यमान भएको देखिन्छ । तसर्थ उपर्युक्त परिस्थितिहरूको गम्भीर विश्लेषण गरेर निर्वाचन न्यायका विविध पक्षहरूमा सुधारको प्रयास गर्नु जरुरी देखिन्छ ।

यसको निम्ति मौजुदा कानुन पर्याप्त छन् वा छैनन् ? भएका कानुनहरू इमान्दारिताका साथ पालना भएका छन् वा छैनन् ? उक्त कानुनको कार्यान्वयनको लागि तोकिएका आवश्यक संयन्त्रहरू दक्ष र प्रभावकारी छन् वा छैनन् ? मुद्दाका पक्षले तोकिएको समय सीमाभित्र न्याय पाएका छन् वा छैनन् ? यदि छैनन् भने त्यसका कारण र समाधानका उपायहरू के के हुन सक्लान् ? निर्वाचन विवाद वा अपराध सम्बन्धी जाहेरी वा सुनुवाइको कार्यविधि स्पष्ट र पारदर्शी छन्, छैनन् ? राजनैतिक दल, जिम्मेवार निकाय, अनुगमनकर्ता र मतदातालाई जिम्मेवार तथा जवाफदेही बनाउँदै निर्वाचन अपराधमा न्यूनता ल्याउन के कस्ता उपायहरू गर्न सकिन्छ ? अपराध वा कसुर भइहालेको अवस्थामा त्यसको छिटो, छरितो निराकरण गर्दै पीडितलाई न्याय र पीडकलाई समयमै कारबाही गरी निर्वाचन सम्बन्धी न्यायलाई कसरी प्रभावकारी बनाउन सकिएला ? निर्वाचनमा मतदाताको सचेतना, वैध मतदाता र मतदानको सुनिश्चितता, निर्वाचनलाई धाँधलीरहित, स्वच्छ, मर्यादित र कम खर्चिलो बनाउँदै सच्चा लोकतान्त्रिक आचरण र आवश्यकता अनुरूपको निर्वाचन प्रणालीको स्थापनाका लागि के कस्ता कानुनी र संरचनागत आधारहरू प्रभावकारी हुन सक्लान् ? निर्वाचन न्यायका अवधारणा, निर्वाचन अपराध र त्यसको निराकरणको लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरू के कस्ता छन् ? हाम्रा आफ्नै विगतका अनुभव र सिकाइका आधारमा के कस्तो रूपमा आगामी दिनको लागि कदम चाल्ने ? यी र यस्तै विषयहरूको गम्भीर अध्ययन गर्न जरुरी भएको छ । त्यसै सिलसिलामा आवश्यक क्षेत्रहरू पहिचान गरी अध्ययनमा सघाउ पुऱ्याउने मनसायले विभिन्न विशिष्ट व्यक्तिहरूको सल्लाह, सुझाव तथा पृष्ठपोषणका आधारमा थप परिमार्जन सहित यो स्रोत पुस्तिका तयार गरिएको छ ।

## १.२ निर्वाचन सम्बन्धी अवधारणा एवम् सिद्धान्त

निर्वाचन समग्र लोकतान्त्रिक राज्य व्यवस्थाको एउटा महत्वपूर्ण पक्ष हो । निर्वाचन वा निर्वाचन प्रणालीका सिद्धान्तहरूको सम्बन्धमा विद्वानहरू एकमत छैनन् तर केही आधारभूत सिद्धान्तहरूमा भने मतैक्यता देखिन्छ । निष्पक्ष निर्वाचनको लागि असल अभ्यास र निर्वाचनका आधारभूत मापदण्डका आधारमा कानुनी तथा संस्थागत रूपमै बल प्रदान बल प्रदान गरिएको हुनु पर्दछ । देशको सामाजिक र राजनीतिक परिवेशका आधारमा आवश्यक मापदण्ड अपनाउन सकिन्छ तर स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन गर्ने उद्देश्य भने फरक हुनु हुँदैन । निर्वाचनका आधारभूत सिद्धान्तहरूको पालनाबिना निर्वाचन स्वच्छ हुन सक्दैन । अतः निम्न बमोजिमका निर्वाचनका मान्यताहरूको अवलम्बन निर्वाचन प्रक्रिया वा प्रणालीका निमित्त आवश्यक हुन्छ :

क. बालिग मताधिकारको व्यवस्था,

ख. निर्वाचन प्रक्रियामा पारदर्शिता,

ग. सहभागितामूलक निर्वाचन पद्धतिको अवलम्बन,

घ. सबै मतदाताको समान पहुँचयोग्य निर्वाचन पद्धति,

ङ. निर्वाचनमा स्वच्छता,

च. कम खर्चिलो निर्वाचन,

छ. धाँधलीरहित रूपमा सम्पन्न निर्वाचन, र

ज. विश्वसनीय एवं स्वीकार्य निर्वाचन।

माथि उल्लेखित मान्यताहरू सबै प्रकारका निर्वाचनहरूको निम्ति आवश्यक हुन्छ । बालिग मताधिकार मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता र अधिकांश मुलुकका संविधानद्वारा प्रदत्त मौलिक अधिकार हो। निर्वाचनमा पारदर्शिता र स्वच्छताले मात्र निर्वाचनप्रतिको विश्वसनीयता कायम गर्ने हो । विश्वासको अभावमा सञ्चालन वा सम्पन्न गरिएका निर्वाचनहरूले वैधानिकता प्राप्त गर्न सक्दैनन् भने मतदाताहरूलाई निरुत्साहित समेत गर्दछन् । निर्वाचनमा अधिक मात्रामा मतदाताहरूको सहभागिता अपरिहार्य मानिन्छ । सानो सङ्ख्यामा सहभागी भएका मतदाताहरू वा सबै क्षेत्र, वर्ग, लिङ्ग र समुदायबाट प्रतिनिधित्व नभएको निर्वाचन सफल निर्वाचन मान्न सकिँदैन भने त्यसले वैधता समेत प्राप्त गर्न सक्दैन। उक्त कार्यको लागि सबै क्षेत्रको पहुँच सुनिश्चित गर्न आवश्यक हुन्छ। त्यसै गरी निर्वाचनमा धाँधली भएको छ भने जनमत प्राप्त उम्मेदवारको पराजय हुने र जनताले नरुचाएको व्यक्ति विजयी हुने सम्भावना हुन्छ । त्यस किसिमको निर्वाचन वैध निर्वाचन हुन सक्दैन । निर्वाचन सम्बन्धी अधिकार प्राप्त निकायहरूले माथि उल्लेखित मान्यताहरूको पालनाको सुनिश्चितता गर्नु आवश्यक हुन्छ। त्यसको निम्ति आवश्यक कानुनी र संस्थागत सुधार गरी समयमै मतदाता शिक्षा सञ्चालन गर्नु अपरिहार्य हुन्छ ।

निर्वाचनमा सदाचारिता (integrity) कायम गर्नको लागि केही आधारभूत मान्यताहरू समेत अन्तर्राष्ट्रिय अभ्यास र प्रचलनमा छन् । ती मान्यताहरू तल उल्लेख गरिएका छन् :[१०]

- लोकतान्त्रिक निर्वाचनका सिद्धान्तहरूको सम्मान,
- नैतिक आचरण पालना,
- पेशागत मर्यादाको  सम्मान
- तथ्यमा आधारित प्रणाली,
- संस्थागत संरक्षणको व्यवस्था,
- विद्यमान कानुनहरूको कार्यान्वयन र अनुगमनको प्रभावकारीता, र
- पारदर्शिता तथा जबाफदेहिताको सुनिश्चितता ।

निर्वाचन यस्तो प्रक्रिया हो जहाँ निर्वाचन अगाडि, निर्वाचन अवधिभर र निर्वाचन पश्चात् विभिन्न किसिमका  अवाञ्छित गतिविधिहरू हुने सम्भावना सधैँ रहन सक्ने हुँदा अवाञ्छित गतिविधिहरूलाई रोक्नको लागि प्रभावकारी कानुन र आचार संहिताको व्यवस्था आवश्यक हुन्छ । उक्त गतिविधिहरूलाई न्यूनीकरण गर्न र स्वच्छ तथा स्वतन्त्र निर्वाचन सञ्चालन गर्नको लागि निर्वाचन प्रक्रिया निश्चित सिद्धान्त, मूल्य र मान्यताका आधारमा सञ्चालन गर्नुपर्ने हुन्छ । अतः अन्य सिद्धान्तहरूका अलावा निम्न बमोजिमका निर्वाचन सम्बन्धी मुख्य सिद्धान्तहरूको सङ्क्षिप्त चर्चा गर्नु आवश्यक छ ।[११]

### क. निष्पक्षता

निर्वाचनको लागि निष्पक्षता एउटा महत्वपूर्ण आधार हो । पक्षपातपूर्ण वा पूर्वाग्रही ढङ्गले सञ्चालन भएका निर्वाचनहरूले वैधता प्राप्त गर्न सक्दैनन् । यसबाट जनताको उचित वा उपयुक्त प्रतिनिधित्व समेत हुन सक्दैन । निर्वाचन निष्पक्षतापूर्वक सञ्चालन गर्नको लागि निर्वाचन सञ्चालन गर्ने निकाय, कानुन, मापदण्ड र प्रक्रियाको अत्यन्तै महत्वपूर्ण भूमिका हुन्छ । त्यसको साथसाथै राजनीतिक दल, आम सञ्चार, नागरिक समाज र आम नागरिकले निर्वाचन निष्पक्ष रूपमा सम्पन्न गर्नको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

यति हुँदा हुँदै पनि निर्वाचन प्रक्रियामा कुनै किसिमको कसुर वा अनुचित कार्य भएमा सक्षम निकायबाट समयमै उचित प्रक्रिया बमोजिम न्याय प्राप्त गर्ने सुनिश्चितता भएमा मात्र निर्वाचनप्रतिको निष्पक्षता कायम हुन सक्दछ । यसर्थ निष्पक्ष निर्वाचन, निर्वाचन प्रणालीप्रति विश्वसनीयता कायम गर्ने प्रमुख र महत्वपूर्ण आधार हो ।

### ख. तटस्थता

निर्वाचन गर्ने निकायले निर्वाचनको वैधानिकता र यसको उपादेयता सिद्ध गर्नको लागि सम्पूर्ण निर्वाचन प्रक्रियाको अवधिभर सबै सहभागीहरूलाई तटस्थ रूपमा एकै किसिमको व्यवहार गर्नुपर्ने हुन्छ । जसको लागि तीनवटा आधारभूत तत्वहरूको महत्वपूर्ण भूमिका हुन्छ :

क. स्पष्ट र स्तरीय कानुन,
ख. चुस्त, दुरुस्त र निष्पक्ष प्रशासन, र
ग. समान व्यवहार ।

---

१० See ACE, The Electoral Knowledge Network, Electoral Intigrity, 3rd Edition 2012, at http://aceproject.org/ace en/topics/ei/introduction/ei20
११ उही

**ग. पारदर्शिता**

निर्वाचन प्रक्रियामा पारदर्शितालाई एउटा महत्वपूर्ण सिद्धान्तको रूपमा मान्ने प्रचलन विश्वमा प्रचलित सबै प्रकारका निर्वाचन प्रणालीहरूमा कायम छ । मतदाता नामावलीदेखिका निर्वाचन प्रक्रिया, मत गणना र परिणामको घोषणा गर्ने पद्धति पारदर्शी नभएमा निर्वाचन प्रणालीले विश्वसनीयता गुमाउन पुग्दछ । अपारदर्शी निर्वाचनको परिणाम पनि गलत हुन जान्छ भने नागरिकको सही प्रतिनिधित्व समेत हुन सक्दैन । लोकतान्त्रिक निर्वाचन प्रणालीमा मतदाता, उम्मेदवार र राजनीतिक दलको योग्यता, खुला मतदाता नामावली र उम्मेदवार, दाबी विरोधको अवसर, निर्वाचन अघि, निर्वाचन अवधिभर र निर्वाचनपछिका सम्पूर्ण प्रक्रियाहरू कानुन बमोजिम सार्वजनिक गर्ने, मत गणना सार्वजनिक स्थलमा गर्ने लगायतका विश्वसनीय प्रक्रियाहरूको अवलम्बनबाट निर्वाचन प्रक्रियाको पारदर्शिता जाँच्न सकिन्छ ।

निर्वाचन प्रक्रिया कसरी सञ्चालन हुन्छ भन्ने बारेमा सम्पूर्ण राजनीतिक दल, उम्मेदवारहरू तथा मतदाता स्पष्ट हुन आवश्यक छ । निर्वाचन प्रक्रियाहरू स्पष्ट र पारदर्शी नभएमा निर्वाचन परिणामप्रति अविश्वास र आशङ्का जन्मन सक्दछ । निर्वाचन प्रक्रिया, प्रणाली र यसको सुधार तथा समीक्षाका बारेमा बहस वा छलफल हुन सकेमा यसले सरोकारवालाहरू बिच निर्वाचनप्रति विश्वास पैदा गर्दछ । निर्वाचनमा पारदर्शिताको आधार भनेको कुनै कुरा खोज्ने, प्राप्त गर्ने तथा सूचना प्रवाह गर्ने अभिव्यक्ति स्वतन्त्रता पनि हो । यो निर्वाचनप्रति जनताको अपनत्व स्थापना गर्दै सरकार तथा निर्वाचन प्रक्रियाका सञ्चालकहरूप्रति विश्वासको वातावरण तयार पार्ने आधार समेत हो ।

**घ. जबाफदेहिता**

त्यसै गरी जबाफदेहिता नागरिक शासनको एक महत्वपूर्ण विशेषता हो । सरकार, राजनीतिक दलहरू, निर्वाचन आयोग तथा निर्वाचित व्यक्तिहरू नागरिकप्रति जबाफदेही हुन आवश्यक छ । जबाफदेहिताको अभावमा निर्वाचन प्रक्रिया सफल हुन सक्दैन । निर्वाचन कानुनले निर्दिष्ट गरेका निकायहरूले आफ्नो जिम्मेवारी कानुन बमोजिम इमान्दारितापूर्वक गर्नु नै जबाफदेहिता हो । उक्त निकायहरूले आफ्नो भूमिका निर्वाह गर्ने क्रममा भएका कमी कमजोरीका सम्बन्धमा समयमा उचित समीक्षा र समयमा नै सक्षम र निष्पक्ष निकायबाट कारबाहीको व्यवस्था भएमा मात्र निर्वाचनमा जबाफदेहिता कायम हुन सक्दछ ।

माथि उल्लेखित बाहेक पनि विभिन्न देशका निर्वाचन आयोग वा सरकारहरूले निर्वाचनका सम्बन्धमा देहायका विषयहरूलाई समेत मनन गर्ने गरेको पाइन्छ ।

- नागरिकको निगरानीले निर्वाचनलाई पक्षपाती हुन दिँदैन,
- प्रभावकारितालाई नजरअन्दाज गरेर पारदर्शिता हुन सक्दैन,
- प्रविधिले सुरक्षा प्रणालीलाई हानी गर्दैन बरु निर्वाचन प्रणालीलाई सहयोग गर्दछ,
- कानुनले मतदाता र मतपेटिकाको संरक्षण गर्दछ,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले निर्वाचन प्रक्रियालाई जाँचपड्ताल गर्दछन् भने साक्षीको रूपमा उपस्थित हुन्छन्,
- निर्वाचन नागरिकको नियन्त्रणमा हुन्छ,

- समान सहभागिता र पहुँच कायम हुन्छ,
- गोपनीयताको अधिकारको सम्मान हुन्छ,
- प्रतिनिधित्वको अधिकारको सम्मान र संरक्षण हुन्छ,
- समावेशीकरण र अन्तरघुलनको सम्भावना प्रबल हुन्छ,
- पारस्परिक सहयोगमा आधारित हुन्छ, आदि ।

## १.३ निर्वाचन प्रणालीको सान्दर्भिकता

निर्वाचन प्रणाली एउटा यस्तो संयन्त्र पनि हो, जसले नागरिकका प्राथमिकता, इच्छा र चाहनालाई निर्वाचनमा खसेको मतको माध्यमद्वारा मुखरित गर्दछ । अर्थात्, मतदानद्वारा दल वा व्यक्तिलाई विजयी गराई संविधान र कानुनको अधीनमा रही शासन गर्ने वैधानिकता प्रदान गर्दछ । निर्वाचन प्रणालीले निर्वाचन सम्बन्धमा अवलम्बन गरिने संवैधानिक व्यवस्था र मत पद्धति (Voting Method) लाई समेटेको हुन्छ । निर्वाचन प्रणालीको मुख्य उद्देश्य संविधानअन्तर्गत विभिन्न तहको शासन व्यवस्थाका लागि निर्वाचनको माध्यमबाट व्यक्ति वा दललाई छान्नु हो । यसको लागि संसारमा विभिन्न निर्वाचन प्रणालीहरू प्रचलित छन् । कुनै एक प्रकारको प्रणाली अवलम्बन गर्दा कुनै व्यक्ति छान्न सकिने अवस्था रहन्थ्यो भने अर्को प्रकारको प्रणाली अपनाउँदा नछानिन पनि सक्छ ।[१२] निर्वाचन प्रणालीले मुख्य गरी दलीय पद्धतिको विकास र गठबन्धन जस्ता विषयलाई समेट्छ । यसले प्रतिनिधि निर्वाचित हुने प्रक्रिया, मतपत्रको प्रारूप, मत गणनाको प्रक्रिया, निर्वाचन क्षेत्र र सङ्ख्या, मतदाताको उमेर, आदि विषयलाई उजागर गरेको हुन्छ । मुलुकको सुशासन निर्वाचन प्रणालीको चयनबाट मात्र सुनिश्चित हुने भएकोले लोकतान्त्रिक शासन व्यवस्थामा यसलाई महत्वपूर्ण राजनैतिक एवं संस्थागत निर्णयको रूपमा लिइन्छ । यसले राजनीतिलाई कस्तो स्वरूपमा सञ्चालन गर्न उपयुक्त हुन्छ भन्ने विषय निर्धारण गर्न राजनीतिक दललाई मार्गदर्शन गर्दछ । त्यसैले यो प्रतिनिधि चयन गर्ने प्राविधिक विषय मात्र नभई समाजको व्यवस्थापन र शासकीय रूपान्तरण गर्ने महत्वपूर्ण अस्त्र पनि हो । निर्वाचन प्रणालीले राजनीतिक दिशालाई मूर्तरूप दिने हुँदा यसलाई शासकीय प्रारूपको परिदृश्यको रूपमा पनि लिइन्छ किनकि यो राजनीतिलाई सही बाटोमा ल्याउने एउटा सशक्त माध्यम पनि हो ।

निर्वाचन प्रणाली मुलुकको माग र आवश्यकतालाई परिपूर्ति गर्ने किसिमको भएमा माथि उल्लेख गरिए झैँ शान्ति, सुरक्षा, न्याय र विकास कायम राख्नमा महत्वपूर्ण रूपमा सघाउ पुग्दछ भने यसले मतदाता र दलहरूको व्यवहारमा समेत प्रभाव पार्न सक्छ । किनकि निर्वाचनले मतदाता र प्रतिनिधिबिचको सम्बन्धलाई नजिक ल्याउने, सुमधुर सम्बन्ध कायम रहने र अपनत्वको भावनामा विश्वास गर्न सहयोगात्मक भूमिका निर्वाह गर्दछ । यसले मतलाई सिटमा बदल्ने हुँदा एक व्यक्ति एक भोटको मूल्य र मान्यतालाई उजागर गर्छ, सीमान्तकृत वर्गको समावेशितालाई सुनिश्चित गर्छ । यसले निर्वाचन क्षेत्रप्रति प्रतिनिधिको उत्तरदायित्व बढाउँछ । त्यसैले निर्वाचनले सरकारलाई वैधानिकता दिन सफल हुन्छ । यसर्थ निर्वाचन प्रणालीमा निम्न तत्वहरूको समावेशिता अनिवार्य मानिन्छ :

क. भौगोलिक प्रतिनिधित्वको सुनिश्चितता,

---

१२ उही पृष्ठ ६०

ख. दलगत प्रतिनिधित्व,


ग. लैङ्गिक प्रतिनिधित्व,

घ. जात, जाति तथा समुदायगत प्रतिनिधित्व,

ङ. विभिन्न वर्ग, धर्म, वर्ण आदिको प्रतिनिधित्व आदि ।

नेपाल सामाजिक विविधतामा ज्यादै नै धनी मुलुक हो । विविधतापूर्ण जातजाति, भाषा, धर्म, संस्कृति आदि नेपाली समाजको मुख्य विशेषता रहेको छ । विविधतामा एकता नेपालमा सामाजिक एकता कायम राख्ने प्रमुख सिद्धान्तको रूपमा रहेको छ । तर, सामाजिक भेदभाव, बहिष्करण र संरचनाका कारण सबै वर्ग, क्षेत्र, लिङ्ग, जातजाति, जनजाति रसमुदायहरू समान रूपमा विकसित हुनसकेका छैनन् । जात, क्षेत्र, वंश, जातीयता, लिङ्ग, लैङ्गिक तथा यौनिक झुकाव, धर्म आदि जस्ता कुराहरू यस्तो बहिष्करण र भेदभावको आधारको रूपमा रहेका छन् । नेपालको अन्तरिम संविधान, २०६३ ले समानुपातिक समावेशीकरणको सिद्धान्तलाई मौलिक हकको रूपमा स्पष्ट रूपले प्रत्याभूत गरेको थियो । अझै यसले महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडनमा परेका अल्पसङ्ख्यक समुदाय र लाभबाट वञ्चित अन्य समूहहरूका समस्यालाई वर्गीय, जातीय , भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै सम्बोधन गरिने कुरा उल्लेख गरेको थियो । नेपालमा अन्तरिम संविधानमा भएको उक्त व्यवस्था बमोजिमको निर्वाचनका कारणले विश्वमै उदाहरणीय रूपमा तत्कालीन संविधान सभामा महिला, दलित, आदिवासी जनजातिहरूको प्रतिनिधित्व भएको थियो ।[१३] त्यसै गरी नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहले बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्नुपर्ने,[१४] व्यवस्था गरेको छ । अतः संविधान तथा निर्वाचन सम्बन्धी कानुनहरूले लिङ्ग, क्षेत्र, जात, जाति र समुदायको प्रतिनिधित्व समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्ने व्यवस्था गरेका छन्, जसका कारणले हालको सङ्घीय संसद्को दुवै सदन, प्रदेश सभा र स्थानीय सभाहरू इन्द्रेनीको रूपमा (फरक फरक रङ भए पनि एकतामा आबद्ध) देशको विविधतालाई प्रतिनिधित्व गर्न सफल भएका छन् ।

वि. सं. २०६५ सालको निर्वाचनबाट विभिन्न समुदायको प्रतिनिधित्व




१३ (स्रोतः मानव विकास प्रतिवेदन सन् २००९, यूएनडीपी पृ. ७४) तथा नेपालमा महिलाको राजनीतिक सहभागिता, सशक्तीकरण एवं समावेशीकरण सर्वेक्षण प्रतिवेदन र रणनीतिक कार्ययोजना २०६५, पुनर्जागरण समाज नेपाल, महिला लोकतान्त्रिक सञ्जाल केन्द्रीय समिति र संयुक्त राष्ट्रसङ्घीय महिला विकास कोष २०६५ पृ.२३)

१४ हे. नेपालको संविधानको धारा ५६(६)

## १.४ निर्वाचनमा जनताको अधिकार र पूर्वशर्तहरू

निर्वाचन प्रणालीको सफलता र असफलता निर्वाचन प्रक्रियाका आन्तरिक तथा बाह्य कार्यविधि एवम् समयावधिमा समेत निर्भर रहेको हुन्छ । निर्वाचन प्रणालीका प्रारूपहरू निर्धारण गर्ने क्रममा नै त्यस्तो निर्वाचन प्रणाली स्पष्ट र ग्राह्य भएको वा नभएको, तत्कालीन सन्दर्भ र आवश्यकतामाथि विचार पुगे नपुगेको, उक्त पद्धतिले नागरिकको चाहना सम्बोधन गर्न सकेको वा नसकेको र देशभित्र भएको विभिन्न किसिमका विविधतालाई समेट्न सकेको वा नसकेको, सबै क्षेत्र, वर्ग लिङ्ग, जात, जाति, धर्म, समुदाय आदिको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्न सकेको वा नसकेको जस्ता कुराहरूको निर्क्योल गर्नुपर्ने कार्यले अत्यन्तै महत्व राख्दछ ।

लोकतान्त्रिक निर्वाचनको विश्वसनीयता कायम गर्न मतदानको अधिकार सुनिश्चिततताको लागि तय गरिएका विश्वव्यापी सिद्धान्तहरूमा आधारित, राजनीतिक समानता तथा सम्बन्धित अन्तर्राष्ट्रिय दायित्वको सम्मान गरिएको हुनु पर्दछ । साथै, निर्वाचन प्रक्रियाका सबै तहहरूमा पेशागत मर्यादाको पालना गरिएको, तथ्यपरक, पूर्वाग्रहरहित र पारदर्शी हुनु पर्दछ ।[१५] सफल निर्वाचन गर्ने दायित्व निर्वाचन सञ्चालन गर्ने निकायको मात्र नभएर राजनीतिक दलहरू, निर्वाचन सम्बन्धी सम्पूर्ण सरोकारवालाहरूको हुन्छ । त्यसै गरी दल वा उम्मेदवारका समर्थक, नागरिक समाज र मतदाताको समेत सफल निर्वाचनका लागि दायित्व रहेको हुन्छ ।[१६] असल निर्वाचन प्रक्रियाको लागि निर्वाचन पूर्वको वातावरण खुला र पारदर्शी हुनु पर्दछ, ताकि नागरिकहरू बिनाडर, त्रास निर्वाचन प्रक्रियामा भाग लिन सकुन् । राजनीतिक दल, उम्मेदवार र सञ्चार जगत्ले बिनारोकतोक काम गर्ने वातावरण बनोस् । स्वतन्त्र र सक्षम न्यायालयले पूर्वाग्रहरहित ढङ्गले न्याय दिन सकोस् । निर्वाचन सम्बन्धी निकायहरूले बिनाभेदभाव र बिनाहस्तक्षेप काम गर्न सकुन् ।[१७]

स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचनको सर्वमान्य परिभाषा छैन तर पनि केही मूलभूत मान्यताहरू भने रहेकाछन् । पहिलो मान्यता जनताको चाहना प्रतिविम्वित हुनु हो । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा २१ बमोजिम सरकार तथा निर्वाचन अधिकारीले निर्वाचन सफल वा असफल के हो भन्ने आधार जनताको चाहना बमोजिम निर्वाचन भयो वा भएन भन्ने दृष्टिबाट हेर्नुपर्ने उल्लेख गरेको छ । उक्त प्राबधान बमोजिम आवधिक रूपमा स्वतन्त्र तवरले समानताको सिद्धान्तको आधारमा आफूले रोजेको उम्मेदवारलाई गोप्य मतदान गर्ने अवसर प्राप्त भए वा नभएको आधारमा हेर्नु पर्दछ । यदि ५० प्रतिशतभन्दा कम मतदाताले मात्र निर्वाचनमा भाग लिएका छन् भने त्यस्तो निर्वाचन स्वच्छ भएको मान्न सकिँदैन । दोस्रो महत्वपूर्ण आधार भनेको राजनीतिक दलहरूले निर्वाचनमा भाग लिएको हुनु पर्दछ । यदि विभिन्न कारणले केही राजनीतिक दलहरूले मात्र निर्वाचनमा भाग लिएका छन् भने त्यस्तो निर्वाचन स्वच्छ मान्न सकिँदैन । तेस्रो आधार भने

---

१५ The credibility of an election is closely related to the extent to which (a) the democratic principles of universal suffrage and political equality and other international obligations are respected and (b) the election is professional, accurate, impartial and transparent in all stages of its administration. See at https://www.google.com/search?q=meaning+of+suffarage&oq=meaning+of+suffarage&aqs=chrome..69i57j0l5.7002j1j7&sourceid=chrome&ie=UTF-8

१६ The responsibility for a successful election lies not just with the electoral management body but with the entire range of electoral stakeholders, which includes political parties, supporters and civil society and voters at large. Nevertheless, the overriding responsibility for a successful election lies with political leaders. See Ibid

१७ A genuine electoral process requires an open pre-election environment in which citizens can participate without fear or obstruction; political parties, candidates and the media can operate freely; an independent judiciary functions fairly and expeditiously; and electoral authorities operate impartially. See at https://www.google.com/search?q=meaning+of+expeditiously

निर्वाचन प्रक्रियासँग सम्बन्धित छ । यदि निर्वाचन प्रक्रियामा नै खोट छ, इमान्दारितापूर्वक निर्वाचन सञ्चालन गरिएको छैन वा स्वतन्त्र र स्वच्छ वातावरणमा निर्वाचन सञ्चालन गरिएको छैन भने नागरिकले त्यस्तो निर्वाचन अस्वीकार गर्न सक्दछन् । त्यसै गरी अर्को आधार वा विशेषता भनेको मतदाताको उपस्थितिको अवस्थालाई मान्न सकिन्छ ।[१८]

अन्तरसंसदीय परिषद्द्वारा २६ मार्च, सन् १९९४ मा पेरिसमा ग्रहण गरिएको स्वतन्त्र र स्वच्छ निर्वाचनका आधारहरू सम्बन्धी घोषणापत्रले मतदान गर्नबाट वा मतदाताको रूपमा आफ्नो नाम दर्ता गर्नबाट वञ्चित गरिएको कुनै पनि व्यक्तिलाई त्यस्तो निर्णयको पुनरावलोकन गर्ने अधिकार प्राप्त अधिकारी वा निकाय समक्ष पुनरावेदन गर्ने र यस सम्बन्धमा भएका गल्तीहरू छिटो र प्रभावकारी तवरले सच्याउन पाउने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यसै गरी प्रत्येक व्यक्ति र राजनीतिक दललाई कानुनको संरक्षण  र राजनीतिक एवम् निर्वाचन सम्बन्धी अधिकारको उल्लङ्घन भएको अवस्थामा उपचारको हक प्राप्त हुने, उम्मेदवारी, दलगत वा प्रचार प्रसार सम्बन्धी अधिकार हनन भएको वा उपभोगबाट वञ्चित गरिएको कुनै पनि व्यक्ति वा राजनीतिक दललाई त्यस्तो निर्णयको पुनरावलोकन गर्ने अधिकार प्राप्त अधिकारी वा निकाय समक्ष पुनरावेदन गर्ने र यस सम्बन्धमा भएका गल्तीहरू छिटो र प्रभावकारी तवरले सच्याउन पाउने अधिकार हुने व्यवस्था गरेको छ । राज्यले मानव अधिकारको उल्लङ्घन र निर्वाचन प्रक्रियासँग सम्बन्धित उजुरीहरूको निरूपण निर्वाचन आयोग वा अदालत जस्ता स्वतन्त्र र निष्पक्ष निकायहरूद्वारा शीघ्र र निर्वाचन प्रक्रियाको समय सीमाभित्रै हुने कुराको सुनिश्चितता दिलाउनु पर्ने घोषणा गरेको छ । त्यसै गरी निर्वाचन एवम् मतदाता नामावलीको तयारी र यसको आवधिक पुनरावलोकन जस्ता अन्य सार्वजनिक परामर्शजन्य गतिविधिहरूको सुपरीवेक्षण स्वतन्त्रता र निष्पक्षता सुनिश्चित गरिएका र उनीहरूको निर्णय न्यायिक अधिकारी वा अन्य स्वतन्त्र र निष्पक्ष निकायहरू समक्ष पुनरावेदन लाग्न सक्ने व्यवस्था भएका निकायहरूद्वारा गरिनेछ । यी अधिकार र स्वतन्त्रताहरूको हनन वा उल्लङ्घन भएको अवस्थामा मर्का पर्ने व्यक्ति वा व्यक्तिहरूलाई स्वतन्त्र र निष्पक्ष न्यायाधिकरण समक्ष सोको प्रचलन गराई माग्ने अधिकार प्राप्त हुने छ भन्ने व्यवस्था गरेको छ ।

त्यसै गरी संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार आयोगको ७ मार्च सन् १९८९ को प्रस्ताव नं १९८९/५१, भावी प्रयत्नहरूको रूपरेखाको अनुसूची र आर्थिक तथा सामाजिक परिषद्को आधिकारिक अभिलेख, १९८९, पूरक सङ्ख्या २ मा उल्लेख भए अनुसार राष्ट्रिय संस्थाहरूले आम र समान मताधिकारको साथै निष्पक्ष प्रशासनको सुनिश्चितता प्रदान गर्नुपर्दछ । निर्वाचनलाई धाँधली हुनबाट रोक्न र विवादहरूको निरूपणको लागि स्वतन्त्र सुपरीवेक्षण, उपयुक्त मतदाता नामावली दर्ता, भरपर्दो मतदान प्रक्रिया र विधिहरूको खास आवश्यकता पर्दछ भन्ने व्यवस्था गरेको छ । निर्वाचन सम्बन्धी कानुन र कार्यविधिहरूले सरकार समर्थित उम्मेदवार भएकै कारणले कसैले फाइदा प्राप्त गर्ने अवस्थाबाट अरूहरूलाई संरक्षण प्रदान गर्नुपर्दछ । उम्मेदवारको योग्यता सम्बन्धी प्रावधानहरू स्पष्ट हुनुपर्दछ । महिला वा कुनै खास वर्ण वा जातीय  समूहउपर भेदभाव गर्ने खालको हुनु हुँदैन । अयोग्यता सम्बन्धी प्रावधानहरू स्वतन्त्र रूपले पुनरावलोकन गर्न सकिने हुनु पर्दछ । निर्वाचन परिणामहरूको बारेमा चुनौती दिने र मर्का पर्ने पक्षलाई उपचारको मौका प्रदान गर्ने जस्ता विषयहरू कानुनद्वारा नै व्यवस्थित हुनुपर्दछ । निवेदनको प्रक्रियाअन्तर्गत पुनरावलोकन गर्न सकिने क्षेत्र, कारबाही अगाडि बढाउने कार्यविधि र पुनरावलोकनको जिम्मेवारी

---

१८ See at https://www.thedailystar.net/what-does-a-credible-election-mean-5716

पाएको स्वतन्त्र न्यायिक निकायको अधिकारहरूको बारेमा स्पष्ट उल्लेख हुनुपर्दछ । उपयुक्तता अनुसार पुनरावलोकनका एकभन्दा बढी तहहरू भएको अवस्थामा सो समेत उल्लेख हुनुपर्दछ । अनियमित काम कारबाहीहरूको फलस्वरूप निर्वाचनको परिणाममा पर्नसक्ने असर र परिणामहरूको बारेमा कानुनमा नै स्पष्ट उल्लेख हुनुपर्दछ । आफ्नो मताधिकार वा अन्य कुनै राजनीतिक अधिकार हनन भएको भनी गुनासो गर्ने कुनै पनि व्यक्तिलाई त्यस सम्बन्धमा स्वतन्त्र पुनरावलोकन र उपचारको पहुँच प्राप्त हुनुपर्दछ भन्ने जस्ता व्यवस्थाहरू गरेको छ ।

त्यसै गरी राष्ट्रिय निर्वाचन कानुनले समग्र राजनीतिक प्रक्रियालाई भ्रष्टाचार, सरकारी स्रोत साधनको दुरूपयोग वा प्रक्रियामा अवरोध, अपचलन, अनुचित प्रभाव, दुरुत्साहन, घुसखोरी, दबाब र छलकपट आदिबाट संरक्षण प्रदान गर्ने सम्बन्धमा उपयुक्त व्यवस्था गर्नुपर्दछ । यस सम्बन्धी अभियोजन, कारबाही र सजाय सम्बन्धी व्यवस्था न्याय सम्पादनको सिलसिलामा अवलम्बन गरिने मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप हुनुपर्दछ । मतदान स्थलहरूमा शान्ति र सुव्यवस्था कायम राख्ने सन्दर्भमा गरिने निर्णयहरू, सुरक्षा सम्बन्धी जनचासो र प्रहरी, अन्य सुरक्षा निकाय वा सेनाको उपस्थितिको कारण उत्पन्न हुन सक्ने सम्भावित त्रासको विचमा उपयुक्त सन्तुलन कायम हुने गरी गर्नुपर्दछ । मतदान स्थलहरूमा सुव्यवस्था कायम गर्ने सिलसिलामा मतदान अधिकृतहरूलाई नै अख्तियारी प्रदान गर्नुपर्दछ । निर्वाचन अधिकारीहरूद्वारा हुने अपचलन, दुश्चलन र अचलन (malfeasance, misfeasance and nonfeasance) को लागि उनीहरू विरुद्ध देवानी र फौजदारी दायित्व सुम्पनु पर्दछ भन्ने समेतका व्यवस्थाहरू गरिएका छन् ।

अतः स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचनको लागि कम्तीमा निम्न प्रयासहरू गर्नु आवश्यक छ जुन विश्वसनीय निर्वाचनका पूर्वशर्तहरू हुन् :

- निर्वाचनसँग सम्बन्धित कानुनहरू समयमै तयार गरी निर्वाचन आयोग वा निकायका लागि सहज वातावरणको निर्माण गर्ने । हाल विभिन्न तह र पदका लागि भिन्न भिन्न निर्वाचन कानुन बहाल रही कानुनको ठुलो सङ्ख्या, निर्वाचन प्रक्रिया तथा कार्यविधिहरूमा जटिलता र अनेक किसिमको क्षेत्राधिकारले एकीकृत, सरल र वोधगम्य कानुनको अभाव भएकोले सोको पूर्तिको लागि एकीकृत निर्वाचन कानुन तयार गरी लागू गर्नुपर्ने,
- निर्वाचनको मिति तोक्दा, स्थानीय चाड पर्व, मौसम लगायतका विषयमा ध्यान दिने, कार्यविधि तथा प्रक्रियाका सम्बन्धमा पर्याप्त तालिमको व्यवस्था गर्ने,
- मतदातालाई सहज, स्वतन्त्र र सुसूचित भएर मतदान गर्न सघाउने उद्देश्यले मतदाता शिक्षालाई प्रभावकारी बनाउन सम्बन्धित सबै सरोकारवालाहरूसँग सल्लाह एवम् छलफल गरी प्रभावकारी उपायको विकास गर्दै शिक्षक वा सहजकर्तालाई आवश्यक तालिम दिने व्यवस्था गर्ने र मतदाता शिक्षा निर्वाचनको घोषणा भएपछि मात्र प्रदान नगरी निर्वाचन पश्चात्को अवधिमा पनि निरन्तर जारी राख्नु पर्ने,
- निर्वाचनसँग सम्बन्धित क्षमतामूलक स्रोत सामग्रीहरू समयमै तयार पारी विभिन्न स्थानीय भाषामा प्रकाशन गर्ने,
- मतदाता परिचयपत्र सहज रूपमा वितरण गर्ने र परिचयपत्र प्राप्त नभएका मतदाताहरूको लागि वैकल्पिक व्यवस्था गर्ने,

- निर्वाचन प्रक्रिया सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनका लागि निर्वाचनमा संलग्न कर्मचारीहरू, राजनीतिक दल तथा अनुगमनकर्तालाई समयमै निर्वाचनका लोकतान्त्रिक मूल्य मान्यताको बारेमा यथेष्ट जानकारी गराउने,
- निर्वाचन कानुनमा पर्याप्त मात्रामा सबै जात, जाति वर्ग, धर्म, वर्ण, लिङ्गको यथोचित प्रतिनिधित्व हुने व्यवस्था सुनिश्चित गर्ने,
- भयरहित वातावरणमा स्वच्छ र निष्पक्ष निर्वाचनका लागि सुरक्षाको आवश्यक व्यवस्था सुनिश्चित गर्ने,
- राजनैतिक दलहरूलाई निर्वाचन आचार संहिताका सम्बन्धमा आवश्यक तालिमको व्यवस्था गर्ने र घोषणा गरिएको आचार संहिता कडाईका साथ बिनापूर्वाग्रह लागू गर्ने, गराउने,
- राजनैतिक दल तथा निर्वाचन प्रशासनबाट शान्तिपूर्वक निर्वाचनमा भाग लिन पाउने नागरिकको अधिकारको सम्मान गर्ने, मतदातालाई कुनै किसिमको दबाब र प्रभावबाट मुक्त गर्नको लागि आवश्यक व्यवस्था मिलाई शान्तिपूर्ण वातावरणमा निर्वाचन हुने कुराको सुनिश्चितता गर्ने,
- खानेपानी, मौसम अनुसारको ओत लाग्ने व्यवस्था, शौचालय, अपाङ्ग मतदाताको लागि ह्वील चेयर, ज्येष्ठ नागरिक, अस्वस्थ, सुत्केरी जस्ता मतदाताको आवश्यकतालाई ध्यानमा राखी मतदान कार्यमा सहज पहुँचको समुचित व्यवस्था गर्ने,
- मतदाता नामावली आवधिक रूपमा अद्यावधिक गर्ने र नामावलीमा देखिएका वा देखिन सक्ने प्राविधिक त्रुटिहरू हटाउन रुजु लगायतका जो चाहिने व्यवस्था मिलाउने,
- मतदाता नामावली दर्ता गर्ने व्यवस्थालाई बढी प्रभावकारी बनाउन मतदाताको पहुँचका लागि स्थानीय तहका सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने,
- मत गणना र निर्वाचन परिणाम घोषणाको लागि यथेष्ट सुरक्षा प्रबन्ध र वैज्ञानिक तथा पारदर्शी प्रणाली अपनाउने र मतगणना मतदान स्थलमा नै गर्ने व्यवस्था मिलाउनु पर्ने,
- निर्वाचनसँग सम्बन्धित कुनै अपराध वा घटना घटेमा तत्काल कानुनी उपचारको लागि प्रभावकारी कानुनी, संरचनागत र प्रक्रियागत व्यवस्था कानुनद्वारा नै सुनिश्चित गर्ने,
- निर्वाचन कसुर र सो सम्बन्धमा न्याय दिलाउनको लागि सम्बन्धित न्यायालय र अन्य अर्धन्यायिक निकायहरूलाई आवश्यक क्षमतामूलक तालिमको व्यवस्था गर्ने, आदि ।

## १.५ निर्वाचन प्रणालीको महत्व

निर्वाचन प्रणाली निर्वाचन सम्बन्धी एउटा पद्धति हो, जसले मतदानको तरिका र निर्वाचन परिणाम सम्बन्धी विधि तय गरेको हुन्छ ।[१९] साधारण अर्थमा भन्दा जनमतलाई तोकिएको पद वा स्थानमा रूपान्तरण गर्ने पद्धति नै निर्वाचन प्रणाली हो ।[२०] निर्वाचन प्रणाली खास गरी पहिलो हुने निर्वाचित हुने, बहुमतीय निर्वाचन र समानुपातिक निर्वाचन प्रणालीको रूपमा प्रचलनमा छन् ।[२१] नेपालको संविधान र अन्य कानुन बमोजिम हाल पहिलो हुने निर्वाचित हुने, समानुपातिक र बहुमतीय

---

१९ Electoral system, Method and rules of counting votes to determine the outcome of elections. Winners may be determined by a plurality, a majority (more than 50% of the vote), an extrJordinary majority (a percentage of the vote greater than 50%), or unanimity. Candidates for public office may be elected directly or indirectly. Proportional representation is used in some areas to ensure a fairer distribution of legislative seats to constituencies that may be denied representation under the plurality or majority formulas. *See also* party system, plurality system, primary election. For the further detail, see at https://www.britannica.com/topic/electoral-system

२० See at https://www.tutor2u.net/politics/reference/electoral-system.

२१ See at http://faculty.georgetown.edu/kingch/Electoral_Systems.htm

प्रणालीहरू प्रचलनमा छन् । वि. सं. २०६३ सालको नेपालको अन्तरिम संविधान अगाडि नेपालमा पहिलो हुने निर्वाचित हुने, एकल सङ्क्रमणीय र मनोनयन गर्ने पद्धति मात्र प्रचलनमा थियो भने वि. सं. २०६३ को संविधानले पहिलो पटक समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गऱ्यो, जसअन्तर्गत ६० प्रतिशत समानुपातिक निर्वाचन प्रणाली बमोजिम र ४० प्रतिशत प्रत्यक्ष निर्वाचन प्रणाली बमोजिम निर्वाचन गर्ने व्यवस्था भयो । हालको नेपालको संविधान बमोजिमको निर्वाचन प्रणाली तत्तत् शीर्षकमा उल्लेख गरिएकोले यहाँ पुनरावृति गरिएको छैन ।

सबै खालका निर्वाचन प्रणालीका आआफ्नै विशेषता र महत्व छन् । निर्वाचन प्रणाली आफैँमा गुण नै गुण वा दोष नै दोषले भरिएको हुँदैन । निर्वाचन प्रणालीको छनोट गर्दा राजनीतिक अभ्यास, दलहरूको चरित्र, जनताको आवश्यकता र चाहना, देशको भौगोलिक अवस्था र समुदायगत विविधताका आधारमा चयन गर्नु उपयुक्त हुन्छ । त्यस बाहेक पनि निर्वाचन प्रणाली राज्यको शासकीय स्वरूपभन्दा पृथक् रहन सक्दैन । कुन खालको शासकीय स्वरूपमा कुन प्रकारको निर्वाचन प्रणाली बढी उपयुक्त हुन्छ भन्ने कुरामा विचार पुऱ्याउनु आवश्यक हुन्छ । फरक फरक खालका निर्वाचन प्रणालीहरूका आआफ्नै विशेषता भए पनि निर्वाचनको महत्वका केही साझा तत्वहरू पनि छन् । जसलाई बुँदागत रूपमा तल उल्लेख गर्ने प्रयत्न गरिएको छ :[२२]

- संसद् र सरकारमा जनप्रतिनिधित्वको सुनिश्चितता गर्नु जसले गर्दा शासनमा जनताको अप्रत्यक्ष सहभागिता हुन्छ - यसअन्तर्गत भौगोलिक, दलीय, क्षेत्रीय, लैङ्गिक र सामाजिक रूपमा सहभागिता सुनिश्चित हुन्छ ।
- सामान्य मतदातालाई निर्वाचन प्रक्रियामा भाग लिनको लागि उत्प्रेरित र पहुँचयोग्य बनाउँदछ ।
- सरकार र संसद्लाई वैधता प्रदान गर्दछ ।
- जनतालाई सरकारको गतिविधि र कार्यहरूको पुनर्विचार गर्न अवसर प्रदान गर्दछ ।
- निर्वाचनमा एक्लाएक्लै भाग लिन अनिच्छुक दलहरूलाई अन्य दलहरूसँग मिलेर संयुक्त प्यानल मार्फत भाग लिन प्रोत्साहन गर्दछ ।
- कुशल र स्थिर सरकार निर्माण गर्न सहयोग गर्दछ ।
- सरकारलाई जबाफदेही बनाउन मद्दत गर्दछ ।
- जनप्रतिनिधिलाई जवाफदेही बनाउन मद्दत गर्दछ ।
- प्रतिनिधित्व क्षमता बढाउन र स्वीकार्य हुन राजनीतिक दलहरूलाई प्रोत्साहन गर्दछ ।
- विधायिकाको निर्णय प्रक्रियामा प्रतिपक्षीलाई सहभागिताको लागि प्रोत्साहन गर्दछ र उनीहरूको भूमिका सुनिश्चित गर्दछ ।
- निर्वाचन प्रक्रिया दिगो र विश्वसनीय बनाउन मद्दत गर्दछ ।

२२ International IDEA, The Importance of Process in Electoral System Reform: an Information Brief, December 2014, PP-4-7, see at https://themimu.info/sites/themimu.info/files/documents/Ref_Doc_The_Importance_of_Process_in_Electoral_System_Reform_IDEA_Dec2014.pdf; also ACE website for the further detail.

- निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अवलम्बन र कार्यान्वयन गर्न सहयोग पुग्दछ ।

निर्वाचन नागरिक तथा राजनीतिक दल दुवैको लागि सबैभन्दा महत्वपूर्ण समय हो । स्वतन्त्र र निष्पक्ष निर्वाचनले निर्वाचित सरकार र नागरिकबिच विश्वासको वातावरण सिर्जना गर्दछ ।[२३] निर्वाचनले सरकार सञ्चालन प्रणालीलाई व्यावहारिक साधन बनाउँदछ । सरकारको उद्देश्य नागरिकको हितको निम्ति विभिन्न नीतिहरू निर्माण गरी लागू गर्ने भएकोले उनीहरूप्रति प्रश्न खडा गर्ने अधिकार पनि नागरिकलाई हुन्छ ।[२४] कुनै पनि निर्वाचन प्रणाली वा निर्वाचन आफैँमा पूर्ण हुँदैन । त्यसमा सुधारको गुन्जाइस सधैँ रहन्छ । समग्रमा निर्वाचन प्रणालीले जनसहभागितालाई सुनिश्चित गर्दछ, राजनीतिक नेतृत्व जन्माउँदछ, लोकतान्त्रिक प्रक्रियाबाट सरकार बनाउन मद्दत गर्दछ, प्रतिनिधित्वको सुनिश्चितता गर्दछ, सरकार र संसद्लाई वैधता प्रदान गर्दछ र उनीहरूलाई जनताप्रति जवाफदेही बनाउँदछ भने जनतालाई उपयुक्त राजनीतिक दल वा प्रतिनिधि छान्ने अवसर समेत प्रदान गर्दछ ।[२५]

## १.६ निर्वाचन सम्बन्धी हक र मानव अधिकार

निर्वाचनमा सहभागी हुने, उचित न्याय प्राप्त गर्ने लगायतका अधिकारलाई संयुक्त राष्ट्रसङ्घको बडापत्रले मानवमा अन्तरनिहित मर्यादा, सम्मान तथा नैसर्गिक अधिकारको रूपमा लिएको छ । यस्तै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिलाई नागरिक तथा राजनैतिक अधिकारको उपभोग गर्ने र ती अधिकारको सम्मान एवं प्रबर्धन गर्ने कुराको सुनिश्चितता समेत प्रदान गरेको छ । यस सम्बन्धमा मानव अधिकार सम्बन्धी अन्य महासन्धिहरूले पनि मतदाताको अधिकार/राजनीतिक अधिकारलाई सुनिश्चित गरेका छन् । यस प्रकार निर्वाचनलाई व्यक्तिको नैसर्गिक अधिकार (Fundamental Rights) को रूपमा लिइने हुँदा हरेक देशका संविधानमा यस सम्बन्धी अधिकारको पूर्ण प्रत्याभूति गरिएको पाइन्छ । निर्वाचनसँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरूमा भएका मुख्य मुख्य व्यवस्थाहरू निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :

### १.६.१ मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८

निर्वाचन सम्बन्धी अधिकारका सम्बन्धमा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ मा समेत प्रत्यक्ष वा परोक्ष रूपमा केही व्यवस्थाहरू गरिएको छ । यसअन्तर्गत जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभावबिना प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरूको अधिकार हुने छ,[२६] भन्ने व्यवस्था घोषणापत्रले गरेको छ । त्यसै गरी प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने,[२७] प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक सभा गर्ने र सङ्गठनको स्वतन्त्रताको अधिकार छ र कुनै पनि व्यक्तिलाई

---

२३ See https://www.legit.ng/1126733-importance-election-democracy.html

२४ http://pollingplacephotoproject.org/content.cfm/how_to_participate

२५ See at https://www.facebook.com/tizambia/posts/the-importance-of-elections-elections-are-important-in-a-democracy-because-they-/984295538266575/

२६ हे. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा २

२७ ऐ. धारा १९

कुनै पनि सङ्गठनमा लाग्न वा नलाग्न बाध्य गराउन सकिने छैन[२८] भन्ने व्यवस्था समेत घोषणापत्रले गरेको छ ।

त्यसै गरी प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपले छानिएका प्रतिनिधिहरू मार्फत आफ्नो देशको सरकारमा भाग लिन पाउने अधिकार हुने,[२९] यसअन्तर्गत जनताको इच्छा नै सरकारको अख्तियारीको आधार हुने छ । यो इच्छा विश्वव्यापी र समान मताधिकारद्वारा हुने आवधिक र वास्तविक निर्वाचनहरूद्वारा अभिव्यक्त गरिने छ र त्यस्तो निर्वाचन गोप्य मतदान वा स्वतन्त्र मतदान प्रक्रियाहरूबाट सम्पन्न गरिने छ[३०] भन्ने जस्ता महत्वपूर्ण व्यवस्थाहरू समेत गरिएको छ ।

### १.६.२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले प्रत्येक नागरिकलाई कुनै पनि भेदभावबिना तथा अनुचित प्रतिबन्धहरूबिना प्रत्यक्ष वा स्वतन्त्र रूपमा छानिएका प्रतिनिधिहरू मार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने, सर्वव्यापी तथा समान मताधिकार तथा गोप्य मतदानबाट मतदाताहरूको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने स्वच्छ आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने हक हुने व्यवस्था गरेको छ ।[३१]

### १.६.३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

यस अनुबन्ध अनुसार सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा लाग्दछन्[३२] भन्ने व्यवस्था गरिएको छ ।

### १.६.४ महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९

यस महासन्धिमा महिलालाई पुरुष सरह समान आधारमा अधिकारहरूको कानुनी संरक्षणको व्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सार्वजनिक संस्थाहरू मार्फत भेदभावको कुनै पनि कार्य विरुद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने, महिला विरुद्धको भेदभाव सिर्जना गर्ने प्रचलित कानुन, नियम, परम्परा र व्यवहारहरू परिवर्तन वा उन्मूलन गर्न कानुनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने[३३] जस्ता व्यवस्थाहरू गरिएका छन् । पुरुष सरह महिलाहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताको प्रयोग तथा उपभोगको प्रत्याभूति दिने उद्देश्यका लागि महिलाको पूर्ण विकास समुन्नति सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै क्षेत्रमा कानुनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नुपर्ने,[३४] सापेक्ष समानताका लागि सराकारात्मक विभेद लगायतका विशेष व्यवस्था समेत गर्ने तर समान अवस्था सिर्जना भएपछि निरन्तरता दिनु नपर्ने[३५] समेतका व्यवस्था गरिएको छ ।

---

२८ ऐ. धारा २०

२९ ऐ. धारा २१ (१)

३० ऐ. धारा २१ (३)

३१ हे. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा २५

३२ हे. आर्थिक, सामाजिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १ (१) तथा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १ (१)

३३ हे. महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को धारा २ (ग) र (च)

३४ ऐ. धारा ३

३५ ऐ. धारा ४ (१)

महिलाको राजनीतिक सहभागिताको लागि सबै निर्वाचन र सार्वजनिक जनमत सङ्ग्रहहरूमा मतदान गर्ने अधिकार र सार्वजनिक रूपमा निर्वाचन हुने सबै निकायहरूमा निर्वाचनको लागि योग्य हुने अधिकार तथा सरकारी नीतिको तर्जुमा र कार्यान्वयनमा सहभागी हुने तथा सार्वजनिक पद धारण गर्ने तथा सरकारका सबै तहहरूमा हुने सार्वजनिक कार्यहरू सम्पादन गर्ने अधिकारहरू[३६] दिइएको छ ।

### १.६.५ जातीय भेदभाव विरुद्धको महासन्धि, १९६५

यस महासन्धि अनुसार पक्ष राष्ट्रहरूले परिस्थिति अनुसार आवश्यक भएको अवस्थामा आफ्नो क्षेत्रमा रहेका खास जातीय समूह वा व्यक्तिहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण तथा समान उपभोगको प्रत्याभूति गर्ने प्रयोजनको लागि त्यस्ता समूह वा व्यक्तिहरूको पर्याप्त विकास र संरक्षण सुनिश्चित गर्न सामाजिक, आर्थिक तथा अन्य क्षेत्रहरूमा खास तथा ठोस उपायहरू अपनाउनु पर्ने व्यवस्था गरिएको छ ।[३७] जातीय भेदभाव उन्मूलन गर्न न्यायाधिकरण तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि समान व्यवहार पाउनु पर्ने,[३८] सर्वव्यापी तथा समान मताधिकारको आधारमा निर्वाचनमा भाग लिने अधिकारहरू[३९] सुनिश्चित गरिएको छ ।

### १.६.६ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६

यस महासन्धिमा अन्य व्यक्ति सरह अपाङ्गता भएका व्यक्तिहरूले राजनीतिक जीवनमा भाग लिन पाउने अधिकारको व्यवस्था गरेको छ । जस अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरू अन्य व्यक्तिहरू सरह न्यायमा पहुँच सम्बन्धमा मतदान गर्ने तथा निर्वाचित हुने अधिकार तथा अवसर लगायत प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधिहरू मार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी र पूर्ण रूपमा सहभागी हुन सकेका छन् भनी सुनिश्चित गर्ने[४०] व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुसार निम्न कुराहरू सुनिश्चित गर्नु आवश्यक छ :

- क. मतदानका प्रक्रिया, सुविधा र सामग्रीहरू उपयुक्त, पहुँचयोग्य तथा बुझ्न एवम् प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने,
- ख. अपाङ्गता भएका व्यक्तिहरूले भयमुक्त वातावरणमा निर्वाचन र सार्वजनिक जनमत सङ्ग्रहहरूमा गोप्य मतदान प्रक्रियाद्वारा मतदान गर्ने तथा निर्वाचनमा उम्मेदवार हुने,
- ग. सरकारका सबै तह र सार्वजनिक कार्यहरूमा पद धारण गर्न र कार्य सम्पादन गर्न पाउने अधिकारको संरक्षण गर्ने तथा उपयुक्त भएको अवस्थामा सहयोगात्मक र नयाँ प्रविधिहरूको प्रयोगलाई सहज बनाउने,
- घ. अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाताको रूपमा आफ्नो इच्छा स्वतन्त्र रूपमा अभिव्यक्त गर्न सक्ने अधिकार प्रत्याभूत गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि उनीहरूको अनुरोधमा मतदान गर्न उनीहरूले रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने ।

---

३६ ऐ. धारा ७ (क) र (ख)
३७ हे. सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९६५ को धारा २ (२)
३८ ऐ. धारा ५ (क)
३९ ऐ. धारा ५ (ग)
४० हे. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६, धारा २९ (क)

त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरूको न्याय सम्बन्धी अधिकार पनि महासन्धिले सुनिश्चित गरेको छ जुन विशेष व्यवस्था निर्वाचन सम्बन्धी न्यायमा पनि लागू हुन्छ । यसअन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्न सघाउने उद्देश्यले पक्ष राष्ट्रहरूले प्रहरी, कारागारका कर्मचारी लगायत न्याय प्रशासनको क्षेत्रमा काम गर्ने व्यक्तिहरूका लागि उपयुक्त प्रशिक्षण प्रवर्द्धन गर्ने,[४१] साक्षीको रूपमा उपस्थित गराउँदा अनुकूलताहरू सिर्जना गरी न्यायमा सहज पहुँच स्थापित गर्ने[४२] जस्ता व्यवस्थाहरू गरेको छ ।

४१ हे. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६, धारा १३ (२)
४२ ऐ. धारा १३ (१)

# परिच्छेद - दुई

## विश्वमा प्रचलनमा रहेका प्रमुख निर्वाचन प्रणालीहरु

### २.१ निर्वाचन प्रणाली (Electoral System)

निर्वाचन प्रणालीहरू देशको आवश्यकता अनुसार विभिन्न रूपमा व्यवस्था गरिएको पाइन्छ । विभिन्न संवैधानिक प्रणालीअन्तर्गत कतै विधायिका र कार्यपालिकाको समेत प्रत्यक्ष निर्वाचन गरिन्छ भने कतै न्यायपालिकाको समेत निर्वाचन गर्ने गरिएको पाइन्छ । धेरैजसो मुलुकमा विधायिकाको निर्वाचन मात्र जनताको प्रत्यक्ष सहभागितामा गर्ने गरिएको पाइन्छ ।

निर्वाचन प्रणाली अवलम्बन गर्दा सरकारको स्थायित्वलाई बढी ध्यान दिने कि जनसङ्ख्याको विविधतालाई सम्बोधन गर्ने तर्फ बढी ध्यान दिने भन्ने विषय संसारभर विवादमा छ । उदाहरणका लागि प्रत्यक्ष निर्वाचन प्रणाली अवलम्बन गर्दा सामान्यतया एक दलले बहुमत हासिल गर्ने सम्भावना हुन्छ र स्थिर सरकार गठन गर्न बल पुग्दछ तर यसले मतदान गर्ने जनसङ्ख्याको विविधतालाई सम्बोधन गर्न निकै कठिन हुन्छ । त्यसको लागि कि त खास समुदायको लागि निर्वाचन क्षेत्र नै आरक्षण (Reserve) गर्नु पर्‍यो कि दलहरू बिचको समझदारीबाट उम्मेदवार चयन गर्नु पर्‍यो । त्यसै गरी समानुपातिक निर्वाचन प्रणालीले विविधतालाई सम्बोधन त गर्दछ तर अस्थिर सरकारको रूपमा अल्पमतको सरकार गठन गर्नुपर्ने हुन सक्दछ । प्रजातन्त्रको बलियो जग वा संस्कार भएका मुलुकहरूमा अल्पमतको सरकार पनि खासै समस्या हुँदैन तर उक्त संस्कार स्थापित नभएका मुलुकहरूमा भने सरकार अस्थिर हुने, जनप्रतिनिधिहरूको किनबेच हुने, सरकार पूर्ण अवधि नचल्ने लगायतका समस्याहरू हुन्छन् जसका कारण विकासका गतिविधिहरू समेत अवरुद्ध हुन पुग्दछन् ।

माथि उल्लेखित सामान्य मान्यताभन्दा पृथक् अभ्यासहरू पनि विभिन्न देशहरूमा देखा परेका छन् । संसारमा विभिन्न किसिमका निर्वाचन प्रणालीहरू अभ्यासमा छन् भने उक्त प्रणालीहरूबाट ती मलुकहरूले चाखलाग्दा अनुभवहरू समेत सँगालेका छन् । उदाहरणका लागि हालका वर्षहरूमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीले स्थापित प्रजातान्त्रिक मुलुकहरू जस्तै क्यानाडा र भारतमा दलगत प्रणालीलाई एकीकरणको निम्ति सहयोग पुर्‍याउन सकेन, न त यसले पपुआ न्युगिनी र नेपालमा बलियो र टिकाउ दलहरू गठनका लागि बाटोहरू देखाउन नै सक्यो । त्यसै गरी समानुपातिक प्रतिनिधित्व प्रणालीबाट नामिबिया, दक्षिण अफ्रिका र अन्यत्र पनि एकदलीय प्रभुत्वको सरकार निर्वाचित गर्‍यो । दक्षिण अफ्रिकाले सन् २००४ को निर्वाचनमा परम्परागत समानुपातिक निर्वाचन प्रणाली उपयोग गरेको थियो । सो निर्वाचनमा ६९.६९ प्रतिशत मत प्राप्त गरी अफ्रिकन नेशनल काँग्रेसले ६९.७५ प्रतिशत स्थानमा विजय हासिल गरेको थियो । यसको ठिक विपरीत मङ्गोलियामा सन् २००० मा भएको निर्वाचनमा दुई चरण प्रणाली अपनाइयो जसमा उम्मेदवारले विजय हासिल गर्न २५ प्रतिशतभन्दा बढी मत आवश्यक पर्दथ्यो । मङ्गोलियन पिपुल्स पार्टी करिब ५२ प्रतिशत मत ल्याएर ७६ सदस्यीय संसद्को ७२ स्थानमा विजयी भयो । यस्तै परिणाम सन् २००३ मा जिबुटीमा भएको निर्वाचनमा पनि देखिन्छ जसमा दलगत एकमुस्ट मत प्रणाली अनुसार भएको निर्वाचनमा लोकप्रिय प्रगतिशील दल जम्मा ६२.७ प्रतिशत मत ल्याएर विधायिकाको सबै ६५ स्थानमा विजयी भयो । सन् १९९८ मा लेसोथोमा भएको निर्वाचनमा लेसोथो

काँग्रेस फर डेमोक्रेसीले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत ६० प्रतिशत मात्र मत प्राप्त गरेर पनि विधायिकाको सबै स्थान हासिल गऱ्यो ।

नेपालको पछिल्लो निर्वाचन परिणाम अनुसार कुल २७५ सदस्यीय प्रतिनिधि सभाको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने १७५ सदस्यमध्ये जम्मा नौवटा राजनीतिक दलबाट १७४ जना र १ जना स्वतन्त्र गरी १७५ तथा समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने ११० जना सदस्य मध्ये तीन प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गरेका ५ वटा राजनीतिक दलबाट प्रतिनिधि सभामा प्रतिनिधित्व भएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित भएका राजनीतिक दलको सिट सङ्ख्या र मत प्रतिशत यस प्रकार रहेको छः[४३]

| सि.नं. | दलको नाम | जम्मा निर्वाचित सङ्ख्या | प्राप्त मत प्रतिशत | महिला | पुरुष |
|---|---|---|---|---|---|
| १ | ने.क.पा. (एमाले) | ८० | | २ | ७८ |
| २ | नेपाली काँग्रेस | २३ | | ० | २३ |
| ३ | ने.क.पा. (माओवादी केन्द्र) | ३६ | | ३ | ३३ |
| ४ | राष्ट्रिय जनता पार्टी नेपाल | ११ | | ० | ११ |
| ५ | सङ्घीय समाजवादी फोरम नेपाल | १० | | ० | १० |
| ६ | नयाँ शक्ति पार्टी नेपाल | १ | | ० | १ |
| ७ | नेपाल मजदुर किसान पार्टी | १ | | ० | १ |
| ८ | राष्ट्रिय जनमोर्चा | १ | | १ | ० |
| ९ | राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | | ० | १ |
| १० | स्वतन्त्र | १ | | ० | १ |
| | **जम्मा** | **१६५** | | **६** | **१५९** |

४३ http://www.election.gov.np/ecn/uploads/userfiles/ElectionResultBook/HoR2074.pdf, p 39

त्यसै गरी समानुपातिक निर्वाचन प्रणाली तर्फ ३ प्रतिशत मत प्राप्त गर्ने ५ वटा दलहरूले प्राप्त गरेको मत प्रतिशत, सिट सङ्ख्या र सिट प्रतिशत यस प्रकार छ :[४४]

| सि. नं. | दलको नाम | मत प्रतिशत | प्राप्त सिट सङ्ख्या | सिट प्रतिशत |
|---|---|---|---|---|
| १ | ने.क.पा. (एमाले) | ३७.१ | ४१ | ३७.३ |
| २ | नेपाली काँग्रेस | ३६.६ | ४० | ३६.४ |
| ३ | ने.क.पा. (माओवादी केन्द्र)/समाजवादी जनता पार्टी/जागरण पार्टी नेपाल | १५.३ | १७ | १५.५ |
| ४ | राष्ट्रिय जनता पार्टी नेपाल | ५.५ | ६ | ५.५ |
| ५ | सङ्घीय समाजवादी फोरम नेपाल | ५.५ | ६ | ५.५ |
| | **जम्मा** | **१००** | **११०** | **१००** |

अत: निर्वाचन प्रणालीका आआफ्नै विशेषता छन् । प्रचलनमा भएका प्रणाली र उक्त प्रणालीका असल तथा सुधार गर्नुपर्ने पक्षहरू तत्तत् शीर्षकहरूमा उल्लेख गर्ने प्रयत्न गरिएको छ ।

निर्वाचन प्रणालीलाई विभिन्न १२ मुख्य प्रणालीमा विभाजन गर्ने प्रचलन छ । यद्यपि यसका अनगिन्ती विविधता छन् । ती मध्ये पनि अधिकांश ४ वटा प्रमुख परिवारहरू मध्ये पर्दछन् । हालसम्म प्रचलनमा आएका निम्न लिखित निर्वाचन प्रणालीहरूको सम्बन्धमा यहाँ सङ्क्षिप्त चर्चा गर्ने प्रयत्न गरिएको छ :

१. बढी मत/बहुमतीय निर्वाचन प्रणाली ।

२. समानुपातिक निर्वाचन प्रणाली ।

३. मिश्रित निर्वाचन प्रणाली ।

४. अन्य निर्वाचन प्रणाली ।


## २.२ बढी मत/बहुमत प्रणाली (Majority System)

बढी मत/बहुमत प्रणाली तुलनात्मक रूपमा अन्य प्रणालीभन्दा अत्यन्तै सरल प्रणाली हो । बढी मत/बहुमत प्रणालीका पनि केही प्रकारहरू छन् जुन पहिलो हुने निर्वाचित हुने, एकमुस्ट मत, दलगत एकमुस्ट मत, वैकल्पिक मत तथा दुई चरण प्रणाली गरी ५ प्रकारका छन । यस प्रणालीमा खसेको सदर मतमध्ये बढी मत ल्याउने उम्मेदवार, दल/निर्वाचन एकाईहरू विजयी हुन्छन् । यसमा पूर्ण बहुमत ल्याउनै पर्छ भन्ने छैन । सापेक्ष बहुमत प्रणालीको नामबाट समेत चिनिने यो

४४ उही पृष्ठ २६९

प्रणाली विश्वका ९१ राष्ट्रहरूमा[४५] प्रचलनमा रहेको छ । साधारणतया यसमा एक सदस्यीय निर्वाचन क्षेत्रको प्रयोग हुने गर्दछ ।

बहुमत प्रणालीको प्रयोग सामान्यत: एकल सदस्यीय निर्वाचन क्षेत्रमा गरिन्छ । जसमा एक निर्वाचन क्षेत्रबाट एक जना मात्र प्रतिनिधि चयन हुन्छ । यस पद्धतिमा न्यूनतम वा अधिकतम मतको सीमा तोकिएको हुँदैन । मतदाताले एक जना उम्मेदवार छान्न पाउँदछन् । सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छ । नेपालमा हालसम्म एक निर्वाचन क्षेत्र एक सिटको आधारमा निर्वाचन हुने गरेको छ । यदि बहुसदस्यीय बढी मत/बहुमत प्रणाली अपनाइएको अवस्थामा मतदाताले सिट सङ्ख्या बराबर मतदान गर्न सक्दछन् । यस किसिमको पद्धतिलाई एकमुस्ट मत प्रणाली मानिन्छ ।




### २.२.१ पहिलो हुने निर्वाचित हुने प्रणाली (First Past the Post Electoral System)

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बढी मत प्रणालीअन्तर्गत सबैभन्दा सरल प्रणाली हो । यो प्रणाली वालिग मताधिकारका आधारमा आफूलाई मनपर्ने उम्मेदवारलाई मतदान गर्ने र जुन उम्मेदवारले सबैभन्दा बढी मत ल्याउँछ उही विजयी हुने निर्वाचन प्रणाली हो । व्यवस्थापिकीय अङ्गका खास गरी तल्ला सदनहरू प्राय: यसै निर्वाचन प्रक्रियाबाट निर्वाचित भई गठन गर्ने गरेको पाइन्छ । यस प्रणाली बमोजिम हुने निर्वाचनमा एकल सदस्यीय निर्वाचन क्षेत्रको प्रयोग हुन्छ । उम्मेदवार केन्द्रित मतदान प्रणाली भएकोले मतदाताले दल वा एकाईलाईभन्दा उम्मेदवारलाई जोड दिई मतदान गर्दछन् । बहुमत ल्याउने उम्मेदवार विजयी हुन्छ । यसको लागि समग्र मुलुकलाई निश्चित निर्वाचन क्षेत्रमा विभाजन गरिन्छ र हरेक क्षेत्रमा भएको निर्वाचनमा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई विजयी घोषित गरिन्छ । यस प्रणालीमा विभिन्न राजनीतिक दलहरूले आफ्ना प्रतिनिधिहरू उम्मेदवारको रूपमा खडा गर्दछन् र दलविहीन रूपमा स्वतन्त्र उम्मेदवार पनि खडा हुन सक्दछन् । दलीय व्यवस्था भए पनि मतदाताले व्यक्तिलाई छनोट गर्ने अवसर यस प्रणालीअन्तर्गत प्राप्त गर्दछन् भने लोकप्रिय उम्मेदवारले विजयी हासिल गर्ने सम्भावना हुन्छ । बहुमतको सरकार र सबल प्रतिपक्षको परिकल्पना यस प्रणालीबाट गरिन्छ । यस प्रकारको प्रणालीले

४५ संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमअन्तर्गत नेपालमा सहभागितामूलक संविधानमा सहयोग परियोजनाद्वारा संविधान सभाको निर्वाचन प्रणाली सम्बन्धमा सङ्कलन गरिएको सामग्री २०१४

अतिवादी विचार राख्ने समूहका व्यक्तिहरूलाई निर्वाचित हुनबाट रोक्न सघाउ पुऱ्याउँदछ भने राजनीतिक रूपमा माथिल्लो तहको भए पनि जनहितमा काम नगर्ने व्यक्तिलाई अस्वीकार गर्दछन् । नयाँ पुस्ताका होनहार व्यक्तिहरू वा स्वतन्त्र व्यक्तिलाई समेत विश्वास गरी नेतृत्व हस्तान्तरण गर्दछन् जसका कारण राजनीतिक दलहरू सधैँ नागरिकहरूप्रति जवाफदेही बन्न उत्प्रेरित हुन्छन् ।

यो प्रणाली मुख्यतया बेलायत र यसका प्रभावमा रहेका मुलुकहरू लगायत क्यानाडा, भारत र अमेरिकामा बढी प्रयोगमा छ भने ल्याटिन अमेरिका, बेलिज, एशियाका ५ मुलुकहरू बङ्गलादेश, बर्मा, भारत, मलेशिया र नेपाल, अफ्रिकाका १५ मुलुकहरूले[४६] यो प्रणाली अपनाएका छन् ।

यस प्रणालीमा प्रतिनिधि र मतदाताहरूका बिचमा प्रत्यक्ष सम्बन्ध रहेको मानिन्छ । यस प्रणालीले राजनीतिक दललाई आफ्ना नीति तथा कार्यक्रमहरू, निर्वाचन घोषणापत्र र दलको मार्गचित्र सही भए वा नभएको जाँच गर्दछ भने नयाँ नयाँ बिचारहरू तथा दलहरूको सम्भावनालाई सधैँ मार्ग प्रशस्त गर्दछ । यति हुँदा हुँदै पनि यस प्रणालीका केही फाइदा र केही बेफाइदाहरू छन् :

**सकारात्मक पक्ष**

१. पहिलो हुने निर्वाचत हुने निर्वाचन प्रणाली प्रयोग गर्न र बुझ्न अत्यन्तै सरल छ ।

२. यस प्रणालीले दलगत सरकारको सिर्जना गर्दछ । निर्वाचनमा भाग लिने स्वतन्त्रता जुनसुकै दललाई उपलब्ध भए पनि धेरै दलहरूको स्थानलाई साँघुरो गर्दै दुई दललाई मुख्य रूपमा छनोट गर्ने प्रवृति राख्दछ ।

३. निर्वाचन क्षेत्रका नागरिकहरू र प्रतिनिधिहरू बिच सम्पर्क स्थापित गर्दछ र निरन्तर सम्वादको अवस्था सिर्जना गर्दछ ।

४. यस प्रणालीमा दलहरूलाईभन्दा दलका तर्फबाट उम्मेदवारी दिने व्यक्तिलाई छान्ने अवसर प्राप्त हुन्छ जसले गर्दा राजनीतिक दल पनि लोकप्रिय र इमान्दार व्यक्तिलाई उम्मेदवार बनाउन बाध्य हुन्छन् । यस किसिमको अभ्यासले जनताबाट स्वीकार्य व्यक्ति नै नेतृत्वमा स्थापित हुने सम्भावना बढाउँदछ ।

५. यस प्रणालीले सङ्कुचित विचार राख्ने राजनीतिक दललाई पाखा लगाई व्यापकतामा आधारित राजनैतिक दलहरूलाई फाइदा पुऱ्याउँदछ ।

६. यस प्रणालीका कारणले संसद्मा एक दलको बहुमत हुने बढी सम्भावना भए पनि प्राप्त निकटतम प्रतिस्पर्धात्मक मतले विधायिकामा बलियो र सुसङ्गठित प्रतिपक्ष स्थापित गर्ने सम्भावना हुन्छ जसले गर्दा सरकारले एकलौटी रूपमा तानाशाही शासन सञ्चालन गर्न सक्दैन । यसले बहुवैकल्पिक सरकारको संरचना तयार गर्न मद्दत पुऱ्याउँदछ र शक्ति सन्तुलनको विकास हुन्छ ।

७. यस प्रणालीले अतिवादी विचार राख्ने दलहरूलाई निषेध गर्दछ भने लोक कल्याणकारी विचार तथा कार्यक्रमहरूलाई प्रवर्द्धन गर्ने विकल्पको लागि मार्ग प्रशस्त गर्दछ ।

---

४६ उही

**नकारात्मक पक्ष**

यस प्रणालीका केही नकारात्मक पक्षहरू पनि छन् जसका कारण यसले देशमा भएको विविधतालाई सम्बोधन गर्न कठिन हुन्छ । यस निर्वाचन प्रणालीका मुख्य नकारात्मक पक्षहरू यस प्रकार छन् :

१. देशमा भएको विविधता र क्षेत्रीय सन्तुलन कायम गर्नको लागि यो प्रणाली अनुपयुक्त हुन्छ यसले अल्पसङ्ख्यकलाई प्रतिनिधित्व हुनबाट वञ्चित गर्दछ ।

२. निर्वाचन क्षेत्र निर्धारणको आधारमा सिट सङ्ख्या तय गरिने भएकोले यो निश्चित सीमाको क्षेत्रमा सीमित हुन्छ । उक्त क्षेत्रभन्दा बाहिरका मतदाताले सो क्षेत्रमा मतदान गर्न पाउँदैनन् ।

३. निर्वाचनमा भाग लिएका कुनै पनि उम्मेदवारको निर्वाचन तर्फ नजाने वा ठुलो सङ्ख्याको मतलाई यस प्रणालीले खेर फाल्दछ ।

४. यो प्रणाली निश्चित निर्वाचन क्षेत्रमा विभाजित हुने भएकोले क्षेत्रपरस्त दृष्टिकोणलाई बढावा दिन्छ ।

५. यो प्रणाली जनमत परिवर्तनप्रति सम्वेदनशील हुन सक्दैन ।

६. यो निर्वाचन प्रणालीका कारणले परम्परादेखि पिछडिएका वर्ग र खास गरी महिलाहरूको विधायिका वा कार्यपालिकामा प्रतिनिधित्व सीमित भएको अनुभव छ ।

७. अन्ततः यो दुई दलीय पद्धतिमा सीमित हुन पुग्ने भएकोले ससाना दलहरूलाई प्रतिनिधित्वबाट निषेध गर्दछ र दलहरूको अस्तित्व नै सङ्कटमा पार्दछ भने अल्पसङ्ख्यक वा अल्पमतलाई उपेक्षा गर्ने सम्भावना बढाउँदछ ।

८. यसले निश्चित वंश, जातीयता वा क्षेत्रमा आधारित राजनैतिक दलहरूको विकासलाई मात्र प्रोत्साहन गर्दछ भने मत विभाजन समेत गराउँदछ ।

९. विभिन्न दलहरूले निर्वाचनमा प्रतिस्पर्धा गर्ने हुँदा मत बाँडिन गई अन्ततः पचास प्रतिशत मत प्राप्त नगरेको अवस्थामा पनि निर्वाचित हुने भई अल्पमतको नेतृत्व सम्भव गराउँदछ, आदि ।

### २.२.२ उम्मेदवार एकमुस्ट मत प्रणाली (Candidate Block Vote System)

सामान्यतया बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग हुने बढी मत प्रणालीको प्रयोग नै एकमुस्ट मत प्रणाली हो । यस निर्वाचन प्रणालीमा निर्वाचन हुने सङ्ख्या जति छ, मतदाताले त्यत्ति नै सङ्ख्यामा मतदान गर्न पाउँछन् र मतदाताले चाहे अनुसार घटी पनि मतदान गर्न सक्छन् । यसमा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छ । यस प्रणालीमा सामान्यतया राजनीतिक दलभन्दा उम्मेदवारहरूलाई जोड दिई मतदान गरिन्छ । यस निर्वाचन प्रणालीमा मतदाताले आफू रहेको निर्वाचन क्षेत्रमा जति जना प्रतिनिधि निर्वाचित गर्नुपर्ने हो, त्यति नै सङ्ख्याका लागि आफूले रोजेका उम्मेदवारहरूलाई मतदान गर्न पाउँछन् भने मतदाताले आवश्यकताभन्दा कम मतदान गर्न पनि सक्दछन् तर आवश्यक सिट सङ्ख्याभन्दा बढीलाई मतदान गर्न सक्दैनन् । यस प्रणाली बमोजिम सबैभन्दा बढी मत ल्याउने उम्मेदवारहरू क्रमैसँग स्थान पूरा नभएसम्म निर्वाचित हुन्छन् ।

यो निर्वाचन प्रणाली बहुदलीय व्यवस्था कायम नरहेका मुलुकमा बढी प्रचलनमा छ । नेपालमा पनि विगतको राष्ट्रिय पञ्चायतको निर्वाचन यसै प्रणाली बमोजिम सञ्चालन गर्ने गरिएको थियो । माल्दिभ्स, कुवेत, लेवनान, प्यालेष्टाइन र लाओस लगायतका मुलुकहरूमा पनि यो निर्वाचन प्रणाली प्रचलनमा छ ।

यो बढी मत प्रणालीको प्रयोग हो । यसमा जति जनाको सिट सङ्ख्या छ, त्यति नै सङ्ख्यामा मतदान गरिने गरिन्छ । सन् २००४ सम्ममा कुवेत, लाओस, लेवनान, टोंगा, माल्दिभ्स, तेभालु, सिरिया, प्यालेष्टाइन, अरब गणतन्त्र, गएनर्सी, कैम्यान द्वीप, फकल्याण्ड द्वीपहरूले यो प्रणाली प्रयोग गरेका थिए । सन् १९८९ मा जोर्डन, सन् १९९२ मा मङ्गोलियामा र सन् १९९७ मा फिलिपिन्स तथा थाइल्याण्डमा समेत यस प्रणालीको प्रयोग भएको थियो ।[४७] तर निर्वाचन परिणामको असहजताका कारण पछि यी सबै मुलुकहरूले निर्वाचन प्रणाली परिवर्तन गरेका थिए ।

यो प्रणालीका पनि केही सकारात्मक र केही नकारात्मक पक्षहरू छन् ।

**सकारात्मक पक्ष**

१. यस प्रणालीमा वैयक्तिक उम्मेदवारलाई मतदान गरिने र दल समेत बलियो हुने सम्भावना हुन्छ ।

२. यो प्रणाली दलीय व्यवस्था कमजोर भएका मुलुकहरूमा सक्षम व्यक्तिहरू छनोट गर्न सफल भएको छ ।

३. यस निर्वाचन प्रणालीमा मतदाता र उम्मेदवारहरू बिच प्रत्यक्ष सम्बन्ध स्थापित हुने भएकोले सुमधुर सम्बन्ध कायम हुन्छ ।

**नकारात्मक पक्ष**

१. यो निर्वाचन प्रणालीबाट एउटै दलको प्रतिनिधित्व बढी हुने भएकोले सशक्त प्रतिपक्षको अभाव हुन सक्ने र विजयी दल वा समूह निरङ्कुश हुँदै जाने सम्भावना हुन्छ ।

२. एकमुस्ट मत प्रणालीले दलगत प्रणालीलाई विखण्डन गर्न र भ्रष्टाचार बढाउन प्रोत्साहन गर्दछ भन्ने उदाहरण थाइल्याण्डको विगतका निर्वाचनहरूले देखाएका छन् । त्यसै कारण हाल यो प्रणाली प्रयोग गरिआएका मुलुकहरूले पनि यो प्रणाली छाड्दै गएको देख्न सकिन्छ ।

३. एउटै दल वा समूहका उम्मेवारहरू बिचमा निर्वाचन जित्नको लागि गैर राजनीतिक रूपमा प्रस्तुत हुने सम्भावना हुन्छ जसका कारण निर्वाचनप्रति जनताको मोह घट्दै जान्छ ।

४. यस निर्वाचन प्रणालीमा निर्वाचन परिणाम अनुमान गर्न कठिन हुन्छ । त्यस्तै निर्वाचनमा अवाञ्छित प्रभाव पर्न सक्ने हुँदा स्वच्छ निर्वाचनको विश्वसनीयताप्रति शङ्का उत्पन्न हुन्छ ।

---

४७ उही

### २.२.३ दलगत एकमुस्ट मत प्रणाली (Party Block Vote System)

यस प्रणालीलाई बहुसदस्यीय निर्वाचन क्षेत्र प्रयोग गर्ने बहुमत प्रणालीको रूपमा बुझिन्छ । यसअन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा अपनाइएभन्दा फरक रूपमा बहुसदस्यीय निर्वाचन क्षेत्रको व्यवस्था गरिएको हुन्छ । यस प्रणालीअन्तर्गत मतदाताले उम्मेदवारलाई मतदान गर्दैनन् । बरु, आफूले रोजेको राजनीतिक दललाई मतदान गर्दछन् । यस निर्वाचन प्रणाली बमोजिम सबैभन्दा बढी मत प्राप्त गर्ने दलले सबै सिटहरूमा विजय हासिल गर्दछ । सो दलको सूचीमा रहेका सम्पूर्ण उम्मेदवारहरू विधिवत निर्वाचित हुन्छन् । सन् २००४ सम्म सिङ्गापुर, चाड, जिबुटी र क्यामरुनमा[४८] यो प्रणालीलाई एक मात्र प्रणालीको रूपमा अपनाइएको थियो । यस प्रणालीका पनि केही सकारात्मक र केही नकारात्मक पक्षहरू छन् ।

**सकारात्मक पक्ष**

१. दलगत एकमुस्ट मत प्रणाली प्रयोगको दृष्टिले अन्य प्रणालीभन्दा सरल हुन्छ । यो प्रणाली बढी मत वा बहुमत प्रणालीमा अभ्यस्त मुलुकहरूलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको विकल्पको रूपमा प्रयोग गर्ने गरिएको छ ।

२. यो प्रणाली समावेशिताको सिद्धान्त लागू गर्न सहयोगी सिद्ध हुन्छ । सिङ्गापुरमा संसद्का अधिकांश सदस्यहरू समूह प्रतिनिधित्व गर्ने निर्वाचन क्षेत्रको रूपमा चिनिएको बहुसदस्यीय निर्वाचन क्षेत्रबाट निर्वाचित हुन्छन् भने जिबुटीमा प्रत्येक विभिन्न जातिगत समूहबाट मिश्रित उम्मेदवारहरू समावेश हुनु पर्दछ ।

३. यस प्रणालीले मजबुत दलहरूलाई प्रोत्साहन गर्दछ ।

४. यस प्रणालीले राजनीतिक दललाई उम्मेदवारको सूची तयार पार्दा समावेशीकरणको सिद्धान्त बमोजिम सन्तुलित बनाउन सहयोग गर्दछ भने प्रतिनिधित्व खोजे अनुसार सुनिश्चित गर्न सहज हुन्छ ।

**नकारात्मक पक्ष**

१. यस निर्वाचन प्रणालीमा एउटा राजनीतिक दलले सामान्य बहुमत प्राप्त गरी प्रायः सबै स्थानमा विजय हासिल गर्न सक्ने हुन्छ । उदाहरणको लागि सन् १९९७ मा जिबुटीमा भएको निर्वाचनमा युनियन फर दि प्रेसिडेन्सियल मेजोरिटीको गठबन्धनले हरेक स्थानमा विजय हासिल गरेको थियो ।

२. यस निर्वाचन प्रणालीमा कल्पना नगरिएको ज्यादै असमानुपातिक परिणाम आउने डर हुन्छ ।

### २.२.४ वैकल्पिक मत प्रणाली (Alternative Vote system)

वैकल्पिक मत प्रणाली पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली जस्तै हो तर यसमा अन्य विकल्पहरू पनि हुन्छन् । यो एकल सदस्यीय निर्वाचन क्षेत्रमा प्राथमिकता दिइएको बढी मत/बहुमत प्रणाली हो । यस प्रणालीमा विभिन्न विकल्पहरूको प्रयोग गरी उम्मेदवारहरूलाई प्राथमिकता

४८ निर्वाचन प्रणाली सुधार, राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा), केन्द्रीय सचिवालय, काठमाडौँ, पुस २०६५, पृष्ठ २७ तथा युएनडीपी सङ्कलन २०१४

क्रममा मत दिन सकिन्छ । यस प्रणालीलाई उम्मेदवार केन्द्रित मत प्रणाली भन्न सकिन्छ । यसमा बहुमत प्राप्त नहुँदा क्रमशः सबैभन्दा कम मत पाउने उम्मेदवार सूचीबाट हट्दै जान्छन् । यस प्रणालीमा मतदाताहरूले अङ्कको प्रयोग गरी उम्मेदवारहरू मध्ये आफूले निर्वाचित गर्न चाहेको उम्मेदवारहरूको प्राथमिकता क्रम निर्धारण गर्दछन् । यस प्रणालीलाई प्राथमिकता क्रमको मतदान पनि भनिन्छ । मतदाताले १, २, ३ नं. गरी मत दिन सक्दछन् जुन प्राथमिकताका आधारमा तय गरिन्छ तर मतदाताले सबै वा धेरै उम्मेदवारलाई एउटै प्राथमिकता क्रममा राख्न मिल्दैन । यो प्रणाली बमोजिम आफूले निर्वाचित गर्न चाहेको उम्मेदवारलाई पहिलो प्राथमिकतामा राखी मतदान गर्दछन् । तत् पश्चात् दोस्रो, तेस्रो गर्दै प्राथमिकता निर्धारण गर्दछन् । उम्मेदवारले विजय हासिल गर्नको लागि ५० प्रतिशत +१ मत र लोकप्रिय मत हासिल गर्न आवश्यक हुन्छ ।

मत गणनाको हिसाबले यो प्रणाली फरक छ जसमा ५० प्रतिशत र थप एक मत कसैले नल्याएमा दोस्रो क्रम सुरु हुन्छ जसमा कम मत सङ्ख्या ल्याउने पछिल्लो क्रमलाई हटाइन्छ र हटाइएका त्यस्ता उम्मेदवारको मतहरू बाँडिन्छ । एवम् रितले उम्मेदवार विजयी नहुन्जेलसम्म दोहोऱ्याइन्छ । यो प्रणाली अष्ट्रेलिया, पपुआ न्युगिनी तथा फिजीमा प्रयोगमा छ भने गणतन्त्र आयरल्याण्डमा राष्ट्रपतिको निर्वाचनमा यसको प्रयोग गरिएको छ । यसले गणनाका पछिल्ला चरणमा मतहरू खेर जाने सम्भावनालाई हटाउँदछ तर गणना नहुने मतको सङ्ख्या भने बढ्न सक्ने हुन्छ । अभ्यासका क्रममा यस प्रणालीमा पनि केही सकारात्मक र केही नकारात्मक पक्षहरू देखा परेका छन् ।

**सकारात्मक पक्ष**

१. यस प्रणालीमा मतदाताले प्राथमिकताक्रम निर्धारण गरी मतदान गर्ने भएकोले पहिलो क्रमको उम्मेदवार निर्वाचित हुन नसके पनि दोस्रो क्रमको उम्मेदवार निर्वाचित हुन सक्ने सम्भावना हुन्छ ।

२. यस प्रणालीले दलहरू र उम्मेदवार बिच मेलमिलापको वातावरणको सिर्जना गर्दछ । पपुआ न्युगिनी तथा अष्ट्रेलियाको वैकल्पिक मत प्रणालीको अनुभवले मेलमिलाप गराउने र सहकार्य गराउन सक्ने राजनीतिको लागि महत्वपूर्ण प्रोत्साहन दिने कुरा देखाएको थियो । यो प्रणाली बोस्निया, लण्डन र सान फ्रान्सिस्कोका राष्ट्रपति तथा नगर प्रमुखको निर्वाचनमा प्रयोग गरिएको छ ।

३. यस प्रणालीले मेलमिलापलाई प्रवर्द्धन गर्दछ । सन् १९६० र सन् १९७० को दशकमा पपुआ न्युगिनीमा यसले सफलतापूर्वक अन्तर्जातीय मेलमिलाप प्रवर्द्धन गरेका कारण हाल यसलाई त्यहाँ पुनः लागू गरिएको छ । पपुआ न्युगिनीले यो प्रणाली अष्ट्रेलियाबाट अनुसरण गरेको थियो र सन् १९६४, सन् १९६८ तथा सन् १९७२[४९] मा भएका निर्वाचनहरूमा प्रयोग गरेको थियो ।

४. यस प्रणालीले धेरै उम्मेदवारहरूको मतलाई एकत्रित गर्दछ भने मत खेर जान दिँदैन ।

---

४९ उही

**नकारात्मक पक्ष**

१. यस प्रणालीले दोस्रो प्राथमिकता क्रमका उम्मेदवारहरू बिच खरिद बिक्रिको कारोबार भएको र प्रणाली प्रभावकारी हुन नसकेको भनी फिजीमा सन् १९९७ मा यसलाई कार्यान्वयन गरेदेखि नै यसको आलोचना भएको थियो । त्यस्तै सन् १९१९ देखि सन् १९४६ सम्म अष्ट्रेलियाको सिनेटको निर्वाचनमा यसको प्रयोग हुँदा ठुला बहुसदस्यीय निर्वाचन क्षेत्रमा वैकल्पिक मतले राम्रोसँग काम गर्न सकेको पाइएन । अष्ट्रेलियाभन्दा विपरीत पपुआ न्युगिनी जातिगत रूपमा उच्च रूपले विभाजित मुलुक हो र यहाँ ८५० भाषा तथा हजारौँ वंशहरू तथा जातीय समूहहरू रहेका छन् जहाँ दोस्रो सर्वोत्तम छनोट आपसमा बिक्रि गर्ने चलन समेत थियो। सन् २००० को निर्वाचनमा, संसद्का आधाभन्दा बढी सांसद्हरू २० प्रतिशतभन्दा कम मतले निर्वाचित भएका थिए भने स्थान जितेका धेरै उम्मेदवारहरूले ५ प्रतिशत मात्र मत प्राप्त गरेका थिए जसका कारण सन् २००३ मा सीमित प्राथमिकता मतदान प्रणाली पुनः अवलम्बन गरियो जसमा मतदाताहरूले कम्तीमा ३ प्राथमिकताको मतमा चिन्ह लगाउनु पर्ने गरियो[५०] ।

२. यो मतदान प्रणाली तुलनात्मक रूपमा जटिल छ, यसको लागि बढी साक्षरता आवश्यक हुने र गणितीय हिसाब कठिन हुने हुन्छ ।

३. यस प्रणालीले अनुपात नमिल्ने निर्वाचन परिणाम ल्याउन सक्ने डर हुन्छ ।

४. यस प्रणालीले पहिलो हुने निर्वाचित हुने निर्वाचन पद्धतिमा जस्तै असमानुपातिक निर्वाचन परिणाम ल्याउन योगदान गर्दछ ।

### २.२.५ दुई चरण वा दुई चक्र प्रणाली (Two Round System)

यस प्रणालीमा पनि पहिलो चरणमा कुनै पनि उम्मेदवार वा दलले साधारणतया पूर्ण बहुमत (५०%+१) प्राप्त नगरेको खण्डमा सबैभन्दा बढी मत पाउने दुई उम्मेदवारहरू बिच दोस्रो चरणको निर्वाचन हुन्छ । दोस्रो चरणमा पूर्ण बहुमत प्राप्त गर्ने (५०%+१) विजयी हुन्छ । यदि उम्मेवारले पहिलो चरणमै आवश्यक मत प्राप्त गरेमा विजयी घोषित गरिन्छ र दोस्रो चरणको निर्वाचन गरिँदैन ।

यो प्रणाली एउटा मात्र निर्वाचन नभएर दुई चरणमा र साधारणतया एक हप्ता वा एक पाक्षिकको अन्तरालमा हुने निर्वाचन हो । सामान्यतया यस प्रणाली बमोजिम दोस्रो चरणको लागि पहिलो चरणमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारहरू बिच प्रतिस्पर्धा गराइन्छ र जसले बहुमत हासिल गर्दछ अर्थात् ५०%+१ मत प्राप्त गर्दछ सोही उम्मेरवार विजयी घोषित हुन्छ । यो प्रणाली पूर्व सोभियत सङ्घ, इरान, भियतनाम, हाईटी, अफ्रिकी गणतन्त्र, कङ्गो, माली, इजिप्ट, कोमोरस लगायतका संसारका करिब ३० मुलुकहरूले अपनाएको[५१] पाइन्छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली जस्तै प्रक्रियाबाट यो निर्वाचन सम्पन्न गरिन्छ । तर, यसलाई दलगत एकमुस्ट मत (माली) र एकमुस्ट मत प्रणाली (किरिबाटी) प्रयोग गरी बहुसदस्यीय निर्वाचन क्षेत्र पनि प्रयोग गर्ने गरिन्छ । अधिकांश मुलुकहरूले राष्ट्रपतिको निर्वाचनमा यो प्रक्रिया अवलम्बन गरेका छन् । आम रूपमा दोस्रो दौड प्रणाली प्रचलनमा छ भने फ्रान्समा संसद्को

---

५० उही

५१ हे. निर्वाचन प्रणाली सुधार, राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा), केन्द्रीय सचिवालय, काठमाडौँ, पुस २०६५, पृष्ठ २९

निर्वाचनमा यसअन्तर्गत पहिलो चरणमा १२.५ प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार दोस्रो चरणमा उठ्न सक्दछ र दोस्रो चरणमा जसले सबैभन्दा बढी मत प्राप्त गर्दछ, सोही विजयी घोषित हुन्छ। यसमा बहुमत हुँदैन जहाँ दोस्रो चरणमा ५ देखि ६ जनासम्म उम्मेदवार हुन्छन्। यो प्रणाली अपनाउने मुलुकहरू २२ वटा छन् जहाँ फ्रान्स तथा यसको प्रभावमा रहेका मुलुकहरू तथा अफ्रिकी मुलुकहरू र केही पूर्व सोभियत मुलुकहरू छन्। त्यसै गरी जर्जिया, कजाकिस्तान तथा ताजिकिस्तान जस्ता अन्य मुलुकहरूमा प्रतिनिधिहरूको निर्वाचनमा मिश्रित निर्वाचन प्रणालीको अंशको रूपमा दुई चरणको निर्वाचन प्रणाली अपनाउने गरिन्छ।[५२] यो प्रणालीका पनि केही सकारात्मक तथा नकारात्मक पक्षहरू छन्।

**सकारात्मक पक्ष**

१. यस प्रणालीले मतदाताहरूलाई दोस्रो मौका प्रदान गर्दछ जसमा मतदाताले अर्को उम्मेदवार छनोट गरी आफ्नो पूर्व निर्णयमा पुनर्विचार गर्न सक्दछन्।

२. यस प्रणालीमा राजनैतिक दलहरू तथा उम्मेदवारहरू बिचको चरित्रलाई स्पष्ट पार्दछ भने अनैतिक चलखेल भएमा मतदाताले थाहा पाउन सक्छन्।

३. यस प्रणालीले मत विभाजनको समस्यालाई अन्त्य गरी अलोकप्रिय नेतालाई पाखा लगाउँदछ।

४. निर्वाचनमा एउटा मात्र मतपत्र र एक मात्र मतदान गर्नुपर्ने भएकोले कम साक्षरता भएका मुलुकहरूमा पनि यो प्रणाली सफलतापूर्वक सञ्चालन गर्न सकिन्छ।

५. यस प्रणालीमा मत खेर जाने समस्या हुँदैन र अलोकप्रिय उम्मेदवारलाई निर्वाचन जित्नबाट रोकिन्छ।

**नकारात्मक पक्ष**

१. यो प्रणाली खर्चिलो, समय खेर जाने तथा सबै सरोकारवालाहरूको लागि दबाबमूलक हुन्छ। मतदाताहरूलाई आर्थिक तथा राजनीतिक भार एवम् दबाब बढ्न सक्ने भएकोले दोस्रो चरणको निर्वाचनमा कम मत खस्ने सम्भावना हुन्छ भने हार्ने निश्चित भएका दल वा उम्मेदवारले निर्वाचन परिणामनै अस्वीकार गर्ने र विवाद सिर्जना हुने सम्भावना अधिक हुन्छ।

२. नयाँ प्रजातान्त्रिक मुलुकमा यस प्रणालीले दलगत प्रणाली नै विभाजन गर्न उन्मुख गराउँदछ भन्ने आरोप पनि छ। उदाहरणको लागि फ्रान्समा यसले अनुपात नमिलेको निर्वाचन परिणाम पैदा गरेको आरोप छ ।

३. विभाजित समाजमा यसले गहिरो असर पार्दछ। उदाहरणको लागि सन् १९९२ मा अङ्गोलामा शान्ति स्थापना गर्ने हेतुले गरिएको निर्वाचनमा विद्रोही नेता जोनास साभिम्बीले ४९ का विरुद्ध ४० प्रतिशत मत प्राप्त गरी दोस्रो भए जहाँ उनी दोस्रो चरणमा

५२ हे. निर्वाचन प्रणाली सुधार, राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा), केन्द्रीय सचिवालय, काठमाडौं, पुस २०६५, पृष्ठ २९ तथा युएनडीपी सङ्कलन २०१४

हार्ने निश्चित प्रायः भएकाले गृहयुद्धको थालनी गरे जुन गृहयुद्ध एक दशकसम्म लम्बियो । त्यसै गरी कङ्गोमा दोस्रो चरणको निर्वाचनमा सरकारको ठुलो विजय हुन सक्ने सम्भावनाले सन् १९९३ मा विपक्षीले दोस्रो चरणको निर्वाचन बहिष्कार गरी सशस्त्र युद्धको थालनी गऱ्यो । अल्जेरियामा सन् १९९२ मा इस्लामिक मुक्ति मोर्चाका उम्मेदवारहरूले पहिलो चरणमा नै अग्रस्थान हासिल गरेपछि सेनाले हस्तक्षेप गरी दोस्रो चरणको निर्वाचन रद्द गरेको थियो ।

## २.३ समानुपातिक प्रतिनिधित्व प्रणाली (Proportional Representation System)


समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली मूलतः सदर मतको हिस्सा र सोही बराबरको अनुपातमा विधायिकी स्थानमा हुने रूपान्तरण हो । समानुपातिकतालाई दलहरूले प्राप्त गरेको मतका साथै सामाजिक, सांस्कृतिक परिवेशका सन्दर्भमा समेत हेर्ने गरिन्छ । विविधतापूर्ण समाजमा सबैको प्रतिनिधित्व गराउन यो प्रणाली अपनाइएको हुन्छ । यो प्रर्णालीको विशेषता नै कुनै पनि दल, वर्ग वा समुदायले प्राप्त गरेको मत खेर जान नपाओस् र उक्त दल वा समुदायको समानुपातिक प्रतिनिधित्व हुन सकोस् भन्ने हो । यही उद्देश्यले यो निर्वाचन प्रणाली अवलम्बन गरिन्छ । यस प्रणाली बमोजिम छुट्ट्याइएको सिट सङ्ख्यामा दल वा समुदायले प्राप्त गरेको मत प्रतिशतका आधारमा उक्त दल वा समुदायले सिट सङ्ख्या प्राप्त गर्दछन् । विश्वका विभिन्न मुलुकहरूमा यो प्रणालीको प्रयोग भिन्न भिन्न रूपमा गरिएको पाइन्छ ।

यस प्रणालीमा मतदाताले सिधै उम्मेदवारलाई मतदान गर्ने नभई विभिन्न राजनैतिक दलहरू मध्ये आफ्नो विचार र भावनाको प्रतिनिधित्व गर्ने दललाई मतदान गर्ने र सामान्यतया राजनीतिक दलहरूले मतदाता समक्ष आफ्नो उम्मेदवारको एउटा सूची प्रस्तुत गर्छन् र मतदाताले दलको लागि मतदान गर्दछन् । यस प्रणाली बमोजिम राजनीतिक दलले राष्ट्रिय निर्वाचनमा प्राप्त गरेको मतको आधारमा निर्वाचित हुने वा स्थान प्राप्त गर्ने गर्दछन् । विभिन्न दलहरूद्वारा आफूले प्राप्त गरेको कुल मतको अनुपातमा आफ्नो स्थान निश्चित गरिन्छ र दलद्वारा प्रस्तुत सूची अनुसारका उम्मेदवारहरू मध्येबाट सम्बन्धित दलले छनोट गरी तयार पारेको सूचीका आधारमा निर्वाचित भएको घोषणा गरिन्छ । हाम्रो सन्दर्भमा पनि दुवै संविधान सभाको निर्वाचनका लागि तथा वि. सं. २०७४ सालको संसदीय निर्वाचनहरूमा हामीले यो प्रणाली अवलम्बन गरिसकेका छौँ । यो निर्वाचन प्रणाली बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रभावकारी रूपमा कार्यान्वयन गरिन्छ । यस प्रणालीको प्रयोगले धेरैभन्दा धेरै मतको कदर गर्दै खेर जाने मतको न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । सबै वर्ग, क्षेत्र, लिङ्ग, जाति, भाषा र धर्मको सही रूपमा प्रतिनिधित्व हुने अपेक्षा यसमा गरिन्छ । निश्चित प्रतिशतसम्मका लागि यो प्रणालीलाई पनि अवलम्बन गरिनु उपयुक्त हुन्छ । यो प्रणाली मूलतः ३ प्रकारले प्रयोग गर्ने अभ्यास रहेको छ :

१. सूची समानुपातिक प्रणाली,

२. एकल सङ्क्रमणीय मत प्रणाली, र

३. मिश्रित सदस्यीय समानुपातिक प्रणाली




### २.३.१ सूची समानुपातिक प्रणाली (List Proportional Representation System)

सूची समानुपातिक प्रणालीमा राजनीतिक दलहरूले बहुसदस्यीय निर्वाचनको लागि उम्मेदवारहरूको एकीकृत सूची सिङ्गो निर्वाचन क्षेत्रको लागि प्रस्तुत गर्दछन्। उक्त सूची बन्द वा खुला वा स्वतन्त्र हुन सक्दछ। अर्थात्, एकपटक सूची तयार भई सार्वजनिक भएपछि परिवर्तन गर्न नमिल्ने किसिमको बन्द सूची र सूचीमा भएमा उम्मेवारहरू निर्वाचन परिणामपछि दल वा निर्वाचन आयोगले परिवर्तन गर्न सक्ने खुला सूची पर्दछन् । यस प्रणालीमा मतदाताले दल/निर्वाचन एकाईको नाममा मत दिन्छन् । निर्वाचन एकाईहरूले प्राप्त मतको अनुपातमा विधायिकी निकाय/सभामा प्रतिनिधित्व प्राप्त गर्दछन्। निर्वाचनमा दल/एकाईलाई मतदान गरिन्छ र सदर मतको हिस्सा अनुसार दलले स्थान प्राप्त गर्दछन् । यस किसिमको निर्वाचनको प्रयोजनको लागि अधिक शेष विधि वा उच्च औसत विधि अवलम्बन गर्ने प्रचलन छ।

समानुपातिक प्रतिनिधित्व प्रणालीहरू मध्ये सूची प्रणाली नै बढी प्रयोगमा रहेको र उपयोगी मानिन्छ। समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरेका मुलुकहरू मध्ये करिब ७० राष्ट्रहरूले सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरेका छन्। समानुपातिक प्रतिनिधित्वको लागि बन्द सूची नै बढी प्रभावकारी हुन्छ । यस प्रणालीको अवलम्बन गर्दा सूची कसरी तयार पार्ने ? कुन समुदायको प्रतिनिधित्व के कुन आधारमा सुनिश्चित गर्ने ? प्राथमिकताहरू के, कसरी र कुन सिद्धान्तका आधारमा तय गर्ने ? खुला सूची हो । यस प्रणालीमा विश्वसनीयता कसरी कायम गर्ने जस्ता महत्वपूर्ण विषयहरूमा विशेष ध्यान दिन आवश्यक छ।

नेपालमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि बन्द सूचीको व्यवस्था गरिएको छ।[५३] जस अनुसार समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा भाग लिन चाहने दलले आफ्नो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवारको बन्द सूची तयार गर्नु पर्नेछ । बन्द सूची तयार गर्दा कुल सदस्य सङ्ख्याको कम्तीमा दश प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी बन्द सूची तयार गर्नु पर्ने, कम्तीमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नु पर्ने, भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याको आधारमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम पिछडिएको क्षेत्र तथा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम तयार गर्नु पर्ने व्यवस्था गरिएको छ।

५३ हे. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८

यो प्रणाली अवलम्बन गर्दा न्यूनतम सीमा (Threshold) निर्धारण गर्नु उपयुक्त हुन्छ, अन्यथा दल वा समूहको सङ्ख्या बढ्न गई सरकार अस्थिर हुने वा अनुचित प्रभाव बढ्ने हुन सक्दछ । उदाहरणको लागि नेपालको पहिलो संविधान सभाको निर्वाचनबाट १ मात्र सिट प्राप्त गर्ने दलहरूको सङ्ख्या ११ थियो जसबाट दलका प्रमुख नै निर्वाचित भएकोले समावेशीकरणको उद्देश्य माथि समेत गम्भीर प्रभाव परेको थियो । न्यूनतम सीमाको सम्बन्धमा विभिन्न देशहरूमा फरक फरक अभ्यासहरू रहेका छन् । उदाहरणको लागि यस्तो न्यूनतम सीमा दक्षिण अफ्रिकामा शून्य प्रतिशत, नेदरल्याण्डमा ०.६७ प्रतिशत, न्यूजिल्याण्ड, रुस तथा जर्मनीमा ५ प्रतिशत र टर्कीमा १० प्रतिशतको सीमा निर्धारण गरिएको छ भने नेपालमा प्रतिनिधि सभाको लागि ३ प्रतिशत र प्रदेश सभाको लागि १.५ प्रतिशत कायम गरिएको छ ।

यस प्रणालीका पनि केही राम्रा र केही सुधार गर्नुपर्ने पक्षहरू छन् । मूलतः मत खेर नजाने र सबै जात जाति, वर्ग क्षेत्र र लिङ्गको समानुपातिक समावेशी प्रतिनिधित्व गर्न सकिने यसका सकारात्मक पक्ष हुन् भने जनताले चुनेका व्यक्तिहरू खुला प्रतिस्पर्धाबाट निर्वाचित हुनेभन्दा दलले चाहेका व्यक्तिहरू मात्र निर्वाचित हुनु यसको कमजोर पक्ष हो ।

### २.३.२ एकल सङ्क्रमणीय मत प्रणाली (Single Transferable Voting System)

एकल सङ्क्रमणीय मत प्रणाली प्राथमिकताका आधारमा मत दिने प्रणाली हो । यस प्रणालीअन्तर्गत बहुसदस्यीय निर्वाचन क्षेत्रका उम्मेदवारहरूको क्रम निर्धारण गरी मतदान गरिन्छ । यस प्रणाली अनुसार निर्वाचित हुनका लागि उम्मेदवारले निश्चित कोटा पार गर्नु पर्दछ । यस प्रणालीमा मतदाताहरूले उम्मेदवारको प्राथमिकता निर्धारण गरिदिन्छन् र कोटा पार गर्ने उम्मेदवार निर्वाचित हुन्छ । बाँकी मत दोस्रो प्राथमिकता क्रमको उम्मेदवारलाई प्राप्त हुन्छ । कम मत प्राप्त गर्ने उम्मेदवारहरू क्रमशः सूचीबाट हटाइन्छ । इस्टोनिया, आयरल्याण्ड र माल्टामा यो प्रणाली प्रमुख रूपमा अपनाइएको छ । यो निर्वाचन प्रणाली जटिल प्रणाली मानिन्छ । यस प्रणालीमा समानुपातिक निर्वाचन प्रणालीका सकारात्मक र नकारात्मक पक्षहरू विद्यमान हुन्छन् ।

यो प्रणालीले समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दछ तर प्रणाली आफैँमा जटिल भएकोले सर्वसाधारण मतदाताले बुझ्न कठिन हुन्छ ।

### २.३.३ मिश्रित सदस्य समानुपातिक प्रणाली (Mixed Member Proportional System)

यो प्रणाली बमोजम प्रत्यक्ष/बढी मत/बहुमत प्रणालीबाट निर्वाचित भएका प्रतिनिधिहरूबाट समावेशीकरणको उद्देश्य पूर्ति नभएमा समानुपातिक निर्वाचन प्रणालीबाट क्षतिपूर्ति वा कोटा पूरा गर्ने गरी निर्वाचन गरिन्छ । यस प्रकारको निर्वाचन प्रणालीको प्रयोग इटली, न्यूजिल्याण्ड, जर्मनी, बोलिभिया, हङ्गेरी, मेक्सिको, भेनेजुयला, लेसोथो र अल्बानिया जस्ता मुलुकहरूमा गरिएको छ । नेपालमा पनि दुवै संविधान सभा निर्वाचन र वि. सं. २०७४ सालको प्रतिनिधि सभा तथा प्रदेश सभाका निर्वाचनहरूमा यसको प्रयोग गरिएको थियो । यस प्रकारको निर्वाचन प्रणालीमा प्रत्यक्ष वा समानुपातिक तर्फको न्यूनतम सीमा तोक्ने प्रचलन पनि छ । जसअन्तर्गत प्रत्यक्षमा कम्तीमा एक सिट र समानुपातिक निर्वाचन प्रणालीमा कम्तीमा निश्चित प्रतिशत मत प्राप्त गर्ने राजनीतिक दलको मात्र सिटको गणना गरिने हुन्छ । उदाहरणको लागि न्यूजिल्याण्डमा प्रत्यक्ष तर्फ कम्तीमा एक सिटमा विजय हासिल गरेको र समानुपातिक प्रणालीअन्तर्गत ५ प्रतिशत मत प्राप्त गर्नु पर्ने व्यवस्था गरिएको छ ।

यस प्रणालीले राष्ट्रको आवश्यकता र चाहना बमोजिम पूर्ण समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दछ भने मतदाताले दुईवटा मतपत्र अर्थात् एउटा दलको लागि समानुपातिक र अर्को प्रत्यक्ष तर्फ उम्मेदवार केन्द्रित मतदान गर्दछन् । यो प्रणाली केही जटिल हुन्छ । यसले मतदातामा समानुपातिक तर्फबाट कोटा पूरा गर्ने गरी आएका प्रतिनिधिहरूप्रति केही नकारात्मक धारणा सिर्जना गराउन सक्छ ।

## २.४ मिश्रित प्रणाली (Mixed System)

मिश्रित निर्वाचन प्रणाली पनि फरक फरक प्रकृतिको हुन सक्दछ । दुई वा सो भन्दा बढी निर्वाचन प्रणालीको प्रयोग नै मिश्रित प्रणाली हो । यस अर्थमा माथि उल्लेखित मिश्रित सदस्य समानुपातिक प्रणाली पनि मिश्रित निर्वाचन प्रणालीको एक रूप हो भने त्यस बाहेक पनि पृथक् रूपमा प्रत्यक्ष र समानुपातिक प्रणालीको मिश्रण वा प्रत्यक्ष, समानुपातिक र मनोनयनको मिश्रण आदि हुन सक्दछन् । यस अर्थमा कतिपय अवस्थामा प्रत्यक्ष, समानुपातिक तथा मनोनयनको प्रक्रिया समेत अवलम्बन गरी व्यवस्थापिकीय अङ्गको गठन गर्न सकिन्छ । सङ्घीय व्यवस्थापिकाको तल्लो सदन र इकाईका व्यवस्थापिकाहरूको गठन प्रक्रियामा यो प्रणाली अवलम्बन गर्ने प्रचलन विभिन्न देशहरूमा विद्यमान छन् ।

मूलतः देशको राजनीतिक अवस्था, प्रतिनिधित्वको लागि आवश्यकता, भौगोलिक जटिलता, जातीय, लैङ्गिक वा क्षेत्रीय प्रतिनिधित्वको आवश्यकता आदिलाई मध्यनजर गरी यस किसिमको प्रणाली अवलम्बन गर्ने प्रचलन छ । मिश्रित निर्वाचन प्रणालीले बढी मत/बहुमत वा समानुपातिक र अन्य उल्लेखित प्रणालीका सकारात्मक पक्षहरूलाई एकत्रित गर्छ । यसको लागि विभिन्न निर्वाचन सूत्रहरू प्रयोग गरिन्छ । यसअन्तर्गत सीमित मत प्रणाली, समानान्तर प्रतिनिधित्व प्रणाली र एकल असङ्क्रमणीय मत प्रणालीको रूपमा प्रयोग गर्ने प्रचलन छन् । सीमित मत प्रणाली (Limited Voting System) बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग भएको बढी मत/बहुमत प्रणाली हो, जुन उम्मेदवार केन्द्रित निर्वाचन प्रणालीमा आधारित हुन्छ । यस प्रणालीमा मतदातालाई एकभन्दा बढी निर्वाचन गर्नुपर्ने उम्मेदवारहरू छनोट गर्नुपर्ने हुन्छ । कुल मतमा सबैभन्दा बढी मत ल्याउने उम्मेदवार विजयी हुन्छ । त्यसै गरी समानान्तर प्रणाली (Parellel System) मा बढी मत/बहुमत प्रणाली र समानुपातिक प्रतिनिधित्व दुवैको विशेषतामा जोड दिइएको हुन्छ । दुई निर्वाचन प्रणालीहरू छुट्टाछुट्टै तथा फरक रहन्छन् तर स्थान वितरणका लागि एक अर्काप्रति निर्भर हुँदैनन् । त्यसै गरी एकल असङ्क्रमणीय मत प्रणाली (Single Non-Transforable Voting System) मा उम्मेदवार केन्द्रित मतदान प्रक्रियाबाट निर्वाचित हुने गर्दछ । मतदाताहरूले बहुसदस्यीय निर्वाचन क्षेत्रमा एकल मतदान गर्दछन् । कुल मतको सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरू विजयी घोषणा गरिन्छन् ।

## २.५ सहमतीय प्रणाली (Consensus System)

सहमतीय निर्वाचन प्रणाली एउटा फरक खालको लोकतान्त्रिक प्रणाली हो । यसअन्तर्गत प्रतिस्पर्धा नभई सहमतिका आधारमा प्रतिनिधिहरू चयन गरिन्छ । यस प्रकारको प्रणाली स्वीस अध्यक्ष मण्डलको निर्वाचनको लागि गरिन्छ । त्यहाँ सात जनाको सङ्घीय परिषद्को गठन कार्यकारी प्रमुखको रूपमा हुन्छ । उक्त परिषद्को निर्वाचन संसद्ले गर्दछ । उक्त परिषद्ले सामूहिक रूपमा राष्ट्रप्रमुखको भूमिका निर्वाह गर्दछ । हरेक अध्यक्षले एक एक मन्त्रालयको जिम्मा लिन्छन् जसअन्तर्गत अर्थ, आर्थिक मामिला तथा शिक्षा, आन्तरिक मामिला, सुरक्षा तथा खेलकुद, ऊर्जा,

ट्राफिक तथा वातावरण र न्याय मन्त्रालयहरू छन् । ४ वटा प्रमुख दलहरूबाट उक्त परिषद्का अध्यक्ष मण्डलको चयन गरिन्छ भने सदस्यहरूको समयावधि किटान गरिएको छैन तर हरेक वर्ष अध्यक्ष क्रमानुसार फेरिन्छन् । यस किसिमको प्रणालीका कारण स्वीस सरकारले स्थायित्व प्राप्त गरेको छ ।[५४] सरकारले गर्ने मुख्य निर्णयहरू सम्मेलन मार्फत वा परिषद्का सात जना सदस्यको बहुमतबाट हरेक हप्ता लिइन्छ ।[५५]

सन् १८४८ मा आधुनिक स्वीटजरल्याण्डको विकास हुँदादेखि एकमात्र राजनीतिक दल निर्वाचित हुने भएकोले सन् १८९१ सम्म सङ्घीय परिषद्मा अर्को दलले प्रतिनिधित्व गर्ने अवसर पाएन । सन् १९५९ मा ४ वटा राजनीतिक दलहरू आफ्नो शक्ति अनुसार सिटहरू विभाजन गर्ने निर्णयमा पुगे र सोही बमोजिम सहमति गरे । यस तथाकथित "जादुयी सूत्र" लाई स्वीटजरल्याण्डमा सहमतीय प्रजातन्त्र भन्ने प्रचलन छ । यस किसिमको मान्यताको आधार बहुमत तथा अल्पमत सबैको समर्थन होस् भन्ने नै हो । यो प्रक्रिया बिनाप्रश्न लामो समयसम्म चल्यो तर सन् २००३ मा एउटा दल स्वीस जनता दलले संसद्मा बहुमत प्राप्त गरेर पनि एक मात्र परिषद् सदस्य प्राप्त गरेपछि भने आलोचना हुन थालेको छ ।[५६]

## २.६ आरक्षण तथा कोटा प्रणाली

आरक्षण तथा कोटा प्रणाली सीमान्तकृत तथा बहिष्करणमा परेका समुदायहरूको उचित प्रतिनिधित्वको निम्ति गरिन्छ । राज्यका हरेक तह तथा संरचनामा देशका विभिन्न समुदायको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने उपायहरूको निम्ति विभिन्न देशहरूमा सकारात्मक विभेदको उपायको रूपमा आरक्षणको व्यवस्था गरेको पाइन्छ । यस्तो प्रणालीको कार्यान्वयनबाट विगतका विभेद, सामाजिक, सांस्कृतिक तथा राजनीतिक प्रतिकूल अवस्था तथा लैङ्गिक असमानताका कारण विभेदमा परेका बहिष्कृत तथा सीमान्तकृत समुदायहरूको स्थितिमा अर्थपूर्ण रूपमा सुधार आउने अपेक्षा गरिन्छ । यसले अन्ततः सबै समूहमा समानता विकसित गरी कुनै विशेष समूह वा समुदायले आफूहरू बहिष्करणमा परेको महसुस नगर्ने वातावरण सिर्जना गर्ने प्रयत्न गर्दछ ।

संवैधानिक कोटालाई संविधानमा नै प्रत्याभूत गरिएको हुन्छ । व्यवस्थापिका सम्बन्धी कोटा निर्वाचनमा खडा गरिने उम्मेदवारहरूको निश्चित प्रतिशत सुनिश्चित गर्ने निर्वाचन सम्बन्धी कानुन, राजनीतिक दल सम्बन्धी कानुन र अन्य सम्बन्धित कानुनहरूमा व्यवस्था गरिएको पाइन्छ । स्वैच्छिक पार्टी कोटा कानुनी रूपमा बाध्यकारी हुँदैन । केही निश्चित सङ्ख्यामा उम्मेद्वारहरूको उम्मेदवारी सुनिश्चित गर्न दलहरूले स्वैच्छिक रूपमा निर्धारण गरेका हुन्छन् ।

अधिकांश मुलुकहरूमा कोटा प्रणालीलाई सामाजिक समावेशीकरणका विषय सम्बोधन गर्न अवलम्बन गरिएको छ । नर्वेले सरकारी कम्पनीहरूमा ४०% सिट महिलाहरूका लागि सुरक्षित गरेको छ । जर्मनीमा महिला र पुरूष समान रूपमा दक्ष रहेछन् भने महिलाहरूलाई प्राथमिकता दिइन्छ । ब्राजिलमा जातीय अल्पसङ्ख्यकहरू (काला र आदिवासी ब्राजिलियन), गरिब तथा अपाङ्ग व्यक्तिहरूलाई आरक्षण सुनिश्चित गरिएको छ । मलेसियामा आदिवासी समूहहरूलाई भूमिमाथि

---

५४ See https://www.worldatlas.com/articles/what-type-of-government-does-switzerland-have.html

५५ See http://swiss-government-politics.all-about-switzerland.info/

५६ See https://www.swissinfo.ch/eng/magic-formula_how-are-swiss-federal-councillors-elected-/44593530

विशेष अधिकार दिइएको छ । फ्रान्समा महिला र अपाङ्गता भएका समूहहरूलाई आरक्षण दिइएको छ । त्यसै गरी, सिरिया र लेबनानमा केही निश्चित धार्मिक अल्पसङ्ख्यकहरूलाई संसद्मा आरक्षण सुनिश्चित गरिएको छ । नाइजेरियाले विशेष जातीय समुदायहरूका लागि सकारात्मक पहलका कार्यक्रमहरू अवलम्बन गरेको छ ।[५७]

त्यसै गरी क्यानाडामा "लाभबाट वञ्चित व्यक्ति वा समूहहरू लगायत जात, राष्ट्रियता वा जातीय उत्पति, रङ्ग, धर्म, लिङ्ग, उमेर वा मानसिक वा शारीरिक दुर्बलताका कारण वञ्चित भएका व्यक्तिको अवस्थामा सुधार गर्ने उद्देश्यले कुनै कानुन, कार्यक्रम वा गतिविधिलाई रोक लगाएको मानिने छैन" भनेको छ । भारतमा सामाजिक र शैक्षिक रूपले पिछडिएका नागरिकको उत्थानका लागि विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ । खास गरी यसले अनुसूचित जाति र जनजातिलाई उनीहरूको शिक्षा र सरकारी रोजगारीको निम्ति हुने नियुक्तिहरूमा आरक्षण सम्बन्धी विशेष व्यवस्था गरेको छ । अनुसूचित जाति तथा अनुसूचित जनजातिका लागि उनीहरूको जनसङ्ख्याका आधारमा हरेक पञ्चायत र नगरपालिकामा सिटको आरक्षण गर्नुपर्ने कुरा सुनिश्चित गरेको छ । त्यस मध्येबाट पनि एक तिहाइ सिट ती समुदायका महिलाका लागि आरक्षित गरिएको छ । अनुसूचित जाति र अनुसूचित जनजाति तथा एङ्लो इन्डियन (युरोपेली मूलका बाबुबाट जन्मेका सन्ततिहरू) का लागि लोक सभा र राज्यका विधान सभामा सिटको आरक्षण गरिएको छ । यस्तो आरक्षण ६० वर्षपछि स्वतः समाप्त हुने कुरा समेत उल्लेख गरिएको छ । त्यसै गरी दक्षिण अफ्रिकामा अन्यायपूर्ण भेदभावमा परेका व्यक्ति वा त्यो वर्गका व्यक्तिहरूको संरक्षण र उत्थान गर्न कानुनी र अन्य उपायहरू अवलम्बन गर्ने व्यवस्था गरेको छ ।[५८] यसले सांस्कृतिक, धार्मिक र भाषिक समुदायहरूको प्रवर्द्धन तथा संरक्षणका लागि सांस्कृतिक, धार्मिक र भाषिक समुदायहरूको प्रवर्द्धन तथा संरक्षण आयोग र लैङ्गिक समानता, संरक्षण र विकासको लागि लैङ्गिक समानता आयोगको समेत व्यवस्था गरेको छ ।

महिलाहरूको समावेशीकरणका सम्बन्धमा भने लैङ्गिक कोटाको सफल प्रतिनिधित्व कोस्टारिका, स्विडेन र रूवाण्डाले गर्छन् । कोस्टारिकामा सबै दलहरूका लागि व्यवस्थापिकाको महिला उम्मेदवारका लागि ४०% कोटाको व्यवस्था गरिएको पाइन्छ । यसको पालना नगरेको अवस्थामा दण्डको व्यवस्था गरिएको छ, जसमा राजनीतिक दलको सूची अस्वीकार हुने सम्भावना पनि एक हो । महिला सांसद्को प्रतिशत ३८.६% सहित कोस्टारिका विश्वमा संसद्मा महिला प्रतिनिधित्वको सवालमा आठौं स्थानमा छ । स्विडेनमा राजनीतिक दलका उम्मेदवारको सूचीका लागि स्वैच्छिक कोटाको व्यवस्था छ । वामपन्थी दलहरूले 'प्रत्येक दोस्रो महिला' भन्ने सिद्धान्त अवलम्बन गरेका छन् । जसअनुसार उम्मेदवारको सूचीका लागि ५० प्रतिशत स्वैच्छिक कोटाको व्यवस्था हुन्छ । दक्षिणपन्थी राजनीतिक दलहरूको कोटा सम्बन्धी कुनै नियम नभए तापनि आफ्नो सूचीमा पुरूष र महिला उम्मेदवारलाई आलोपालो अनुसार राख्ने गरेका छन् । महिला सांसद्हरूको सङ्ख्या ४७.३% रहेको स्विडेन महिला प्रतिनिधित्वको सवालमा रूवाण्डापछि दोस्रो स्थानमा आउँछ । रूवाण्डामा निर्वाचनमा आधारित सिट आरक्षणको व्यवस्था गरिएको छ । प्रत्येक जिल्लाबाट दुई

५७ हे. सामाजिक समावेशीकरण, संवैधानिक सवालहरूमा जानकारीमूलक सामग्री - शृङ्खला दुई, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, नेपालमा सहभागितामूलक संविधानमा सहयोग परियोजना, पहिलो संस्करण २०६८, पृष्ठ २६-२७

५८ उही, पृष्ठ २७

जना महिला निर्वाचित हुनैपर्छ । यस व्यवस्थाले रूवाण्डामा महिला सांसद्को प्रतिनिधित्व ५६.३ प्रतिशतसम्म पुग्यो ।[५९]

आरक्षण र कोटासम्बन्धी व्यवस्था नेपालको अन्तरिम शासन विधान, २००७ बाट सुरु भएको पाइन्छ । जस अनुसार सरकारले महिलाहरूका लागि विशेष प्रावधानहरूको व्यवस्था गर्नुका साथै आफ्ना सेवाहरूमा पर्याप्त प्रतिनिधित्व हुन नसकेको भन्ने पाइएमा पिछडिएका वर्गका नागरिकहरूका लागि विभिन्न नियुक्ति वा पदहरूमा आरक्षणको व्यवस्था गऱ्यो । "दुवै लिङ्गहरूका लागि खुला सरकारी जागिरमा लैङ्गिक विभेद गरिने छैन" भन्ने उल्लेख गरी नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि महिला र पुरूष दुवैका लागि रोजगारीमा समान अवसर हुने कुरा उल्लेख गरिएको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार प्रतिनिधि सभाको निर्वाचनमा महिला उम्मेदवारी कम्तीमा पनि ५% हुनुपर्ने र राष्ट्रिय सभामा कम्तीमा ३ जना महिला हुनुपर्ने व्यवस्था थियो । नेपालको अन्तरिम संविधान २०६३ मा महिला, दलित, आदिवासी जनजाति, मधेशी, दलित समूहहरू लगायत पिछडिएका समुदाय आदिका लागि समानुपातिक तथा समावेशी सहभागिताको अधिकार सम्बन्धी प्रावधानहरू  राखिएका थिए । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ (१४) अनुसार बहिष्करणमा परेका र पिछडिएका समुदायहरूका लागि राज्यले आरक्षण र सकारात्मक विभेदको नीति अवलम्बन गर्ने व्यवस्था गरेअनुसार वि. सं. २०६४ र वि. सं. २०७० मा सम्पन्न संविधान सभाको दुवै निर्वाचनको क्रममा समानुपातिक प्रतिनिधित्व प्रणाली अपनाइएको पाइन्छ । नेपालको हालको संविधानमा पनि महिलाको लागि ३३ प्रतिशत सुनिश्चित हुने व्यवस्था गरिएको छ भने दलित तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि स्थानीय तहमा आरक्षणको व्यवस्था छ । कतिपय पदहरूमा समानुपातिक प्रतिनिधित्वको समेत व्यवस्था गरिएको छ ।

**विभिन्न देशहरूले अपनाएका निर्वाचन प्रणालीहरू**[६०]

| निर्वाचन प्रणाली | अफ्रिका | अमेरिका | एशिया | पूर्वी युरोप | पश्चिम युरोप | ओसिनिया | मध्यपूर्व | कुल |
|---|---|---|---|---|---|---|---|---|
| **पहिलो हुने निर्वाचित हुने** | १५ | १७ | ५ | ० | १ | ७ | २ | ४७ |
| **एकमुष्ट मत** | १ | ३ | २ | ० | ३ | २ | ४ | १५ |
| **दलगत एकमुष्ट मत** | ३ | ० | १ | ० | ० | ० | ० | ४ |
| **वैकल्पिक मत** | ० | ० | ० | ० | ३ | ० | ० | ३ |
| **दुईचरण मत** | ८ | ३ | ६ | १ | १ | १ | २ | २२ |

५९ उही पृष्ठ ३४ - ३६
६० शासकीय स्वरूप निर्धारण समितिका प्रतिवेदन पृष्ठ ६५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **सूची समानुपातिक** | १६ | १९ | ३ | १३ | १५ | ० | ४ | ७० |
| **एकल सङ्क्रमणीय** | ० | ० | ० | ० | २ | ० | ० | २ |
| **मिश्रित सदस्य समानुपातिक** | १ | ३ | ० | २ | २ | १ | ० | ९ |
| **समानान्तर मत** | ४ | ० | ८ | ७ | १ | १ | ० | २१ |
| **एकल असङ्क्रमणीय मत** | ० | ० | १ | ० | ० | २ | १ | ४ |
| **परिमार्जित प्राथमिकता गणना** | ० | ० | ० | ० | ० | १ | ० | १ |
| **सीमित मत** | ० | ० | ० | ० | १ | ० | ० | १ |
| **कुल** | **४८** | **४५** | **२६** | **२३** | **२६** | **१८** | **१३** | **१९९** |

**समग्रमा विभिन्न निर्वाचन प्रणालीका सकारात्मक र नकारात्मक पक्षहरू**

| सि.नं. | निर्वाचन प्रणाली | सकारात्मक पक्ष | नकारात्मक पक्ष |
|---|---|---|---|
| १ | सम्पूर्ण देश एक निर्वाचन क्षेत्र भएको सूची समानुपातिक प्रणाली | दलका आधारमा समानुपातिक, दलहरू लाई सबै क्षेत्रबाट उम्मेदवार उठाउनका लागि प्रोत्साहन, यसले गर्दा बढी समानुपातिक हुने सम्भावना, मतदाताहरूका लागि सजिलो, मतदाताले दललाई मात्र मत खसाले हुने । | दलको सचिवालयलाई धेरै शक्ति प्रदान गर्ने, निर्वाचित सदस्यसँग मतदाताको प्रत्यक्ष सम्बन्ध नरहने, स्वतन्त्र उम्मेदवारको अस्तित्व नहुने, भौगोलिक प्रतिनिधित्व नहुने, साना दलहरूको बाहुल्य र सरकार अस्थिर हुने सम्भावना । |
| २ | बहुसदस्यीय समानुपातिक | दलको सन्दर्भमा समानुपातिक सबै क्षेत्रबाट उम्मेदवार उठाउनका लागि प्रोत्साहन, स्वतन्त्र उम्मेदवार उठाउन सजिलो, सदस्य र निर्वाचन | दलको सचिवालयलाई बढी शक्ति दिन्छ, मतदान गर्न जटिल हुने, उम्मेदवारलाई समान रूपले महत्व दिन |

| | | | |
|---|---|---|---|
| | एवम् प्रत्यक्ष निर्वाचन प्रणाली | क्षेत्रबिच सम्बन्ध हुनसक्ने, बढी समानुपातिकता हुने । | नसकिने, अनपेक्षित गठबन्धनले दलगत अनुशासन कम हुने, धेरै मत खेर जाने, मतपत्र लामो हुने, मतदाताहरू (विशेष गरेर अशिक्षित मतदाता) लाई बुझ्न कठिन, वर्ग सिर्जना हुन जाने, कम मतदान हुने, क्षेत्र निर्धारण गर्न र वर्ग समुदायको पहिचान गर्न कठिन |
| ३ | मिश्रित सदस्य समानुपातिक प्रणाली | स्वतन्त्र उम्मेदवार हुने, बढी मत/बहुमत वा अन्य निर्वाचन प्रणालीहरूको प्रयोगबाट समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचित स्थान वितरण गरिन्छ, बढी मत/बहुमत प्रणालीवाट प्रतिनिधित्व हुन नसकेका वा अमिल्दो अनुपात वापत क्षतिपूर्ति स्वरूप समानुपातिक प्रणाली प्रयोग गरी स्थान दिइन्छ, दुई किसिमका निर्वाचन परिणामलाई जोडिन्छ र समानुपातिक प्रतिनिधित्वमा जोड दिइन्छ, कम मत खेर जाने, सजिलै सहमत हुने । | वर्ग सिर्जना हुने, निर्वाचन सीमा निर्धारण गर्नुपर्ने, साना दलहरूको बाहुल्य, सरकार अस्थिर हुने सम्भावना, रणनीतिक मतदान हुने । |
| ४ | सबैभन्दा बढी मत प्राप्त गर्ने समूह वा व्यक्ति निर्वाचित हुने | परिचित प्रणाली, मतदाताले सजिलै बुझ्न सक्ने, मतदाताले एक व्यक्तिलाई मात्र मत दिनुपर्ने, प्रतिनिधि चिन्न सक्ने, संसद्मा कुनै पनि एक दलको बहुमत हुने बढी सम्भावना भएकोले सरकार स्थिर हुने | बहुसङ्ख्यक मतदाताले भोट नदिएको दलको सरकार बन्ने, यथार्थमा बहुसङ्ख्यकको चाहनाको प्रतिनिधित्व नहुने, स्वतन्त्र सदस्यले अल्पसङ्ख्यकको समर्थन पाउन सक्ने । |
| ५ | समानान्तर प्रणाली | मिश्रित प्रणाली, स्वतन्त्र उम्मेदवार रहने, दुई निर्वाचन प्रणालीहरू छुट्टाछुट्टै तथा फरक, वढी मत/बहुमत प्रणाली र | वर्ग सिर्जना हुने, निर्वाचन परिणाम निकाल्न जटिल, निर्वाचन सीमा निर्धारण गर्नुपर्ने, साना दलहरूको |

| | | | |
|---|---|---|---|
| | | समानुपातिक प्रतिनिधित्व दुवैको विशेषतामा जोड, स्थान वितरणका लागि एक अर्काप्रति निर्भर हुँदैनन्, कम मत खेर जाने, सजिलै सहमत हुने । | बाहुल्य र सरकार अस्थिर हुने सम्भावना, रणनीतिक मतदान हुने । |
| ६ | कोटा प्रणाली | समानुपातिक, स्वतन्त्र उम्मेदवार, साना दलहरूको कम बाहुल्य, सरल, जनताप्रति उत्तरदायी, मतदाताले सजिलै बुझ्ने, लैङ्गिक र जातीयता आदिका आधारमा बढी समानुपातिक हुने, मतदाताले आफ्ना प्रतिनिधिहरू चिन्ने, संसद्मा थोरै मात्र दलको उपस्थिति हुनसक्ने र स्थिर सरकारका लागि स्पष्ट बहुमत हुने बढी सम्भावना । | मत खेर जाने, कोटा निर्धारण गर्न कठिन, जातीय र वर्गीय समस्या निम्त्याउन सक्ने, मतदाता दोहोरिने भएकोले यो प्रणाली जटिल हुनसक्ने, अन्तरजातीय विभाजन बढाउने हुँदा द्वन्द्व हुन सक्ने, जातीय सद्भाव बिथोलिन सक्ने सम्भावना । |

# परिच्छेद - तीन

## नेपालले अवलम्बन गरेका निर्वाचन प्रणाली तथा प्रक्रिया

नेपालमा निर्वाचन प्रणालीको सम्बन्धमा फरक फरक पदहरूको निम्ति फरक फरक प्रकृतिको व्यवस्था संविधानले गरेको छ । नेपालको संविधान जारी हुनुभन्दा अगाडिका निर्वाचन प्रणाली र तत् पश्चात्को निर्वाचन प्रणालीहरूमा स्वभावैले केही फरकहरू देखा परेका छन् । मूलतः पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणाली गरी मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिएको भए पनि सङ्घीय प्रणाली बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचनहरू लगायत राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्थाअन्तर्गत मतदाताहरू र तिनको मतभारको व्यवस्था सम्बन्धमा नेपालको संविधान मार्फत केही फरक प्रकृतिका विशेष व्यवस्थाहरू गरिएका छन् ।

### ३.१ राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन

निर्वाचन प्रणाली सम्बन्धमा राष्ट्रपति तथा उपराष्ट्रपतिको लागि निर्वाचन आयोगले सङ्घीय संसद् तथा प्रदेश सभाका सदस्यले दिएको मतको आधारमा नेपालको संविधानको धारा ६२ र ६९ को अधीनमा रही बहुमत प्रणाली बमोजिम गरिने व्यवस्था छ । निर्वाचक मण्डलको सम्बन्धमा निर्वाचन प्रयोजनका लागि सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्यको मतभार सङ्घीय कानुन बमोजिम फरक फरक हुने र तत्काल कायम रहेको कुल मतको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुने व्यवस्था छ । पहिलो चरणमा कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बिच मतदान हुने र त्यस्तो मतदानमा कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुने व्यवस्था छ । दोस्रो चरणमा पनि कुनै उम्मेदवारले कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा तेस्रो चरणको मतदानमा कुल सदर मतको बढी मत प्राप्त गर्ने व्यक्ति निर्वाचित हुने व्यवस्था छ ।[६१] राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने[६२]व्यवस्था समेत संविधानमा गरिएको छ ।

मतभारको सम्बन्धमा सङ्घीय कानुन बमोजिम हुने व्यवस्था गरिएको छ । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को अनुसूची बमोजिम सङ्घीय संसद्का सदस्यको मतभार पछिल्लो राष्ट्रिय जनगणनाका आधारमा भएको नेपालको कुल जनसङ्ख्यालाई सङ्घीय संसद्का सदस्यहरूको कुल सङ्ख्याले भाग गरी आएको भागफललाई पुनः १००० ले भाग गर्दा हुन आउने भागफललाई सङ्घीय संसद्का सदस्यको मतभार कायम गरिएको छ भने प्रदेश सभाका सदस्यको मतभार पनि सोही बमोजिम कुल जनसङ्ख्यालाई प्रदेश सभाका कुल सदस्यले भाग गरी आएको भालफललाई पुनः १००० ले भाग गर्दा आउने भागफललाई मतभार कायम गरिएको छ । पछिल्लो निर्वाचनमा यस प्रक्रिया बमोजिम निर्वाचन गर्दा सङ्घीय संसद्का सदस्यको मतभार ७९ र प्रदेश सभाका सदस्यको मतभार ४८ हुन आएको थियो । यसरी हेर्दा राष्ट्रपति तथा उपराष्ट्रपति

६१ हे. नेपालको संविधानको धारा ६२

६२ ऐ. धारा ७०

जस्तो गरिमामय पदहरूको निम्ति सङ्घ र प्रदेश सभा दुवैले निर्वाचित गर्न पाउने पद्धति अत्यन्तै महत्वपूर्ण_र उपयुक्त भए पनि यो प्रक्रिया केही जटिल हुने र हरेक निर्वाचनमा मतभार फरक भई अन्योल र अनिश्चितता थपिने सम्भावना हुन्छ ।

## ३.२ प्रतिनिधि सभा सदस्य निर्वाचन

### क. कानुनी व्यवस्था

सङ्घीय संसद्को प्रतिनिधि सभाको निर्वाचनको लागि संविधानले दुई प्रकारको निर्वाचन प्रणाली अवलम्बन गर्ने व्यवस्था गरेको छ । प्रतिनिधि सभाको निर्वाचनको लागि नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा एकसय पैंसट्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एकसय पैंसट्ठी सदस्य र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एकसय दश सदस्य गरी जम्मा २७५ सदस्य[६३] रहने व्यवस्था छ ।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था समेत गरिएको छ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने,[६४] यसरी दलले उम्मेदवारी दिँदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी व्यवस्था गर्नुपर्ने[६५] भन्ने व्यवस्था छ ।

सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने छ । त्यसरी निर्वाचित गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित सदस्यहरू मध्ये कुनै राजनीतिक दलको एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित गर्दा आफ्नो दलबाट सङ्घीय संसद्मा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने[६६] व्यवस्था गरिएको छ । प्रतिनिधि सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रतिनिधि सभाका सदस्यहरूले आफूमध्येबाट प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन गर्ने र सभामुख तथा उपसभामुख फरक फरक दल र लिङ्गबाट प्रतिनिधित्व गरेको हुनुपर्ने व्यवस्था समेत संविधानमा गरिएको छ ।[६७]

### ख. कार्यान्वयनको स्थिति

यस किसिमको व्यवस्थाले संविधानको समावेशीकरण प्रतिको प्रतिवद्धतालाई पूरा गर्नको निम्ति सघाउ पुऱ्याउँदछ तर सँगसँगै जटिलता पनि थप्ने गरेको छ । विभिन्न जात, जाति, वर्ग र क्षेत्रको प्रतिनिधित्वको सुनिश्चितताको लागि यस किसिमको व्यवस्थाअन्तर्गत कम सङ्ख्यामा राजनीतिक दल हुने र उक्त दलहरूले पर्याप्त सिट सङ्ख्यामा विजय हासिल गरेमा खासै समस्या पर्दैन तर

---

६३ ऐ. धारा ८४ (क) र (ख) तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३, ४ र ५

६४ ऐ. धारा ८४ (२)

६५ ऐ. धारा ८४ (३)

६६ ऐ. धारा ८४ (८)

६७ ऐ. धारा ९१

कम सिट सङ्ख्या भएका धेरै राजनीतिक दल भएमा यसले समावेशीकरणप्रतिको लक्ष्य पूरा गर्नमा बाधा पुऱ्याउँदछ । उदाहरणको लागि नेपालको पहिलो संविधान सभामा ११ वटा राजनीतिक दलहरूले १, १ वटा मात्र सिटमा विजय हासिल गरे भने सबै दलहरूले दलको प्रमुखलाई नै समानुपातिक तर्फ विजयी बनाएर पठाए जसमा सबै जसो पुरुष र माथिल्लो वर्ग तथा समुदायका व्यक्तिहरू थिए ।

यस किसिमको व्यवस्थाले निम्त्याउने अर्को समस्या भनेको पर्याप्त क्षमता र दक्षताबिना प्रतिनिधित्व गराउनु पर्ने बाध्यता हो जसका कारण उसले गर्ने भूमिकामा प्रश्न चिन्ह उठ्ने गरेको छ भने प्रभावकारी रूपमा उक्त समुदायबाट प्रतिनिधित्व गराउने वा केवल सङ्ख्याको लागि मात्र ? भन्ने प्रश्नहरू उठ्ने गरेका छन् । सूची तयार गरी सकेपछि पनि निर्वाचन परिणाम प्राप्त भए पश्चात् राजनीतिक दलले आफूखुसी फेरबदल गर्न सक्ने भएका कारण राजनीतिक दलको नेतृत्वले अनुचित प्रभावका आधारमा व्यक्तिहरू छनोट गरी पठाउने सम्भावना पनि यस पद्धतिमा हुन्छ, जसले गर्दा उक्त दलको लागि जनताले मतदान गरेको जनमतको कदर हुन सक्दैन ।

## ३.३ राष्ट्रिय सभा सदस्य निर्वाचन

### क. कानुनी व्यवस्था

राष्ट्रिय सभा सदस्यको लागि मिश्रित प्रकारको निर्वाचक मण्डलबाट विभिन्न प्रदेशबाट उम्मेदवार निर्वाचित हुने व्यवस्था संविधानले गरेको छ। राष्ट्रिय सभामा प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानुन बमोजिम मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना गरी जम्मा ५९ जना सदस्य रहने व्यवस्था गरिएको छ।[६८] राष्ट्रिय सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र राष्ट्रिय सभाका सदस्यहरूले आफू मध्येबाट राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्ने  व्यवस्था संविधानमा गरिएको छ ।[६९]

### ख. प्रतिनिधित्वको आधार र अनुपात

सङ्घीय प्रणालीलाई एकल शासन र सहशासनको एकीकृत रूपका आधारमा व्याख्या गर्ने प्रचलन संसारभर रहेको छ । सामान्यतया सङ्घीय प्रणालीमा राष्ट्रिय सभा (माथिल्लो सदन वा second chamber पनि भन्ने प्रचलन विभिन्न मुलुकमा छ) मा प्रदेशहरूको प्रतिनिधित्व हुने र यसले प्रदेशका विषयहरूमा छलफल गर्ने प्रचलन छ। यसर्थ एकात्मक शासन प्रणाली र सङ्घीय प्रणालीमा हुने माथिल्लो सदनको प्रकृति र कार्यादेश केही फरक हुने हुन्छ । यो सहशासनको एउटा रूप समेत हो । संसारका विभिन्न सङ्घीय मुलुकहरूका माथिल्लो सदनमा २ प्रकारले प्रदेशको प्रतिनिधित्व हुन्छ ।

अ. हरेक प्रदेशबाट बराबर सङ्ख्यामा प्रतिनिधित्व हुने, (symmetrical federalism)

---

६८ ऐ. धारा ८६

६९ बिस्तृत जानकारीको लागि हेर्नुहोस ऐ. धारा ९२

आ. प्रदेशहरूबाट जनसङ्ख्याका आधारमा फरक फरक प्रतिनिधित्व हुने (assymetrical federalism)

हरेक प्रदेशबाट बराबर प्रतिनिधित्व गराउने प्रणाली अमेरिकामा प्रचलित छ, जहाँ ५० वटा राज्यहरूले बराबर सङ्ख्यामा माथिल्लो सदनमा प्रतिनिधित्व गर्दछन् । जनसङ्ख्याका आधारमा प्रतिनिधित्व गराउने प्रचलन भारतमा छ जहाँ फरक फरक सङ्ख्यामा हरेक राज्यहरूले माथिल्लो सदनमा प्रतिनिधित्व गर्दछन् । नेपालको संविधान निर्माणको क्रममा प्रदेशबाट बराबर सङ्ख्यामा प्रतिनिधित्व गराउने वा जनसङ्ख्याका आधारमा फरक फरक प्रतिनिधित्व गराउने वा अधिकतम र न्यूनतम सीमा तोकेर फरक फरक प्रतिनिधित्व गराउने (उदाहरणको लागि अत्यधिक जनसङ्ख्या भएको प्रदेशले पनि ९ जनाभन्दा बढी प्रतिनिधित्व गराउन नपाउने र सानो जनसङ्ख्या भएको प्रदेशले पनि ६ जना भन्दा कम प्रतिनिधित्व नगराउने) भन्ने विषयमा लामो बहस र छलफल समेत भएको थियो । अन्ततः संविधान सभा बराबर सङ्ख्यामा प्रतिनिधित्व गराउने निष्कर्षमा पुग्यो र सो कुरा नेपालको संविधानमा उल्लेख गरियो ।

यस सम्बन्धमा केही मधेश केन्द्रित राजनीतिक दलहरूको हालसम्म पनि असन्तुष्टि रहेको देखिन्छ भने एउटा महत्वपूर्ण मागको रूपमा यस विषयलाई ती दलहरूले उठान गरेका छन् । प्रतिनिधित्वको हिसाबले प्रत्येक प्रदेशबाट ३ जना महिला, एकजना दलित र एकजना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट प्रतिनिधित्व हुने व्यवस्थामा अल्पसङ्ख्यक वा अपाङ्गता भएका व्यक्ति मध्ये कसलाई र कुन आधारमा उम्मेदवार चयन गर्ने ? उक्त समुदायबाट पुरुष मात्र हुने कि महिला पनि हुन सक्ने ? अन्य समुदायको प्रतिनिधित्वको सम्बन्धमा के गर्ने जस्ता चुनौतीहरू छन् । यसअन्तर्गत आदिवासी जनजाति समुदायबाट समेत असन्तुष्टि व्यक्त भएको छ ।

यस किसिमको समस्याको निराकरणका लागि समानुपातिक रूपमा प्रतिनिधित्वको व्यवस्था गर्दै दलित वा अपाङ्गता भएका व्यक्तिहरू मध्येबाट पनि हरेक प्रदेशमा महिलालाई प्राथमिकता दिने गरी व्यवस्था मिलाउनु उपयुक्त हुन्छ ।

## ३.४ प्रदेश सभा सदस्य निर्वाचन

प्रदेश सभा सम्बन्धी व्यवस्था नेपालको इतिहासमा पहिलो पटक भई हाल सातवटै प्रदेशहरूमा कायम छन् । सङ्घीय प्रणाली बमोजिम स्थापना भएका प्रदेशहरूमा सरकार गठन र सञ्चालनको लागि जनसङ्ख्या र भूगोलका आधारमा सिट सङ्ख्याहरू तय गरिएको छ । प्रदेश सभाको निर्वाचनको लागि पनि सङ्घीय संसद्को प्रतिनिधि सभाको लागि अवलम्बन गरिने प्रणाली नै संविधान तथा अन्य कानुनहरूले व्यवस्था गरेका छन् । अतः प्रदेश सभाको निर्वाचन प्रणाली पनि निम्न बमोजिमको हुने व्यवस्था संविधानले गरेको छ :

क. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली,

ख. समानुपातिक निर्वाचन प्रणाली ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत एक निर्वाचन क्षेत्र एक पदको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार प्रदेश सभाको सदस्यमा निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रत्येक प्रदेशले सम्पूर्ण प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र

प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रदेश सभाको सदस्यमा निर्वाचित हुने व्यवस्था गरिएको छ ।

संविधान बमोजिम प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुने जसलाई प्रदेश सभा भनिने[७०] सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्यामा हुन आउने सदस्य, यसरी कायम हुने सदस्य सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य[७१] गरी मिश्रित निर्वाचन प्रणालीका आधारमा प्रदेश सभा गठन हुने व्यवस्था छ । राजनीतिक दलले उम्मेदवारी दिँदा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरूको समेत प्रतिनिधित्व हुने गरी दिनुपर्ने र कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ महिला अनिवार्य हुनुपर्ने व्यवस्था समेत गरिएको छ । प्रदेश सभाका सभामुख र उपसभामुख प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन प्रक्रिया बमोजिम निर्वाचित हुने[७२] व्यवस्था समेत संविधानले गरेको छ ।

नेपालको संविधान र प्रदेश सभा निर्वाचन ऐन, २०७३ को आधारमा सङ्घीय संसद्को प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सँगसँगै गर्ने कार्यतालिका बमोजिम नेपालको इतिहासमा पहिलो पटक सङ्घीय प्रणाली बमोजिम वि. सं. २०७४ सालमा दुई चरणमा निर्वाचन सम्पन्न भएको थियो । पहिलो चरणमा निर्वाचन भएका जिल्लामा वि. सं. २०७४ साल मङ्सिर १० गते र दोस्रो चरणमा निर्वाचन भएका जिल्लामा मङ्सिर २१ गते निर्वाचन सम्पन्न भएका थियो । मतदानको दिन मतदान केन्द्रमा उत्पन्न विवादका कारण पहिलो चरणमा रुकुम जिल्लामा दुईवटा मतदान केन्द्रमा र दोस्रो चरणमा अर्घाखाँची जिल्लाका दुईवटा मतदान केन्द्रमा मतदान सुचारु हुन नसकेकोले ती केन्द्रमा अर्को दिन पुनः मतदान गराइएको थियो ।

उक्त निर्वाचनबाट निर्वाचित भएका प्रदेश सभाका सदस्यहरू निम्न बमोजिम छन् :[७३]

| सि. नं. | प्रदेश नं./नाम | पहिलो हुने निर्वाचित हुने तर्फ | समानुपातिक तर्फ | जम्मा |
|---|---|---|---|---|
| १. | प्रदेश नं. १ | ५६ | ३७ | ९३ |
| २. | प्रदेश नं. २ | ६४ | ४३ | १०७ |
| ३. | प्रदेश नं. ३ | ६६ | ४४ | ११० |
| ४. | गण्डकी प्रदेश | ३६ | २४ | ६० |
| ५. | प्रदेश नं. ५ | ५२ | ३५ | ८७ |
| ६. | कर्णाली प्रदेश | २४ | १६ | ४० |
| ७. | सुदूर पश्चिम प्रदेश | ३२ | २१ | ५३ |
| | **कुल जम्मा** | **३३०** | **२२२** | **५५०** |

७० ऐ. धारा १७५

७१ ऐ. धारा १७६

७२ ऐ. धारा १८२

७३ हे. निर्वाचन आयोग, प्रदेश सभा सदस्य निर्वाचन, २०७४, निर्वाचन परिणाम, http://www.election.gov.np/ecn/uploads/userfiles/ElectionResultBook/PA2074.pdf

नेपालमा वि. सं. २०७४ सालमा सम्पन्न प्रदेश सभाको निर्वाचन परिणाम अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम कुल ३३० सिट सङ्ख्या मध्ये जम्मा १७ जना महिला र बाँकी ३१३ जना पुरुषहरू निर्वाचित भएका छन् । जस मध्ये प्रदेश नं. १ बाट २ जना, प्रदेश नं. २ बाट ५ जना, प्रदेश नं. ३ बाट ५ जना, गण्डकी प्रदेश बाट २ जना, प्रदेश नं. ५ बाट २ जना र सुदुर पश्चिम प्रदेशबाट १ जना मात्र निर्वाचित भएका छन् भने कर्णाली प्रदेशबाट एक जना पनि निर्वाचित भएका छैनन् । अन्य जात, जाति र समुदाय (खास गरी दलित र अल्पसङ्ख्यक) को प्रतिनिधित्व पनि पहिलो हुने निर्वाचित हुने प्रणाली बमोजिम अत्यन्तै कमजोर देखिएको छ जुन कुरा सङ्घीय संसद्को प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा पनि लागू हुन्छ ।

यसरी हेर्दा समानुपातिक निर्वाचन प्रणालीबाट नै बाँकी कोटा पूरा गर्नुपर्ने बाध्यता छ भने विभिन्न समुदाय र महिलाको प्रतिनिधित्वको लागि पनि दलको लागि बन्द सूची र मतदाताको लागि खुला सूची नभएका कारण मतदाताले आफूले रोजेको व्यक्तिलाई जिताउनेभन्दा दलको इच्छा बमोजिम व्यक्तिहरू निर्वाचित हुने सम्भावना प्रबल छ भने महिला तथा अन्य पछाडि परेका जात जाति समुदायलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा उम्मेदवार नै नबनाउने संस्कार समेत देखिएको छ ।

यस किसिमको समस्याको निराकरणका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत समानुपातिक रूपमा उम्मेदवार चयन गर्ने व्यवस्था गर्ने, उक्त लिङ्ग वा समुदायको उम्मेदवारहरूलाई जित्ने सम्भावना बढी भएका (winnable seats) निर्वाचन क्षेत्रहरूमा प्राथमिकता दिने वा निर्वाचन क्षेत्र नै सुरक्षित गर्ने, समानुपातिक सूची राजनीतिक दलको लागि बन्द तर मतदाताको लागि खुला गर्ने, राजनीतिक दलभित्रै सम्पूर्ण तहमा पूर्ण समानुपातिक प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । सरकार, निर्वाचन आयोग तथा राजनीतिक दल, नागरिक समाज र विकास साझेदारहरूले क्षमता विकास र नेतृत्व विकास जस्ता कार्यक्रमहरू व्यवस्थित रूपमा सञ्चालन गर्न सकेमा मात्र उच्चस्तरको, दक्ष, जिम्मेवार र पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न सकिन्छ ।

## ३.५ स्थानीय तह निर्वाचन

स्थानीय तहको निर्वाचन प्रणाली सम्बन्धमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख, उपप्रमुख वा वडा अध्यक्षको निर्वाचनमा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ । गाउँपालिका वा नगरपालिकाको वडा समितिमा रहने दलित महिला तथा महिला सदस्यको निर्वाचनमा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली, दुई जना वडा सदस्यको निर्वाचनमा सबैभन्दा बढी मत ल्याउने दुई जना निर्वाचित हुने र गाउँ कार्यपालिकाको महिला सदस्यको निर्वाचनमा चार जना र नगर कार्यपालिकाको महिला पाँच जनालाई दिइने एक मतको आधारमा सबैभन्दा बढी मत ल्याउने पाँच जना तथा गाउँ कार्यपालिकाका दलित वा अल्यसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचनमा दुई जनालाई दिइने एक एक मतको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना र नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचनमा तीन जनालाई दिइने

एक एक मतको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीन जना निर्वाचित हुने गरी निर्वाचन प्रणाली अपनाइएको छ ।

त्यसै गरी जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख वा एक जना दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्यको निर्वाचनमा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने, महिला सदस्यको हकमा तीन जनालाई दिइने एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने तीन जना, र अन्य सदस्यको हकमा जति जना सदस्य निर्वाचित गर्नु पर्ने हो, त्यति जनालाई दिइने एक मतको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने प्रणाली अवलम्बन गरिएको छ ।

प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहने, गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र संविधानको धारा २१५ को उपधारा (४) बमोजिम दलित वा अल्यसङ्ख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाको सदस्य रहने, गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने[७४] व्यवस्था गरिएको छ । प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुने व्यवस्था छ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने व्यवस्था समेत गरिएको छ ।

त्यसै गरी प्रत्येक नगरपालिकामा एक नगर सभा रहने, नगर सभामा नगर कार्यपालिका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र संविधानको धारा २१६ को उपधारा (४) बमोजिम दलित वा अल्यसङ्ख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाको सदस्य रहने, नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने र प्रत्येक वडामा वडा अध्यक्ष र चार जना सदस्यहरू रहेको वडा समिति गठन हुने व्यवस्था छ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने[७५]व्यवस्था समेत संविधानले गरेको छ । त्यसै गरी स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा हुने[७६] र व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा रहने,[७७] जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरू बिच समन्वय गर्न एक जिल्ला सभा रहने र जिल्ला सभाले जिल्ला समन्वय समितिको निर्वाचन गर्ने समेतको व्यवस्था संविधानले गरेकोछ ।

कार्यान्वियन सम्बन्धमा स्थानीय तहको निर्वाचन प्रणाली अलिक जटिल किसिमको छ जसका कारण कतिपय स्थानहरूमा दलित वा अल्पसङ्ख्यक समुदायबाट प्रतिनिधित्व गराउन राजनीतिक दलहरूलाई समस्या परेको, एउटै व्यक्ति दुई वा बढी दलको उम्मेदवारको रूपमा रहेको, निर्वाचन प्रणाली जटिल भएका कारणले ठुलो सङ्ख्यामा मतपत्रहरू रद्द गर्नु परेको, मतपत्रको साइज सानो बनाउँदा नबुझिने हुने भएकोले निकै ठुलो हुन पुगेको जस्ता चुनौतीहरू देखा परेका थिए । प्रत्येक गाउँपालिका र नगरपालिकाका अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुख मध्ये एक जना महिला हुनुपर्ने व्यवस्था भएकोमा करिब ९३ प्रतिशत महिला उपाध्यक्ष र उपप्रमुखमा निर्वाचित भएका

७४ नेपालको संविधानको धारा २२२
७५ ऐ. धारा २२३
७६ ऐ. धारा २१४
७७ ऐ. धारा २२१

छन् । प्रमुख वा अध्यक्षमा केवल १८ जना मात्र निर्वाचित हुन सकेका छन् । यस किसिमको नतिजाले बाध्यात्मक व्यवस्थाका कारण मात्र समावेशीकरण सम्भव भएको, त्यसमा पनि दोस्रो पदमा मात्र महिला उम्मेदवारहरू दिइएको जस्ता कमजोरीहरू नेपालमा भएको पछिल्लो निर्वाचनबाट देखा परेको छ । यस किसिमका समस्याहरू निराकरण गर्नको लागि हरेक दलले कम्तीमा ५० प्रतिशत महिला प्रमुख पदको लागि उम्मेदवारी दिने, दलित वा अल्पसङ्ख्यक समुदायबाट उम्मेवारी दिने, सम्भावित व्यक्तिहरूको क्षमता विकासमा समयमा नै ध्यान दिने, दलभित्रै पूर्ण समानुपातिक नेतृत्वको विकासको लागि राजनीतिक दल सम्बन्धी व्यवस्थामा स्पष्ट व्यवस्था गर्ने गर्दा प्रभावकारी नेतृत्वको विकास सम्भव हुन सक्छ ।

## ३.६ नेपालले अवलम्बन गरेको निर्वाचन प्रक्रियाका चरणहरू

निर्वाचित जनप्रतिनिधिहरूको पाँच वर्षको पदावधि समाप्त हुनु अगावै आगामी निर्वाचनका लागि निर्वाचन आयोग र नेपाल सरकारबिच छलफल हुने गर्दछ । निर्वाचन हुनुभन्दा पहिले नै जनप्रतिनिधिहरू कुन निर्वाचन प्रणाली अन्तर्गत कहिले निर्वाचित हुन्छन् भन्ने लगायतका अन्य विषय सामान्यतः कानुनमा स्पष्ट तोकिएको हुन्छ ।

कुनै पनि निर्वाचनका लागि मतदाता नामावली पहिलो र प्रमुख आवश्यकता हो । नेपालमा मतदाता हुनको लागि १८ वर्ष उमेर पूरा भएको हुनुपर्ने व्यवस्था संविधानले नै गरेकोछ । तर मतदाता नामावलीमा नाम दर्ता गराउन १६ वर्ष पुगेका नेपाली नागरिकले आफ्नो नागरिकता सहित जिल्ला निर्वाचन कार्यालय अथवा जिल्ला प्रशासन कार्यालयमा गएर नाम दर्ता गराउन सक्ने व्यवस्था गरिएको छ । अन्तिम मतदाता नामावलीमा नाम भएका नेपाली नागरिकले मात्र मतदानमा भाग लिन पाउँछन् ।

नेपालमा स्थानीय, प्रदेश र सङ्घीय तहको निर्वाचनको मिति निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले घोषणा गर्ने कानुनी व्यवस्था रहेको छ । तर, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन मिति नेपाल सरकारको परामर्शमा निर्वाचन आयोगले घोषणा गर्दछ । तत् पश्चात् निर्वाचन आयोगले निर्वाचनको समय तालिका प्रकाशन गर्दछ । निर्वाचनको मिति घोषणा भएपछि निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दछ । कतिपय अवस्थामा सरोकारवालाहरूले समेत निर्वाचन आयोगसँग सहकार्य गरी मतदाता शिक्षा तथा मतदाता सूचना कार्यक्रम सञ्चालन गर्दछन् । निर्वाचनको मिति घोषणा भएपछि उम्मेदवार मनोनयन, प्रचार प्रसार, मतदान, मत गणना गरिने मिति, समय र स्थान तोकी निर्वाचन कार्यक्रमको तालिका प्रकाशन गरिन्छ ।

उम्मेदवार मनोनयनदेखि मत गणना र निर्वाचनको परिणाम घोषणासम्मका क्रियाकलापहरू समेटी प्रकाशन गरिने कार्यक्रमको तालिका नै निर्वाचन कार्य तालिका हो । निर्वाचन कार्य तालिका प्रकाशनसँगै निर्वाचनको वातावरण तयार हुँदै जान्छ । निर्वाचनमा राजनीतिक दलको तर्फबाट वा स्वतन्त्र रूपमा उम्मेदवार हुन चाहने व्यक्तिले निर्वाचन आयोगले तोकेको मिति, समय र स्थानमा आफू उम्मेदवार हुन योग्य रहेको प्रमाण सहित उम्मेदवारी मनोनयन गर्नु पर्दछ । उम्मेदवारी मनोनयन गर्दा कानुनले तोके बमोजिम कम्तीमा एक जना प्रस्तावक र एक जना समर्थक हुनु आवश्यक छ ।

स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन २१ वर्ष, प्रदेश सभा र प्रतिनिधि सभा सदस्यका लागि २५ वर्ष र राष्ट्रिय सभा सदस्यका लागि ३५ वर्ष उमेर पूरा गरेका र अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको हुनु पर्दछ । निर्वाचन आयोगले मनोनयन सम्बन्धी कागजातहरू जाँच गरी उम्मेदवारहरूको सूची प्रकाशित गर्दछ । यसरी प्रकाशित भएको नामावलीमा कुनै उम्मेदवारको योग्यता वा अयोग्यताको विषयमा निर्वाचन अधिकृत समक्ष दाबी विरोध गर्न सकिन्छ । निर्धारित समयभित्र यदि कुनै उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा फिर्ता लिन सक्दछ । त्यसपछि निर्वाचन आयोगले उम्मेदवारको अन्तिम नामावली सूची प्रकाशन गर्दछ । यदि कुनै एक पदका लागि एक व्यक्तिको मात्र उम्मेदवारी परेमा सो उम्मेदवार निर्विरोध निर्वाचित हुने व्यवस्था छ तर एकभन्दा बढी उम्मेदवार भएमा निर्वाचन प्रक्रिया अगाडि बढ्छ ।

उम्मेदवारको अन्तिम नामावली अनुसार हरेक उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिन्छ । निर्वाचन चिन्ह वितरण गर्दा राजनीतिक दलको उम्मेदवारलाई दलको निर्वाचन चिन्ह नै प्रदान गरिन्छ भने स्वतन्त्र उम्मेदवारहरूलाई स्वतन्त्र उम्मेदवारहरूका लागि निर्धारण गरिएको निर्वाचन समूहबाट छुट्टै निर्वाचन चिन्ह प्रदान गरिन्छ । चुनाव चिन्ह प्राप्त गरिसकेपछि उम्मेदवारहरूले आफ्नो निर्वाचन क्षेत्रमा प्रचार प्रसार सुरु गर्दछन् । यससँगै चुनावी वातावरण तयार हुँदै जान्छ । प्रचार प्रसार अवधिमा निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहिता सबैले पालना गर्नु पर्दछ । यस अवधिमा निर्वाचन आयोगले निर्वाचनमा प्रयोग हुने सामग्रीहरूको व्यवस्थापन गर्दछ । निर्वाचनका लागि मतपत्र, मत पेटिका, स्वस्तिक छाप, नउडने मसी लगायतका करिब ६० भन्दा बढी प्रकारका सामग्रीहरू प्रयोग गर्ने गरिएको छ । यदि विद्युतीय मतदान यन्त्रको प्रयोग गरिने भएमा त्यस्तो यन्त्रको व्यवस्था समेत निर्वाचन आयोगले गर्दछ भने सो सम्बन्धमा छुट्टै मतदाता शिक्षा कार्यक्रम समेत सञ्चालन गर्दछ ।

निर्वाचन आयोगले निर्वाचन सामग्रीहरू नेपाल सरकार, सुरक्षा निकायहरू तथा अन्य सरोकारवालाहरूको समन्वयमा मतदानको दिन अगावै सबै मतदान स्थलमा पुऱ्याउँदछ । नेपालमा मतदान हुने दिनभन्दा ४८ घण्टा अगाडिदेखि मौन अवधि सुरु हुन्छ । यस अवधिमा चुनावी प्रचार प्रसार गर्न पाइँदैन । सोही समयमा निर्वाचन कर्मचारीहरूले मतदान केन्द्र व्यवस्थापन गर्दछन् । मतदाताले आफ्नो मतदाता परिचय पत्र लिएर तोकिएको मतदान केन्द्रमा जानुपर्दछ । महिला, पुरुष, ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्तिहरूले निर्धारित लाइनमा लामबद्ध भई मतदान गर्नु पर्दछ । मतदान केन्द्रमा खटिएका कर्मचारीहरूलाई आफ्नो परिचयपत्र देखाई, नाम रुजु गराई, औँलामा नउडने मसी लगाएपछि मतदानका लागि तोकिएको मतपत्र लिई गोप्य रूपमा स्वस्तिक छाप लगाई मतदान गर्नु पर्दछ । मतदान गरिएको चिन्हभन्दा अन्यत्र मसी लतपत नहुने गरी मतपत्र पटचाई मतपेटिकामा खसाली मतदान केन्द्रबाट बाहिर जानु पर्दछ । विद्युतीय मतदान यन्त्र प्रयोग हुने भएमा त्यसका लागि तोकिएको मतदान प्रक्रिया अनुसार तोकिएको भोटिङ मेसिनमा मतदान गर्नु पर्दछ ।

मतदान कार्य सम्पन्न भएपछि राजनीतिक दल तथा उम्मेदवारका प्रतिनिधिको रोहवरमा मतदान कार्यमा संलग्न कर्मचारीहरूले मुचुल्काहरू तयार गरी मतपेटिका सिलबन्दी गर्दछन् । सिलबन्दी गरिएका मतपेटिका तथा निर्वाचन सम्बन्धी अन्य कागजातहरू सुरक्षा व्यवस्था सहित मत गणना केन्द्रमा पुऱ्याइन्छ । यदि मत गणनाको कार्य मतदान केन्द्रमा नै गरिने कानुनी व्यवस्था भएमा मतदान सकिएपछि तत्कालै मत गणनाको कार्य प्रारम्भ गरिन्छ । यदि निर्वाचन अधिकृतले तोकेको

स्थलमा मत गणना गर्ने भएमा राजनीतिक दल र उम्मेदवारका प्रतिनिधिको रोहवरमा सुरक्षा व्यवस्था सहित मत गणनाको कार्य सुरु गरिन्छ। मत गणना कार्य सुरु भएपछि मत गणना कार्य नसकिएसम्म निरन्तर गणना गरिन्छ।

यस सन्दर्भमा अन्तर्राष्ट्रिय मान्यता अनुसार मतदाताले दिएको प्रत्येक मतको गणना हुने सुनिश्चितता हुनुपर्दछ। मत गणना पश्चात् निर्वाचन अधिकृतले विजयी उम्मेदवारलाई प्रमाण पत्र उपलब्ध गराउँदछन्। निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी सबै कागजातहरू सिलबन्दी गरी सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालय मार्फत निर्वाचन आयोगलाई बुझाउँदछन्। यसरी बुझाइएको निर्वाचन सम्बन्धी कागजात निर्वाचन सम्बन्धी विवाद भएमा हेर्न मिल्ने गरी निश्चित समयसम्म सुरक्षित राख्नु पर्दछ। यस सन्दर्भमा कुनै विवाद सिर्जना भएमा सामान्यतः निर्वाचन अगाडि र निर्वाचन अवधिभर निर्वाचन आयोगले र निर्वाचन/मत परिणाम घोषणा पश्चात् अदालतले मुद्दा हेर्ने व्यवस्था गरिएको छ।

यसरी नेपाली जनताले आफ्नो प्रतिनिधि मार्फत ७६१ सरकारको गठन गरी शासन सञ्चालनमा सहभागिता जनाउँदछन्। निर्वाचित प्रतिनिधिहरूले जनादेश अनुरूप शासन सञ्चालन गर्दछन्। निर्वाचनको परिणाम प्रतिस्पर्धी राजनीतिक दल, उम्मेदवार लगायत मुख्य सरोकारवालाहरूले स्वीकार गरेको अवस्थामा मात्र निर्वाचन सफल भएको मानिन्छ।

# परिच्छेद - चार
# निर्वाचन सम्बन्धी कानुन

## ४.१ नेपालको संविधान

निर्वाचन स्वतन्त्र, स्वच्छ र प्रभावकारी रूपमा सञ्चालन गर्दै निर्वाचन अपराध र सजाय सम्बन्धमा प्रभावकारी व्यवस्था गर्नको लागि नेपालको संविधानमा भएका व्यवस्थाहरू अत्यन्तै महत्वपूर्ण छन् । संविधानले निर्वाचन र निर्वाचन न्याय सम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी सन्धि सम्झौतामा भएका व्यवस्थाहरूलाई समेट्ने प्रयास गरेको छ । संविधानको प्रस्तावनामा ...बालिग मताधिकार, आवधिक निर्वाचन, निष्पक्ष र स्वतन्त्र न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न,... भन्ने व्यवस्था गरिएको छ । त्यसका अतिरिक्त संविधानमा विभिन्न शीर्षकअन्तर्गत भएका निर्वाचन सम्बन्धी व्यवस्थाहरू निम्न बमोजिम छन् :

### ४.१.१ मौलिक हकअन्तर्गत निर्वाचन सम्बन्धी अधिकार

राजनीतिक स्वतन्त्रता, निर्वाचन मार्फत राजनीतिक प्रक्रियामा भाग लिने, सार्वजनिक सेवामा सहभागिता जनाउने र सार्वजनिक निर्णय प्रक्रियामा सहभागी हुने, अभिव्यक्ति स्वतन्त्रता तथा राजनीतिक दल, सङ्घ संस्था खोल्ने लगायतका अधिकारहरू राजनीतिक अधिकार हुन् । नेपाल मानव अधिकार सम्बन्धी करिब ४१ वटा अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्र हो । उक्त सन्धि सम्झौतामा उल्लिखित हक अधिकारहरूको सुनिश्चितता गर्नु राज्यको दायित्वअन्तर्गत पर्दछ । यसर्थ पनि निर्वाचन सम्बन्धी हकहरू राजनीतिक हकको रूपमा मान्यता प्राप्त छन् । नेपालको संविधान तथा सन्धि ऐन, २०४७ को दफा ९ ले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू नेपाल कानुन सरह लागू हुने व्यवस्था समेत गरेको छ ।

यस किसिमको दायित्वलाई परिपूर्ति गर्दै नेपाली नागरिकको निर्वाचन सम्बन्धी राजनीतिक अधिकारको सुनिश्चितताको लागि संविधानका विभिन्न भागहरूमा विभिन्न किसिमका अधिकारहरूको व्यवस्था गरिएको छ । संविधानको भाग ३ धारा १७ मा प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिनाहात हतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता र नेपालको कुनै पनि भूभागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रताको व्यवस्था गरिएको छ । त्यसै गरी सञ्चारको हक,[७८] आफ्नो र सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक[७९] र कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयताको हक हुने,[८०] व्यवस्था संविधानले गरेको छ । संविधानको धारा २० मा न्याय सम्बन्धी हकको व्यवस्था गरिएको छ, जसमा कुनै पनि व्यक्तिलाई पक्राउ परेको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन । पक्राउ परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ भन्ने लगायतका

---

७८ हे. नेपालको संविधानको धारा १९

७९ ऐ. धारा २७

८० ऐ. धारा २८

सम्पूर्ण फौजदारी न्यायका मान्य सिद्धान्तहरू समेटिएको छ ।[८१] त्यसै गरी नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा नराखिने, निवारक नजरबन्दमा रहेको व्यक्तिको स्थितिको बारेमा परिवारका सदस्य वा निजको नातेदारलाई कानुन बमोजिम तत्काल जानकारी दिनुपर्ने, कानुन विपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने जस्ता व्यवस्थाहरू समेत गरिएको छ ।[८२]

समावेशीकरण सम्बन्धमा महिलाको हकअन्तर्गत राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुने,[८३] राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने,[८४]आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने[८५] जस्ता मौलिक हकको व्यवस्था संविधानले गरेको छ । संवैधानिक उपचारको हक सम्बन्धमा यस भागद्वारा प्रदत्त हकको प्रचलनको लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुने[८६] व्यवस्था समेत मौलिक हकको रूपमा व्यवस्था गरिएको छ ।

### ४.१.२ राज्यका निर्देशक नीति तथा सिद्धान्त

राज्यका नीतिहरूअन्तर्गत मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम राख्ने[८७] तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने,[८८]न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,[८९]सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने[९०]तथा राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपायहरू अवलम्बन गर्ने[९१] जस्ता प्रभावकारी व्यवस्थाहरू गरिएको छ । राज्यको दायित्वअन्तर्गत मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्ने[९२] व्यवस्था गरिएको छ ।

**नोट** : निर्वाचन प्रणाली सम्बन्धमा परिच्छेद ३, निर्वाचन आयोग सम्बन्धमा खण्ड २ को परिच्छेद १० मा उल्लेख गरिएको तथा राजनीतिक दल सम्बन्धी व्यवस्था यसै परिच्छेदको ४.२.२ मा उल्लेख गरिएकोले यहाँ पुनरावृति गरिएको छैन ।

---

८१ विस्तृत जानकारीको लागि हे. नेपालको संविधान २०७२ को धारा २०
८२ ऐ. धारा २३, निवारक नजरबन्द विरुद्धको हक
८३ ऐ. धारा ३८ (४), महिलाको हक
८४ ऐ. धारा ४० (१), दलितको हक
८५ ऐ. धारा ४२ (१) सामाजिक न्यायको हक
८६ ऐ. धारा ४६
८७ ऐ. धारा ५१ (ख) (२)
८८ ऐ. धारा ५१ (ख) (३)
८९ ऐ. धारा ५१ (ट) (१)
९० ऐ. धारा ५१ (ट) (२)
९१ ऐ. धारा ५१ (ट) (३)
९२ ऐ. धारा ५२

## ४.२ निर्वाचन सम्बन्धी अन्य कानुन

नेपालमा निर्वाचन तथा निर्वाचन न्याय सम्बन्धमा थुप्रै कानुनहरूको व्यवस्था गरिएका छन् । केही महत्वपूर्ण कानुनहरूको सम्बन्धमा सङ्क्षिप्तमा उल्लेख गर्ने प्रयास गरिएको छ :

### ४.२.१ निर्वाचन आयोग ऐन, २०७३

निर्वाचन आयोग ऐन, २०७३ लाई २०७५ मा केही नेपाल कानुन संशोधन ऐनद्वारा संशोधन गरिएको छ । आयोग ऐनमा भएका मुख्य व्यवस्थाहरूमा सङ्घीय कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारले आयोगसँग परामर्श गरी निर्वाचनको मिति तोक्ने,[९३] उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने,[९४] निर्वाचन रद्द गर्न सक्ने,[९५] आयोग आफैंले सम्पादन गर्नुपर्ने कामका लागि आवश्यकता अनुसार प्रदेश तथा तोकिए बमोजिमको अन्य स्थानमा प्रादेशिक वा अन्य कार्यालय स्थापना गर्न सक्ने व्यवस्था ऐनले गरेको छ ।[९६] आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न सरोकारवालाहरूसँग परामर्श गरी देहायका निकाय वा व्यक्तिले पालना गर्नुपर्ने गरी निर्वाचन आचार संहिता बनाउन सक्ने व्यवस्था ऐनले गरेको छ :[९७]

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,

(ख) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी,

(ग) निर्वाचनको काममा संलग्न कर्मचारी,

(घ) राजनीतिक दल,

(ङ) उम्मेदवार तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति,

(च) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,

(छ) निजी तथा गैरसरकारी संस्था,

(ज) आयोगले तोकेका अन्य निकाय वा व्यक्ति ।

आयोगले बनाएको निर्वाचन आचार संहिता पालना भए नभएको सम्बन्धमा आयोगले आवश्यकता अनुसार अनुगमन संयन्त्र निर्माण गरी जाँचबुझ तथा अनुगमन गर्ने, कसैबाट आचार संहिता पालना नभएको वा उल्लङ्घन भएको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नका लागि सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिने व्यवस्था ऐनमा छ । आयोगले दिएको आदेश बमोजिम काम कारबाही नरोक्ने वा बदर नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एकलाख रूपैयाँसम्म जरिबाना गर्न सक्ने र कुनै उम्मेदवारले आयोगले बनाएको निर्वाचन आचार संहिताको

---

९३ हे. निर्वाचन आयोग ऐन, २०७३, दफा ३

९४ ऐ. दफा ९

९५ ऐ. दफा १०

९६ ऐ. दफा १६

९७ ऐ. दफा २२

उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा त्यसको स्पष्ट आधार र कारण खोली आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्ने व्यवस्था समेत ऐनमा गरिएको छ ।[९८]त्यस बाहेक निर्वाचन खर्चको हद तोक्ने,[९९] राजनीतिक दल वा उम्मेदवारले तिस दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने,[१००] निर्वाचनमा निर्धारित हदभन्दा बढी खर्च गरेमा बिगो बमोजिमको सजाय गर्ने[१०१]जस्ता व्यवस्थाहरू पनि ऐनमा गरिएका छन् ।

आयोगले कुनै संवैधानिक वा निर्वाचन सम्बन्धी कानुनी प्रश्नमा निर्णय गर्नु पूर्व राय लिन उपयुक्त देखेमा महान्यायाधिवक्ताको कार्यालय वा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय वा अन्य विशेषज्ञको राय लिन सक्ने,[१०२] आयोगले सरोकारवालाहरूसँग छलफल वा परामर्श गर्न सक्ने[१०३]र बहस पैरवीको लागि सरकारी वकिलसँग सहयोग लिन सक्ने[१०४] अधिकारको व्यवस्था समेत ऐन मार्फत आयोगलाई दिइएको छ । आयोगले यस ऐन बमोजिम निर्वाचन सम्बन्धी नीति निर्धारण गर्दा, कार्यक्रम सञ्चालन गर्दा, कर्मचारी खटाउँदा, अनुगमन वा पर्यवेक्षण गर्दा वा गराउँदा लैङ्गिकमैत्री र समावेशी सिद्धान्तलाई अवलम्बन गर्नुपर्ने,[१०५] जिम्मेवार व्यक्तिलाई जिम्मेवारीबाट हटाउन वा निलम्बनको लागि सिफारिस गर्न सक्ने[१०६]र विभागीय कारबाहीको लागि लेखी पठाउन सक्ने[१०७] अधिकार समेत ऐनले निर्वाचन आयोगलाई दिएको छ ।

### ४.२.२ राजनैतिक दल सम्बन्धी व्यवस्था

नेपालको संविधानले राजनीतिक दललाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि राजनीतिक दल सम्बन्धी व्यवस्था गरेको छ । जस अनुसार राजनीतिक दलले कानुन बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्ने, दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्ने, कम्तीमा पाँच वर्षमा एक पटक सो दलका सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था हुनुपर्ने, कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्ने, दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता नगरिने[१०८] लगायतका व्यवस्थाहरू गरिएको छ । त्यसै गरी राजनीतिक दललाई प्रतिबन्ध लगाउन नपाइने[१०९] र निर्वाचन आयोगमा दल दर्ता गर्नुपर्ने[११०] जस्ता व्यवस्थाहरू समेत गरिएका छन् । त्यस बाहेक राष्ट्रिय महत्वको कुनै विषयमा जनमत सङ्ग्रहबाट निर्णय गर्न आवश्यक छ भनी सङ्घीय संसद्मा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ सदस्यको निर्णय भएमा त्यस्तो विषयमा जनमत सङ्ग्रहबाट निर्णय लिन सकिने[१११] व्यवस्था समेत संविधानमा गरिएको छ ।

---

९८ ऐ. दफा २३
९९ ऐ. दफा २४
१०० ऐ. दफा २५
१०१ ऐ. दफा २६
१०२ ऐ. दफा ३१
१०३ ऐ. दफा ३२
१०४ ऐ. दफा ४१
१०५ ऐ. दफा ४२
१०६ ऐ. दफा ४३
१०७ ऐ. दफा ४४
१०८ ऐ. धारा २६९
१०९ ऐ. धारा २७०
११० ऐ. धारा २७१
१११ ऐ. धारा २७५

यस किसिमको व्यवस्थाले राजनीतिक दलहरू जनता र व्यवस्थाप्रति बढी जिम्मेवार बन्न, निर्वाचन आचार संहिताको इमान्दारिताका साथ पालना गर्न, निर्वाचनमा हुन सक्ने अनुचित क्रियाकलापप्रति जिम्मेवार र जवाफदेही बन्न र योग्य तथा सक्षम राजनीतिक नेतृत्व चयन गरी जनमतको पूर्ण कदर गर्दै शासन व्यवस्था सञ्चालन गर्न मद्दत पुग्दछ ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम राजनीतिक दलको गठन, दर्ता तथा सञ्चालन सम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्न र राजनीतिक दलको काम कारबाही तथा आर्थिक व्यवस्थापनलाई पारदर्शी र जिम्मेवार बनाउनका लागि राजनीतिक दल सम्बन्धी प्रचलित कानुनी व्यवस्थालाई समयानुकूल संशोधन र एकीकरण गर्ने[११२] उद्देश्यले बनेको यस ऐनमा समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले संविधान र यस ऐनको अधीनमा रही आफ्ना राजनीतिक काम कारबाही सञ्चालन गर्न राजनीतिक दल गठन गर्न सक्ने, दल गठन गर्दा दलको घोषणापत्र तथा कार्यक्रम सार्वजनिक गर्नुपर्ने, आफ्नो उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार प्रसार गर्न वा गराउन सक्ने लगायतका व्यवस्था ऐनमा गरिएको छ ।[११३]त्यस बाहेक निर्वाचन आयोगमा दल दर्ता हुनुपर्ने,[११४] दल दर्ता सम्बन्धी व्यवस्था,[११५]तोकिएको शर्त पूरा नगर्ने दल दर्ता नहुने,[११६] दल स्वशासित सङ्गठित संस्था हुने,[११७] दलको विधान लोकतान्त्रिक हुनुपर्ने,[११८] दलको काम कारबाहीमा रोक लगाउन सकिने,[११९] दलको दर्ता खारेज हुने,[१२०] दलको दर्ता कायम नरहने[१२१]र दललाई अनुशासनात्मक कारबाही गर्न सक्ने[१२२]लगायतका व्यवस्थाहरू गरिएका छन् ।

यस ऐन बमोजिम भएको कारबाही विरुद्ध पुनरावेदन सुन्ने उपयुक्त संयन्त्रको व्यवस्था गर्नुपर्ने,[१२३] लिन नहुने स्वैच्छिक आर्थिक सहयोगको रकम सम्बन्धमा जाँच बुझ गर्ने,[१२४] विवादको निरूपण निर्वाचन आयोगबाट हुने,[१२५]विवाद निरूपण सम्बन्धी कार्यविधि,[१२६] विवाद निरूपण गर्दा आयोगले विवादका पक्षहरूको सुनुवाइ गर्नुपर्ने[१२७] र निर्णय गर्नुपर्ने[१२८] लगायतका थप व्यवस्थाहरू समेत गरिएको छ । त्यसै गरी आयोग समक्ष दलले सम्पत्ति विवरण पेश गर्नुपर्ने,[१२९] आयोगले पचास हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने[१३०] र दलले क्षतिपूर्तिको लागि उजुरी गर्न सक्ने[१३१] जस्ता व्यवस्थाहरू पनि ऐनमा गरिएको छ ।

---

११२ हे. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को प्रस्तावना
११३ ऐ. दफा ३
११४ ऐ. दफा ४
११५ ऐ. दफा ५
११६ ऐ. दफा ६
११७ ऐ. दफा ७
११८ ऐ. दफा ८
११९ ऐ. दफा ११
१२० ऐ. दफा १२
१२१ ऐ. दफा १३
१२२ ऐ. दफा १८
१२३ ऐ. दफा १९
१२४ ऐ. दफा ३९
१२५ ऐ. दफा ४३
१२६ ऐ. दफा ४४
१२७ ऐ. दफा ४५
१२८ ऐ. दफा ४६
१२९ ऐ. दफा ५४
१३० ऐ. दफा ५५
१३१ ऐ. दफा ५८

### ४.२.३ निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३

### क. ऐनमा भएका मुख्य व्यवस्थाहरू

निर्वाचन स्वतन्त्र र स्वच्छ बनाउनका लागि जारी गरिएको निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ लाई केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधन समेत गरी फौजदारी कार्यविधि संहिता र दण्ड संहितासँग एकाकार गर्ने प्रयत्न गरिएको छ । यस सम्बन्धमा भएका मुख्य मुख्य व्यवस्था मध्ये निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसुर तथा सजायअन्तर्गत कसैले पनि उम्मेदवारी दिँदा झुट्टा विवरण वा कागजात संलग्न गरी मनोनयन पत्र पेश गर्न वा गर्न लगाउन नहुने,[१३२]भए गरेमा निर्वाचन अधिकृतले पच्चिस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने, निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याउन नहुने,[१३३]बाधा पुऱ्याएमा पच्चिस हजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिबाना, दुई वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने व्यवस्था छ । त्यसै गरी मतपत्रको दुरूपयोग गर्न नहुने,[१३४] गैरकानुनी तवरले मतपत्र दिन वा लिन नहुने,[१३५]भए गरेमा पच्चिस हजारदेखि एकलाख रूपैयाँसम्म जरिबाना र दुई वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने व्यवस्था ऐनमा गरिएको छ ।

यस सम्बन्धमा राजनीतिक दल वा उम्मेदवारले दिएको विवरणको सम्बन्धमा अत्यन्तै लचिलो प्रावधान देखिन्छ । झुठा विवरणहरू सम्बन्धमा अधिकांश घटनामा उजुरी नै नपर्ने, उजुरी परिहाले पनि तत्काल अनुसन्धान गर्ने दक्ष निकायको अभावमा फितलो हुने गरेका छन् भने कारबाहीको सम्बन्धमा पच्चिस हजार जरिबाना मात्र तोकिएकोले त्यसलाई उम्मेदवारले गम्भीरतापूर्वक लिने गरेका छैनन् । निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याएमा भने बढीमा एकलाख रूपैयाँसम्म जरिबाना र २ वर्षसम्म कैदको व्यवस्था गरिएको छ । उक्त व्यवस्था उपयुक्त नै भए पनि निर्वाचन नै हुन नसक्ने गरी बाधा पुऱ्याएमा पनि त्यति नै सजाय गर्दा ठुलो क्षति हुने सम्भावना हुन्छ । निर्वाचन परिणाममा पनि त्यसले असर पार्न सक्ने सम्भावना हुन्छ । मतपत्रको दुरूपयोग सम्बन्धमा पनि मतपत्रमा एसिड जस्ता वस्तुहरू राखेमा उक्त मतदान केन्द्रको सम्बन्धित बुथको निर्वाचन रद्द गर्नुपर्ने हुन सक्दछ । निर्वाचनको माहोल र आवेशका आधारमा दल वा उम्मेदवारका व्यक्तिहरूबाट हुन सक्ने यस किसिमका घटनाहरूबाट जोगिनको लागि कठोर दण्ड सजायको व्यवस्था हुन आवश्यक हुन्छ ।

त्यसै गरी मतदान तथा मत गणना सम्बन्धी कसुर तथा सजायअन्तर्गत मतदानको अधिकारबिना मतदान गर्न नहुने,[१३६] पटक पटक मतदान गर्न नहुने,[१३७] मत सङ्केत सार्वजनिक गर्न नहुने,[१३८]मतदानको प्रक्रिया उल्लङ्घन गर्न नहुने[१३९] मतपत्र बाहेक अन्य वस्तु मतपेटिकामा खसाल्न वा राख्न नहुने,[१४०] मतदान भएको मतपत्र बिगार्न वा नष्ट गर्न नहुने,[१४१] मतदान गर्न बाधा गर्न

१३२ हे. निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३
१३३ ऐ. दफा ४
१३४ ऐ. दफा ५
१३५ ऐ. दफा ६
१३६ ऐ. दफा ७
१३७ ऐ. दफा ८
१३८ ऐ. दफा ९
१३९ ऐ. दफा १०
१४० ऐ. दफा ११
१४१ ऐ. दफा १२

नहुने,[१४२] गैर नेपाली नागरिकले मतदान गर्न नहुने,[१४३] मत गणना स्थलमा अनधिकृत रूपमा प्रवेश गर्न नहुने,[१४४] मत गणना सम्बन्धी सामग्री बिगार्न वा नोक्सान गर्न नहुने,[१४५] गलत ढङ्गले मत गणना गर्न नहुने,[१४६] हातहतियार साथमा लिएर हिँड्न वा प्रयोग गर्न नहुने,[१४७] शान्ति भङ्ग गर्न नहुने[१४८] जस्ता व्यवस्थाहरू गरिएका छन् । यस किसिमका गतिविधिहरू भए गरेमा मतदान अधिकृतले रु. पन्ध्र हजारदेखि दुईलाख रुपैयाँसम्म जरिबाना र दुई वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने व्यवस्था गरिएको छ ।

यस खण्डअन्तर्गतका कसुरको सम्बन्धमा पनि अत्यन्तै लचिलो खालको दण्ड र सजाय तोकिएको छ । निर्वाचनमा हुने र हुन सक्ने यस किसिमका गतिविधिहरूबाट निर्वाचन प्रक्रिया अवरुद्ध हुने मात्र नभई देश नै यस्ता घटनाका कारण गम्भीर द्वन्द्वमा फस्न सक्ने सम्भावना हुन्छ । अतः यस किसिमका अपराधका सम्बन्धमा घटना हुन नदिनको लागि आवश्यक सम्पूर्ण प्रविधिको प्रयोग गर्ने वा कठोर सजायको व्यवस्था गर्न आवश्यक हुन्छ ।

ऐनको परिच्छेद ४ बमोजिम निर्वाचनमा प्रभाव पार्ने सम्बन्धी कसुर तथा सजायको व्यवस्था गरिएको छ, जसअन्तर्गत प्रभाव पार्न नहुने,[१४९] प्रभाव पारेमा कसुर अनुसार एकलाखदेखि दुईलाख रूपैयाँसम्म जरिबाना र तीन वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने व्यवस्था छ । नगद वा जिन्सी दिन वा लिन नहुने[१५०] लिए दिएमा पचास हजार रूपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था गरिएको छ । निर्वाचन प्रचार प्रसार सम्बन्धी कसुर तथा सजायअन्तर्गत गलत प्रचार प्रसार गर्न नहुने,[१५१]चरित्र हनन गर्न नहुने,[१५२] निर्वाचनको प्रचार प्रसारमा गर्न नहुने अन्य कार्य,[१५३] अनुचित ढङ्गले सवारी साधनको प्रयोग गर्न नहुने[१५४] र सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न नहुने[१५५] जस्ता कसुर र उक्त कार्यहरू गरेमा पच्चिस हजारदेखि दुईलाख रूपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने व्यवस्था गरिएको छ ।

यस खण्डअन्तर्गतका कसुर सम्बन्धमा गम्भीर प्रकृतिका कसुर भएमा सम्बन्धित कानुन आकर्षित हुने व्यवस्था स्पष्ट किटान गरिएको छैन । उदाहरणको लागि अनुचित डर धाक धम्कि दिने र गम्भीर प्रकृतिका हिंसाजन्य कार्यहरू हुने गरेका छन् । ऐनले प्रभावमा पार्ने वा अनुचित प्रभावमा पार्ने विषय परिभाषित गरेको छैन । नगद वा जिन्सी लिने वा दिने सम्बन्धमा सजायको हकमा अत्यन्तै फितलो व्यवस्था गरिएको छ । सवारी साधनको प्रयोगमा भने दण्ड सजायको व्यवस्था

---

१४२ ऐ. दफा १३
१४३ ऐ. दफा १४
१४४ ऐ. दफा १५
१४५ ऐ. दफा १६
१४६ ऐ. दफा १७
१४७ ऐ. दफा १८
१४८ ऐ. दफा १९
१४९ ऐ. दफा २०
१५० ऐ. दफा २१
१५१ ऐ. दफा २२
१५२ ऐ. दफा २३
१५३ ऐ. दफा २४
१५४ ऐ. दफा २५
१५५ ऐ. दफा २६

उपयुक्त नै छ । तर, कार्यान्वयनको लागि अनुगमन प्रणाली फितलो भएका कारण सोको दुरूपयोग हुने र दुरूपयोग भएको यस्ता अवस्थामा पनि उजुरी नै नपर्ने गरेका छन् ।

ऐनको परिच्छेद-६ मा निर्वाचन प्रचार प्रसारको आय-व्यय सम्बन्धी कसुर तथा सजायको व्यवस्था गरिएको छ, जसअन्तर्गत आर्थिक सहयोग लिन नहुने,[१५६] अन्य व्यक्तिबाट खर्च गराउन नहुने,[१५७] आयोगले तोकेको हदभन्दा बढी खर्च गर्न नहुने,[१५८] निषेधित कार्यको लागि आर्थिक सहयोग लिन वा खर्च गर्न नहुने[१५९]र निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण बुझाउनु पर्ने[१६०]जस्ता व्यवस्थाहरू गरिएका छन् भने सजायको हकमा पन्ध्र हजारदेखि एकलाख रूपैयाँसम्म जरिबाना गरी कसुर अनुसार विगो जफत गर्ने तथा कम्तीमा ६ वर्षसम्म उक्त दललाई निर्वाचनमा भाग लिनबाट प्रतिबन्ध लगाउने र कर्मचारीलाई विभागीय कारबाही गर्नेसम्मका व्यवस्थाहरू गरिएका छन् ।

परिच्छेद-७ को अन्य कसुर तथा सजायअन्तर्गत गलत लिखतलाई मान्यता दिन नहुने,[१६१] पदीय जिम्मेवारीबाट पन्छिन नहुने,[१६२] निर्वाचनको गोपनीयता भङ्ग गर्न नहुने,[१६३] निर्वाचनमा प्रतिकूल असर पर्ने अन्य कार्य गर्न नहुने,[१६४] उद्योग, मद्दत वा दुरुत्साहन गर्न नहुने जस्ता विषयहरू समेटिएका छन् । उक्त कसुरहरू भए गरेमा विभागीय कारबाही वा सेवा, शर्त सम्बन्धी कानुन बमोजिम कारबाही वा पच्चिस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने व्यवस्था गरिएको छ भने उद्योग वा दुरुत्साहन गर्ने व्यक्तिलाई आधा सजाय गर्ने व्यवस्था समेत गरिएको छ ।[१६५] परिच्छेद-८ मा जरिबाना तथा विभागीय कारबाहीको प्रक्रियाअन्तर्गत यस ऐन बमोजिम निर्वाचन आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले जरिबाना गर्दा कसुरको गम्भीरताको आधारमा तत्काल जरिबाना गर्ने,[१६६] जरिबाना उपर चित्त नबुझ्ने व्यक्तिले पैंतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्ने र विभागीय वा अन्य कारबाहीको लागि लेखी पठाउने[१६७] व्यवस्था गरिएको छ ।

यी परिच्छेदहरूमा भएका व्यवस्था सम्बन्धमा कर्मचारीलाई विभागीय कारबाहीको व्यवस्था गरिएको छ तर ऐनले अन्य व्यक्तिहरूले गरेका कसुरमा दण्ड सजाय तोकेको छैन । गलत लिखतलाई मान्यता दिने विषय, आफ्नो पदीय जिम्मेवारीबाट पन्छिने विषय र गोपनीयता भङ्ग गर्ने विषयहरू मात्र समेटिएको छ तर पदीय जिम्मेवारी बाहेक पनि अन्य कसुरहरू जबाफदेहिता बहन गर्ने व्यक्तिहरूबाट भएमा अन्यलाई सरह सजाय हुने वा घटी बढी के हुने ? भन्ने सम्बन्धमा स्पष्ट खुलाइएको छैन ।

---

१५६ ऐ. दफा २७
१५७ ऐ. दफा २८
१५८ ऐ. दफा २९
१५९ ऐ. दफा ३०
१६० ऐ. दफा ३१
१६१ ऐ. दफा ३२
१६२ ऐ. दफा ३३
१६३ ऐ. दफा ३४
१६४ ऐ. दफा ३५
१६५ ऐ. दफा ३६
१६६ ऐ. दफा ३७
१६७ ऐ. दफा ३८

### ख. अन्य कानुनसँगको सम्बन्ध, अनुसन्धान र मुद्दा हेर्ने निकाय

अनुसन्धान, मुद्दाको कारबाही तथा किनारा गर्ने प्रक्रियाअन्तर्गत ऐनको दफा ४१ को उपदफा (३) मा उल्लिखित कसुरको अनुसन्धान आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारीले गर्ने[१६८]व्यवस्था गरिएको छ भने अनुसन्धान अधिकारीले कसुर गरेको मितिले साठी दिनभित्र अदालतमा अभियोग पत्र दायर गरिसक्नु पर्ने व्यवस्था समेत उल्लेख छ । दफा ४१ को उपदफा (३) मा उल्लिखित कसुर सम्बन्धी मुद्दा नेपाल सरकारवादी हुनेछ ।[१६९]मुद्दाको कारबाही र किनाराअन्तर्गत सङ्घीय संसद् र प्रदेश सभाको निर्वाचन सम्बन्धी परिच्छेद-१० बमोजिमको मुद्दाको कारबाही तथा किनारा सर्वोच्च अदालतको संवैधानिक इजलासले गर्ने, सङ्घीय संसद् र प्रदेश सभाको निर्वाचन बाहेक अन्य निर्वाचन सम्बन्धी परिच्छेद-१० बमोजिमको मुद्दाको कारबाही तथा किनारा सम्बन्धित प्रदेशको उच्च अदालतले गर्ने र अन्य विषयमा नेपाल सरकारले न्याय परिषद्सँग परामर्श गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालतले गर्ने[१७०]व्यवस्था ऐनमा गरिएको छ । यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा सङ्क्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्ने व्यवस्था गरिएको छ ।[१७१]

त्यसै गरी निर्वाचन बदर गर्न सम्बन्धित अदालतमा उजुरी दिन सक्ने,[१७२] दोहोऱ्याई मत गणना हुन सक्ने,[१७३] मतदान गरेको विषयमा नसोधिने,[१७४]उजुरी दिँदा पन्ध्र हजार रूपैयाँ धरौटी राख्नु पर्ने,[१७५] मत बराबर भएमा गोला प्रथाबाट निर्णय गर्ने,[१७६] साक्षीले दिएको जवाफ निजको विरुद्धमा चलेको कुनै मुद्दामा प्रमाण नलाग्ने[१७७]र दिएको उजुरी अदालतको अनुमतिले फिर्ता लिन सक्ने[१७८] जस्ता व्यवस्थाहरू समेत ऐनमा गरिएका छन् ।

मुद्दाको कारबाही र किनारा सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयले मिति २०७४ वैशाख २१ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उक्त मुद्दा हेर्ने जिम्मेवारी सम्बन्धित जिल्ला अदालतलाई तोकिदिएको छ ।[१७९] त्यसै गरी स्थानीय तहको निर्वाचन सम्बन्धमा निर्वाचन आयोगले मिति २०७४ वैशाख ४ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३९ को उपदफा (१)[१८०] बमोजिमको अधिकार प्रयोग गरी ऐनको दफा ४१ को उपदफा (३) मा उल्लिखित कसुरको अनुसन्धान गरी मुद्दा दायर गर्न सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई अनुसन्धान अधिकारीको रूपमा तोकेको छ ।[१८१]अतः यस ऐनको दफा ४१ (

---

१६८ ऐ. दफा ३९
१६९ ऐ. दफा ४०
१७० ऐ. दफा ४१
१७१ ऐ. दफा ४२
१७२ ऐ. दफा ४३
१७३ ऐ. दफा ४४
१७४ ऐ. दफा ४५
१७५ ऐ. दफा ४६
१७६ ऐ. दफा ४७
१७७ ऐ. दफा ४८
१७८ ऐ. दफा ४९
१७९ नेपालमा सरकारले न्याय परिषद्सँग परामर्श गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ४१ को उपदफा (३) बमोजिम सजाय हुने कसुर तथा त्यस्तो कसुरको उद्योग, मद्दत वा दुरुत्साहन सम्बन्धी मुद्दाको कारवाही तथा किनारा गर्नका लागि सम्बन्धित जिल्ला अदालतलाई तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।"हे. नेपाल राजपत्र, खण्ड ६७, अतिरिक्ताङ्क २, मिति २०७४ वैशाख २१ गते ।
१८० हे. दफा ३९ मुद्दाको अनुसन्धान र दायरी : (१) दफा ४१ को उपदफा (३) मा उल्लिखित कसुरको अनुसन्धान आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारीले गर्नेछ ।
१८१ हे. नेपाल राजपत्र, भाग ५, खण्ड ६७, सङ्ख्या १, मिति २०६७/०१/०४

३) बमोजिमका कसुर सम्बन्धी विवादको अनुसन्धान सम्बन्धित जिल्ला प्रहरी कार्यालयबाट र न्याय निरूपण सम्बन्धित जिल्ला अदालतबाट हुने कुरा स्पष्ट भएको छ ।

यस ऐनको व्यवस्थालाई सरसर्ती हेर्दा यसले गम्भीर प्रकृतिका फौजदारी अपराधलाई समेटेको देखिँदैन । तर ऐनको दफा ५१ ले अन्य ऐन समेत आकर्षित हुन सक्ने व्यवस्था गरेको छ, जस अनुसार "यस ऐन बमोजिम कसुर ठहरिने कुनै काम कारबाही अन्य प्रचलित कानुनअन्तर्गत पनि कसुर ठहरिने रहेछ भने त्यस्तो कसुर वापत कानुन बमोजिम सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन" भन्ने व्यवस्था गरेकोले विभिन्न मुद्दाहरूमा सामान्य फौजदारी कानुन र कार्यविधि समेत आकर्षित हुन सक्ने देखिन्छ ।

अतः निर्वाचन कसुरमा समेत मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि ( संहिता) ऐन, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेत आकर्षित हुने देखिन्छ । मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ३ ले गम्भीर कसुर र जघन्य कसुरको परिभाषा गरेको छ, जस अनुसार गम्भीर कसुर भन्नाले तीन वर्षभन्दा बढी दश वर्षसम्म कैद सजाय हुने कसुर र जघन्य कसुर भन्नाले जन्म कैद वा दश वर्षभन्दा बढी कैद सजाय हुने कसुर सम्झनु पर्दछ भनी परिभाषा गरेको छ ।[१८२]ऐनको दफा ४ बमोजिम यस ऐनको भाग १ को परिच्छेद २, ३, ४ र ५ बमोजिमका सिद्धान्त र व्यवस्थाहरू यस ऐन र अन्य ऐनअन्तर्गतका कसुरका सम्बन्धमा सामान्यतः लागू हुनेछन् भन्ने व्यवस्था गरिएको छ तर कुनै खास कामलाई कुनै विशेष ऐनद्वारा छुट्टै कसुर मानी सजाय गर्ने व्यवस्था भएको रहेछ भने त्यस्तो कसुरको सम्बन्धमा सोही ऐन लागू हुनेछ[१८३] भन्ने व्यवस्था समेत उक्त ऐनले गरेको छ । यसर्थ निर्वाचन कसुर र सजाय सम्बन्धमा पनि फौजदारी न्यायका सामान्य सिद्धान्तहरू, आपराधिक षड्यन्त्र, उद्योग, दुरुत्साहन र मतियार, कसुरको गम्भीरता बढाउने र घटाउने अवस्थाहरू, सजाय र अन्तरिम क्षतिपूर्ति सम्बन्धी व्यवस्थाहरू लागू हुन्छन् भने निर्वाचन (कसुर तथा सजाय) ऐनले समेट्न नसकेका कसुरको सम्बन्धमा पनि अपराध संहिता र फौजदारी कार्यविधि संहिताहरू समान रूपमा लागू हुन्छन् ।

### ग. ऐनको प्रभावकारिता तथा चुनौतीहरू

निर्वाचन (कसुर तथा सजाय) ऐनमा भएका अधिकांश व्यवस्थाहरू उपयुक्त नै भए पनि यसको प्रभावकारी कार्यान्वयन एउटा चुनौतीको रूपमा रहेको छ । कानुन बमोजिमको शासनको अभावमा अन्य कानुनहरूको प्रभावकारिता समेत कमजोर रहेको अवस्थामा निर्वाचन आयोग र सम्बन्धित सरोकारवालाहरूले अधिकांश विषयहरूलाई नजर अन्दाज गर्ने, निर्वाचन सम्पन्न गरी जिम्मेवारी सुम्पने कुरामा नै आफ्नो सफलता ठान्ने, राजनीतिक दल र उम्मेदवारले जसरी पनि आफू जित्ने दाउमा अनैतिक क्रियाकलाप गर्न उद्यत रहने, दण्ड र सजायको व्यवस्थाहरू फितलो हुने र भएका व्यवस्थाहरू समेतको कार्यान्वयनमा सम्बन्धित सरोकारवालाहरूले चासो नदिने, दलीय प्रभावमा पर्ने, ऐनमा भएका व्यवस्थाहरूको कार्यान्वयनको लागि प्रभावकारी अनुगमनको व्यवस्था र अनुगमनबाट प्राप्त प्रतिवेदनहरूको कार्यान्वयनमा ढिला सुस्ती वा कार्यान्वयन नै नगर्ने न्यायिक

१८२ हे. मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ३ (च) र (छ)
१८३ ऐ. दफा ५

निकायबाट समेत परेका उजुरीहरूको समयमा फछ्र्यौट नहुने जस्ता गम्भीर समस्याहरू भएका कारण निर्वाचनको विश्वसनीयतामाथि सर्वसाधारणले शङ्का गर्ने प्रशस्त ठाउँहरू छन् ।

### ४.२.४ निर्वाचन विवाद (सुनुवाइ र निरूपण) सम्बन्धी कार्यविधि, २०७६

निर्वाचन आयोगले व्यवस्थापन र सञ्चालन गर्ने निर्वाचनका सिलसिलामा उत्पन्न हुने विवादलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय तवरले निरूपण गर्नको लागि निर्वाचन विवाद (सुनुवाइ र निरूपण) सम्बन्धी कार्यविधि, २०७६ बनाई लागू गरेको छ । कार्यविधिको दफा ३ बमोजिम आयोगले सुनुवाइ गर्नुपर्ने विषयमा अन्तिम निर्णय आयोगले गर्ने छ भन्ने व्यवस्था गरिएको छ जसको लागि आयोगले सुनुवाइ गर्ने, निर्वाचन विवादको सम्बन्धमा जाँचबुझ गरी आयोग समक्ष सिफारिस गर्ने प्रयोजनको लागि सम्बन्धित विषय हेर्ने आयुक्तको संयोजकत्वमा एक निर्वाचन विवाद निरूपण समिति रहने व्यवस्था गरेको छ। समितिले उजुरी सम्बन्धी कारबाही तथा निर्वाचन विवाद निरूपणको लागि आवश्यकता अनुसार निर्वाचन विवाद निरूपण उपसमिति वा कार्यदल गठन गर्न सक्ने व्यवस्था समेत कार्यविधिमा गरिएको छ । कार्यविधिको दफा ५ मा समितिको काम, कर्तव्य र अधिकार तोकिएको छ, जसमा उल्लेख गरिएको छ :

(क) आयोगको क्षेत्राधिकारभित्र पर्ने उजुरी वा निर्वाचन विवादको जाँचबुझ तथा छानबिन गर्ने वा गराउने,

(ख) खण्ड (क) बमोजिम जाँचबुझ तथा छानबिनको आधारमा आयोग समक्ष पेश गर्नुपर्ने देखिएका विषयमा आफ्नो राय सहितको सिफारिस पेश गर्ने,

(ग) उजुरी वा निर्वाचन विवाद निरूपणका सम्बन्धमा मतदान अधिकृत, अनुगमनकर्ता वा निर्वाचन अधिकृतले माग गरेको विषयमा आवश्यकता अनुसार निर्देशन दिने,

(घ) मतदान अधिकृत, अनुगमनकर्ता वा निर्वाचन अधिकृतबाट आयोगको क्षेत्राधिकारभित्र पर्ने भनी पेश भएका विवाद उपर आवश्यक जाँचबुझ तथा छानबिन गरी सिफारिस सहित आयोग समक्ष पेश गर्ने,

(ङ) उजुरी वा निर्वाचन विवाद निरूपणका सम्बन्धमा आयोगले तोके बमोजिमका अन्य कार्य गर्ने ।

ऐन बमोजिम आयोगले सुनुवाइ गर्नुपर्ने विषयमा समितिले अनुसूची-१ बमोजिमको विषयमा जाँचबुझ तथा छानबिन गरी सिफारिस सहित निर्णयको लागि आयोगमा पेश गर्नु पर्ने, निर्वाचन अधिकृतले अनुसूची-२ बमोजिमको विवादको सुनुवाइ गर्ने, अनुगमनकर्ताले अनुसूची-३ बमोजिमको विवादको सुनुवाइ गर्ने व्यवस्था कार्यविधिले गरेको छ । यसरी नै मतदान अधिकृतले अनुसूची-४ बमोजिमको विवादको सुनुवाइ गर्ने व्यवस्था गरेको छ । यसर्थ कार्यविधिले सम्पूर्ण अधिकारीहरूको कार्यादेश र जिम्मेवारी स्पष्ट तोकेको देखिन्छ । त्यसै गरी कार्यविधिमा आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत र अनुगमनकर्ताले मुद्दाको सुनुवाइ गर्दा अपनाउनु पर्ने कार्यविधिको व्यवस्था पनि गरेको छ ।

प्रतिवेदन पेश गर्ने सम्बन्धमा समेत कार्यविधिले व्यवस्था गरेको छ । जस अनुसार, मतदान अधिकृत स्वयंले निरूपण गर्न नमिल्ने भएमा सम्बन्धित निर्वाचन अधिकृत समक्ष पेश गर्नुपर्ने, अनुगमनकर्ता वा निर्वाचन अधिकृतले आफूले निरूपण गर्न नमिल्ने भए समिति समक्ष पेश गर्नुपर्ने र आयोगले

सम्बन्धित मतदान अधिकृत, अनुगमनकर्ता र निर्वाचन अधिकृतलाई आवश्यक जाँचबुझको लागि लेखी पठाएकोमा निजहरूले आवश्यक जाँचबुझ गरी आयोग समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था समेत कार्यविधिले प्रस्ट रूपमा उल्लेख गरेको छ ।

त्यसै गरी कार्यविधिले निर्वाचनको क्रममा लैङ्गिक हिंसा वा महिला उम्मेदवारको उम्मेदवारी र प्रचार प्रसारलाई असर पर्ने वा महिला उम्मेदवार वा महिला मतदाताको चरित्र हत्या सम्बन्धी गाली गलौजका उजुरी सम्बन्धी विवादलाई विशेष प्राथमिकता दिई सुनुवाइ गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तै निर्वाचन विवादको सुनुवाइ र निरूपण गर्ने जिम्मेवारी र उत्तरदायित्व बहन गर्नुपर्ने मतदान अधिकृत, अनुगमनकर्ता, निर्वाचन अधिकृत, मुख्य नाम दर्ता अधिकारी, नाम दर्ता अधिकारी, सहायक नाम दर्ता अधिकारी लगायत पदाधिकारी तथा अन्य कर्मचारीले यस कार्यविधि बमोजिम आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्नु पर्नेछ भन्ने व्यवस्था समेत गरेको छ ।

यस कार्यविधिले विवाद समाधानको लागि अर्धन्यायिक निकायबाट निरूपण हुने विवादको सम्बन्धमा अनुसूची मार्फत विवादका विषयहरूको सूची दिएको छ, जसले गर्दा कसकसले कुन कुन विवाद निरूपण गर्ने भन्ने विषय स्पष्ट पारेको छ ।[१८४]

### ४.२.५ मतदाता नामावली ऐन, २०७३

संविधान तथा सङ्घीय कानुन बमोजिम हुने निर्वाचनको लागि मतदाताको नामावली सङ्कलन तथा अद्यावधिक गर्ने प्रयोजनका लागि मतदाता नामावली सम्बन्धी कानुनलाई समयानुकूल संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले भन्ने प्रस्तावनाबाट सुरु भएको मतदाता नामावली ऐन, २०७३ मा देहायको निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि आयोगले अन्तिम मतदाता नामावलीमा नाम समावेश गरेको देहायको व्यक्ति त्यस्तो निर्वाचनको लागि मतदाता हुने छ भन्ने व्यवस्था गरेको छ[१८५] :

(क) राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनका लागि सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य,

(ख) प्रतिनिधि सभाको सदस्य र प्रदेश सभाको सदस्यको निर्वाचनका लागि सम्बन्धित निर्वाचन क्षेत्रभित्रको गाउँपालिका वा नगरपालिकाको वडामा स्थायी बसोबास भएको व्यक्ति,

(ग) राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि प्रत्येक प्रदेश सभाका सदस्य, नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष,

(घ) नगर कार्यपालिकाका प्रमुख र उपप्रमुखको निर्वाचनका लागि सम्बन्धित नगरपालिकाभित्रको वडामा स्थायी बसोबास भएको व्यक्ति,

(ङ) गाउँ कार्यपालिकाका अध्यक्ष तथा उपाध्यक्षको निर्वाचनका लागि सम्बन्धित गाउँपालिकाभित्रको वडामा स्थायी बसोबास भएको व्यक्ति,

---

१८४ निर्वाचन आयोग, निर्वाचन अधिकृत, अनुगमनकर्ता र मतदान अधिकृतबाट निरूपण हुने विवाद सम्बन्धमा निर्वाचन आयोग खण्डमा विस्तृत जानकारी दिइएकोले यहाँ पुनरावृत्ति गरिएको छैन ।

१८५ हे. मतदाता नामावली ऐन, २०७३ को दफा ३

(च) नगरपालिका तथा गाउँपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यको लागि सम्बन्धित वडामा स्थायी बसोबास भएको व्यक्ति,

(छ) नगरपालिकाको सदस्यको निर्वाचनका लागि नगर सभाका सदस्य,

(ज) गाउँपालिकाको सदस्यको निर्वाचनका लागि गाउँ सभाका सदस्य ।

मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सम्बन्धमा निर्वाचन आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगरपालिकाको वडाको मतदाता नामावली सङ्कलन गर्ने तथा त्यसको अद्यावधिक गर्ने व्यवस्था ऐनले गरेको छ ।[१८६]त्यसै गरी मतदाता नामावलीमा कुनै व्यक्तिको नाम दर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने भन्ने विषय र नाम दर्ता अधिकारी वा निजले खटाएको अधिकार प्राप्त व्यक्तिले मतदाता नामावली तयार गरेको वा यस परिच्छेद बमोजिम सम्बन्धित अधिकारीले मतदाता नामावलीमा थपघट गरेको विषयमा अदालतमा प्रश्न उठाउन नपाइने व्यवस्था समेत ऐनले गरेको छ ।[१८७]त्यसै गरी मतदाता नामावली सम्बन्धी कसुर र सजायको व्यवस्था ऐनले गरेको छ ।[१८८] सजायअन्तर्गत पच्चिस हजारदेखि एकलाख रूपैयाँसम्म जरिबाना वा एक महिनादेखि ६ महिनासम्म कैद वा दुवै गर्न सक्ने व्यवस्था ऐनले गरेको छ । त्यसरी यस ऐनअन्तर्गतको मुद्दा सरकारवादी हुने र मर्का पर्ने व्यक्तिले क्षतिपूर्ति दाबी गर्न सक्ने व्यवस्था समेत ऐनले गरेको छ ।[१८९]

### ४.२.६ स्थानीय तह निर्वाचन ऐन, २०७३

स्थानीय तह निर्वाचन ऐन, २०७३ हालसम्म दुई पटक संशोधन भइसकेको छ, जसमा पहिलो संशोधन २०७४/०४/२६ र दोस्रो संशोधन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ अन्तर्गत २०७५/११/१९ मा भएको थियो । यस ऐनको उद्देश्य स्थानीय तहको निर्वाचन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्नु रहेको कुरा प्रस्तावनाबाट स्पष्ट हुन्छ । निर्वाचनमा सम्पादन गर्नुपर्ने काम गर्न वा गराउनका लागि प्रत्येक जिल्लामा आयोगले एक जना मुख्य निर्वाचन अधिकृत र आवश्यकता अनुसार निर्वाचन अधिकृत नियुक्त गर्ने व्यवस्था न्याय सेवा आयोगको परामर्शमा न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्ति गर्ने व्यवस्था छ । आयोगको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको जिल्लाभित्रको निर्वाचन सम्बन्धी कामको समन्वय र सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिनु मुख्य निर्वाचन अधिकृतको कर्तव्य हुने र मुख्य निर्वाचन अधिकृतले आफूलाई तोकिएको जिल्लाको जिल्ला सदरमुकाममा रहेको स्थानीय तहको निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारको प्रयोग समेत गर्ने छ[190] भन्ने व्यवस्था गरिएको छ ।

त्यसै गरी निर्वाचनमा दल वा उम्मेदवारले खर्च गर्न पाउने रकमको हद आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुने, दल, उम्मेदवार वा तिनको

१८६ ऐ. दफा ४
१८७ ऐ. दफा २९
१८८ ऐ. दफा ३१ र ३२
१८९ ऐ. दफा ३४ र दफा ३८
१९० ऐ. दफा ८

निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिएको ढाँचामा तोकिए बमोजिम राख्नुपर्ने व्यवस्था ऐनले गरेको छ ।[191] निर्वाचन खर्चको विवरण दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले तिस दिनभित्र आयोगले तोकेको कार्यालय समक्ष पेश गर्नुपर्ने छ । यसरी प्राप्त भएको खर्चको विवरण सम्बन्धित कार्यालयले आयोगमा पठाउनुपर्ने छ । यस दफा बमोजिम निर्वाचन प्रचार प्रसार खर्चको विवरण तोकिएको समयभित्र नबुझाउने दल वा उम्मेदवारलाई आयोगले निर्वाचन आयोग सम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम जरिबाना गर्न सक्नेछ । कुनै निर्वाचन अधिकृतले संविधान, कानुन, निर्देशिका, कार्यविधि र आयोगले दिएको निर्देशन विपरीत कार्य गरेमा आयोगले त्यस्तो निर्वाचन अधिकृतको नियुक्ति बदर गरी अर्को निर्वाचन अधिकृत नियुक्त गर्न वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ[१९२] भन्ने व्यवस्था गरिएको भए पनि कसुर र सजाय सम्बन्धी व्यवस्था यस ऐनमा गरिएको छैन ।

### ४.२.७ प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ ले निर्वाचन प्रणालीको व्यवस्था गरेको छ । जस अनुसार पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणाली गरी प्रदेश सभामा पनि मिश्रित निर्वाचन प्रणाली अपनाउने व्यवस्था गरिएको छ ।[१९३] पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत एक निर्वाचन क्षेत्र एक पदको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार प्रदेश सभाको सदस्यमा निर्वाचित हुने[१९४]र समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रत्येक प्रदेशको सम्पूर्ण क्षेत्रलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रदेश सभाको सदस्यमा निर्वाचित हुने[१९५]व्यवस्था ऐनले स्पष्ट रूपमा गरेको छ । ऐनले दोहोरो उम्मेदवार हुन नपाउने व्यवस्था गरेको छ[१९६] भने उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय सात दिनभित्र आयोगले गरिसक्नु पर्ने व्यवस्था[१९७] समेत गरिएको छ । त्यसै गरी सदस्यको पदमा निर्वाचित कुनै व्यक्ति दफा १३ बमोजिम अयोग्य रहेको अदालतबाट ठहर भएमा निज त्यस्तो पदबाट मुक्त हुने,[१९८] निरीक्षण गर्न सक्ने, मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा वा विशेष परिस्थितिमा मतदान स्थगित गर्न सकिने, मत गणना स्थलको अनधिकृत कब्जा भएमा, निविदा मतपत्र सम्बन्धी व्यवस्था, निर्वाचन प्रचार प्रसार खर्च सम्बन्धी व्यवस्था, आदेश जारी गर्ने र निर्देशन दिने र कारबाही गर्न सक्ने व्यवस्था प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनले गरे सरह यस ऐनमा पनि गरिएको छ ।[१९९]

---

१९१ ऐ. दफा ६४
१९२ ऐ. दफा ६९
१९३ हे. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३
१९४ ऐ. दफा ४
१९५ ऐ. दफा ५
१९६ ऐ. दफा १४
१९७ ऐ. दफा १५
१९८ ऐ. दफा १६
१९९ ऐ. दफा ४३, ४४, ४५, ४६, ५५, ६९, ७२, ७६ र ७८

### ४.२.८ प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनले  निर्वाचन प्रणालीको व्यवस्था गरेको छ ।[२००] जस अनुसार, एक सय पैँसठ्ठी सदस्य सङ्ख्याको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र एकसय दश सदस्य सङ्ख्याको लागि समानुपातिक निर्वाचन प्रणाली हुने व्यवस्था गरिएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत एक निर्वाचन क्षेत्र एक पदको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुने[२०१] र समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुने[२०२]व्यवस्था समेत ऐनले गरेको छ । निर्वाचनको मिति तोक्ने सम्बन्धमा नेपाल सरकारले निर्वाचन आयोगसँगको परामर्शमा निर्वाचन मिति तोक्ने[२०३] व्यवस्था छ ।

त्यसै गरी ऐनले निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। जस अनुसार आयोग र मुख्य निर्वाचन अधिकृतको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको निर्वाचन क्षेत्रमा निर्वाचन गराउने सम्बन्धी सम्पूर्ण काम कारबाही स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा गर्नु, गराउनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ[२०४]भन्ने व्यवस्था गरिएको छ। ऐनमा उम्मेदवारको अयोग्यता,[२०५] दोहोरो उम्मेदवार हुन नपाउने,[२०६] उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने[२०७]र कुनै व्यक्ति दफा १३ बमोजिम अयोग्य रहेको भनी अदालतबाट ठहर भएमा निज त्यस्तो पदबाट मुक्त हुने[२०८] लगायतका व्यवस्थाहरू ऐनले गरेको छ । त्यस्तै मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा मतदान अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई त्यस घटनाको प्रतिवेदन तुरुन्त दिनुपर्ने, निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान तुरुन्त रद्द गरी त्यसको प्रतिवेदन आयोगमा दिनुपर्ने र पुनः मतदान गर्ने मिति र समय तोकी सोको सूचना त्यस्तो मतदान केन्द्रमा तुरुन्त प्रकाशन गर्नुपर्ने[२०९]व्यवस्था समेत गरिएको छ। मतदान केन्द्रको अनधिकृत कब्जा भएमा निर्वाचन रद्द गरी पुनः निर्वाचन मिति तोक्ने व्यवस्था[२१०] र मत गणना स्थलको अनधिकृत कब्जा भएमा पनि असर परेको मतदान केन्द्रको सम्पूर्ण मतपत्रहरू अवैध घोषित गरी मतदान रद्द गर्ने[२११]व्यवस्था ऐनमा गरिएको छ। ऐनले निविदा मतपत्रको समेत व्यवस्था गरेको छ[२१२]भने उम्मेदवारले खर्च गर्न पाउने रकमको हद तोक्ने[२१३]र निर्वाचन सम्बन्धी गोप्यता भङ्ग गर्न नहुने[२१४] समेतका व्यवस्थाहरू ऐनमा समेटिएका छन् ।

---

२०० हे. प्रतिनिधि सभा निर्वाचन ऐन, २०७४ को दफा ३
२०१ ऐ. दफा ४
२०२ ऐ. दफा ५
२०३ ऐ. दफा ६
२०४ ऐ. दफा १०
२०५ ऐ. दफा १३
२०६ ऐ. दफा १४
२०७ ऐ. दफा १५
२०८ ऐ. दफा १६
२०९ ऐ. दफा ४४
२१० ऐ. दफा ४६
२११ ऐ. दफा ५५
२१२ ऐ. दफा ६९
२१३ ऐ. दफा ७२
२१४ ऐ. दफा ७४

### ४.२.९ राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५

यस ऐनको दफा ३ मा प्रत्येक प्रदेशबाट ८ जनाका दरले निर्वाचित ५६ जना र ३ जना मनोनयन हुने समेत गरी राष्ट्रिय सभामा ५९ सदस्य हुने, राष्ट्रिय सभा स्थायी सदन हुने, प्रदेश सभा सदस्य र स्थानीय तहका पदाधिकारीहरूको मतभार क्रमश: ४८ र १८ हुने लगायतका व्यवस्थाहरू गरिएको छ भने अन्य व्यवस्था प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन सरह नै गरिएको छ ।

### ४.२.१० राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ मा निर्वाचन प्रयोजनको लागि सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डल रहने व्यवस्था ऐनले गरेको छ ।[२१५] राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको मिति तोक्ने[२१६] निर्वाचनमा सम्पादन गर्नुपर्ने कामको लागि आयोगले न्याय परिषद्को परामर्शमा उच्च अदालतको न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गर्ने[२१७] लगायतका व्यवस्थाहरू ऐनमा गरिएको छ । उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय सम्बन्धमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारलाई सात दिनको म्याद दिई त्यस सम्बन्धमा स्पष्टीकरण माग गर्न सक्ने, निर्वाचन अधिकृतले उजुरी सहितको प्रतिवेदन आयोगमा पेश गर्ने र आयोगले निर्वाचन अधिकृतबाट प्राप्त उजुरी सहितका कागजात जाँचबुझ गरी उजुरी प्राप्त भएको मितिले सात दिनभित्र उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गरिसक्नु पर्ने[२१८] व्यवस्था ऐनले गरेको छ । त्यसै गरी राष्ट्रपति वा उपराष्ट्रपतिको पदमा निर्वाचित कुनै व्यक्ति दफा १२ बमोजिम अयोग्य रहेको अदालतबाट ठहर भएमा निज त्यस्तो पदबाट मुक्त हुने,[२१९] निर्वाचनमा उम्मेदवारले खर्च गर्न पाउने रकमको हद आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुने[२२०]र कुनै निर्वाचन अधिकृतले संविधान, कानुन, निर्देशिका, कार्यविधि र आयोगले दिएको निर्देशन विपरीत कार्य गरेमा आयोगले त्यस्तो निर्वाचन अधिकृतको नियुक्ति बदर गरी अर्को निर्वाचन अधिकृत नियुक्त गर्न वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने[२२१] समेतका व्यवस्था ऐनले गरेको छ ।

## ४.३ निर्वाचनका प्रमुख सरोकारवाला पक्षहरु र निर्वाचन आचार संहिता

मुलुकमा सम्पन्न गरिने निर्वाचनको सुव्यवस्थापनमा राजनीतिक दल, उम्मेदवार, निर्वाचन सञ्चालन गर्ने निकाय, सञ्चार जगत्, मतदाता र अनुगमनकर्ताले चनाखो भई आफ्नो तर्फबाट भुलचुक हुन नदिने प्रतिवद्धता जाहेर गर्न आवश्यक छ । निर्वाचन आचार संहिताको पालनाबिना विश्वसनीय निर्वाचन हुन सक्दैन । निर्वाचन आचार संहिताको उद्देश्य मूलत: निर्वाचनमा हुन सक्ने हिंसा वा कुनै दुर्घटना न्यूनीकरणको लागि पूर्व तयारी गर्नु, निर्वाचन अभियानको लागि निश्चित मापदण्ड तय गर्नु र राजनीतिक दल वा उम्मेदवारबाट हुन सक्ने शक्तिको दुरूपयोगलाई रोक्नु हो । यस बाहेक पनि राजनीतिक दल वा व्यक्तिले सञ्चार जगत्को गलत प्रयोग गर्ने, निर्वाचनमा खटिने वा

२१५ हे. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ३
२१६ ऐ. दफा ४ र ५
२१७ ऐ. दफा ७
२१८ ऐ. दफा १३
२१९ ऐ. दफा १४
२२० ऐ. दफा ६२
२२१ ऐ. दफा ६७

खटिएका कर्मचारी वा प्रतिनिधिहरूले अनुचित कार्य गरी कसैलाई जिताउन वा कसैलाई हराउनको लागि भूमिका खेल्ने जस्ता विषयहरू समेत पर्दछन् ।

नैतिक व्यवहार तथा आचरण निर्वाचनका लागि अत्यन्तै महत्वपूर्ण हुन्छ । व्यक्तिको आचरण सामान्यतः समाजको संस्कार र राजनीतिक वातावरणमा भर पर्दछ तथापि निर्वाचनको सन्दर्भमा केही विश्वव्यापी आचरणगत मान्यताहरू हुन्छन् जुन सबैले पालना गर्नुपर्ने हुन्छ । यस्ता आचरणगत विषयहरू सबैको लागि लागू भए पनि निर्वाचनमा संलग्न हुने प्रशासनिक तथा अन्य कर्मचारीहरूले इमान्दारितापूर्वक पालना गर्नुपर्ने हुन्छ । अधिकांश निर्वाचन प्रणालीअन्तर्गत निर्वाचन आचार र व्यवहारका सम्बन्धमा औपचारिक रूपमा "निर्वाचन आचार संहिता" को व्यवस्था गरिएको हुन्छ । आचार संहिता पनि विभिन्न देशहरूले आआफ्नै किसिमले बनाएका हुन्छन् तर विशेष गरी उम्मेदवारहरू, राजनैतिक दल, निर्वाचन अधिकारीहरू, सञ्चार जगत् र मान्यता प्राप्त पर्यवेक्षकहरूको लागि व्यवस्था गरिएको हुन्छ । केही आचार संहिता कानुनी रूपमा बाध्यकारी हुन्छन्, जसको उल्लङ्घन भएमा दण्डको व्यवस्था समेत गरिएको हुन सक्दछ । केही आचार संहिताहरूले व्यक्तिले स्वैच्छिक रूपमा गर्ने व्यवहारको मापदण्ड मात्र तय गरेको हुन्छ । उदाहरणको लागि नेपालको सन्दर्भमा निर्वाचन कसुर तथा सजाय ऐन लगायतका ऐन कानुनहरूमा भएका विभिन्न निकायले पालना गर्नुपर्ने आचरणका सम्बन्धमा दण्डको व्यवस्था गरिएको छ भने कतिपय निर्वाचन आयोगद्वारा तयार गरी लागू गरिएका नैतिक आचरण सम्बन्धी विषयमा स्वैच्छिक रूपमा लागू गर्ने मापदण्डको रूपमा मात्र लागू हुन्छन् जसमा कारबाहीको व्यवस्था नगरिएको हुन सक्दछ ।

निम्न किसिमका आचरणगत विषयहरू सामान्यतः संसारभरको निर्वाचनमा प्रचलनमा छन् :

### क. निर्वाचन प्रशासक तथा अधिकृतहरूको लागि तय गरिने मापदण्ड

- संविधान र कानुनको पालना गर्नु,
- आफ्नो कार्यमा तटस्थता कायम राख्ने र कसैको लागि विशेष ग्राह्यता नदिने वा पक्षपात नगर्ने,
- आफ्नो काम सम्पादन गर्दा कुनै पनि मूल्यवान वस्तु वा रूपैयाँ स्वीकार नगर्ने,
- निर्वाचनको प्रक्रियामा कुनै पनि व्यक्तिलाई जात, जाति, धर्म, वर्ण, लिङ्ग, राजनीतिक आस्था, क्षेत्र आदिको आधारमा भेदभाव नगर्ने,
- कर्मचारीको नियुक्ति राजनैतिक आस्था वा नाताका आधारमा नभई पेशागत दक्षता र क्षमताका आधारमा मात्र गर्ने,
- कार्यालयको सुविधा केवल कार्यालय प्रयोजनको लागि मात्र प्रयोग गर्ने, व्यक्तिगत प्रयोजनको लागि नगर्ने,
- कुनै दल वा उम्मेदवार विशेषलाई अनैतिक सहयोग गर्नको लागि कर्मचारीलाई दबाब दिने वा प्रभावमा पार्ने काम नगर्ने,
- कानुन बमोजिम आर्थिक पारदर्शिता कायम गर्ने र सार्वजनिक गर्ने,
- आर्थिक हानी नोक्सानी, जाल झेल, दुरूपयोग वा भ्रष्टाचार भएको जानकारीमा आएमा तत्काल उपयुक्त निकायमा जानकारी गराउने ।

## ख. राजनीतिक दल तथा उम्मेदवारहरूको लागि तय गरिने मापदण्ड

- संविधान र कानुनको पालना गर्नु,
- सबै प्रकारका हिंसालाई अस्वीकार गर्ने र कुनै पनि किसिमको हिंसा वा फौजदारी अपराधलाई सहयोग वा समर्थन नगर्ने,
- अर्को दलको राजनीतिक गतिविधिमा हस्तक्षेप नगर्ने र कमभन्दा कम विरोधका कार्यक्रम गर्ने,
- मतदाताको अधिकारको सम्मान गर्ने, मतदानको लागि बाध्य नपार्ने तथा डर, धाक वा धम्की नदिने,
- सञ्चार जगत्को अधिकारलाई सम्मान गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकले गर्ने अनुगमनको सम्मान गर्ने, अनुगमन कार्यमा अवरोध नगर्ने तथा आवश्यक सहयोग गर्ने,
- आधिकारिक रूपमा घोषित निर्वाचन परिणामको सम्मान गर्ने ।

## ग. सरोकारवालाहरूका लागि तय गरिने मापदण्ड

- संविधान र कानुनको पालना गर्नु,
- निर्वाचन प्रक्रियामा अन्य सरोकारवालाहरूसँग छलफल गर्दा पेशागत मर्यादा कायम राख्ने,
- निर्वाचन गतिविधिमा भएको खर्च कानुन बमोजिम पूर्णरूपमा सार्वजनिक गर्ने,
- निर्वाचन प्रक्रियामा अन्य सहभागीमाथि हुन सक्ने सबै किसिमका हिंसा, अपमान वा गाली गलौज गर्न नहुने कुरा सुनिश्चित गर्ने,
- सञ्चार जगत्को अधिकारलाई सम्मान गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकले गर्ने अनुगमनको सम्मान गर्ने, अनुगमन कार्यमा अवरोध नगर्ने तथा आवश्यक सहयोग गर्ने,
- आधिकारिक रूपमा घोषित निर्वाचन परिणामको सम्मान गर्ने ।

## घ. निर्वाचन पर्यवेक्षकहरूको लागि

- संविधान र कानुनको सम्मान गर्नु,
- निर्वाचन क्षेत्रमा प्रवेश अगावै सम्बन्धित निकायबाट मान्यता प्राप्त गर्ने,
- निर्वाचन प्रक्रियालाई असर नपर्ने गरी स्वतन्त्र र निष्पक्ष ढङ्गबाट अनुगमन गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकले गर्ने गरेका पर्यवेक्षण तथा अनुगमन वा पर्यवेक्षणका अन्तर्राष्ट्रिय मापदण्डका आधारमा निर्वाचन पर्यवेक्षण गर्ने,

- निर्वाचन प्रक्रिया, अन्य अनुगमनकर्ता र निर्वाचन अधिकारीहरूको कार्यमा हस्तक्षेप नगर्ने, आवश्यक र स्पष्ट नभएका वा मौजुदा कानुनमा उल्लङ्घन भएको शङ्का लागेको हदसम्म मात्र प्रश्न सोध्ने,
- पर्यवेक्षणका उद्देश्य सार्वजनिक रूपमा प्रतिवेदनको माध्यमबाट सार्वजनिक गर्ने,
- प्रतिवेदन तयारी गर्दा वा सार्वजनिक गर्दा आवश्यक स्थानहरूको प्रतिनिधित्व हुने गरी यथार्थपरक रूपमा गर्ने,
- पूर्णरूपेण स्वतन्त्र र निष्पक्ष रहने ।

**ङ. सञ्चार जगत्को लागि**

- संविधान र कानुनको सम्मान गर्नु,
- मतदाताको निर्वाचन सम्बन्धी समाचारमा पहुँच पुगेका कुरा सुनिश्चित गर्ने,
- निष्पक्ष, यथार्थपरक र सत्य समाचार वा टिप्पणीहरू तथ्य र तथ्याङ्कको आधारमा प्रकाशन गर्ने तथा समाचार र हल्लाको विषयमा स्रोत सहित स्पष्ट पार्ने,
- राजनीतिक दल वा कार्यकर्ता वा विशेष चासो भएका व्यक्तिहरूले गर्न सक्ने गलत सूचना सम्प्रेषणलाई इन्कार गर्ने,
- समाचार स्रोत प्रदानकर्ता, राजनीतिक नेता वा कार्यकर्ता वा अन्य व्यक्तिबाट कुनै पनि किसिमको दान, दातव्य स्वीकार नगर्ने जसका कारणले पत्रकारिताको मर्यादा र आचरणमा गम्भीर असर पर्दछ,
- सूचनाको लागि पैसा तिर्ने वा सौदावाजी गर्ने कार्यबाट टाढा रहने,
- सबै राजनीतिक विज्ञापनदाता वा अन्य व्यक्तिहरूलाई विज्ञापन दर वा पहुँचमा समान व्यवहार गर्ने,
- सञ्चार माध्यममा कुनै सूचना प्रकाशित गर्दा सो सूचना विज्ञापन वा समाचार वा सम्पादकीय के हो भन्ने कुरा स्पष्ट खुलाउने ।

## ४.४ नेपालको निर्वाचनमा निर्वाचन आचार संहिता, २०७२

निर्वाचन प्रक्रियामा निर्वाचन अगाडि, निर्वाचन अवधिभर र निर्वाचन परिणामको घोषणा नहुन्जेल हुने वा हुन सक्ने अनैतिक गतिविधिहरूलाई निषेध गर्नको लागि नेपालमा पनि हरेक निर्वाचनमा निर्वाचन आचार संहिता तयार गरी लागू गर्ने गरिएको छ । पछिल्लो समयमा जारी भई कार्यान्वयन भएको निर्वाचन आचार संहिताको मुख्य प्रावधानहरू यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ :

निर्वाचन आचार संहिताको उद्देश्य निर्वाचन आचार संहिताको प्रस्तावनाबाट नै स्पष्ट हुन्छ । जसमा आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्नु भन्ने रहेको छ । आचार संहिताको दफा ३ बमोजिम आचार संहिता लागू गर्ने व्यक्ति, संस्था र निकायमा सबै तहका सरकार र सरकारका मन्त्रीहरू, सरकारी कर्मचारीहरू, सार्वजनिक संस्थाका कार्यालय तथा

कर्मचारीहरू, सरकारी तथा अर्धसरकारी संस्थाका कर्मचारीहरू, सुरक्षा निकाय, निर्वाचनको काममा संलग्न कर्मचारी, राजनीतिक दल तथा भातृ सङ्गठन, उम्मेदवार वा सम्बन्धित व्यक्ति, सार्वजनिक पद धारण गरेको व्यक्ति, पर्यवेक्षक, सार्वजनिक तथा निजी क्षेत्रका सञ्चार माध्यम, निजी तथा गैसस, नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी र आयोगले तोकेका अन्य निकाय वा व्यक्ति पर्दछन् ।

त्यसै गरी ऐनको परिच्छेद २, दफा ४ मा उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने सामान्य आचरण[२२२] र दफा ५ मा विषयगत आचरणको[२२३] व्यवस्था गरिएको छ । विषयगत आचरणअन्तर्गत निम्न विषयहरू मिहिन रूपमा राखिएका छन् :

(क) जुलुस, आमसभा, ऱ्याली, बैठक, भेला गर्दा पालना गर्नुपर्ने आचरण,

(ख) सवारी साधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण,

(ग) प्रचार-प्रसारमा सञ्चार माध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण,

(घ) निर्वाचन खर्च सम्बन्धी आचरण,

(ङ) मौन अवधिमा पालना गर्नुपर्ने आचरण,

(च) मतदानको दिन पालना गर्नुपर्ने आचरण,

(छ) अन्य आचरण ।

त्यसै गरी परिच्छेद ३ मा नेपाल सरकार, स्थानीय तह तथा सार्वजनिक संस्थाले पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ । जसमा नेपाल सरकारका मन्त्री वा सार्वजनिक पद धारण गरेका व्यक्तिले कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न नहुने, नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न, सञ्चालन गर्न र सो प्रयोजनका लागि जनशक्ति तथा स्रोत साधनको परिचालन गर्न वा गराउन नहुने र उम्मेदवार, राजनीतिक दल, राजनीतिक दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिलाई नेपाल सरकार, सार्वजनिक संस्था वा स्थानीय तहका भवन, अतिथि गृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन हुँदैन[२२४]भन्ने व्यवस्था गरिएको छ । कर्मचारी सम्बन्धी आचरणअन्तर्गत पद सिर्जना, विज्ञापन, सुविधा वृद्धि र पुरस्कार दिन नहुने, कर्मचारीलाई निर्वाचनको काममा बाहेक अन्यत्र सरुवा, बढुवा गर्न वा काजमा खटाउन नहुने, निर्वाचनमा संलग्न रहने कर्मचारी तथा सुरक्षाकर्मीले आफ्नो पदीय कर्तव्य तटस्थ र निष्पक्ष रही गर्नुपर्ने, निर्वाचन अवधिभर मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जानबाहेक अन्य प्रयोजनको लागि नेपाल सरकारका कर्मचारी, सार्वजनिक पद धारण गरेको व्यक्ति वा स्थानीय तहका कर्मचारी विदेश भ्रमणमा जान नहुने, विगतको निर्वाचनमा आयोगले कुनै किसिमको कारबाही सिफारिस गरेको वा निर्वाचन सम्बन्धी कसुरमा कुनै अदालतबाट कसुरदार ठहरिएको सार्वजनिक पद धारण गरेको व्यक्ति वा कर्मचारीलाई निर्वाचन सम्बन्धी कुनै जिम्मेवारी

---

२२२ हे. सामान्य आचरण सम्बन्धी विस्तृत विवरण निर्वाचन आचार संहिता २०७२ को दफा ५

२२३ विषयगत आचारको लागि हे. ऐ. दफा ५

२२४ हे. ऐ. परिच्छेद ३, दफा ६,७ र ८

दिइने छैन र आयोगले राजनीतिक दलसँग आवद्ध भ्रातृ संस्थाका पदाधिकारी वा सदस्यलाई निर्वाचन सम्बन्धी कुनै जिम्मेवारी नदिने व्यवस्था गरिएको छ ।[२२५]

निर्वाचन आचार संहिताको परिच्छेद ५ मा आमसञ्चारका माध्यम, निजी तथा गैर सरकारी संस्था र पर्यवेक्षकले पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ ।[२२६] भने अनुगमन संयन्त्र, कारबाही र सजाय सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ बमोजिम हुने व्यवस्था छ ।

यसरी हरेक निर्वाचनमा सम्बन्धित सरोकारवालासँगको छलफल तथा सहमतिका आधारमा निर्वाचन आयोगले निर्वाचन आचार संहिताको व्यवस्था गरी लागू गर्ने गरेको भए पनि कार्यान्वयन पक्ष अत्यन्तै फितलो भएको, राजनीतिक दल, उम्मेदवार, समर्थक, मतदाता, अनुगमनकर्ता, निर्वाचन पर्यवेक्षक र सुरक्षा निकायबाट निर्वाचन आचार संहिताको पालना नहुने गरेको, आचार संहिताको पालना भए नभएको सम्बन्धमा गरिने अनुगमन प्रणाली कमजोर रहेको, आचार संहिताको पालनामा कडाई गर्न नसकिएको, आचार संहिता उल्लङ्घन भएकोमा उचित कारबाही नहुने गरेको कारण निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा नहुने गरेका गुनासाहरू हरेक निर्वाचनमा आउने गरेका छन् । खास गरी राजनीतिक दलहरू तथा उम्मेदवारमा आर्थिक पारदर्शिता नहुने गरेको, निर्वाचनमा शक्ति अनुसार धाँधली हुने गरेको, मतदातालाई डर, धाक, धम्की दिने वा अनुचित प्रलोभनमा पार्ने गरिएको, सार्वजनिक स्रोत र साधनको दुरूपयोग हुने गरेको, निर्वाचनमा खटिने अधिकारीहरूलाई अनुचित प्रभावमा पार्ने गरिएको, निर्वाचन अनुगमनकर्ता र पर्यवेक्षकहरूले नै दलको पक्ष र विपक्षको आधारमा अनुगमन वा पर्यवेक्षण गर्ने गरेको, सुरक्षा निकाय तथा मतदान अधिकृतहरू नै अनुचित प्रभाव र दबाबमा पर्ने गरेको जस्ता चुनौतीहरू देखा परेका छन् । यस किसिमको समस्याको निराकरणको लागि आर्थिक कारोवारको सीमा तोकी कडाईका साथ लागू गर्ने, आर्थिक कारोवार बैंक मार्फत मात्र गर्न अनिवार्य गर्ने, निर्वाचन अत्याधुनिक भोटिङ मेसिन मार्फत गर्ने व्यवस्था गर्ने, मतदाता शिक्षा व्यापक गर्ने र निर्वाचन आचार संहिता अत्यन्त कठोर बनाई इमान्दारिताका साथ कार्यान्वयन गर्ने व्यवस्था गर्न आवश्यक छ ।

२२५ ऐ. दफा ९ देखि १३
२२६ ऐ. दफा १४, १५ र १६

# परिच्छेद - पाँच

## लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी कानुन, नीति तथा अन्तर्राष्ट्रिय अभ्यासहरू

### ५.१ पृष्ठभूमि

नेपाल सामाजिक विविधताले भरिपूर्ण ज्यादै नै धनी मुलुक हो । जात, जातीयता, भाषा र धर्मका आधारमा सिर्जना भएको विविधतापूर्ण उपस्थिति नेपालको मुख्य विशेषता रहेको छ । यसरी नै विविधतामा एकता नेपालमा सामाजिक एकता कायम राख्ने प्रमुख सिद्धान्तको रूपमा रहेको छ । नेपालमा रहेका विभिन्न जात जाति, भाषा, धर्म र क्षेत्रीयतालाई इन्द्रेणीको रूपमा व्याख्या गर्न सकिन्छ जुन सँगै भएर पनि फरक पहिचान राख्दछन् । यति हुँदा हुँदै पनि विगतमा भएको भेदभाव, बहिष्करण र सामाजिक तहगत संरचनाका कारण सबै नेपाली समुदायहरू  समान रूपमा विकसित हुन सकेका छैनन् । जात, क्षेत्र, वंश, जातीयता, लिङ्ग, यौनिक झुकाव, धर्म जस्ता कुराहरू यस्तो बहिष्करण र भेदभावका लागि आधारको रूपमा रहेका छन् । विभेदहरूको अन्त्य गर्न र सबै समूहको समावेशीकरणसँगै अस्तित्वको सम्मानको लागि विभिन्न संवैधानिक कानुनी र व्यावहारिक प्रयासका साथै नेपालको न्यायपालिकाबाट समेत विभिन्न व्याख्याहरू भएका छन् । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा नेपालको संविधान, कानुन र नीतिमा भएका निर्वाचनका सन्दर्भमा प्रतिनिधित्व सम्बन्धी मुख्य व्यवस्थाहरू लगायत केही अन्तर्राष्ट्रिय अभ्यासहरू यहाँ सङ्क्षिप्तमा उल्लेख गर्ने प्रयास गरिएको छ :

### ५.२ लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यासहरू

लैङ्गिक तथा सामाजिक समावेशीकरण राज्यका हरेक तहमा कसरी सुनिश्चत गर्ने भन्ने विषय संसारका धेरै देशहरूको लागि एउटा महत्वपूर्ण एजेन्डा भएकाले विभेदमा परेका र सीमान्तकृत समुदायहरूलाई उनीहरूको अवस्थामा व्यावहारिक रूपमा परिवर्तन ल्याउन सक्ने गरी मापदण्ड तय गर्ने अभ्यासहरू भएका छन् । संवैधानिक तथा कानुनी प्रत्याभूति र राजनीतिक दलहरूको प्रतिवद्धताले मात्र लाभबाट वञ्चित समूह र समुदायहरूलाई मुलुकको मूल प्रवाहमा प्रवाहीकरण गर्दछ । साथै, यसले राष्ट्र निर्माणमा अपनत्वको भावना जागृत गर्दै सबैका लागि आधारभूत मानव अधिकारको उपभोगको सुनिश्चितता गर्दछ भने यसले समतामूलक र न्यायपूर्ण समाजको स्थापनामा योगदान पुर्‍याउँदछ । उदाहरणको लागि राजनीतिमा महिलाको न्यून प्रतिनिधित्वको समस्या समाधान गर्ने सम्बन्धमा विश्वव्यापी रूपमा सुरू भएको निर्वाचन लैङ्गिक कोटा (electoral gender quota) को व्यवस्था एउटा महत्वपूर्ण उपाय रहेको देखिन्छ । सन् २००९ सम्ममा करिब ५० देशहरूले लैङ्गिक कोटा सम्बन्धी कानुनको तर्जुमा गरिसकेका थिए ।[२२७] यस सम्बन्धमा प्रतिनिधिमूलक रूपमा केही देशहरूको अभ्यासलाई यहाँ उल्लेख गर्ने प्रयत्न गरिएको छ ।

---

[२२७]. *हे. आइ.पी.यू. इज पार्लियामेन्ट ओपन टु वुमेन : एन एप्राइजल, रिपोर्ट एन्ड डकुमेन्ट नं.६२, पृ. २३*

- दक्षिण अफ्रिकामा अन्यायपूर्ण रूपमा भेदभावमा परेका व्यक्ति वा वर्गको संरक्षण र उत्थान गर्न कानुनी र अन्य उपायहरू अवलम्बन गर्न सक्ने व्यवस्था गरिएको छ । यसले सांस्कृतिक, धार्मिक र भाषिक समुदायहरूको प्रवर्द्धन तथा संरक्षणका लागि सांस्कृतिक, धार्मिक र भाषिक समुदायहरूको प्रवर्द्धन तथा संरक्षण आयोग र लैङ्गिक समानता, संरक्षण र विकासका लागि लैङ्गिक समानता आयोगको व्यवस्था गरेको छ । सिद्धान्ततः गणतन्त्र दक्षिण अफ्रिकाको संविधानले समानुपातिक प्रतिनिधित्वलाई एउटा सूत्रको रूपमा नै अपनाएको छ र महिलाको सहभागितालाई सुनिश्चित गरेको देखिन्छ । दक्षिण अफ्रिकामा राष्ट्रिय सभा, प्रादेशिक विधायिका र नगरपरिषद्का सदस्यहरूको निर्वाचन समानुपातिक प्रतिनिधित्वका आधारमा हुन्छ ।
- बोलिभियामा आदिवासी, मूलवासी (Originary) वा क्याम्पेसिनो (Campesino) जनता र समुदायहरू मध्येबाट उनीहरूको आफ्नै मान्यता तथा कार्यविधिको प्रयोग गरी "अधिकारी र प्रतिनिधिहरूको निर्वाचन, नियुक्ति वा मनोनयन" को व्यवस्था गरेको छ । महिला र पुरूषको समान सहभागिताको प्रत्याभूति गर्दै प्रत्येक दल, नागरिक समाज वा आदिवासी जनताले प्राप्त गर्ने समानुपातिक मतले उपप्रमुखहरूको सङ्ख्यालाई प्रतिविम्बित गर्नुपर्ने प्रावधानसहित समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छ ।
- क्युवामा महिला अधिकार सम्बन्धमा राष्ट्रिय, प्रादेशिक र नगरपालिका सभाहरूमा सहभागिता र समानुपातिक प्रतिनिधित्वको व्यवस्था सैद्धान्तिक रूपमा गरिएको छ ।
- अर्जेन्टिनामा महिला र पुरूषहरूलाई निर्वाचन तथा राजनीतिक दलका पदहरूमा समान अवसरहरूको प्रत्याभूत गरेको छ । यस्तो व्यवस्था राजनैतिक दलहरूका नियमावली तथा निर्वाचन सम्बन्धी नियमहरूमा सकारात्मक पहलका प्रावधानहरू राख्न लगाई गरिएको छ । यसरी नै प्रतिनिधित्वको सुनिश्चितताका लागि समानुपातिक प्रतिनिधित्वको व्यवस्था अवलम्बन गरिएको छ ।
- भारतको संविधानले अनुसूचित जाति र अनुसूचित जनजातिलाई उनीहरूको जनसङ्ख्याका आधारमा हरेक पञ्चायत र नगरपालिकामा सिटको आरक्षण गर्नुपर्ने कुरा सुनिश्चित गरेको छ । त्यस मध्येबाट पनि एक तिहाइ सिट ती समुदायका महिलाका लागि आरक्षित गरिएको छ भने अनुसूचित जाति र अनुसूचित जनजाति तथा एङ्लो इन्डियनका लागि लोक सभा र विधान सभामा सिटको आरक्षण गरिएको छ । यस्तो आरक्षण ६० वर्षपछि स्वतः समाप्त हुने उल्लेख छ ।
- क्यानाडा र बेल्जियमले जातीय विविधतालाई आआफ्ना संविधानमा मान्यता प्रदान गरेका छन् भने सकारात्मक विभेदको सिद्धान्तलाई अवलम्बन गरेका छन् । बेल्जियमको संविधानले तीनवटा समुदायहरू र चार वटा भाषिक क्षेत्रहरूलाई मान्यता दिएको छ । संसद्मा डच, फ्रेन्च, फ्लेमिस र अन्य समुदायको समानुपातिक प्रतिनिधित्व रहेको हुन्छ ।
- इथियोपियाको संविधान, १९९५ ले जातीय-भाषिक रूपमा विभाजित नौवटा राज्यहरू र दुईवटा सङ्घीय सहरहरू (आदिस अब्बाबा र दिरे दावा) रहेको सङ्घको स्थापना गरेको छ ।
- फ्रान्सले महिला र अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षण उपलब्ध गराएको छ ।

- नाइजेरियाले निश्चित जातीय समूहहरूका लागि सकारात्मक उपायहरू अवलम्बन गरेको छ ।
- ब्राजिलमा जातीय अल्पसङ्ख्यक (काला तथा आदिवासी ब्राजिलियन), विपन्न र अपाङ्गता भएका व्यक्तिहरूलाई आरक्षण सुनिश्चित गरिएको छ ।
- त्यसै गरी, सिरिया र लेबनानमा निश्चित धार्मिक अल्पसङ्ख्यकहरूका लागि संसद्मा सिट आरक्षण गरिएको छ ।
- रूवाण्डामा निर्वाचनमा आधारित सिट आरक्षणको व्यवस्था गरिएको छ । प्रत्येक जिल्लाबाट दुई जना महिला निर्वाचित हुनैपर्छ जसका कारण रूवाण्डामा ५६.३ प्रतिशत महिला सांसद्हरूको उपस्थिति हुन पुगेको छ ।
- स्विडेनमा राजनीतिक दलका उम्मेदवारको सूचीका लागि स्वैच्छिक कोटाको व्यवस्था छ । वामपन्थी दलहरूले "प्रत्येक दोस्रो महिला" भन्ने सिद्धान्त अवलम्बन गरेका छन् । जसअनुसार उम्मेदवारको सूचीका लागि ५० प्रतिशत स्वैच्छिक कोटाको व्यवस्था हुन्छ ।
- दक्षिणपन्थी राजनीतिक दलहरूको कोटासम्बन्धी कुनै नियम नभए तापनि आफ्नो सूचीमा पुरूष र महिला उम्मेदवारलाई आलोपालो महिला सांसद्हरूको सङ्ख्याका आधारमा चयन गर्ने स्विडेनमा महिलाको प्रतिनिधित्व पचास प्रतिशतको हाराहारीमा छ ।
- कोस्टारिकामा सबै दलहरूका लागि व्यवस्थापिकाको उम्मेदवार सम्बन्धी ४०% कोटाको व्यवस्था गरिएको पाइन्छ । यसको पालना नगरेको अवस्थामा दण्डको व्यवस्था गरिएको छ, जसमा राजनीतिक दलको सूची अस्वीकार हुने सम्भावना पनि एक हो ।

## ५.३ नेपालको संविधान र निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

नेपालको संविधानमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सम्बन्धमा विभिन्न व्यवस्थाहरू गरिएका छन् । महिलाको हकअन्तर्गत राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुने, राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने तथा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने जस्ता महत्वपूर्ण मौलिक हकको व्यवस्था संविधानले गरेको छ । त्यसै गरी, राष्ट्रपति र उपराष्ट्रपति, प्रतिनिधि सभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष तथा प्रदेश सभाका सभामुख र उपसभामुखको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने जस्ता व्यवस्थाहरू संविधानले गरेको छ ।

संविधानको धारा ५१ मा व्यवस्था भएको राज्यका नीतिहरू अन्तर्गत ५१(ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरिएको छ, जसअन्तर्गत विभिन्न समुदायलाई उनीहरूको सिप, क्षमता र योग्यताका आधारमा अवसरहरू उपलब्ध गराउने व्यवस्थाहरू गरिएका छन् । संविधानमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको

निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस, आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने, यसरी दलले उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी व्यवस्था गर्नुपर्ने व्यवस्था छ। सङ्घीय संसद् तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था गरिएको छ। राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना गरी जम्मा ५९ जना सदस्य रहने व्यवस्था गरिएको छ।

प्रत्येक गाउँपालिका वा नगरपालिकामा अध्यक्ष/प्रमुख वा उपाध्यक्ष/उपप्रमुख मध्ये दुवै स्थानमा उम्मेदवारी दिने राजनीतिक दलबाट अनिवार्य रूपमा एक जना महिला उम्मेदवार हुनु पर्ने, गाउँ सभा वा नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने दलित वा अल्यसङ्ख्यक समुदायबाट गाउँ वा नगर कार्यपालिकाको सदस्य रहने व्यवस्था छ भने राजनीतिक दलको कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्ने जस्ता महत्वपूर्ण व्यवस्थाहरू गरिएका छन्।

## ५.४ कानुनमा भएका व्यवस्थाहरु

निर्वाचन सम्बन्धी व्यवस्थाका सम्बन्धमा परिच्छेद ४ मा उल्लेख भएका सम्पूर्ण कानुनहरूमा संविधानको व्यवस्था बमोजिम समावेशीकरण सुनिश्चित गर्ने व्यवस्था गरिएको छ। त्यसका लागि निर्वाचन आयोगले समावेशीकरण सुनिश्चित भए नभएको जाँच गर्ने व्यवस्थाका अतिरिक्त आयोगलाई राजनीतिक दललाई आवश्यक निर्देशन दिने लगायतका जिम्मेवारीहरू दिइएको छ।

## ५.५ लैङ्गिक तथा समावेशीकरण नीति

नेपालले सबै प्रकारका भेदभाव उन्मूलन गर्ने, लैङ्गिक समानता कायम गर्ने र सामाजिक न्याय प्रत्याभूत गर्ने प्रतिवद्धता अन्तर्राष्ट्रिय स्तरमा जाहेर गरेको छ[२२८] भने उक्त प्रतिवद्धतालाई पूरा गर्न विभिन्न संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने प्रयास पनि गरेको छ। उक्त कार्यको लागि नेपाल सरकार र विकास साझेदारहरूले विभिन्न नीतिहरू जारी गरी कार्यान्वयन गरेका छन्। लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धमा नेपाल सरकारले विभिन्न सातवटा मन्त्रालयगत क्षेत्र (कृषि, शिक्षा, वन, स्वास्थ्य, स्थानीय विकास र सङ्घीयता, शहरी विकास र खानेपानी तथा सरसफाई) बाट नीति तथा आधारपत्रहरू तयार गरी कार्यान्वयन गरेको छ जसले समावेशी राज्य निर्माणको लागि गरिएको प्रतिवद्धताहरू व्यवहारमा उतार्न सकोस्। उक्त नीतिहरूमा २ वटा मुख्य तत्वहरू रहेका छन् जसले राज्यको समावेशीकरण तर्फको प्रतिवद्धता पुनर्पुष्टि गर्दछ। अर्को, यसले समावेशीकरणको लागि के गर्ने, कसरी गर्ने भन्ने जस्ता विषयमा

२२८ ADB, Overview of Gender Equality and Social Inclusion in Nepal, 2010, P.4

व्यावहारिक रूपमा निर्देशन गर्दछ ।[२२९] त्यसै गरी नेपालले लैङ्गिक समानता तथा समावेशीकरण नीति, २०६६[२३०] जारी गरेको छ । उक्त नीतिमा निम्न विषयहरू उल्लेख गरिएका छन् :

क. पछाडि परेका वा पारिएका वर्ग, समुदायका जनताको विकासको लागि कार्यक्रमहरूलाई कार्यान्वयन गरी समानुपातिक विकास गरिने छ ।

ख. विकासलाई सामाजिक समावेशीकरण र लैङ्गिकीकरण गरिदै लगिने छ ।

ग. महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, उत्पीडित, विपन्न वर्ग अपाङ्ग तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागितातर्फ कार्य गरिने छ ।

घ. महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, विपन्न वर्ग तथा पिछडिएको वर्गहरूको सशक्तीकरण गर्दै लगिने छ ।

ङ. महिला, बालबालिका, आदिवासी जनजाति, मानव अधिकारका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसङ्घ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिने छ ।

त्यसै गरी नेपाल सरकारको २०७६/०७७ को नीति तथा कायक्रममा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धमा निम्न कुराहरू समावेश गरिएको छ ।[२३१]

क. सरकारले महिला हिंसा हुन दिने छैन । हिंसा पीडित महिलाको उद्धार, राहत मनोसामाजिक परामर्श र कानुनी उपचारका लागि पुनर्स्थापना केन्द्रहरू विस्तार गरिनेछ । दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरूको हवाई उद्धार गरी उपचार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

ख. बालबालिकाको संरक्षण र हेरचाह गर्ने,

ग. ज्येष्ठ नागरिकको ज्ञान सिपको उपयोग गर्ने,

घ. अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास र रोजगारीको कार्यक्रम सञ्चालन गर्ने, र

ङ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामुदायिक एवं गैरसरकारी संस्थाहरूलाई जवाफदेही र मर्यादित बनाउँदै पारदर्शी र व्यवस्थित रूपमा परिचालन गर्ने ।

**नोट** : नीति तथा कार्यक्रममा प्रतिनिधित्वको विषय उल्लेख गरिएको छैन । यस बाहेक पनि नेपाल सरकारले अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति, २०६३ जारी गरी कार्यान्वयनमा ल्याएको छ ।[२३२]

---

२२९ Gender Equality and Social Inclusion Working Group, International Development Partners Group (IDPG), Nepal, A Common Framework for Gender and Social Inclusion, Pub. by IDPG, 2017, P-2 at https://www.undp.org/content/dam/nepal/docs/generic/GESI%20framework%20Report_Final_2017.pdf

२३० हे. नेपाल सरकारको लैङ्गिक तथा समावेशीकरण नीति २०६६ - तलको लिङ्कमा https://www.opmcm.gov.np/wp-content/uploads/npolicy/Local/GESI%20Policy.pdf

२३१ हे. नेपाल सरकारको २०७६/०७७ को नीति तथा कायक्रम २०७६ वैशाख, बूँदा नं. १८० देखि १८५, https://www.opmcm.gov.np/download/नीति-तथा-कार्यक्रम-२०७६-०/?wpdmdl=5193

२३२ हे. नेपाल सरकारको २०७६/०७७ को नीति तथा कायक्रम २०७६ वैशाख, बूँदा नं. १८० देखि १८५, https://www.opmcm.gov.np/download/नीति-तथा-कार्यक्रम-२०७६-०/?wpdmdl=5193

# खण्ड - दुई

## निर्वाचन न्याय सम्बन्धी नेपाल कानून र न्यायिक दृष्टिकोण

# परिच्छेद - छ
## निर्वाचन न्याय प्रणाली र संयन्त्र

### ६.१ परिचय

लोकतन्त्रको सम्बर्द्धन र संरक्षणका लागि निर्वाचन न्याय एक आधारभूत पक्ष हो। जसले निर्वाचनका कानुनी प्रक्रियाहरू र नागरिकको राजनीतिक अधिकारको संरक्षण गर्नमा सहजीकरण गर्दछ। निर्वाचनलाई स्वतन्त्र निष्पक्षताको कसीमा उतार्ने यो नै एक कानुनसम्मत बाटो हो, जहाँ कानुनी लगायतका उपचारको उपायहरूको गुञ्जाइस रहन्छ। यस प्रकारको कानुनी प्रबन्धले एकातर्फ निर्वाचन व्यवस्थापन गर्ने निकायको महत्वलाई थप उजागर गर्दछ भने अर्कातर्फ निर्वाचनका सन्दर्भमा राजनीतिक, प्रशासनिक/ व्यवस्थापकीय र कानुनी संरचनाको सहअस्तित्वलाई पक्षपोषण गर्दछ। राजनीतिक रूपले विभक्त र प्रतिस्पर्धी स्वभावका कारण जुनसुकै निर्वाचनले केही न केही प्राविधिक जटिलताहरू सिर्जना गरेकै हुन्छन् जसबाट जोगिन र कानुनी वैधता प्रदान गर्न समेत निर्वाचनको न्यायिक पुनरावलोकनका लागि एक प्रभावकारी र चुस्त निर्वाचन न्याय प्रणालीको व्यवस्था अत्यावश्यक हुन आउँछ।

उचित निर्वाचन न्याय प्रणालीबिना हामी कुनै पनि निर्वाचनको विश्वसनीयता र वैधता सुनिश्चित गर्न सक्दैनौं। हामी जनताको निर्वाचन सम्बन्धी अधिकारको सुरक्षाको सुनिश्चितता गर्न पनि सक्दैनौं। निर्वाचन सम्बन्धी न्यायको धारणा अनुसार सबै निर्वाचन प्रक्रिया कानुन बमोजिम सञ्चालन हुनु पर्दछ। जनताको निर्वाचन सम्बन्धी अधिकारको संरक्षण प्रभावकारी ढङ्गबाट प्रवर्द्धन र परिपूर्ति गर्नुपर्दछ। यदि नागरिकलाई आफ्नो अधिकार हनन् भएको अनुभूति भएको छ भने निर्वाचन न्यायले तिनीहरूलाई पूर्ण न्याय सहित क्षतिपूर्ति खोजी गर्न सक्ने र सम्बन्धित निकायबाट न्याय प्राप्त गर्न सक्ने क्षमता प्रदान गर्नुपर्छ। यसर्थमा निर्वाचन न्यायले नागरिकका निर्वाचन सम्बन्धी अधिकारहरू सुनिश्चित गर्न एक प्रमुख साधनको भूमिका निर्वाह गर्नुपर्छ। भरपर्दो निर्वाचन न्यायले जनतामा निर्वाचन प्रक्रियाप्रति भरोसा र विश्वसनीयता बढाउँछ। यसले सरकारलाई वैधता प्रदान गर्छ जसको माध्यमबाट लोकतन्त्रको सुदृढीकरण र प्रशासनको सबलीकरण सुनिश्चित हुन जान्छ।

संसारका सबै मुलुकमा निर्वाचनका क्रममा केही न केही विवाद वा गुनासा कुनै न कुनै रूपमा सार्वजनिक भएकै हुन्छन्। निर्वाचन सञ्चालनका क्रममा आएका यस्ता विवाद वा गुनासाहरूलाई भविष्यमा हुने निर्वाचनमा क्रमशः न्यूनीकरण गर्दै लैजानु नै एउटा मुख्य र उपयुक्त विकल्प हो। निर्वाचन विधि र प्रक्रियाको पारदर्शिताले निर्वाचनलाई विश्वसनीय बनाउँदछ। निर्वाचन विवादहरूको छोटो समयमा निरूपण भई निर्वाचन न्याय प्रदान गर्न सकिएमा यसले निर्वाचन व्यवस्थापन गर्ने निकायको साख बृद्धि भई समग्रमा निर्वाचनको विश्वसनीयतामा बृद्धि हुन्छ। कानुनी राज्यको अवधारणाअन्तर्गत न्याय निरूपण गर्ने न्यायालय स्वतन्त्र, सक्षम र पारदर्शी हुनुपर्ने मान्यता राखिन्छ। निर्वाचन सम्बन्धी न्याय प्रशासनको लागि स्वतन्त्र, भयरहित दक्ष जनशक्ति, स्पष्ट कानुन, सक्षम निकाय हुनु आवश्यक छ, जसले निष्पक्ष न्याय निरूपण गर्न सक्दछ। त्यसको लागि आवश्यक क्षमतामूलक तालिम व्यावसायिक दक्षताको विकास र पर्याप्त स्रोत साधन आवश्यक हुन्छ। आक्रा (घाना) मा भएको २०११ को न्यायाधीशहरूको बैठकले निर्वाचन न्याय

प्रदान गर्ने निकायको केही आधारभूत मापदण्डहरू तय गरेको छ, जसमा इमान्दारिता, सहभागिता, कानुनसम्मत निष्पक्षता तथा पक्षपातरहितता, पेशागत मर्यादा, स्वतन्त्रता, पारदर्शिता, समयवद्धता, हिंसारहितता तथा नियमितता र सर्वस्वीकार्यता पर्दछन् ।[२३३]

निर्वाचन न्यायले कानुनी राजको परिपालना र नागरिकका मताधिकारको सुनिश्चितता गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ भने निर्वाचन न्यायको यथोचित व्यवस्था र यसको परिपालनाले गर्दा निर्वाचनमा हुन सक्ने हिंसात्मक द्वन्द्वका शृङ्खलाहरूलाई रोक्न समेत सहयोग पुऱ्याउँदछ । निर्वाचन स्वतन्त्र, स्वच्छ, निष्पक्ष र वास्तविक  हुनुपर्ने र निर्वाचनमा कानुनद्वारा निर्धारित योग्यता पुगेका व्यक्ति मात्र निर्वाचित हुनु पर्दछ भन्ने विषयलाई निर्वाचन विवाद निरूपण प्रणालीका सिद्धान्तको रूपमा हेर्ने प्रचलन समेत छ भने निर्वाचन विवाद निरूपणको लागि कानुनका सामान्य सिद्धान्तहरू समेत निर्वाचन न्यायको सम्बन्धमा पनि लागू हुन्छन् । उक्त सिद्धान्तहरू संवैधानिकता, वैधानिकता, कानुनको उचित प्रक्रिया र स्वच्छ सुनुवाइको आधारमा हुनुपर्ने, निर्वाचन विवाद निरूपण गर्ने निकाय स्वाधीन हुनुपर्ने, विवाद निरूपण कार्यविधि पारदर्शी हुनुपर्ने, विवाद निरूपण शीघ्र  र समयमै हुनुपर्ने, विवाद निरूपण प्रक्रियामा समय तथा खर्चको हिसाबले सहज पहुँच हुनुपर्ने र निश्चित समयमा कुनै उजुर वा विरोध गर्नुपर्ने भए त्यस्तो उजुरी वा विरोध नगरे त्यस्तो काम कारबाही यथावत् रहने जस्ता विषयहरू पर्दछन् ।

नेपालको निर्वाचन न्याय प्रणालीमा अर्धन्यायिक र न्यायिक दुवै प्रकृतिको प्रक्रिया अवलम्बन गरिएको छ । खास गरी निर्वाचन परिणाम घोषणा अगाडिको चरणमा अर्धन्यायिक पद्धति र निर्वाचन पश्चात् न्यायिक प्रणाली अपनाइएको छ । सङ्क्षिप्त कार्यविधि बमोजिम न्याय निरूपण गर्नुपर्ने, न्यायका मान्य सिद्धान्त, कानुनका सामान्य सिद्धान्त, प्राकृतिक न्यायका सिद्धान्त लगायतका आधारमा निष्पक्ष र पारदर्शी ढङ्गबाट निर्वाचन न्याय निरूपण गर्ने व्यवस्था छ । यसका लागि निर्वाचन आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत, अनुगमनकर्ता र नाम दर्ता अधिकारी लगायतलाई अर्धन्यायिक रूपमा र सर्वोच्च अदालतको संवैधानिक इजलास, उच्च अदालत र जिल्ला अदालतलाई न्याय निरूपण गर्ने अधिकारहरू सुम्पिएको छ ।

## ६.२ निर्वाचन न्याय र निर्वाचन न्याय प्रणाली

निर्वाचन न्याय भन्नाले निर्वाचन प्रक्रियाअन्तर्गत निर्वाचनसँग सम्बन्धित कानुन, मापदण्ड र सिद्धान्त विपरीत देखा पर्ने वा पर्न सक्ने विवादहरूको सम्बन्धमा निर्वाचन प्रक्रियामा भएका त्यस किसिमका घटनाहरू वा विवादहरूबाट पीडकलाई कारबाही गर्ने र मर्का पर्ने पक्षलाई कानुन बमोजिम उचित न्याय प्रदान गर्ने प्रक्रिया वा तरिका हो । अर्थात्, निर्वाचन सम्बन्धी क्रियाकलाप तथा प्रक्रियासँग सम्बन्धित निर्णयहरू जो मौजुदा संविधान, कानुन, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूका साथै स्थानीय रीतिथिति र प्रचलनहरू मार्फत नागरिकका निर्वाचन सम्बन्धी अधिकारलाई सुनिश्चित गर्ने एक समग्र न्यायिक प्रबन्ध हो । यस्तो न्यायिक प्रबन्ध नागरिकले आफूलाई प्राप्त निर्वाचन अधिकार असुरक्षित भएको वा खोसिएको ठानेमा सो उपर न्यायिक

---

२३३ Bawaslu, International IDEA, Electoral Justice System Assessment Guide, Pilot Conference, 2-3 May 2018, Jakarta, Indonesia, P. 14, see at https://www.idea.int/sites/default/files/publications/electoral-justice-system-assessment-guide-pilot-conference.pdf. Also see https://integrityaction.org/material/electoral-justice-principles-accra-principles


उपचारका लागि उजुरी गर्न पाउने, सोको यथोचित सुनुवाइ हुने र न्यायिक पुनरावलोकन हुने कुरालाई सुनिश्चित गर्दछ ।

त्यसै गरी निर्वाचन न्याय प्रणाली भन्नाले नागरिकको निर्वाचन सम्बन्धी अधिकारको सुनिश्चितता र उक्त अधिकार हनन भएमा प्राप्त गर्ने उपचार प्रणाली हो । यो निर्वाचन अधिकारको सुनिश्चितताको प्रत्याभूति एवम् मतदातालाई निर्भिक रूपमा मतदान प्रक्रियामा ढुक्क भई भाग लिन सक्ने वातावरण बनाउन प्रबन्ध गरिएका कानुनी उपाय वा संयन्त्रहरू जो राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी मान्यता, निर्वाचन न्यायका मान्य सिद्धान्त र अभ्यास अनुकूल छन् । निर्वाचन न्याय प्रणालीको उपयुक्त परिपालनाबाट समाज क्रमशः पारदर्शी, समावेशी, एवम् समानताको आधारमा अघि बढ्दै लोकतान्त्रिक आचरण र व्यवहारमा रूपान्तरित हुँदै जाने प्रबल सम्भावना रहन्छ भने यस प्रणालीको दुरूपयोगका कारण समाजमा द्वन्द्व, अराजकता, राजनीतिक अस्थिरता पैदा हुने सम्भावना समेत त्यत्तिकै मात्रामा हुन्छ ।

त्यसको लागि निर्वाचन न्याय प्रणालीले विवाद निरूपण प्रक्रियामा पारदर्शिता कायम राख्दै योग्य व्यक्ति निर्वाचित हुन सक्ने आधारलाई बल प्रदान गर्नुपर्छ र निर्वाचित प्रतिनिधिहरूमा उत्तरदायित्व र जिम्मेवारीको भावना सिर्जना गर्न एउटा माध्यमको रूपमा काम  गर्न सक्नुपर्दछ भने सधैं निष्पक्ष, स्वतन्त्र र विश्वसनीय निर्वाचनका मूल्य मान्यता र सिद्धान्तहरूलाई सम्बर्द्धन र सम्मान गर्न मुखरित छ भन्ने कुराको सुनिश्चितता हुनुपर्दछ । निर्वाचन न्याय प्रणालीले जनताको राजनीतिक अधिकारलाई संरक्षण गर्न, नागरिकलाई शान्ति र स्थायित्व प्रदान गर्दै देशलाई दीर्घ सङ्क्रमणबाट बाहिर निकाल्नको निम्ति अहम् भूमिका निर्वाह गर्न आवश्यक छ । त्यसै गरी एउटा सक्षम निर्वाचन न्याय प्रणालीले निर्वाचनका कानुनी रूपरेखालाई उल्लङ्घन गर्न खोज्ने प्रयासलाई रोक्न सक्ने हुनुपर्छ । यदि कुनै अवस्थामा कानुन उल्लङ्घन भइहालेमा त्यस्ता क्रियाकलापलाई प्रभावकारी ढङ्गबाट समाधान गर्न दण्डात्मक वा सुधारात्मक उपायहरूको निम्ति कानुनी उपचारको व्यवस्था गर्दै न्याय खोज्नेहरूको लागि सजिलो पहुँच प्रदान गर्नुपर्छ । त्यसका साथ साथै सम्भावित नक्कली उजुरी दिने प्रवृत्तिलाई रोक्ने प्रयास समेत गर्नुपर्दछ ।

निर्वाचन न्यायअन्तर्गत न्यायिक पुनरावलोकनका तीनवटा चरणहरूको स्पष्ट खाका पाइन्छ । रोकथाम वा प्रवर्द्धनात्मक चरण जहाँ विवादको सुरु विन्दुमा नै त्यसको निरूपण गर्ने आपसी समझदारी गरिन्छ वा विवादलाई जटिल बन्ने अवसर नै दिइँदैन । जसको लागि उपयुक्त कानुन, संस्थागत संयन्त्र, प्रभावकारी आचार संहिता र त्यसको पालना तथा व्यापक नागरिक शिक्षा आदि यसअन्तर्गत पर्दछन ।  न्यायिक प्रक्रिया वा कानुनी प्रक्रिया भने संरचनागत चरण हो । यसअन्तर्गत सुधारात्मक र दण्डनीय व्यवस्थाको अनुसरण गरिन्छ । त्यसै गरी तेस्रो चरणअन्तर्गत विवाद निरूपणको अनौपचारिक उपायको अवलम्बन विश्वका कतिपय मुलुकहरूले गर्ने प्रचलन बढेको पाइन्छ । जहाँ विवाद निरूपणका विकल्पहरूको पहिचान र उपयोग गर्ने गरिन्छ । निर्वाचन न्यायका यस्ता चरण र तत्वहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

**निर्वाचन न्यायका तत्वहरू (Key Elements)**




## ६.३ निर्वाचन न्याय सम्बन्धी अन्तर्राष्ट्रिय कानुन

निर्वाचन न्यायलाई छुट्टै अवधारणाका रुपमा नभैकन न्यायको अवधारणाकै विशिष्टिकृत रूपमा हेर्नुपर्ने हुन्छ। त्यसैले मानव अधिकार सम्बन्धी महासन्धिहरू र सो सम्बन्धमा सम्बन्धित निकायबाट विकसित विधिशास्त्रलाई नै निर्वाचन न्यायको पनि विधिशास्त्रको रूपमा बुझ्नुपर्ने हुन्छ। न्याय सम्बन्धी हकका विविध पक्षहरू निर्वाचन न्यायका सम्बन्धमा पनि आकर्षित हुन जान्छ। त्यसका अतिरिक्त निर्वाचनमा सहभागिता जनाउने र निर्वाचन सम्बन्धी विवादहरूको न्यायोचित रूपले छिटो छरितो, कम खर्चिलो र प्रभावकारी ढङ्गले निप्टारा गर्ने कुराहरू नै यसको मुख्य प्राथमिकता हुन जान्छ। जस अनुसार विभिन्न मानव अधिकार सम्बन्धी महासन्धिहरूमा उल्लेख भएका आधारमा निम्न कुराहरूलाई विशेष रूपले उल्लेख गर्न सकिन्छ :

क. निर्वाचनसँग सम्बन्धित विषय हेर्नको लागि न्यायिक निकायको व्यवस्था गरिएको हुनुपर्ने,

ख. निर्वाचनसँग सम्बन्धित प्रशासकीय निर्णय उपर न्यायिक पुनरावलोकनको व्यवस्था हुनुपर्ने,

ग. प्रभावकारी न्याय निरूपणको लागि सक्षम निर्वाचन न्यायालयको व्यवस्था हुनुपर्ने,

घ. त्यस्तो न्यायिक निकाय स्वतन्त्र र निष्पक्ष हुनुपर्ने,

ङ. उक्त निकायले गरेका निर्णयहरू तार्किक र सार्वजनिक रूपमा प्रकाशित हुनुपर्ने,

च. निर्वाचन न्याय प्रणाली सम्बन्धित सरोकारवालाहरूको पहुँचमा हुनुपर्ने,

छ. उजुरीको लागि अनुचित वा बढी रकम लाग्न नहुने,

ज. विवाद निरूपणमा हुन सक्ने खतराबाट संरक्षणको व्यवस्था हुनु पर्ने,

झ. निर्वाचन अपराध भएमा युक्तियुक्त र प्रभावकारी दण्ड प्रणालीको व्यवस्था हुनुपर्ने,

ञ. निर्वाचन अपराधको अभियोजनमा हुन सक्ने प्रशासनिक हस्तक्षेपबाट संरक्षणको व्यवस्था हुनु पर्ने,

ट. निर्वाचन सम्बन्धी अपराधमा किटान गरिएका अभियुक्तहरूलाई स्वच्छ न्यायको ग्यारेन्टीको व्यवस्था हुनुपर्ने,

ठ. निर्वाचन सम्बन्धी नागरिक सरोकारवालाहरूलाई सैनिक अदालतबाट मुद्दा हेर्न प्रतिबन्ध लगाइएको हुनुपर्ने,

ड. दोषी ठहर नहुँदासम्म निर्दोष सरह व्यवहार पाउने अधिकार लगायतका फौजदारी न्याय तथा प्राकृतिक न्यायका मूल्य र मान्यता बमोजिम व्यवहार गरिने कुराको सुनिश्चितता,

ढ. निर्वाचन अपराधमा ठेकिएको सजायको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता हुनुपर्ने, आदि ।


## ६.४ निर्वाचन विवाद समाधानका उपायहरू

निर्वाचन विवाद निरूपणको सम्बन्धमा मुख्यतया तीनवटा पद्धतिबाट निर्वाचन विवाद निरूपण गरी न्याय प्रदान गर्ने गरेको पाइन्छ । उक्त अभ्यासहरू निम्न छन् :

१. औपचारिक सुधार वा सुधारात्मक उपायहरू (Formal remedy or corrective Measures)

२. दण्डात्मक उपायहरू (Punitive Measures)


३. वैकल्पिक उपायहरू (Alternative Electoral Dispute Resolution Mechanism)



१. **सुधारात्मक** (Corrective) : असङ्गत कानुनको खारेजी एवम् परिमार्जन गर्दै निर्वाचन सम्बन्धी अधिकारको उपभोगको संरक्षण वा पुनर्स्थापना गरी निर्वाचन सम्बन्धी चुनौतीहरूलाई सामना गर्ने कुराहरूलाई सुधारात्मक पहलुको रूपमा लिन सकिन्छ। यो प्रक्रिया निर्वाचन पूर्व हुन्छ।

२. **दण्डात्मक** (Punitive) : प्रचलित कानुन अनुसार कसुरको प्रकृति हेरी कसुरदार ठहरिएको व्यक्तिलाई दण्ड/सजाय तोक्ने प्रक्रियालाई दण्डात्मक उपायको रूपमा लिइन्छ। यो पद्धति सामान्यतया निर्वाचन प्रक्रियाको क्रममा वा तत् पश्चात् देखा परेका विवादहरूको निराकरणको लागि अपनाइन्छ।

३. **वैकल्पिक उपाय** (ADR) : यो विधि सानातिना विवादहरूमा अनौपचारिक ढङ्गबाट छिटो छरितो न्याय निरूपण गर्नको लागि प्रयोग गरिन्छ।




## ६.५ निर्वाचन सम्बन्धी विवाद समाधानका लागि संस्थागत संयन्त्र

निर्वाचन न्याय सम्बन्धी संस्थागत संयन्त्र भन्नाले निर्वाचन कसुर र सजाय सम्बन्धमा पीडितलाई न्याय र पीडकलाई कानुन बमोजिम कारबाही गर्नको लागि स्थापना गरिएका वा जिम्मेवारी दिइएका संस्थाहरू हुन् जसलाई न्याय निरूपणको लागि कानुन बमोजिम अख्तियारी दिइएको हुन्छ। निर्वाचन सम्बन्धी विवाद निरूपण गर्ने सम्बन्धमा विभिन्न देशहरूमा फरक फरक अभ्यासहरू भएको पाइन्छ। यस्तो अभ्यास सम्बन्धित मुलुकको राजनीतिक प्रणाली, मुलुकको ऐतिहासिक तथा सामाजिक परिवेश वा सन्दर्भ र कानुनी परम्परा तथा क्षेत्रीय प्रभावबाट प्रभावित हुन्छ। विश्वमा निम्न प्रकारका निर्वाचन विवाद निरूपण पद्धतिहरू प्रचलनमा रहेको पाइन्छन् :

१ विधायिकाद्वारा निर्वाचन विवाद निरूपण,

२ न्यायिक निकायद्वारा गरिने निर्वाचन विवाद निरूपण,

३ प्रशासकीय निकायद्वारा गरिने निर्वाचन विवाद निरूपण, र

४ तदर्थ निकाय (निर्वाचन न्यायको निम्ति छोटो समयको लागि गठन वा व्यवस्था गरिने निकाय/संयन्त्र) बाट हुने निर्वाचन विवाद निरूपण ।

निर्वाचन विवादलाई मूलतः राजनीतिक प्रकृतिको मानिन्छ । किनभने, निर्वाचन विवाद निरूपण गर्न न्यायिक उपाय अवलम्बन गरिएका स्थानमा पनि त्यस्तो निर्णय अन्ततः संसद्बाट समर्थित हुनुपर्दछ वा अन्तिम निर्णय विधायिकी निकायबाट गरिन्छ वा गर्नुपर्ने मानिन्छ । यो व्यवस्था संयुक्त अधिराज्य बेलायत लगायत संयुक्त राज्य अमेरिकामा रहेको छ । तथापि, धेरैजसो मुलुकहरूमा निर्वाचन विवाद निरूपणको प्रकृति न्यायिक पद्धतितर्फ उन्मुख भइरहेको पाइन्छ ।

**न्यायिक निकायद्वारा गरिने निर्वाचन विवाद निरूपण**

न्यायिक निकायद्वारा गरिने निर्वाचन विवाद निरूपण पद्धतिअन्तर्गत निम्न निकायहरूबाट निर्वाचन विवाद निरूपण गर्ने प्रचलन रहेको पाइन्छ :

(क) साधारण अदालत,

(ख) संवैधानिक अदालत वा परिषद्,

(ग) प्रशासकीय अदालत,

(घ) निर्वाचन विशेष अदालत

**(क) साधारण अदालत**

साधारण अदालतले सामान्यतया निर्वाचनको परिणामपछि निर्वाचनको विवाद निरूपण गर्दछन् । मुद्दाको सुरु कारबाही र किनारा तल्लो तहको अदालतबाट र अन्तिम फैसला माथिल्लो तहको अदालतबाट हुने गर्दछ । यस किसिमको पद्धति भारत, अष्ट्रेलिया, क्यानाडा र संयुक्त अधिराज्यमा अपनाइएको छ भने यस सम्बन्धमा संयुक्त अधिराज्यमा निर्वाचनको उजुरी परेमा हाइकोर्टको किङ्गस बेञ्च डिभिजनका दुईवटा न्यायाधीशले मुद्दा हेर्दछन् भने सोको वैधताका सम्बन्धमा हाउस अफ कमन्सलाई प्रमाणित प्रतिवेदन दिनुपर्दछ ।

**(ख) संवैधानिक अदालत वा परिषद्**

विश्वका कतिपय देशहरूले निर्वाचन सम्बन्धी विवादको निरूपण संवैधानिक अदालतबाट गर्ने गरेका छन् । नेपालमा पनि संविधान सभा मार्फत संविधान बन्ने क्रममा संवैधानिक अदालतको चर्चा भएको थियो र हाल सर्वोच्च अदालतअन्तर्गत एक संवैधानिक इजलास हुने व्यवस्था गरिएको छ । संवैधानिक अदालतबाट निर्वाचन सम्बन्धी विवादको निरूपण गर्ने अभ्यास सन् १९२० मा अष्ट्रियाबाट सुरु भएको मानिन्छ भने फ्रान्समा निर्वाचन विवादको निरूपण संवैधानिक परिषद्बाट हुन्छ । अष्ट्रियाले गरेको संवैधानिक अदालतको अभ्यासलाई जर्मनीमा केही फरक रूपमा अपनाइएको पाइन्छ । जर्मनीमा सङ्घीय संसद्को निर्वाचन सम्बन्धी विवाद पहिले वुन्डेस्टाग संसदीय समितिले हेर्दछ । उक्त समितिमा संसद्मा प्रतिनिधित्व भएका सबै दलको प्रतिनिधित्व हुने ९ वटा डेपुटीहरू रहन्छन् । उक्त वुन्डेस्टागको निर्णय उपर अन्तिम निर्णय संवैधानिक अदालतबाट हुन्छ ।

### (ग) प्रशासकीय अदालत

कतिपय देशहरूमा प्रशासकीय अदालत मार्फत निर्वाचन सम्बन्धी विवादहरूको निरूपण गर्ने प्रचलन छ । यस किसिमको व्यवस्थाअन्तर्गत कतिपय मुलुकमा न्यायिक निकायको एउटा अङ्गको रूपमा प्रशासकीय अदालत रहने गरेको छ भने अन्य कतिपय मुलुकमा न्यायिक निकायभन्दा अलग स्वतन्त्र र स्वायत्त निकायको रूपमा प्रशासकीय अदालतको व्यवस्था गर्ने प्रचलन छ। उदाहरणको लागि न्यायिक निकायको रूपमा स्थापना भएको प्रशासकीय अदालतको अभ्यास फिनल्याडमा छ भने न्यायिक निकायभन्दा अलग्गै स्वतन्त्र र स्वायत्त प्रशासकीय अदालतको नमुना कोलम्बियामा देख्न सकिन्छ ।

### (घ) निर्वाचन विशेष अदालत

विश्वका कतिपय मुलुकहरूमा निर्वाचन सम्बन्धी विवाद निरूपणको लागि निर्वाचन विशेष अदालतको व्यवस्था गर्ने गरिएको छ । यस पद्धति अन्तर्गत निर्वाचन अदालतले अन्तिम रूपमा निर्वाचन विवादको निरूपण मात्र गर्दैन, यसले निर्वाचन सम्बन्धी कानुनको संवैधानिकता समेत परीक्षण गर्दछ । यस किसिमका अदालतहरूको अभ्यास निर्वाचन विवादलाई विधायिकी निकायको परिधिभन्दा बाहिर राख्न र निर्वाचन विवाद निरूपण गर्दा न्यायपालिकाले भोग्नुपर्ने विवादबाट मुक्त राख्नको लागि अपनाइएको पाइन्छ। निर्वाचन विवाद सम्बन्धमा निर्वाचन अदालतको निर्णय अन्तिम हुन्छ र अन्य कुनै अदालत वा निर्वाचन विशेष अदालतको फैसला विरुद्ध चुनौती दिन सकिदैन । उदाहरणको लागि दक्षिण अफ्रिकामा निर्वाचन विवाद समाधानको लागि निर्वाचन विशेष अदालतको व्यवस्था गरिएको छ र उक्त अदालतको हैसियत सर्वोच्च अदालतको सरह मानिएको छ ।

# परिच्छेद - सात

## निर्वाचन न्याय सम्बन्धमा नेपालका न्यायिक निकाय

### ७.१ परिचय

निर्वाचन न्यायका सम्बन्धमा सर्वोच्च अदालतको संवैधानिक इजलासललाई मुख्य रूपमा जिम्मेवारी तोकिएको छ । त्यस बाहेक उच्च अदालत र जिल्ला अदालतलाई नियमित रूपमा अन्य मुद्दाहरू सरह निर्वाचन विवादहरू पनि हेर्ने गरी क्षेत्राधिकार तोकिएको छ । निर्वाचन न्यायको लागि पनि अन्य मुद्दाहरूमा सरह फौजदारी न्यायका सामान्य सिद्धान्तहरू, प्राकृतिक न्यायका सिद्धान्तहरू, कानुनका सामान्य सिद्धान्तहरूका आधारमा निर्वाचनसँग सम्बन्धित संविधानका व्यवस्था र कानुनको आधारमा न्याय निरूपण गर्ने प्रचलन छ । निर्वाचन न्यायमा आकर्षित हुने कानुन बाहेक पनि अपराध संहिता, फौजदारी कार्यविधि संहिता र अन्य सामान्य कानुनहरू समेत निर्वाचन न्यायमा आकर्षित हुन्छन् । नेपालमा सम्पन्न भएको "निर्वाचन विवाद निरूपण र निर्वाचन न्याय" विषयक सार्क स्तरीय कार्यशाला गोष्ठी, २०७२ बाट नेपालले निर्वाचन विवादहरूलाई समयमा नै कानुनसम्मत ढङ्गबाट सम्बोधन गर्ने, निर्वाचन विवाद निरूपणको प्रतिबद्ध संयन्त्रको स्थापना गर्ने र कार्य सञ्चालन कार्यविधि तयार गर्ने प्रतिबद्धता पनि जनाएको छ । यस सन्दर्भमा हालै सम्पन्न निर्वाचनहरूको सिकाइका आधारमा, भविष्यमा हुने निर्वाचनहरूलाई अझ बढी विश्वसनीय, समावेशी र स्वीकार्य बनाउन निर्वाचन आयोगले निर्वाचन विवाद निरूपणको कार्यविधिको मसौदा समेत तयार पारेको छ ।  हाल, नेपालमा निर्वाचन विवाद निरूपणमा निम्न बमोजिमका कानुनी संरचना रहेका छन् :

- निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३
- स्थानीय तह निर्वाचन (कसुर तथा सजाय) निर्देशिका, २०७४
- निर्वाचन विवाद निरूपण निर्देशिका, २०७६
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (कसुर तथा सजाय) निर्देशिका, २०७४
- निर्वाचन आचार संहिता, २०७२

यस बाहेक अन्य तहगत निर्वाचन ऐनहरूमा पनि केही निर्वाचन विवादका विषयहरू समेटिएका छन् ।

**जस्तै** : निर्वाचन आयोग ऐन, २०७३, मतदाता नामावली ऐन, २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन सम्बन्धी ऐन, २०७४,  राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५, आदि ।

उजुरीहरूको प्रकृति अनुसार निर्वाचन सम्बन्धी उजुरीहरू जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा दायर गर्न सकिने व्यवस्था छ । सामान्यतया, सबै तहका निर्वाचनहरूको आपराधिक ( निर्वाचन सम्बन्धी कसुर) प्रकृतिका विवादहरू तोकिएका अनुसन्धान अधिकारीहरू मार्फत जिल्ला

अदालतमा दायर गरिन्छ। व्यक्तिवादी देवानी प्रकृतिका स्थानीय तह निर्वाचनका उजुरीहरू उच्च अदालतमा दायर गरिन्छ । जिल्ला न्यायाधीशहरू निर्वाचनमा मुख्य निर्वाचन अधिकृतको रूपमा कार्य गर्ने भएकोले तिनीहरू आफैँले यी मुद्दाहरूको सुनुवाइ गर्नु प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने भएकोले यस्तो व्यवस्था गरिएको हो । अतः निर्वाचन विवाद निरूपणमा संलग्न अदालतहरूका तीन तहहरू रहेका छन्, जुन निम्नानुसार छन् :

क. जिल्ला अदालत,
ख. उच्च अदालत,
ग. सर्वोच्च अदालतको संवैधानिक इजलास ।

## ७.२ जिल्ला अदालत

न्याय प्रशासन ऐन २०७३ मा निर्वाचन अपराध सम्बन्धमा क्षेत्राधिकार तोकिएको छैन तर निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम सामान्य अदालतलाई समेत निर्वाचनका विषयहरूमा मुद्दा हेर्ने क्षेत्राधिकार दिइएको छ । न्याय प्रशासन ऐन बमोजिम जिल्ला अदालतलाई प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो जिल्लाभित्रको जुनसुकै प्रकृतिका मुद्दामा सुरु कारबाही र किनारा गर्ने, आफ्नो जिल्लाभित्र कसैले कुनै व्यक्तिलाई गैरकानुनी रूपले थुनामा राखेमा त्यस्तो व्यक्तिको हकको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने, जिल्लाभित्र कुनै व्यक्ति वा निकायले कुनै व्यक्तिको कानुन प्रदत्त हकमा आघात पुर्‍याएमा वा आघात पुर्‍याउने आशङ्का भएमा त्यस्तो हकको प्रचलनको लागि निषेधाज्ञाको आदेश जारी गर्ने र आफ्नो जिल्लाभित्र सङ्घीय कानुन बमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश उपर र प्रदेश कानुन बमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार हुने[२३४] व्यवस्था गरिएको छ ।

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ४१ को उपदफा (३) बमोजिमको कसुरको सम्बन्धमा न्याय परिषद्को परामर्शमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोक्ने व्यवस्था भए बमोजिम नेपाल सरकार गृह मन्त्रालयको मिति २०७४ वैशाख २१ गते नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम उक्त मुद्दा हेर्ने जिम्मेवारी सम्बन्धित जिल्ला अदालतलाई तोकिएको छ । त्यसै गरी स्थानीय तहको निर्वाचन सम्बन्धमा निर्वाचन आयोगले मिति २०७४ वैशाख ४ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ दफा ३९ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी ऐनको दफा ४१ को उपदफा (३) मा उल्लिखित कसुरको अनुसन्धान गरी मुद्दा दायर गर्न सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई अनुसन्धान अधिकारीको रूपमा तोकेको छ। अतः यस ऐनको दफा ४१ (३) बमोजिमका कसुर सम्बन्धी विवादको अनुसन्धान सम्बन्धित जिल्ला प्रहरी कार्यालयबाट र न्याय निरूपण सम्बन्धित जिल्ला अदालतबाट हुने कुरा स्पष्ट छ ।

ऐनमा उल्लेख गरिएका सजाय हुने कसुर तथा त्यस्तो कसुरको उद्योग, मद्दत वा दुरुत्साहन सम्बन्धी मुद्दाको कारबाही तथा किनारा गर्ने क्षेत्राधिकार जिल्ला अदालतलाई दिइएको छ । त्यसै गरी सबै तहका अदालतहरूले मुद्दाको कारबाही र किनारा गर्दा सङ्क्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको

२३४ हे. न्याय प्रशासन ऐन, २०७३ को दफा ७

कार्यविधि अपनाउनु पर्ने व्यवस्था समेत निर्वाचन (कसुर तथा सजाय) ऐनको दफा ४२ मा गरिएको छ । यसर्थ अदालतबाट सुनुवाइ हुने निर्वाचन विवाद सम्बन्धी कुनै पनि औपचारिक उजुरीहरूको सम्बन्धमा दुवै पक्षहरू अदालतमा उपस्थित भएपछि ९० दिनभित्र अन्तिम निर्णय गर्नुपर्ने स्पष्ट कानुनी प्रावधान रहेको छ ।

## ७.३ उच्च अदालत

उच्च अदालत नेपालको संविधान बमोजिम दोस्रो तहको अदालत हो । यसले नियमित रूपमा आफ्नो क्षेत्राधिकारभित्र रहेर विवाद निरूपण गर्दछ । उच्च अदालतलाई संविधानको धारा १४४ को उपधारा (१) बमोजिम परेका निवेदनमा सुनुवाइ गरी आवश्यक र उपयुक्त आदेश जारी गर्ने, सुरु कारबाही र किनारा गर्ने मुद्दा, सङ्घीय कानुन बमोजिम साधक जाँच्ने, लगायतका अधिकारहरू दिइएको छ ।[२३५]

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम सङ्घीय संसद् र प्रदेश सभाको निर्वाचन बाहेक अन्य निर्वाचन सम्बन्धी परिच्छेद-१० बमोजिमको मुद्दाको कारबाही तथा किनारा सम्बन्धित प्रदेशको उच्च अदालतले गर्ने छ भन्ने व्यवस्था गरिएको छ । यसर्थ सङ्घीय संसद् र प्रदेश सभाको निर्वाचन बाहेक निम्न बमोजिमका निर्वाचन सम्बन्धी कसुर तथा सजाय सम्बन्धमा उच्च अदालतबाट सुनुवाइ हुने व्यवस्था भएको देखिन्छ :

क. निर्वाचन बदर गर्ने सम्बन्धी विषय,

ख. दोहोर्‍याई मत गणना हुन सक्ने विषय,

ग. आयोग, निर्वाचन अधिकृत, अनुगमनकर्ता वा मतदान अधिकृतले गरेको निर्णय उपर पुनरावेदन सुन्ने (निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३७ उपदफा ३) विषय,

यस बाहेक नियमित रूपमा जिल्ला अदालतले गरेको फैसला उपर पुनरावेदन लाग्ने निर्वाचन कसुर र सजाय सम्बन्धी विषयमा पुनरावेदन सुन्ने क्षेत्राधिकार उच्च अदालतलाई दिइएको छ ।

## ७.४ सर्वोच्च अदालत

सर्वोच्च अदालत नेपालको अभिलेख अदालत हुने व्यवस्था संविधानमा उल्लेख छ । निर्वाचन न्यायका सम्बन्धमा मातहत अदालतबाट भएका फैसलाहरू उपर पुनरावेदन सुन्ने बाहेक यस अदालतको संवैधानिक इजलास बाहेक अन्य इजलासलाई निर्वाचन सम्बन्धी मुद्दा हेर्ने जिम्मेवारी तोकिएको छैन । सर्वोच्च अदालतले सङ्घीय व्यवस्थापिका संसदका सदस्य र प्रदेश संसद्का सदस्यहरूको निर्वाचन सम्बन्धी व्यक्तिवादी देवानी प्रकृतिका मुद्दाहरूमा उजुरीको सुनुवाइ गर्दछ ।

२३५ ऐ. दफा ८

त्यस बाहेक सर्वोच्च अदालतलाई पुनरावेदन सुन्ने,[२३६] साधक जाँच्ने,[२३७] पुनरावलोकन गर्ने,[२३८] मुद्दा दोहोऱ्याई हेर्ने[२३९] लगायतका अधिकारहरू दिइएको छ ।

नेपालको संविधानको धारा १३३ बमोजिम सर्वोच्च अदालतलाई रिटको क्षेत्राधिकार दिइएको छ । उक्त रिटको विषय निर्वाचनको सम्बन्धमा पनि आकर्षित हुन सक्दछ । खास गरी बन्दी प्रत्यक्षीकरण लगायतका कतिपय आदेशहरूको माग भएमा यस सम्बन्धमा पनि अदालत प्रवेश गर्न सक्ने हुन्छ ।

## ७.५ संवैधानिक इजलास

सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहने र त्यस्तो इजलासमा प्रधान न्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहने व्यवस्था संविधान तथा अन्य कानुनहरूमा गरिएको छ । संवैधानिक इजलासले अनुसूचीमा उल्लिखित तीन तहका सरकारहरू बिचको क्षेत्राधिकारको विवाद तथा सङ्घीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धी विवाद र सङ्घीय संसद्का सदस्य वा प्रदेश सभा सदस्यको अयोग्यता सम्बन्धी विवादहरू हेर्ने क्षेत्राधिकार संविधानमा तोकिएको छ । त्यस बाहेक खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न सङ्घीय कानुन बमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था समेत संविधानमा गरिएको छ ।

निर्वाचन कसुर र सजाय सम्बन्धमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ४१ (१) बमोजिम संवैधानिक इजलासलाई सङ्घीय संसद् र प्रदेश सभाको निर्वाचन सम्बन्धी परिच्छेद-१० बमोजिमको मुद्दाको कारबाही तथा किनारा सर्वोच्च अदालतको संवैधानिक इजलासले गर्नेछ भन्ने व्यवस्था गरिएको छ । यस अन्तर्गत मुख्यतया निम्न विषयहरू पर्दछन् :

क. निर्वाचन बदर गर्ने सम्बन्धी विषय,

ख. दोहोऱ्याई मत गणना हुन सक्ने विषय,

ग. निर्वाचन परिणाम घोषणा पश्चात् उम्मेदवारको अयोग्यताको बिषय

निर्वाचन सम्बन्धी मुद्दाहरू सामान्यतया सरकारवादी हुने भएकोले देशभरिको अदालतमा दायर गरिएका निर्वाचन उजुरीहरूको लिखित जवाफ सम्बन्धित तहको सरकारी वकिल मार्फत पेश गरिन्छ । मुद्दाको सूचना अदालतले निर्वाचन आयोग र सम्बन्धित मातहत निकायलाई प्रदान गर्दछ । निर्वाचन अयोगमा यस्तो सूचना प्राप्त गर्नका लागि निर्वाचन आयोगको लागि उपन्यायाधिवक्ता सम्पर्क व्यक्ति हो । उपन्यायाधिवक्ताले मुद्दाहरू रेकर्ड गर्ने र निर्वाचन आयोगका वरिष्ठ पदाधिकारीहरूलाई मुद्धाका बिषयमा व्याख्या गर्दछन् । निर्वाचन आयोगका वरिष्ठ पदाधिकारीहरूको मार्गदर्शनमा, उपन्यायाधिवक्ताले आयोगको तर्फबाट उजुरीहरूको विरुद्धमा प्रतिक्रियाहरू तयार गरी सम्बन्धित अदालतहरूमा पेश गर्दछन् । यदि जिल्लाका लागि कुनै पनि औपचारिक उजुरीको

२३६ ऐ. दफा ९
२३७ ऐ. दफा १०
२३८ ऐ. दफा ११
२३९ ऐ. दफा १२

प्रतिक्रिया लगायतका विषयमा सुझाव दिनु परेमा, उपन्यायाधिवक्ताले जिल्ला निर्वाचन कार्यालयहरूलाई समेत सुझाव दिने गर्दछन् ।

## ७.६ नेपालमा निर्वाचन न्यायका सम्बन्धमा संवैधानिक इजलास र अन्य न्यायिक निकायको प्रभावकारिता

संविधान सभामा संवैधानिक अदालत वा सामान्य अदालत मध्ये कुनको व्यवस्था गर्ने भन्ने सम्बन्धमा भएको लामो छलफल र बहसको प्रतिफलस्वरूप कायम गरिएको संवैधानिक इजलासको कार्य सम्पादनको सम्बन्धमा वि. सं. २०७२ साल आश्विन ३ गते वर्तमान नेपालको संविधान जारी भएपछि संविधानको धारा १३७ बमोजिम २०७२/८/२२ मा पहिलो पटक संवैधानिक इजलास गठन भएको देखिन्छ । २०७२/९/१४ मा सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ जारी भई क्रियाशील रहेको उक्त इजलास २०७२ साल चैत्र मसान्तपछि केही समयसम्म निष्क्रिय भई पुनः गति लिएको देखिन्छ । समयमा प्रधान न्यायाधीश नियुक्त हुन नसकेको तथा न्याय परिषद्को सदस्यहरूको नियुक्ति विवादको कारणबाट समेत करिब १० महिनाको अवधिसम्म न्याय परिषद्बाट सिफारिस नै नभएको कारण संवैधानिक इजलासमा रिक्त न्यायाधीश पूर्ति हुन नसकी इजलास निष्कृय भएको कारण यसको क्रियाशीलताको लागि सर्वोच्च अदालतमा रिट निवेदन परी पूर्ण इजलासबाट न्याय परिषद्को नाउँमा मिति २०७३/१२/१० मा परमादेशको आदेश नै जारी गर्नु परेको अवस्था देखिन्छ ।[२४०] करिब एक वर्षको निष्क्रियतापछि मिति २०७४/१/१४ मा[२४१] पूर्णता पाएको संवैधानिक इजलास केही समयको क्रियाशीलतापछि पटक पटक प्रधान न्यायाधीश तथा अन्य न्यायाधीश अवकाश हुने र पूर्णता प्राप्त गर्न समय लाग्ने सिलसिलाको कारणबाट नियमित र प्रभावकारी हुन सकेको छैन । आर्थिक वर्ष २०७२/७३ देखि हालसम्मको सर्वोच्च अदालतस्थित संवैधानिक इजलासको कार्यसम्पादन स्थिति हेर्दा देहाय बमोजिमको अवस्था देखिन्छ :

**संवैधानिक इजलासको कार्यसम्पादन स्थिति**

(स.अ.का माननीय न्यायाधीश ईश्वरप्रसाद खतिवडाले २०७६/६/२ मा प्रस्तुत गर्नुभएको कार्यपत्रबाट)

| सि.नं. | आ. व. | परेको निवेदन/मुद्दा | फैसला/अन्तिम आदेश |
|---|---|---|---|
| १ | २०७२/७३ | १९६ | २७ |
| २ | २०७३/७४ | ४२ | ० |
| ३ | २०७४/७५ | ८० | ९० |
| ४ | २०७५/७६ | ६८ | ८० |
| ५ | २०७६ श्रावण र भाद्रमा | ३ | १८ |
| | **कुल** | **३८९** | **२१५ (५५.२६%)** |
| | **बाँकी** | **१७४** | |

२४० अधिवक्ता माधवकुमार बस्नेत विरुद्ध अध्यक्ष न्याय परिषद् सचिवालय समेत, विषयःपरमादेश रिट नं. 073-WF-0020 आदेश मिति २०७३।१२।१०

२४१ न्याय परिषद् बुलेटिन, वर्ष १४, अंक १४, पुष ३, २०७४ पेज ४२ ।

संवैधानिक इजलासको हालसम्मको कार्यसम्पादन स्थिति हेर्दा पछिल्लो समयमा केही प्रगति भए पनि सन्तोषजनक अवस्था छैन । संवैधानिक इजलासको गठन वि. सं. २०७२ सालमा मात्र भएको भए पनि संविधानसँग बाझिएका कानुनहरूका सम्बन्धमा पहिलेदेखिकै विवादहरू फछ्र्यौट नभएर बाँकी रहेकोमा संवैधानिक इजलास गठन भएपछि ती मुद्दाहरू पनि संवैधानिक इजलासले हेर्ने व्यवस्था भएकोले पुराना मुद्दाहरू पनि फैसला नभई बाँकी रहेको देखिन्छ । यो हिसाबले हेर्दा ५ वर्ष पुराना मुद्दाहरूको सङ्ख्या पनि उल्लेख्य रहेको पाइन्छ । सरकारका प्रदेश इकाइ र स्थानीय इकाइहरू भरखरै सञ्चालनमा आएकोले इकाइहरू बिचका विवादहरू अझै संवैधानिक इजलासमा आइनसकेको अवस्था देखिन्छ । संवैधानिक इजलासमा आउन सक्ने मूल विवादहरू आइनसक्दै यतिका पुराना मुद्दाहरू संवैधानिक इजलासमा रहेको स्थिति चिन्ताजनक मान्नु पर्छ ।

निर्वाचन विवादका सम्बन्धमा वि. सं. २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनको सन्दर्भमा नेपालका १८ वटै उच्च अदालत/इजलासहरूमा कुल १४६ वटा मुद्दा दायर भएका छन् । मुद्दा दायर गर्दा निर्वाचन आयोग, जिल्ला निर्वाचन कार्यालय, मुख्य/निर्वाचन अधिकृत, मतदान अधिकृत र जित्ने उम्मेदवारलाई विपक्षी बनाई दायर गरिएको छ। सर्वोच्च अदालतको संवैधानिक इजलासमा दर्ता भएका १११ मुद्दाहरू मध्ये करिब १७ वटा अझै निरूपण हुन बाँकी छन् ।

निर्वाचन बदर गर्ने सम्बन्धी विषय र दोहोऱ्याई मत गणना हुन सक्ने विषयहरू अत्यन्तै राजनीतिक प्रकृतिका हुने र यस किसिमका विवादले निर्वाचनमा दूरगामी असर पार्ने हुन्छ । माथि भनिए बमोजिमका समस्याहरूका कारण इजलासमा मुद्दाको चाप निकै हुने, नियमित अदालतका माननीय न्यायाधीशहरू नै संवैधानिक इजलासमा पनि जिम्मेवारी बहन गर्नुपर्ने भएको र संवैधानिक इजलासको लागि पर्याप्त समय नदिने गरिएको कारणले पनि इजलासमा मुद्दाको चाप बढ्दै गएको देखिन्छ । निर्वाचन न्याय सम्बन्धमा सङ्क्षिप्त कार्यविधि अपनाउनु पर्ने व्यवस्था भएकोले ९० दिनभित्रमा फछ्र्यौट गर्नुपर्ने कानुनी प्रावधान भए पनि वर्षौंपछाडि औचित्य नै समाप्त भएपछि फैसला हुने गरेका उदाहरणहरू प्रशस्तै छन् ।

संवैधानिक इजलास होस् वा जिल्ला तथा उच्च अदालतको विषय होस्, न्याय निरूपणमा विषयगत विशेषज्ञता कायम गर्ने र सोही बमोजिम इजलास तोक्ने र आवश्यकता अनुसार विषयगत विशेषज्ञताको लागि कार्ययोजना तयार गरी लागू गर्ने प्रचलनको अभाव छ भने निर्वाचन न्याय त झन् ओझेलमा परेको विषयको रूपमा रहेको छ । विगतमा स्थानीय निर्वाचन लामो समयसम्म हुन नसक्नु, राजनीतिक अस्थिरता हुनु र निर्वाचन न्यायको विषय आवधिक मात्र हुने भएकोले यसतर्फ पर्याप्त ध्यान पुग्न नसक्नु पनि निर्वाचन न्याय आशातीत रूपमा प्रभावकारी हुन नसक्नुका प्रमुख कारणहरू हुन् ।

त्यसै गरी उच्च अदालतहरू र जिल्ला अदालतहरूमा पनि मुद्दाको चाप निकै भएकोले समयमा व्यवस्थापन गर्न सकिएन भने न्याय निरूपण समयमा हुन नसक्ने र फलस्वरूप अदालतप्रति नै विश्वास गुम्ने हुन जान्छ । निर्वाचन न्यायको प्रभावकारिताको लागि सर्वोच्च अदालत अन्तर्गतको संवैधानिक इजलास, उच्च अदालत र जिल्ला अदालतबाट कम्तीमा पनि निम्न किसिमको भूमिका अपेक्षित छ :

क. नागरिकको निर्वाचन प्रक्रियामा भाग लिन पाउने अधिकारको प्रचलन गराई उनीहरूको अधिकारको संरक्षण र प्रवर्द्धनको लागि सरकारलाई आवश्यक निर्देशनात्मक आदेश दिने,

ख. पीडितलाई न्याय र पीडकलाई कानुन बमोजिम दण्ड सजाय तोकी दण्डहीनताको संस्कृतिको अन्त्य गर्ने,

ग. निर्वाचन अपराध र सजाय सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमका कानुनहरू निर्माण गर्न सरकारलाई आवश्यक आदेश वा निर्देशन दिने,

घ. निर्वाचनमा कार्यपालिका वा राजनीतिक दल वा उम्मेदवारबाट हुनसक्ने हस्तक्षेप वा मानव अधिकार विरूद्धका गतिविधिहरूमा अङ्कुश लगाउने,

ङ. संविधान वा अन्य निर्वाचन कानुन वा आचार संहिताहरू बाझिएको देखिएमा अमान्य र बदर घोषित गर्ने,

च. क्षेत्राधिकारको सम्बन्धमा उठ्न सक्ने विवादको निराकरण गर्ने र राजनैतिक तथा संवैधानिक प्रकृतिका विषयहरूको छिनोफानो गर्ने, आदि ।

उक्त कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि सबै तहका अदालतमा निर्वाचन विशेष इजलासको व्यवस्था गर्ने वा अलग्गै निर्वाचन विशेष अदालतको स्थापना गर्ने, संवैधानिक इजलासको प्रभावकारिताको लागि भएका न्यायाधीशहरू मध्येबाट जोसुकैलाई पनि प्रधान न्यायाधीशले तोक्न सक्ने व्यवस्था गर्ने, निर्वाचन न्यायका सम्बन्धमा व्यापक क्षमतामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र कम्तीमा निर्वाचनको समयमा वा तत्काल पछाडि सबै तहका अदालतहरूबाट निर्वाचनका विषयमा केन्द्रित भई इजलास सञ्चालन गर्ने अभ्यास गर्न सकिएमा प्रभावकारितामा वृद्धि हुने आशा गर्न सकिन्छ ।

# परिच्छेद - आठ
## नेपाल कानुनमा निर्वाचन सम्बन्धी विवाद समाधान

### ८.१ निर्वाचन सम्बन्धी विवाद

सबै खालका प्रजातान्त्रिक प्रणालीहरूमा कुनै न कुनै हदसम्म निर्वाचन सम्बन्धी अनियमितता, हिंसा र निर्वाचन सम्बन्धी अपराध हुने गरेका छन् । निर्वाचनमा उम्मेदवार वा दल वा समर्थकले परिणाम आफ्नो पक्षमा पार्नको लागि अनेक हतकण्डा अपनाउने सम्भावना सधैं रहन्छ । निर्वाचन परिणाम नागरिकको मतको आधारमा निष्पक्ष र पूर्वाग्रहरहित ढङ्गबाट हुन नसकेमा उनीहरूले चाहे अनुसारको सही प्रतिनिधित्व हुन सक्दैन ।

निर्वाचनले दल तथा उम्मेदवारहरू बिच प्रतिस्पर्धा गराउने भएकोले सधैँ स्वस्थ र स्वच्छ प्रतिस्पर्धा हुन्छ भन्ने मान्न सकिदैन । कतिपय विवादहरू प्रक्रियागत हुन्छन् भने कतिपय ऐन, नियम, कानुन र आचार संहिता उल्लङ्घनका कारणले हुने हुन्छन् । त्यस्तै कतिपय विवादहरू प्राविधिक त्रुटि वा केही असमझदारीका कारणले हुने हुन्छ भने कतिपय विवादहरू आफू वा आफ्नो दल वा प्रतिनिधिलाई जिताउनको लागि गरिने प्रपञ्च र अवाञ्छित क्रियाकलापका कारणले हुने हुन्छ । सामान्यतया निर्वाचन प्रक्रियामा निम्न किसिमका विवादहरू देखा पर्दछन् :

- निर्वाचन प्रक्रियामा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको उल्लङ्घन गरेको,
- मतदाता नामावलीमा नाम दर्ता गरेको वा नगरेको,
- निर्वाचन सम्बन्धी नागरिकको मौलिक, संवैधानिक वा कानुनी अधिकारहरूको उल्लङ्घन गरेको,
- निर्वाचन क्षेत्रको सीमासँग सम्बन्धित विवाद,
- निर्वाचन सम्बन्धी तथ्याङ्क, मतदाता नामावली सङ्कलन, प्रमाणीकरण र प्रकाशनसँग सम्बन्धित विवाद,
- निर्वाचन न्याय प्रणालीको लागि नियुक्त गरिएका वा गरिने पदाधिकारीहरूसँग सम्बन्धित विवाद,
- निर्वाचनको लागि तय गरिएका समावेशीकरणका कानुनी प्रावधानहरू कार्यान्वयन सम्बन्धी विवादहरू,
- राजनीतिक दलको विधान, दर्ता, उम्मेदवार छनोट प्रक्रिया, दलभित्रको समावेशीकरण र आन्तरिक लोकतन्त्र लगायतका विवादहरू,
- राज्यका निकायबाट दलमाथि लगाइने प्रतिबन्ध, सीमा वा नियन्त्रण वा अनुचित व्यवहार सम्बन्धी विवादहरू,
- उम्मेदवारी दर्ता, योग्यता र अयोग्यता सम्बन्धी विवादहरू,

- उम्मेदवारलाई निर्वाचन चिह्न वितरण सम्बन्धी विवाद,
- निर्वाचन अभियान सञ्चालन सम्बन्धी गतिविधिहरूबाट हुने वा हुनसक्ने विवादहरू,
- आर्थिक सङ्कलन, खर्च र व्यवस्थापनसँग सम्बन्धित विवादहरू वा निर्वाचन खर्च तोकिएको हदभन्दा बढी गरेको सम्बन्धी विवादहरू,
- राजनीतिक दल, उम्मेवार र सञ्चार जगत्बाट हुने गतिविधिबाट भएका विवादहरू, सञ्चार जगत्माथिको अत्यधिक नियन्त्रण र नियमन सम्बन्धी विवादहरू,
- निर्वाचन पर्यवेक्षक माथिको प्रतिबन्ध वा नियन्त्रणसँग सम्बन्धित विवादहरू तथा पर्यवेक्षकहरूबाट भएका कमी कमजोरीहरूबाट उत्पन्न विवादहरू,
- निर्वाचनको अगाडि, निर्वाचन अवधिभर र निर्वाचन पश्चात् हुने हिंसाजन्य घटनाहरूबाट उत्पन्न विवादहरू,
- निर्वाचनको प्रक्रियामा अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा लगायतका विशेष संरक्षण गर्नुपर्ने व्यक्तिको उचित संरक्षण नभएको वा उनीहरूमाथि अनुचित व्यवहार भएको सम्बन्धमा उत्पन्न विवादहरू,
- मत गणना प्रक्रियामा मतपत्रको वैधानिकता परीक्षण लगायतका विषयमा उत्पन्न हुने विवादहरू,
- सुरक्षा निकायबाट हुने र हुन सक्ने हस्तक्षेप वा पूर्वाग्रही व्यवहारका कारण उत्पन्न हुने विवादहरू,
- धाँधलीजन्य गतिविधिहरूबाट उत्पन्न विवादहरू (फर्जी मतदान वा अनुचित प्रभावमा पारी गरिएका मतदान आदि),
- निर्वाचन परिणामलाई चुनौती दिइएका वा दिइने विवादहरू,
- निर्वाचन अधिकारीहरूबाट पारदर्शी प्रक्रिया नअपनाइएको भन्ने सम्बन्धी विवादहरू,
- भ्रष्टाचार, अनुचित लाभ, स्वार्थको टकराव र अनैतिक व्यवहारसँग सम्बन्धित विवादहरू, आदि ।

## ८.२ निर्वाचन विवाद र विवाद निरूपण

निर्वाचनका क्रममा उत्पन्न हुने विवादहरूको न्यायोचित समाधान गर्नु निर्वाचन विवाद निरूपण हो । निर्वाचन विवादको निरूपण निर्वाचनपूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात्को अवधिमा समेत गर्ने गरिन्छ । निर्वाचन विवादको निरूपण विभिन्न निकायहरूबाट हुने गर्दछ । नेपालको सन्दर्भमा संवैधानिक इजलास, उच्च अदालत, जिल्ला अदालत, निर्वाचन आयोग, विवाद निरूपण समिति, निर्वाचन अधिकृत, मतदान अधिकृत र निर्वाचन अनुगमनकर्ता समेतलाई निर्वाचन विवादको निरूपण गर्ने अधिकार प्राप्त छ ।

विवादहरू स्वयंमा समस्या होइनन् । विवादहरूको सम्भावना र स्वीकार्य समाधानका प्रणाली विकसित गर्नु मात्र यसको समाधान हो । निर्वाचन निष्पक्ष र विश्वसनीय हुनको लागि प्रभावकारी

उपचार र स्वतन्त्र सार्वजनिक सुनुवाइ समेत अनिवार्य शर्त हुन् ।[२४२] निर्वाचनको विश्वसनीयता यसको उपचार प्रणाली र त्यसको प्रभावकारितामा निहित रहेको हुन्छ । निर्वाचन सम्बन्धी विवाद समाधान पद्धतिले मात्र निर्वाचनको वैधता प्रदान गर्न सक्दछ । उक्त निर्वाचन विवाद समाधान पद्धतिले निर्वाचनको दौरान निर्वाचन अभियानमा हुने हिंसा वा अपराध सम्बन्धी विवादहरूलाई प्रभावकारी रूपमा सम्बोधन गरी दण्डहीनता अन्त्य गरेको हुनु पर्दछ । निर्वाचन अपराधका घटनाहरूको उचित सम्बोधन हुन सकेन भने यसले निर्वाचनप्रतिको विश्वसनीयता समाप्त पार्दछ भने हार्ने पक्षले परिणाम स्वीकार नगरी सधैं प्रजातान्त्रिक संस्थाहरूप्रतिको आस्था कमजोर हुने र लोकतन्त्र नै सङ्कटमा पर्ने हुन्छ । यसले एउटा समयमा आएर ठुलो हिंसाको रूप लिन सक्ने सम्भावना समेत हुन्छ ।

निर्वाचन विवाद समाधानका केही अन्तर्राष्ट्रिय मान्यताहरू छन्, जसअन्तर्गत कि त अदालत कि निर्वाचन आयोगलाई प्रभावकारी पुनरावेदनको अधिकार दिइनुपर्ने, न्याय समयमा दिइनुपर्ने, त्यस्तो न्याय सक्षम निकायबाट बिनापूर्वाग्रह उपलब्ध गराइनुपर्ने जस्ता विषयहरू पर्दछन् । खास गरी नागरिकको मतदान सम्बन्धी अधिकार उल्लङ्घन भएमा उचित उपचारको लागि उजुरी दर्ता गर्न पाउने, प्रमाणहरू पेश गर्न पाउने, सार्वजनिक सुनुवाइको अधिकार, निष्पक्ष र सक्षम निकायबाट सुनुवाइको अधिकार, उजुरी उपर निष्पक्ष निकायबाट छानबिनको अधिकार, पारदर्शी प्रक्रियाको सुनिश्चितताको अधिकार, प्रभावकारी उपचारको अधिकार र माथिल्लो अदालतबाट पुनरावेदनको अधिकार आदि पर्दछन् ।[२४३]

यदि न्याय दिने निकाय स्वतन्त्र, निष्पक्ष र सक्षम नभएमा वा पूर्वाग्रही भएमा त्यसले सम्पूर्ण पद्धतिमा नै समस्या सिर्जना गर्दछ, नागरिकको विश्वास गुमाउँदछ भने हिंसालाई आमन्त्रण गर्ने सम्भावना हुन्छ । यस किसिमको अवस्थाबाट मुक्त हुनको लागि राज्यको निर्वाचन न्यायप्रतिको दायित्वलाई उचित रूपमा सम्बोधन गर्ने, निष्पक्ष र प्रभावकारी अनुसन्धान तथा न्याय निरूपण पद्धतिको प्रवर्द्धन गर्ने, मतदाता शिक्षा प्रभावकारी रूपमा सञ्चालन गर्ने, मुद्दा व्यवस्थापन प्रणालीको प्रभावकारी विकास गर्ने, न्यायाधीश र सम्बन्धित सरोकारवालाहरूलाई आवश्यक तालिमको व्यवस्था गर्ने, समयमा उजुरीलाई सम्बोधन गरी न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाउने जस्ता कार्यहरू गर्न आवश्यक हुन्छ ।[२४४]

नागरिकको अधिकारको सम्मान र संरक्षण, निर्वाचनमा हुने र हुन सक्ने गल्ती कमजोरीहरूमाथि सुधार र नियतवश गल्ती गर्नेलाई कारबाही गरी पीडितलाई न्याय दिने कार्य नै निर्वाचन सम्बन्धी न्याय हो ।[२४५] त्यस किसिमको न्याय प्रदान गर्नको लागि निष्पक्षता, कानुन बमोजिमको शासन, पेशागत मर्यादा, पारदर्शिता, सहज पहुँच, समयमा न्याय, उचित शिक्षा, आत्मनिर्भरता, पूर्वाग्रहरहितता, प्रभावकारिता, कुशलता, जबाफदेहिता, समावेशिता र ग्रहणयोग्यता[२४६] जस्ता न्यायका मूल्य मान्यताका आधारमा सञ्चालन हुने न्याय प्रशासनबाट मात्र सम्भव हुन्छ । यस

२४२ Carter Center, INTERNATIONAL OBLIGATIONS FOR ELECTORAL DISPUTE RESOLUTION DISCUSSION PAPER 1 February 24 -25, 2009, P. 23

२४३ See https://www.venice.coe.int/webforms/documents/?pdf=CDL-PI(2017)007-e

२४४ See https://www.ifes.org/issues/electoral-justice-election-dispute-resolution

२४५ Oliver Joseph Frank Mcloughlin, Electoral Justice System Assessment Guide, Pub. by International Idea, International IDEA Stromsburg SE-103 34 Stockholm Sweden, 2019, P.9

२४६ Ibid P. 15 and 16

कारण हालैका दिनहरू मा उच्च कोटिको निर्वाचनको लागि विभिन्न देशहरूले निर्वाचन न्याय प्रणाली अवलम्बन गर्न थालेका छन् जसलाई निर्वाचन मर्यादा सम्बन्धी सिद्धान्त समेत भनिन्छ ।[२४७]

## ८.३ निर्वाचनसँग सम्बन्धित विवाद समाधानका आधारभूत सिद्धान्तहरू

घानाको आक्रामा इलेक्सन इन्टीग्रिटी ग्रुपले आयोजना गरेको न्यायाधीशहरूको सम्मेलनले निर्वाचन विवाद समाधानका लागि निम्न बमोजिमका आधारभूत सिद्धान्तहरू (Guiding Principles on Electoral Dispute Resolutions) पारित गरेको छ । उक्त समूहमा भारत लगायतका १४ वटा देशहरू संलग्न छन् । नेपाल लगायतका १५ वटा देशका प्रवुद्ध व्यक्तिहरूले यस बिषयमा समालोचना गरेका छन् ।

क. सदाचारिता (Integrity)

ख. सहभागिता (Participation)

ग. कानुनको शासन (Rule of law)

घ. निष्पक्षता (Impartiality and fairness)

ङ. पेशागत दक्षता (Professionalism)

च. स्वायत्तता (Independence)

छ. पारदर्शिता (Transparency)

ज. समयवद्धता (Timeliness)

झ. नियमितता (Regularity)

ञ. स्वीकार्यता (Acceptence)

त्यसै गरी कोफि अन्नान फाउण्डेसनको बुझाइमा निर्वाचन न्याय सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा स्वायत्तता, निष्पक्षता, न्यायमा सहज पहुँच, पारदर्शिता, पहुँचयोग्यता र सुरक्षालाई आधारभूत सिद्धान्तको रूपमा मान्ने प्रचलन छ ।[२४८] यसर्थ निर्वाचन न्यायका निर्देशक सिद्धान्तहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :

क. दल वा उम्मेदवारको निर्वाचन प्रक्रियामा भाग लिन पाउने अधिकारको ग्यारेण्टी,

ख. आफ्नो गुनासो वा सिकायत सम्बन्धमा उजुरी गर्ने अधिकारको व्यवस्था,

ग. अधिकार प्राप्त तथा प्रभावकारी निकायबाट कानुन बमोजिम उपचार पाउने हकको सुनिश्चितता,

घ. कुनै त्रुटि गरी अन्याय गरेको पाइएमा निर्वाचन कानुनका अधीनमा रही निर्वाचन प्रक्रियाको औचित्य समाप्त नहुँदै अविलम्व उपचार प्राप्त गर्ने हकको सुनिश्चितता,

---

२४७ Bawaslu Badan Pengawas Pemilihan Umum, Electoral Justice System Assessment Guide, Pilot Conference: 2-3 May 2018, Jakarta, Indonesia, pub. by International Idea, P. 12

२४८ Kofi Annan Foubdation, Access to Justice and Electoral Intigrity, A policy brief of the Electoral Integrity Initiative, Policy Brief Number 3

ङ. निर्वाचन न्याय गर्ने निकाय अभियोक्ता र निर्वाचन आयोग समेत स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रहनुपर्ने,

च. प्रमाणको भार तथा मापदण्डको व्यवस्था,

छ. निर्वाचन मापदण्ड र प्रक्रियाहरूको स्पष्ट पहिचान,

ज. पूर्वाग्रहरहित तथा जानकार मध्यस्थकर्ता,

छ. सरोकारवालाहरूलाई प्रभावकारी शिक्षाको व्यवस्था,

ज. पुनरावेदनको हकको ग्यारेण्टी,

झ. निर्वाचन आयोग र अदालत बिचको क्षेत्राधिकारमा प्रस्टता,

ञ. त्यस्तै प्रकृतिका अन्य विवादहरू पुनः नदोहोरिने व्यवस्थाका लागि कानुनी रूपमा सुनिश्चितता हुनुपर्ने, आदि ।

## ८.४ निर्वाचन विवाद समाधानका सम्बन्धमा कानुनमा समावेश हुनुपर्ने विषयहरू

यसर्थ निर्वाचनको वैधताको सुनिश्चितताको लागि कानुनले विभिन्न कमी कमजोरी र उपचार वा दण्ड सजाय दिनुपर्ने कारणहरूको पहिचान गरेको हुन्छ । जसको लागि स्पष्ट कानुनी व्यवस्था नै आवश्यक हुन्छ । निर्वाचन परिणामका सम्बन्धमा सम्बोधन गर्नुपर्ने मुख्य विषयहरू र निकायहरू कम्तीमा निम्न किसिमका हुनुपर्ने मान्यता राखिन्छः[२४९]

- निर्वाचन परिणाम पूर्ण वा आंशिक रूपमा अवैध घोषणा गर्नको लागि उच्चस्तरको निर्वाचन निकायलाई मात्र जिम्मा दिनु पर्ने र त्यस्तो निर्णय उपर राज्यको माथिल्लो अदालत वा संवैधानिक अदालतद्वारा पुनरावलोकन गर्ने व्यवस्था हुनुपर्ने,
- औपचारिक उजुरीबिना पनि उक्त निकायहरूले निर्वाचन परिणाम रद्द गर्न सक्ने अधिकार राख्न सक्छन् वा सक्दैनन् ? भन्ने कुरा निर्वाचन कानुनहरूमा स्पष्ट हुनुपर्ने,
- यस्तो अधिकार सामान्य कानुनअन्तर्गत नै पर्दछ वा अपवादको रूपमा मात्र भन्ने विषय कानुनमा नै स्पष्ट हुनुपर्ने,
- प्रारम्भिक र अन्तिम मत परिणाम दुवै माथि प्रश्न गर्न वा चुनौती दिन सकिने हुनु पर्दछ । त्यस कारण निर्वाचन सम्बन्धी कानुनहरूले हरेक चरणको कार्यविधि, समयावधि र हदम्याद तोकेको हुनु पर्दछ ।
- निर्वाचन कानुन बमोजिम हरेक चरण समाप्त भएको मितिले २ महिनाभित्र उजुरी ग्रहण गर्न सक्ने व्यवस्था गरिएको हुनुपर्ने,

२४९ http://aceproject.org/ace-en/topics/lf/lfb12/lfb12c

- निर्वाचन कानुनहरूमा निर्वाचन परिणाम आंशिक वा पूर्ण रूपमा बदर हुन सक्ने आधार र कारणहरू स्पष्ट रूपमा खुलाइएको हुनु पर्दछ ।
- परिणाम परीक्षणको लागि आवश्यक प्रमाणको मात्रा र प्रकारको सम्बन्धमा कानुनद्वारा नै स्पष्ट उल्लेख गरिएको हुनुपर्ने, आदि ।

विभिन्न देशका अभ्यासहरूबाट निम्न विषयहरू निर्वाचनको प्रक्रिया वा परिणाममा भएको अनियमितता सम्बोधन गर्न देहायका अवस्थामा विवाद निरूपण गर्ने निकायले निम्न उपायहरू गर्ने गरेको पाइन्छ :

क. मतपत्र रद्द गर्ने,

ख. निर्वाचन रद्द गर्ने,

ग. मत गणना स्थगित वा रद्द गर्ने,

घ. उम्मेदवारी रद्द गर्ने,

ङ. मतदाता नामावलीबाट नाम हटाउने,

च. घोषित मत परिणाम रद्द गर्ने, आदि ।

निर्वाचन विवाद समाधान सम्बन्धी कानुनी व्यवस्था विभिन्न देशहरूमा आफ्नो आवश्यकता र अभ्यासका आधारमा तयार पारिएको हुन्छ भने संरचनागत हिसाबमा पनि फरक फरक व्यवस्था गरिएको हुन्छ । कतै यो अधिकार निर्वाचन आयोगलाई दिइएको हुन्छ भने कतै विभिन्न तहका अदालतहरूलाई, कतै संवैधानिक अदालतलाई त कतै संसद् र अनौपचारिक निकायहरूलाई दिइएको हुन्छ । त्यसै गरी कतिपय देशहरूले विषयको गम्भीरता हेरी दुई वा दुईभन्दा बढी निकायलाई विवाद समाधानको अधिकार दिएका छन् ।

## ८.५ नेपालको कानुन बमोजिम निर्वाचन कसुर र सजाय सम्बन्धी व्यवस्था

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम निम्न किसिमका कसुर तथा सजायको व्यवस्था गरिएको छ :

**क. निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसुर तथा सजाय**

१. झुट्टा विवरण तथा कागजात सहित मनोनयनपत्र पेश गर्न नहुने, गरेमा निर्वाचन अधिकृतले पच्चिस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने,

२. निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याउन नहुने, बाधा गरेमा पच्चिस हजारदेखि एक लाख रूपैयाँसम्म जरिबाना वा ६ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै हुन सक्ने,

३. मतपत्रको दुरूपयोग गर्न नहुने, गरे गराएमा एक लाख रूपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै हुन सक्ने,

४. गैर कानुनी तवरले मतपत्र दिन वा लिन नहुने, लिए दिएमा एक लाख रूपैँयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै हुन सक्ने ।

**ख. मतदान तथा मत गणना सम्बन्धी कसुर तथा सजाय**

१. मतदानको अधिकारबिना मतदान गर्न नहुने, गरेमा मतदान अधिकृतले पच्चिस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने,

२. पटक पटक मतदान गरेमा मतदान अधिकृतले पच्चिस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने,

३. मत सङ्केत सार्वजनिक गरेमा मतदान अधिकृतले पन्ध्र हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने,

४. मतदानको प्रक्रिया उल्लङ्घन गरेमा मतदान अधिकृतले पन्ध्र हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने,

५. मतपेटिकामा मतपत्र बाहेक अन्य वस्तु खसालेमा मतदान अधिकृतले पन्ध्र हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने,

६. मतदान भएको मतपत्र विगारे वा नष्ट गरेमा एकलाख रूपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने,

७. मतदान गर्न बाधा अवरोध गरेमा मतदान अधिकृत वा अनुगमनकर्ताले पच्चिस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने,

८. गैर नेपाली नागरिकले मतदान गरेमा एकलाख रूपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने,

९. मत गणनास्थलमा अनधिकृत रूपमा प्रवेश गरेमा निर्वाचन अधिकृत वा अनुगमनकर्ताले पन्ध्र हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने,

१०. मत गणना सम्बन्धी सामग्री बिगार्ने वा नोक्सान गरेमा एकलाख रूपैयाँसम्म जरिबाना वा दुइ वर्षसम्म कैद वा दुवै गर्न सक्ने,

११. गलत ढङ्गले मत गणना गरेमा निर्वाचन अधिकृत वा कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम कारबाही हुन सक्ने,

१२. हात हतियार साथमा लिएर हिँडे वा प्रयोग गरेमा दुई लाख रूपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने,

१३. निर्वाचनमा शान्ति भङ्ग गरेमा मतदान अधिकृत वा अनुगमनकर्ताले पचास हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने ।

**ग. निर्वाचनमा प्रभाव पार्ने सम्बन्धी कसुर तथा सजाय**

१. निर्वाचनमा प्रभाव पारेमा एकलाख रुपैयाँदेखि दुईलाख रूपैयाँसम्म जरिबाना वा दुई वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय हुने,

२. नगद वा जिन्सी लिए वा दिएमा पचास हजार रूपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।

**घ. निर्वाचन प्रचार प्रसार सम्बन्धी कसुर तथा सजाय**

१. गैर कानुनी रूपमा प्रचार प्रसार गरेमा दुईलाख रूपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय,

२. कसैको चरित्र हनन गरेमा पचास हजार रूपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय,

३. निर्वाचनको प्रचार प्रसारमा तोकिएभन्दा फरक पर्चा पम्प्लेट, भित्तेलेखन आदि, निषेधित क्षेत्रको प्रयोग, दलको छापाखानाको प्रयोग, अनधिकृत साउण्ड सिस्टमको प्रयोग, मौन अवधिमा सभा वा जुलुस प्रदर्शन र आयोगको मर्यादामा आँच आउने कुनै कार्य गरे गराएमा निर्वाचन अधिकृत वा अनुगमनकर्ताले पच्चिस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने,

४. अनुचित ढङ्गले सवारी साधनको प्रयोग वा सार्वजनिक सवारी साधनको प्रयोग गरेमा निर्वाचनअधिकृत वा अनुगमनकर्ताले पच्चिस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने,

५. सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गरेमा कर्मचारीलाई विभागीय कारबाही र अन्य व्यक्तिलाई आयोगले पचास हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने ।

**ङ. निर्वाचन प्रचार प्रसारको आय-व्यय सम्बन्धी कसुर तथा सजाय**

१. आर्थिक सहयोग लिन नहुने, लिएमा सम्बन्धित व्यक्तिलाई आयोगले एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्ने,

२. अन्य व्यक्तिबाट खर्च गराएमा निर्वाचन अधिकृतले पच्चिस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने र खर्च भएको रकम बराबर जरिबाना गर्न सक्ने,

३. निषेधित कार्यको लागि आर्थिक सहयोग लिए वा खर्च गरेमा आम्दानी वा खर्च बराबरको रकम जरिबाना गर्न सक्ने तथा उक्त जरिबाना ६ महिनासम्म नबुझाउने उम्मेदवारलाई आयोगले बढीमा ६ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने,

४. निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण नबुझाएमा सङ्घीय कानुन बमोजिम कारबाही हुने र सार्वजनिक नगरेमा आयोगले पन्ध्र हजार रूपैयाँसम्म जरिबाना गरी मनासिव समय तोकी त्यस्तो विवरण सार्वजनिक गर्न आदेश दिन सक्ने, आयोगले दिएको आदेश पालना नगर्ने दल वा उम्मेदवारलाई आयोगले पटकै पिच्छे पन्ध्र हजार रूपैयाँ जरिबाना गर्न सक्ने ।

**च. अन्य कसुर तथा सजाय**

१. गलत लिखतलाई मान्यता दिएमा निर्वाचन अधिकृत, मतदान अधिकृत वा कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम सजाय हुने,

२. निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनमा खटिने कर्मचारी वा सुरक्षाकर्मी आफ्नो पदीय जिम्मेवारीबाट पन्छिएमा निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम कारबाही हुने,

३. निर्वाचनको गोपनीयता भङ्ग गरेमा आयोग, निर्वाचन अधिकृत वा मतदान अधिकृतले पच्चिस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने, कर्मचारीले गरेमा सेवा शर्त सम्बन्धी कानुन बमोजिम  कारबाही हुने,

४. निर्वाचन प्रतिकूल हुने अन्य काम गरेमा आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले पच्चिस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने र उद्योग, मद्दत वा दुरुत्साहन गरेमा कसुरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था गरिएको छ ।

**मतदाता नामावली ऐन, २०७३ बमोजिम निम्न किसिमका कसुर तथा सजायको व्यवस्था गरिएको छ :**

१. आफ्नो विवरण ढाँट्न नहुने, ढाँटेमा एक लाख रूपैयाँसम्म जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने,

२. मतदाता नामावली सच्चाउन, विगार्न, नोक्सान गर्न नहुने, गरे गराएमा पच्चिस हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुने,

३. कर्मचारीलाई डर, धम्की, प्रलोभन दिन वा बल प्रयोग गर्न नहुने, गरे गराएमा पच्चिस हजार रूपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुने,

४. गोप्यता भङ्ग गरेमा पच्चिस हजार रूपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुने,

५. विवरण दुरूपयोग गरेमा पच्चिस हजार रूपैयाँसम्म जरिबाना वा एक   महिनासम्म कैद वा दुवै सजाय हुने ।

## ८.६ निर्वाचनलाई असर पार्ने मुख्य विषयहरू (Tender/Triger Points)

निष्पक्ष र विश्वसनीय निर्वाचनमा असर पार्ने केही पक्षहरू हुन्छन् जसका कारणले निर्वाचन सफल वा असफल के हुने भन्ने कुरा निर्धारण हुन्छ । अध्ययनहरूले के देखाएका छन् भने निर्वाचनको ३ महिना अत्यन्तै जोखिमपूर्ण हुन्छन् ।[२५०] निर्वाचनका विभिन्न चरणमा निर्वाचनलाई असर पार्ने मुख्य विषयहरू तथा विवाद निम्न बमोजिम हुन सक्ने सम्भावना हुन्छ :

**क. मतदान पूर्व**

१. निर्वाचन क्षेत्र निर्धारण सम्बन्धी विवाद,

२. उम्मेदवारको योग्यता सम्बन्धमा उठ्ने विवाद,

---

२५० See European Union, Factsheet – EEAS Mediation Support Project – Knowledge Product Mediation and Dialogue in electoral processes to prevent and mitigate electoral related violence, at http://eeas.europa.eu/archives/docs/cfsp/conflict_prevention/docs/2013_eeas_mediation_support_factsheet_electoral_process_en.pdf

३. नागरिकता प्रमाणपत्र, स्थायी बसोबास आदिका कारण मतदाता हुन योग्यता पुगेका सबैको नाम मतदाता नामावलीमा समावेश गर्ने सम्बन्धी विवाद,

४. आयोगको निष्पक्षता, स्वतन्त्रता र पारदर्शितामा आँच आउने गरी गरिएका कार्यबाट सिर्जना हुने विवाद,

५. आर्थिक प्रलोभनबाट उठ्ने विवाद,

६. मतदाता र उम्मेदवारको सुरक्षा सम्बन्धी विवाद,

७. निर्वाचन चिह्न वितरण सम्बन्धी विवाद,

८. निर्वाचन आचार संहिता पालना सम्बन्धमा उठ्ने विवाद,

९. एक उम्मेदवारले अर्को उम्मेदवारको विरुद्ध गाली गलौजको शैलीमा नारा जुलुस वा अन्य क्रियाकलाप गरेमा उठ्ने विवाद,

१०. उम्मेदवारले गर्ने प्रचार प्रसारको स्थान र समय जुधेमा उठ्ने विवाद,

११. प्रचार प्रसारमा अस्वस्थ प्रतिस्पर्धाबाट हुने विवाद,

१२. मदिरा सेवन गरी प्रचार प्रसार गर्दा उठ्ने विवाद,

१३. मतदातालाई आतङ्कित तुल्याई उत्पन्न हुने विवाद,

१४. एक उम्मेदवारको पर्चा पम्पलेट अर्को उम्मेदवारको तर्फबाट च्याते, नासे वा पम्पलेट छपाइमा उठ्ने विवाद,

१५. बहालमा बसेको, घर जग्गा नभएको, सुकुम्बासी, नागरिकता अरू ठाउँबाट लिएको देखिएको व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गर्न इन्कार गर्दाको विवाद, आदि ।

**ख. उम्मेदवार मनोनयनका समयमा उत्पन्न हुने विवादहरू**

१. उम्मेदवारको मतदाता नामावलीमा नाम भए/नभएको विवाद,

२. मतदाता नामावली, नागरिकता र अन्य कागजातमा नाम, थर, वतन आदि सामान्य र गम्भीर रूपमा फरक परेको सम्बन्धी विवाद,

३. निर्वाचन कानुनले तोके बमोजिम उम्मेदवारको योग्यता सम्बन्धी विवाद,

४. उम्मेदवारी दर्ताका बखत क्रम निर्धारणको विवाद,

५. उम्मेदवारी दर्ता स्थल र त्यहाँको वातावरण/समय सम्बन्धी विवाद,

६. नाम/उमेर/ठेगाना/लिङ्ग सम्बन्धी विवाद,

७. उम्मेदवारी सम्बन्धी दाबी विरोध,

८. वारेस र उम्मेदवारको हस्ताक्षर एकिन गर्ने समय सम्बन्धी विवाद,

९. पार्टीको मनोनयन पत्रको आधिकारिकता सम्बन्धी विवाद,

१०. समर्थक र प्रस्तावकको मतदाता नामावलीमा नाम भए वा नभएको विवाद, र

११. उम्मेदवारीका लागि बुझाउनु पर्ने धरौटी रकम तथा पेश गर्नुपर्ने अन्य कागजातहरू पेश गरे नगरेको भन्ने विषयका सम्बन्धमा उठ्ने विवाद, आदि ।

**ग. मतदान अवधिभर वा मतदानको दिनमा**

१. मतदाताहरू बिच हुने विवाद वा मतदातालाई अनावश्यक दबाब दिने,

२. मतदातालाई मतदान केन्द्रमा जानबाट रोक्नु वा अवरोध सिर्जना गर्नु,

३. राजनीतिक दल वा उम्मेदवार वा कार्यकर्तालाई हिँडडुल गर्न अवरोध गर्नु,

४. मतपेटिकामा छेडछाड गर्नु,

५. मत सङ्केत गर्ने सम्बन्धी विवाद,

६. मत सङ्केत गर्ने स्वस्तिक छाप सम्बन्धी विवाद

७. मत सङ्केत गर्ने स्थानमा प्रकाश नपुगेको सम्बन्धी विवाद

८. अशक्त मतदातालाई मत सङ्केत गर्न सहयोग गर्ने सम्बन्धी विवाद,

९. मतदानस्थल वा मतपेटिका कब्जा गर्नु,

१०. गलत मतपत्र प्रयोग गर्न लगाउनु,

११. मतपेटिकामा गलत वस्तु खसाल्नु,

१२. कर्मचारी र सुरक्षाकर्मीको व्यवस्था र व्यवहारका कारण उत्पन्न हुने विवाद,

१३. प्रतिनिधि, कर्मचारी र सुरक्षाकर्मीलाई दबाब दिँदा हुने विवाद,

१४. मतदाता नमावलीमा चिन्ह लगाउने सम्बन्धी विवाद,

१५. मतदाता नामावलीमा त्रुटि सम्बन्धी विवाद (उमेर, लिङ्ग, क्र.सं., नाम),

१६. मतदाता परिचयपत्र र नामावलीमा त्रुटिको कारणबाट उत्पन्न हुने विवाद,

१७. मतदान सुरु गर्ने समयमा हुन सक्ने विवाद,

१८. मतपत्र त्रुटि, हस्ताक्षर नगर्ने, ल्याप्चे लाग्ने, बाहिर लाने, सुरुमै बाहिरिने आदि विवाद,

१९. सङ्केत लिई मतदान गर्न आउने,

२०. मतदान गर्ने स्थान खुला वा नदेख्ने गरी राख्ने सम्बन्धमा उठ्न सक्ने विवाद,

२१. मतदान केन्द्र कब्जाबाट उत्पन्न हुने विवाद,

२२. मतदान केन्द्रमा पुग्न नदिने विवाद,

२३. लाइन लामो बनाई हुलहुज्जत गर्ने,

२४. अशक्त व्यक्तिलाई मतदान गर्नबाट रोक्ने,

२५. मतदाता परिचय पत्र तथा फर्जी मतदान सम्बन्धी विवाद,

२६. स्वस्तिक चिन्ह बिगार्ने, नष्ट गर्ने,

२७. मत पेटिका बिगार्ने, नष्ट गर्ने, पानी, मसी, एसिड, चुरोटका ठुटा आदि हालिदिने जस्ता विवाद,

२८. कागजात (मुचुल्का) तयार गर्ने,

२९. मतपेटिकामा सिल लगाउने सम्बन्धी विवाद,

३०. मतपेटिका ढुवानी गर्ने,

३१. मतपेटिका साथ उम्मेदवारका प्रतिनिधि साथै जाने सम्बन्धी विवाद,

३२. मतदान गर्न जाने कर्मचारी बस्ने स्थान बारे हुने विवाद,

३३. निर्वाचन आचार संहिता पालना सम्बन्धमा उठ्ने विवाद,

३४. निर्वाचन पर्यवेक्षणका क्रममा आइपर्ने विवाद,आदि ।

**घ. निर्वाचन पश्चात्**

१. मतपेटिका सङ्कलन र संरक्षणको समयमा हुने विवाद,

२. मुचुल्का तयार गर्ने अवस्थामा हुने विवाद,

३. प्रतिनिधि छनोटमा हुने विवाद,

४. सदर वा बदर मतमा हुने विवाद,

५. मतपेटिकामा घटी वा बढी मतपत्र प्राप्त भएको अवस्थामा हुने विवाद,

६. मत बराबर भएमा उत्पन्न हुने विवाद,

७. सङ्ख्या नमिलेकोमा हुने विवाद,

८. समय-समयमा निर्वाचन परिणामको घोषणा नहुँदाका कारण उत्पन्न हुने विवाद,

९. परिणामको घोषणामा ढिलाइ गरेका कारण उत्पन्न विवाद,

१०. जालसाजी वा धोखा वा गलत व्यवस्थापनको कारण उत्पन्न विवाद,

११. औपचारिक निर्वाचन परिणाम आउनु अगावै विजेताको रूपमा स्वयम् घोषणा गरेका कारण उत्पन्न विवाद, र

१२. घोषित मत परिणाम स्वीकार नगरेका कारण उत्पन्न विवाद, आदि ।

यस किसिमको अवस्था आउन नदिनका लागि राजनीतिक दल, निर्वाचन आयोग, सरकार र नागरिक समाजले विभिन्न किसिमका उपायहरू मार्फत सम्भावित समस्याको सम्बोधन गर्नेतर्फ ध्यान दिन आवश्यक छ । त्यस्ता उपायहरू मुख्यतया निम्न हुन सक्दछन् :

क. सम्भावित राजनीतिक दल वा समूहसँग निरन्तर वार्ताको माध्यमबाट उनीहरूका जायज मागको सम्बोधन गर्ने,

ख. उक्त समूहलाई मूलधारमा ल्याउनको लागि सबै प्रकारका प्रयासहरू गर्ने,

ग. निर्वाचनसँग सम्बन्धित र सम्भावित हिंसाका विषयहरूलाई समयमै सम्बोधन गर्ने,

घ. आपराधिक समूहबाट हुन सक्ने खतराका सम्बन्धमा सुरक्षा निकायसँगको समन्वयका आधारमा सुरक्षा प्रणाली मजबुत राख्ने,

ङ. निर्वाचन पश्चात् पनि निरन्तर सम्वाद र छलफलको माध्यमबाट उनीहरूका जायज मागहरूलाई सम्बोधन गर्ने प्रयास गर्ने,

च. सहभागितामूलक ढङ्गबाट निर्वाचन आचार संहिता तयार गरी जारी गर्ने,

छ. कानुन कार्यान्वयन कडाईका साथ र प्रभावकारी रूपमा गर्ने, आदि ।

## ८.७ नेपालले ग्रहण गरेको विवाद समाधान पद्धति

मुलुकमा न्यायपूर्ण व्यवस्था कायम गर्नु राज्यको प्रमुख दायित्व हो । यस्तो न्याय सम्पादनको कार्य स्वतन्त्र न्यायपालिकाबाट मात्र सम्भव हुने हुँदा यसलाई सहयोग गर्नु र यसका आदेश वा फैसला मान्नु राज्यका सबै अङ्ग निकाय वा अधिकारीहरूको कर्तव्य हुन्छ । न्यायपालिकाको शक्ति भनेको यसको निष्पक्षता र यसप्रतिको जनविश्वास हो । यदि राज्यका कुनै अङ्ग वा निकायबाटै यसको आदेश वा फैसलाको अवज्ञा भयो भने न्यायालयप्रतिको जनआस्था तथा यसको प्रभावकारितामा प्रतिकूल प्रभाव पर्छ । त्यसैले अदालतको यस प्रकारको संवेदनशीलतालाई दृष्टिगत गरी न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता, मर्यादा, पहुँच र प्रभावकारितालाई सुनिश्चित गर्न राज्यका हरेक अङ्गले कानुनी र अन्य माध्यमबाट अदालतलाई सहयोग र संरक्षण गर्नुपर्ने हुन्छ । साथै, न्याय सम्पादनको कार्यमा सर्वोच्च अदालत र अन्य अदालतहरूलाई सहयोग गर्नुपर्ने गरी सरकार, मातहतका सबै कार्यालय वा पदाधिकारीहरूलाई संविधानले नै कर्तव्य तोकेको छ ।

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले सो ऐनको दफा ४१ (३) अन्तर्गतका मुद्दाहरू सरकारवादी भई चल्ने[२५१] व्यवस्था गरेको छ । कार्यविधि सम्बन्धमा यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा सङ्क्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ[२५२]भन्ने व्यवस्था ऐनले गरेको छ। फौजदारी र देवानी अपराध संहिता र कार्यविधि संहिताहरूले निर्वाचन अपराध र सजाय सम्बन्धमा स्पष्ट व्यवस्था गरेका छैनन् । निर्वाचन आयोग ऐनले निर्वाचन आयोगलाई केही मुद्दा हेर्ने जिम्मेवारी तोकेको छ भने मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत र अनुगमनकर्तालाई समेत विवाद निरूपण गर्ने अधिकारहरू दिएको छ ।

यसरी हेर्दा निर्वाचन कसुरमा तत्तत् अपराधसँग सम्बन्धित कानुनहरू आकर्षित हुने देखिन्छ । फौजदारी मुद्दामा फौजदारी न्यायका सामान्य सिद्धान्तहरू [२५३] र देवानी प्रकृतिका कसुरहरूमा

२५१ हे. निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३ को दफा ४०
२५२ ऐ. दफा ४२
२५३ हे. मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद २

देवानी कानुनका सामान्य सिद्धान्तहरू [२५४]आकर्षित हुने देखिन्छ। यी प्रावधानहरूलाई हेर्दा निर्वाचन कसुर सम्बन्धमा नेपालले न्यायिक र अर्धन्यायिक दुवै पद्धतिको अनुसरण गरेको देखिन्छ । जसअन्तर्गत फरक फरक निकायलाई फरक फरक प्रकृतिका विवादहरू निरूपण गर्ने अधिकार दिइएको छ भने पुनरावेदनको व्यवस्था समेत ऐनमा गरिएको छ।

फौजदारी न्याय प्रशासनको एक मात्र प्रमुख उद्देश्य भनेको समाजमा आपराधिक क्रियाकलाप नियन्त्रण गरी सामाजिक सुरक्षाको प्रत्याभूति गराउनु हो । यसको लागि अपराध गर्नेले सजाय पाउँछ भन्ने विश्वसनीय वातावरणको सिर्जना राज्यले गर्नुपर्ने हुन्छ। यस किसिमको विश्वसनीय वातावरणको सिर्जना फौजदारी न्याय प्रशासनको प्रभावकारिताबाट मात्र सम्भव हुन्छ,[२५५] भने मुलुकमा कानुन तथा व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न, विभिन्न धार्मिक तथा सांस्कृतिक समुदायबिचको सुसम्बन्ध तथा शान्ति कायम गर्नको लागि फौजदारी कसुर सम्बन्धी कानुनी व्यवस्था गर्न आवश्यक हुन्छ।[२५६] देवानी कसुरको हकमा मुलुकमा कानुन र व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवम् आर्थिक हित कायम राख्न तथा आर्थिक सामाजिक र सांस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जात जाति वा सम्प्रदायहरू बिचको सुसम्बन्ध कायम राख्नको लागि देवानी कसुर र सजायको व्यवस्था गर्न आवश्यक हुन्छ।[२५७] त्यही कुरा निर्वाचन कसुर तथा सजाय सम्बन्धमा पनि लागू हुन्छ।

नेपालले अधिकांश मुद्दाहरूमा सामान्य कानुनी प्रणाली (common law system) अवलम्बन गरेको छ । निर्वाचन कसुर र सजाय सम्बन्धमा पनि सामान्य कानुनी प्रणाली नै लागू हुन्छन् । सबै विवादहरू अदालतबाटै निरूपण गर्ने पद्धति नेपालले अपनाएको छैन। खास गरी निर्वाचन पश्चात्का उजुरीहरू सम्बन्धित अदालतमा जाने र निर्वाचन पूर्व र निर्वाचन अवधिभर आयोगले हेर्ने गरी जिम्मेवारी तोकिएको छ। यससँग सम्बन्धित सबै विवादहरू अदालतमा जानुभन्दा केही अर्धन्यायिक निकायबाट निरूपण गर्ने गरी निर्वाचन कानुनहरूमा व्यवस्था गरिएको छ। अर्धन्यायिक निकायको सम्बन्धमा प्रत्येक व्यक्तिको कानुनद्वारा निर्धारित कार्यविधि बमोजिम सामान्य अदालतबाट आफ्ना विरुद्ध चलेका मुद्दाको सुनुवाइ गराउने अधिकारलाई सुनिश्चित गर्न स्थापित कार्यविधि नअपनाउने कुनै न्यायाधिकरणले सामान्य अदालत वा न्यायिक निकायको अधिकार क्षेत्र खोसी प्रयोग गर्न पाउनु हुँदैन भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको पाइन्छ।

निर्वाचन कसुर र सजाय सम्बन्धमा संविधानमा संवैधानिक इजलासले अनुसूचीमा उल्लिखित तीन तहका सरकारहरू बिचको क्षेत्राधिकारको विवाद तथा सङ्घीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धी विवाद र सङ्घीय संसद्का सदस्य वा प्रदेश सभा सदस्यको अयोग्यता सम्बन्धी विवादहरू[२५८] हेर्ने जिम्मेवारी तोकिएको छ भने उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय गर्ने लगायतका जिम्मेवारीहरू नेपालको संविधानले निर्वाचन आयोगलाई सुपेको छ।[२५९]

---

२५४ हे. मुलुकी देवानी (संहिता) ऐन, २०७४ को परिच्छेद २ दफा ४ देखि १६सम्म

२५५ हे. सम्पादन श्रीकृष्ण मुल्मी, नेपालमा सरकारवादी मुद्दाको अवस्था र चुनौती, २०७०, पृष्ठ ८

२५६ हे. मुलुकी अपराध (संहिता) ऐन, २०७४ को प्रस्तावना

२५७ हे. मुलुकी देवानी (संहिता) ऐन, २०७४ को प्रस्तावना

२५८ हे. नेपालको संविधानको धारा १३७ (२)

२५९ ऐ. धारा २४६

निर्वाचन आयोग ऐन, २०७३ मा उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने,[२६०] निर्वाचन रद्द गर्न सक्ने र जाँचबुझ गराउने विषय,[२६१] निर्वाचन आचार संहिता कार्यान्वयन सम्बन्धी विषय,[२६२] निर्वाचनमा निर्धारित हदभन्दा बढी खर्च गरेमा सजाय हुने विषय,[२६३] विभागीय कारबाही सम्बन्धी विषय[२६४] आदेश जारी गर्ने[२६५] विषयमा निर्वाचन आयोगलाई जिम्मेवारी दिइएको छ। यसर्थ नेपालको निर्वाचन न्याय प्रणाली न्यायिक र अर्धन्यायिक पद्धतिमा आधारित भएको मान्न सकिन्छ।

## ८.८ निर्वाचन विवादमा प्रमाणको भारको अवस्था

प्रमाण कानुन कार्यविधि कानुनको शाखा हो । कार्यविधि कानुनले न्याय निरूपण सम्बन्धमा के कसरी न्याय निरूपण गर्ने, न्याय निरूपणको प्रक्रिया के कस्तो र कुन सिद्धान्तका आधारमा गर्ने लगायतका उजुरीदेखि फैसला कार्यान्वयनसम्मका प्रक्रियाहरूको व्यवस्था गरेको हुन्छ । यस सम्बन्धमा के कस्ता प्रमाणहरू ग्राह्य हुन्छन् ? के कस्ता र कुन कुन मुद्दामा बादी वा प्रदिवादी को हुने ? लगायतका विषयहरू समेटिएका हुन्छन् । मुद्दामा आफ्नो पक्षलाई न्याय दिलाउनका लागि कसले कसरी र कति समयभित्र प्रमाण पुऱ्याउने भन्ने विषय नै प्रमाणको भार हो ।

प्रमाणको भार सम्बन्धमा सामान्यतया विभिन्न कानुनी प्रणाली अपनाएका मुलुकहरूमा फरक फरक हुने गर्दछ। उदाहरणको लागि सामान्य कानुनी प्रणाली (common law system) अपनाएका मुलुकहरूमा प्रमाणको भार वादीमा निहित हुन्छ भने नागरिक कानुनी प्रणाली (civil law system) अपनाएका मुलुकहरूमा प्रमाणको भार प्रतिवादीमा हुन्छ । निर्वाचनको सन्दर्भमा अधिकांश मुलुकहरूमा प्रमाणको भार आरोप लगाउनेमा हुन्छ ।[२६६] अर्थात् "जसले जे कुरा हो भन्छ उसैले सो कुरा प्रमाणित गर्नु पर्दछ" भन्ने सिद्धान्तका आधारमा तय गरिएको हुन्छ। निर्वाचनको सन्दर्भमा सामान्यतया जसले परिणामलाई चुनौती दिन्छ, सो विषयमा प्रमाण पुऱ्याउने जिम्मेवारी पनि उसैको हुन्छ। तर कतिपय सन्दर्भमा भने प्रमाणको भार प्रतिवादीमा जानु पर्ने भन्ने सम्बन्धमा बहसहरू हुने गरेका छन्। उदाहरणको लागि यदि अल्पसङ्ख्यक समुदायबाट सत्तासीन दलको उम्मेदवार वा दललाई चुनौती दिइएको विषय छ भने वा निर्वाचन व्यवस्थापन अधिकारी वा निकायका विरुद्ध आरोप लगाइएको छ भने त्यस्तो अवस्थामा जिम्मेवार निकायले जिम्मेवारी पूरा गर्न नसकेको र भएको स्रोत साधनको सदुपयोग नगरेको वा पूर्वाग्रही व्यवहार नदेखाएको सम्बन्धमा प्रमाणको भार प्रतिवादीमा रहँदा उपयुक्त मान्ने गरिएको छ । किनकि, निर्वाचन सम्बन्धी विवादका विषयहरू सामान्य फौजदारी वा देवानी कसुरको रूपमा मात्र हेरिदैन ।

प्रमाणको भार सम्बन्धमा सामान्यतया निम्न कुराहरू हेर्ने गरिन्छ :

---

२६० हे. निर्वाचन आयोग ऐन, २०७३ को दफा ९

२६१ ऐ दफा १०

२६२ ऐ. दफा २३

२६३ ऐ. दफा २६

२६४ ऐ. दफा ४४

२६५ ऐ. दफा ४९

२६६ Judy Mokuwa, The burden and standards of proof required in election petitions in Kenya with particular reference to the Presidential Election Petition No. 5. See at https://www.academia.edu/13170902/The_burden_and_standards_of_proof_required_in_election_petitions_in_Kenya_with_particular_reference_to_the_Presidential_Election_Petition_No._5

क. निवेदक वा उजुरकर्ताले प्रारम्भिक प्रमाणका आधारमा उजुरी दर्ता गरेको हुनुपर्ने वा प्रतिउत्तरकर्तालाई बोलाउनुअघि नै बुझाउनुपर्ने ता कि निजले उक्त आधार र प्रमाणको खण्डन गर्ने अवसर पाउन सकोस्,

ख. प्रमाण यथार्थमा आधारित हुनुपर्ने,

ग. प्रमाण शङ्कारहित हुनुपर्ने,

प्रमाणको भार केवल प्रमाण सङ्कलन गरी बुझाउनु मात्र हुँदैन । निर्वाचन विवाद निरूपण गर्ने निकाय सन्तुष्ट हुने गरी प्रमाण पेश गर्नु पर्दछ । देवानी मुद्दाहरूमा तुलनात्मक रूपमा उपयुक्त प्रमाणले ग्राह्यता पाए पनि फौजदारी मुद्दामा शङ्कारहित तवरले पुष्टि हुन आवश्यक छ ।[२६७]

नेपालको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ मा वादीले उजुरीमा, अभियुक्तले वयानमा र प्रतिवादीले प्रतिउत्तरपत्रमा आफ्ना सबै साक्षी, लिखत र दसी प्रमाण खुलाउनु पर्ने,[२६८] सक्कल लिखत फिर्ता दिनुपर्ने[२६९]र पक्षले साक्षी उपस्थित गराउनु पर्ने[२७०] व्यवस्था गरिएको छ भने फौजदारी न्यायका सिद्धान्त बमोजिम आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने व्यवस्था समेत गरिएको छ ।[२७१] त्यसै गरी फौजदारी मुद्दामा प्रमाण ऐन, २०३१ को दफा २५ ले प्रमाणको भार वादीमा रहने कुरा स्पष्ट रूपमा उल्लेख गरेको छ भने प्रतिवादीहरूलाई आफू विरुद्धको कारबाहीमा चुप लाग्ने हक समेत सुरक्षित छ तर चुप नबसी आफ्नो सफाईमा तथ्य व्यक्त गर्ने व्यक्तिको दायित्व पनि सोही प्रमाण ऐनको दफा २७ (१) ले गरेको छ । त्यसै गरी अधिकार प्राप्त अधिकारी समक्षको कथनलाई इन्कार गरिएको अवस्थामा त्यसका आधार र कारण पनि व्यक्त गर्नु पर्दैन भन्ने प्रमाण ऐन, २०३१ को दफा २५ को मनसाय होइन[२७२] भन्ने व्याख्या समेत सम्मानित सर्वोच्च अदालतबाट भएको छ ।

अत: निर्वाचन सम्बन्धी कसुरमा सामान्यतया प्रमाणको भार अन्य मुलुकहरूमा जस्तै नेपालमा पनि केही अपवाद बाहेक बादीमा हुने व्यवस्था नेपालका विभिन्न कानुनहरूमा भएको पाइन्छ ।

## ८.९ निर्वाचन पूर्व र निर्वाचन पश्चात् उजुरी र कारबाही

निर्वाचन विवादमा उजुरी र कारबाही सम्बन्धमा सामान्यतया निर्वाचन पूर्वका कारबाहीहरू निर्वाचन आयोगबाट र निर्वाचन पश्चात्का कारबाहीहरू अदालतहरूबाट हुने गरेको पाइन्छ । निर्वाचन सम्बन्धी उजुरी र कारबाही सम्बन्धमा आईफेसले विश्वव्यापी ७ वटा मापदण्डहरू पहिचान गरेको छ, जुन मापदण्डहरू निम्न छन् :[२७३]

१. निर्वाचन सम्बन्धी अनियमितता विरुद्ध पारदर्शी रूपमा पूर्ण न्याय प्राप्त गर्ने अधिकार,

२. स्पष्ट रूपमा परिभाषित गरिएका निर्वाचन सम्बन्धी मापदण्ड र कार्यविधिहरू,

---

२६७ IDEA, Electoral Justice: The International IDEA Handbook, 2010, P. 165
२६८ हे. मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ९९
२६९ ऐ. दफा १००
२७० ऐ. दफा १०१
२७१ ऐ. दफा ४
२७२ हे. नेपाल सरकार विरुद्ध बम बहादुर बस्नेत समेत, ने.का.प. २०७० अंक ६, पृष्ठ ७७७
२७३ https://worldjusticeproject.org/news/adjudicating-election-disputes-seven-global-standards

३. निष्पक्ष र पूर्वसूचित न्यायकर्ता,

४. न्यायिक रूपमा निर्णय गरिने पद्धति,

५. स्थापित प्रमाणको भार र प्रमाणको स्तरीयता,

६. अर्थपूर्ण र प्रभावकारी उपचारको उपलब्धता, र

७. सरोकारवालाहरूका लागि प्रभावकारी शिक्षाको व्यवस्था ।

नेपालमा निर्वाचन आयोग र न्यायालयबाट निरूपण हुने विवादहरूको सम्बन्धमा तत्तत् परिच्छेदमा उल्लेख गरिएको छ । निर्वाचन आयोग नियमावली, २०७३ बमोजिम कुनै निर्वाचन क्षेत्र वा मतदान केन्द्रमा निर्वाचनको कुनै काम वा मतदानको कामको स्वच्छता, स्वतन्त्रता वा निष्पक्षतामा असर पुऱ्याउने काम भएको सम्बन्धमा उजुरी प्राप्त भएमा वा त्यस्तो कुराको जानकारी आयोगलाई प्राप्त भएमा सो सम्बन्धमा आयोगले जाँचबुझको लागि समयावधि तोकी कुनै आयुक्त, सचिव वा अन्य कुनै अधिकारीलाई खटाउन सक्ने व्यवस्था छ । त्यसै गरी जाँचबुझको लागि खटिएको कुनै आयुक्त, सचिव वा अधिकारीले त्यस्तो विषयमा जाँचबुझ गर्दा देहाय बमोजिमका कार्य गर्न सक्ने समेत व्यवस्था छ :

(क) घटनास्थलको निरीक्षण तथा विषयवस्तुसँग सम्बन्धित भौतिक प्रमाण सङ्कलन गर्ने,

(ख) घटनाको विषयमा प्रत्यक्ष रूपमा जानकारी पाउने व्यक्तिसँग सोधपुछ गर्ने,

(ग) घटनासँग सम्बद्ध राजनीतिक दल, उम्मेदवार वा व्यक्तिसँग सोधपुछ गर्ने,

(घ) निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, मतदान अधिकृत तथा सम्बन्धित अन्य कर्मचारीसँग घटनाको विषयमा जानकारी लिने,

(ङ) घटना वा विषयको सत्यतथ्य पत्ता लगाउन आवश्यक पर्ने अन्य कार्य गर्ने ।

जाँचबुझको लागि खटिएको कुनै आयुक्त, सचिव वा अधिकारीले प्राप्त गरेको जानकारी एवं प्रमाण समेतको विश्लेषण गरी आयोगले तोकेको समयभित्र प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था छ । प्रतिवेदनबाट कुनै निर्वाचन क्षेत्र वा मतदान केन्द्रमा निर्वाचन वा मतदानको कामको निष्पक्षता वा स्वतन्त्रतामा असर पुऱ्याउने काम भएको कुरामा आयोग विश्वस्त भएमा आयोगले सो कुरा खुलाई त्यस्तो निर्वाचन वा मतदानको काम रद्द गर्न सक्नेछ । निर्वाचन वा मतदान रद्द भएमा त्यस्तो स्थानमा प्रचलित कानुन बमोजिम निर्वाचन अधिकृतले पुनः मतदान हुने व्यवस्था मिलाउनु पर्नेछ भन्ने व्यवस्था नियमावलीमा गरिएको छ ।

निर्वाचन आचार संहिता उल्लङ्घन गरेमा कुनै पनि व्यक्तिले अनुसूची-४ बमोजिम आयोग, निर्वाचन अधिकृत, अनुगमनकर्ता वा अनुगमन टोली समक्ष उजुरी दिन सक्नेछ । अनुगमन गरी पेश भएको प्रतिवेदन, परेका उजुरी वा अन्य कुनै माध्यमबाट कसैले निर्वाचन आचार संहिता उल्लङ्घन गरेको पाइएमा आयोगले ऐनको दफा २३ बमोजिम जरिबाना गर्ने छ भन्ने व्यवस्था समेत नियमावलीमा गरिएको छ ।

त्यसै गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम मुद्दाको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले पर्याप्त सबुद प्रमाणको आधारमा कसुरमा संलग्न रहेको शङ्का लागेको

व्यक्तिलाई प्रचलित कानुन बमोजिम पक्राउ गर्न सम्बन्धित प्रहरी कार्यालयलाई आदेश दिई त्यस्तो व्यक्तिलाई पक्राउ गर्न सक्ने, पक्राउ परेको व्यक्तिलाई हिरासतमा राखी अनुसन्धान गर्नुपर्ने भएमा अनुसन्धान अधिकारीले निजलाई बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र अदालत समक्ष उपस्थित गराई अदालतको अनुमति लिएर मात्र हिरासतमा राख्नु पर्ने, हिरासतमा राख्ने अनुमति मागेमा अदालतले अनुसन्धान सन्तोषजनक रूपमा भए वा नभएको र हिरासतमा राख्नु पर्ने कारण समेतलाई विचार गरी सन्तोषजनक रूपमा अनुसन्धान भैरहेको र हिरासतमा राख्नुपर्ने पर्याप्त आधार देखिएमा एकै पटक वा पटक पटक गरी बढीमा पन्ध्र दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्ने समेतको व्यवस्था गरिएको छ । कुनै व्यक्ति उपर मुद्दा चलाउनु पर्ने देखिएमा अनुसन्धान अधिकारीले कसुर गरेको मितिले साठी दिनभित्र अदालतमा अभियोगपत्र दायर गरिसक्नु पर्ने, अनुसन्धानको काम पूरा भएपछि अदालतमा अभियोगपत्र दायर गर्न म्याद ननाघ्ने गरी अनुसन्धान अधिकारीले आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकिल समक्ष मिसिल एवं सबुद प्रमाण पेश गर्नु पर्ने, मिसिल प्राप्त भएपछि सरकारी वकिलले मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भए मुद्दा दायर गर्ने म्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्ने र सरकारी वकिलबाट मुद्दा चल्ने गरी निर्णय भएमा त्यस्तो निर्णय प्राप्त भएपछि अनुसन्धान अधिकारीले अभियोगपत्र तयार गरी अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ भन्ने व्यवस्था पनि उक्त ऐनमा गरिएको छ ।

आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले मतदान कार्यमा वा मत गणना कार्यमा वा निर्वाचनको अन्य कुनै कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग गर्ने वा मद्दत गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने जुनसुकै व्यक्तिलाई त्यस्तो काम नगर्न र त्यस्तो स्थानबाट बाहिर जान आदेश दिन सक्ने, आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले दिएको आदेश नमान्ने व्यक्तिलाई गिरफ्तार गर्न आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले सम्बन्धित सुरक्षाकर्मीलाई आदेश दिन सक्ने र निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले यसरी गिरफ्तारीको आदेश दिँदा त्यसको जानकारी आयोगलाई दिनुपर्ने तथा आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले दिएको आदेश सम्बन्धित सुरक्षाकर्मीले पालना गर्नु पर्नेछ भन्ने व्यवस्था पनि ऐनमा गरिएको छ । यस ऐनअन्तर्गतका अन्य विषयहरूमा सङ्क्षिप्त कार्यविधिअन्तर्गत ९० दिनभित्र मुद्दा फैसला गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## ८.१० मुद्दा व्यवस्थापन तथा न्याय निरूपण

न्यायपालिकाको सबैभन्दा माथिल्लो तहमा रहेको सर्वोच्च अदालत संविधान बमोजिम अभिलेख अदालतको रूपमा रहेको छ । नेपालमा हाल सातवटा उच्च अदालत तथा उक्त उच्च अदालतका विभिन्न ९ वटा इजलास तथा २ वटा अस्थायी इजलास गरी कुल १८ वटा अदालत एवं इजलासहरूको स्थापना भएको छ । हरेक जिल्लामा एउटा जिल्ला अदालत गरी कुल ७७ जिल्ला अदालत रहेका छन् । त्यसका साथै अन्य न्यायिक निकाय वा न्यायाधिकरणको रूपमा विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत, ऋण असुली न्यायाधिकरण, राजश्व न्यायाधिकरण, वैदेशिक रोजगार न्यायाधिकरण लगायतबाट समेत न्याय सम्पादनको कार्य हुँदै आएको छ । न्याय प्रशासनको सम्बन्धमा नेपालको संविधान, न्याय प्रशासन ऐन, २०७३, सर्वोच्च अदालत ऐन, २०४८, सर्वोच्च अदालत नियमावली, २०७४, उच्च अदालत नियमावली, २०७३ र जिल्ला अदालत

नियमावली, २०७५ लगायत अदालतसँग सम्बन्धित विभिन्न ऐन तथा नियमावलीहरू कार्यान्वयनमा रहेका छन् ।[२७४]

सबै अदालतहरूमा नियमित प्रकृतिका मुद्दाहरूको चाप पनि हुने र निर्वाचनको समयमा निर्वाचन विवादसँग सम्बन्धित थप मुद्दाहरूको चाप हुने हुन्छ । निर्वाचन विवाद सङ्क्षिप्त कार्यविधिअन्तर्गत हेर्नुपर्ने तर अदालतमा मुद्दाको चापका कारण समयमा फैसला हुन नसक्ने यथार्थ हाम्रो सामु समस्याको रूपमा खडा भएको छ । यसर्थ मुद्दा व्यवस्थापन गरी समयमा न्याय निरूपण गर्नुपर्ने कुरा अदालतको लागि एउटा चुनौती नै बनेका छन् । खास गरी संवैधानिक इजलासको सञ्चालन सम्बन्धी व्यवस्था सर्वोच्च अदालतले निर्धारण गरे बमोजिम हुने संवैधानिक व्यवस्था भएकोले सर्वोच्च अदालतले यस सम्बन्धमा सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ जारी गरिसकेको छ । उक्त नियमावलीले सो नियमावली प्रारम्भ हुँदाका बखत सर्वोच्च अदालत विशेष इजलासमा विचाराधीन मुद्दा समेत संवैधानिक इजलासबाट हेरिने व्यवस्था गरेको छ ।[२७५] भने संवैधानिक इजलास गठन हुनुपूर्व सर्वोच्च अदालतको समानस्तरको दुई भिन्न इजलासबाट एउटै संवैधानिक प्रश्नमा फरक फरक व्याख्या भई एकरूपता कायम हुन नसकेको विषयमा निर्णयको लागि प्रधान न्यायाधीशले आवश्यक देखेमा त्यस्तो मुद्दा समेत इजलासले हेर्ने व्यवस्था गरिएको देखिन्छ ।[२७६]

सर्वोच्च अदालतमा विचाराधीन कुनै मुद्दामा गम्भीर संवैधानिक व्याख्याको प्रश्न रहेकोले इजलासबाट हेर्न उपयुक्त हुने भनी कुनै इजलासले आदेश गरी पठाउन वा मुद्दाको पक्षले निवेदन दिन सक्ने कार्यविधि समेत तोकिएको देखिन्छ ।[२७७] इजलासको अधिकार क्षेत्रभित्र रहेको मुद्दासँग अन्तरप्रभावी रहेको मुद्दा एकै साथ निरूपण हुन उपयुक्त छ भन्ने इजलासलाई लागेमा त्यस्तो मुद्दा समेत साथै राखी हेर्न सक्ने व्यवस्था पनि गरिएको छ ।[२७८] इजलासको अधिकार क्षेत्रको प्रयोग प्रधान न्यायाधीश सहित इजलासका सबै न्यायाधीशहरूले सामूहिक रूपमा गर्ने, कुनै न्यायाधीशले आफ्नो छुट्टै राय समेत व्यक्त गर्न सक्ने र बहुमत न्यायाधीशहरूको राय इजलासको निर्णय हुने कार्यविधिमा उल्लेख गरिएको छ ।[२७९] मुद्दा मामिलाको रोहमा इजलासले दिएको अन्तिम आदेश वा फैसला अन्तिम हुने र इजलासको अन्तिम आदेश वा फैसला उपर मुद्दा पुनरावलोकन गरी पाउँ वा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदन समेत नलाग्ने व्यवस्था गरिएको पाइन्छ ।[२८०] साथै, प्रधान न्यायाधीशले इजलासको अधिकार क्षेत्रभित्रका मुद्दासँग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धान गर्न अनुसन्धान तथा विज्ञ समूह गठन गर्न सक्ने व्यवस्था समेत गरिएको छ। इजलासबाट निरूपण भएका कानुनको अमान्य वा बदर भएको विषय सङ्घ प्रदेश वा स्थानीय तहको अधिकार सम्बन्धी विषय र सङ्घीय संसद् वा प्रदेश सभाका सदस्यको निर्वाचन बदर भएको वा अयोग्य घोषणा भएको विषय नेपाल राजपत्रमा प्रकाशन गरिने र इजलासको भौतिक व्यवस्थापन र आर्थिक व्यवस्थापन नेपाल सरकारले गर्ने व्यवस्था गरिएको छ ।

---

२७४ हे. http://www.supremecourt.gov.np/web/generalinfo
२७५ सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ नियम ३ (२)
२७६ ऐजन नियम १७ (ग)
२७७ ऐजन नियम १७ (क) र (ख)
२७८ ऐजन नियम ५ (३)
२७९ ऐजन नियम ४
२८० ऐजन नियम ५ (१)

**मुद्दा व्यवस्थापनका विद्यमान चुनौतीहरू**

क. निर्वाचन सम्बन्धी मुद्दाहरू प्राथमिकतामा नपर्नु,

ख. विजेता पक्षले पेशी पटक पटक हटाउन तत्परता देखाइरहनु,

ग. अदालतबाट भएका आदेशहरू अविलम्ब कार्यान्वयन नहुनु,

घ. विवादास्पद सामग्रीहरू सुनुवाइको समयमा उपलब्ध नगराई लामो समय पश्चात् मात्र उपलब्ध गराउनु,

ङ. अभिलेख हस्तान्तरण नहुने र अभिलेख संरक्षणको उपयुक्त व्यवस्था नभएको,

च. निर्वाचन न्यायका लागि छुट्टै कार्यविधि र समय सीमा नतोकिने,

छ. विवादित निर्वाचनका सम्बन्धित पदको पदावधि समाप्त हुँदा समेत निर्णय हुन नसकेको,

ज. निर्वाचन न्यायको औचित्य समाप्त भएपछि उजुरी तामेली गर्ने गरेको जस्ता अनुभवहरूका कारण निर्वाचन न्यायका दुर्बल पक्षहरू स्वतः उजागर भइरहेका छन् ।

**कारण तथा समाधानका केही उपायहरू**

मुद्दा व्यवस्थापन वा निर्वाचन न्यायमा ढिलाइ हुनुका मुख्य कारणहरूमा इजलासमा रहने न्यायाधीशहरूको सङ्ख्यामा कमी रहेको र प्रमाणको बैज्ञानिक अभिलेखीकरण (digitization of evidences) को अभाव पनि हो । त्यसको लागि निर्वाचन सम्बन्धी मुद्दाहरू प्राथमिकतामा पार्ने, सम्वन्धित संस्था वा निकायहरू बिच औपचारिक/अनौपचारिक संवाद, सहकार्य गर्ने र विद्यमान कानुनको कार्यान्वयनमा प्राथमिकता दिने काम गर्न आवश्यक छ ।

## ८.११ विवाद समाधानका वैकल्पिक उपाय सम्बन्धी पद्धति र त्यसको प्रभाव

विवादको समाधान अनौपचारिक रूपमा खोज्ने पद्धतिलाई मेलमिलाप भन्न सकिन्छ । मेलमिलाप सम्बन्धी ऐन २०६८ को दफा (२) ले मेलमिलापको परिभाषा गरेको छ, जस अनुसार “मेलमिलाप” भन्नाले पक्षहरूले मेलमिलापकर्ताको सहयोगमा विवाद वा मुद्दाको निरूपण गर्न अपनाइने प्रक्रिया सम्झनु पर्दछ भनेको छ। पक्षहरूको सहमतिमा सञ्चालन गरिने सहभागितामूलक प्रक्रिया भएकोले मेलमिलापले विवादका पक्षहरू बिचको समस्याको कारण र त्यसको समाधानको उपाय पत्ता लगाउने उद्देश्य राखेको हुन्छ । पक्षहरूको सक्रिय सहभागिता सहितको र आत्मनिर्णययुक्त मेलमिलाप प्रक्रियाले विवाद समाधानको छिटोछरितो, कम खर्चिलो र शान्तिपूर्ण माध्यमलाई प्रोत्साहित गर्नुको साथै न्यायमा जनताको सहज पहुँचलाई समेत सुनिश्चित गर्दछ। यसले विवाद समाधानको औपचारिक पद्धतिमा लाग्ने वैयक्तिक तथा संस्थागत स्रोत साधनको अनावश्यक खर्च घटाउँछ। अदालती संरचनाबाट न्याय सम्पादन गर्ने राज्यको परम्परागत अवधारणा कार्यविधिगत जटिलताको कारण ढिलाइ हुने भएकोले शीघ्र र सुलभ न्याय सम्पादन गर्न जिल्ला/स्थानीय तहमा नै न्यायिक अधिकार दिइनु पर्ने र विवाद समाधानका वैकल्पिक उपायहरू अवलम्बन गर्नुपर्ने मान्यताको विकास भएको पाइन्छ । आधुनिक लोकतान्त्रिक राज्यमा अदालत बाहिर नै वार्ता, मेलमिलाप, समन्वय, मध्यस्थता र मिश्रित व्यवस्था जस्ता विवाद समाधानका वैकल्पिक उपायहरूबाट विवाद समाधान गर्ने पद्धतिले मान्यता पाउँदै आएको छ ।

विवाद समाधानका वैकल्पिक उपायहरू अदालत विरुद्धको अवधारणा नभई अदालतको परिपूरकको रूपमा विकसित भएको सिद्धान्त हो। वर्तमान विश्वमा मुद्दाको ठूलो सङ्ख्या यही विवाद समाधानका वैकल्पिक प्रक्रियाबाट समाधान हुने गरेको देखिन्छ । विशेष गरी देवानी, व्यापारिक, औद्योगिक, पारिवारिक विवाद समाधानका लागि वैकल्पिक उपायहरू प्रयोग भई आएकोमा यसको दायरामा विस्तार भई कतिपय फौजदारी विवादका क्षेत्रमा पनि यसको प्रयोग हुन थालेको पाइन्छ। चीन र हङकङमा धेरै पहिलेदेखि नै विवाद समाधानका वैकल्पिक प्रक्रियाहरूद्वारा समाधान गर्ने पद्धति प्रचलनमा रहेको पाइन्छ। अमेरिका, बेलायत, अष्ट्रेलिया, न्यूजिल्याण्ड, क्यानाडा, फिलिपिन्स, भारत, श्रीलङ्का लगायतका विभिन्न देशमा विवाद समाधानमा वैकल्पिक उपायको विभिन्न स्वरूपको प्रयोग भएको देखिन्छ। भारतमा लोक अदालतको अवधारणा समेतको विकास भई जिल्ला/स्थानीय तहमा विवाद समाधानका लागि यो व्यवस्था अत्यन्त लोकप्रिय बनेको छ ।

नेपालको संविधानले पनि मेलमिलाप केन्द्र जस्ता विवाद समाधानका लागि वैकल्पिक उपाय अवलम्बन गरी त्यस्ता निकायले मेलमिलाप गरेको विषय प्रमाणीकरण गरी अभिलेख राख्ने, मेलमिलाप हुन नसके त्यसको निस्सा लिई सम्बन्धित पक्ष नियमित अदालतमा जान सक्ने व्यवस्था गरिएको र ती विषय हाल अभ्यासमा समेत छन् । निर्वाचनसँग सम्बन्धित कसुरमा जनताको न्यायमा सहज पहुँच पुऱ्याउने उद्देश्यले यस्तो व्यवस्था गर्ने गरिन्छ। निर्वाचनमा कतिपय सामान्य प्रकृतिका विवाद हुने र अनौपचारिक रूपमा छिटो निरूपण गर्न सकिने हुन्छ । निर्वाचन विवाद निरूपणका सम्बन्धमा वैकल्पिक उपायहरू समेत विभिन्न देशहरूले अपनाउने गरेका छन् । हाम्रो सन्दर्भमा कानुनी रूपमा त्यस्तो किसिमको व्यवस्था र अभ्यास किटानी रूपमा नभए पनि व्यवहारमा प्रचलनमा छ । खास गरी निर्वाचन आयोग, निर्वाचन अधिकृत र मतदान अधिकृतले समेत अर्धन्यायिक रूपमा न्याय निरूपण गर्ने भएकोले निर्वाचन कसुरमा औपचारिक रूपमा मेलमिलाप केन्द्रहरूमा मुद्दा पठाउने प्रचलन छैन तर यस किसिमको अभ्यासको निम्ति कानुनले रोकेको पनि छैन । मुद्दाको चाप कम गर्न र आगामी दिनहरूमा यस किसिमको अभ्यासले सहज रूपमा छिटो छरितो न्याय निरूपण गर्न सकिने हुन्छ ।

मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा ३ बमोजिम मेलमिलापद्वारा विवादको निरूपण गर्न सकिने व्यवस्था गरिएको छ, जस अनुसार मुद्दा हेर्ने निकाय समक्ष दायर भएको वा नभएको, प्रचलित कानुन बमोजिम मिलापत्र हुन सक्ने विवादलाई पक्षहरूले मेलमिलाप गर्न चाहेमा यस ऐन बमोजिमको कार्यविधि अपनाई समाधान गर्न सकिने व्यवस्था गरेको छ। त्यसै गरी पक्षले मुद्दा हेर्ने निकायमा दायर भएको मुद्दालाई मेलमिलापद्वारा समाधान गर्न चाहेमा सोही व्यहोरा उल्लेख गरी जुनसुकै बखत मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिन सक्नेछन् र त्यस्तो निवेदन पर्न आएमा मुद्दा हेर्ने निकायले जुनसुकै तहमा रहेको भए पनि मेलमिलापबाट निरूपण गर्न आदेश दिनेछ भन्ने व्यवस्था छ। त्यस बाहेक मुद्दा हेर्ने निकाय समक्ष दायर भएको कुनै मुद्दा मेलमिलापको कार्यविधिबाट निरूपण हुन उपयुक्त छ भन्ने मुद्दा हेर्ने निकायलाई लागेमा मुद्दा हेर्ने निकायले मेलमिलापद्वारा विवादको निरूपण गर्न आदेश दिन सक्नेछ भन्ने व्यवस्था समेत उक्त ऐनमा गरिएको छ । मेलमिलापको कार्यविधि सम्बन्धमा दफा १५ मा व्यवस्था गरिएको छ जस अनुसार सम्बन्धित पक्षले तय गरे बमोजिम हुने व्यवस्था छ ।

यसर्थ निर्वाचनसँग सम्बन्धित देवानी प्रकृतिका मुद्दाहरूमा अदालत वा न्याय निरूपण गर्ने निकायले विवादका वैकल्पिक उपायहरूबाट विवादको निरूपण गर्न आदेश दिन सक्ने देखिन्छ । त्यसै गरी

पक्षलाई समेत विवाद समाधानका वैकल्पिक उपायहरूको बारेमा जानकारी गराई उक्त माध्यमबाट विवाद निरूपण गर्न प्रोत्साहन दिन सकिन्छ जसले गर्दा न्यायिक निकायमा मुद्दाको चाप पनि घट्ने र विवाद निरूपण पनि यथासमयमा नै हुने हुन्छ । निर्वाचन विवाद समाधानका लागि प्रचलित कानुनका अधीनमा रही मेलमिलापको प्रक्रिया जुनसुकै हदसम्म प्रयोग गर्न सकिने हुन्छ । यस तर्फ अभिमुख हुनको लागि न्यायिक सक्रियता आवश्यक देखिन्छ ।

# परिच्छेद - नौ

## निर्वाचन विवाद सम्बन्धमा अदालतबाट भएका फैसलाहरूको सार सङ्क्षेप

निर्वाचन विवादको सम्बन्धमा निर्वाचनसँग सम्बन्धित मतदानको अधिकार, उम्मेदवार बन्न पाउने अधिकार, मतपत्र, मतदान, मत गणना, उम्मेदवारको योग्यता वा अयोग्यता, निर्वाचन बदर गर्ने लगायतका विभिन्न विषयहरूमा सम्मानित सर्वोच्च अदालत, निर्वाचन विशेष अदालत र सर्वोच्च अदालतको संवैधानिक इजलासबाट फैसलाहरू भएका छन् । उक्त फैसलाहरू मध्ये केही प्रतिनिधिमूलक फैसलाहरू विषयगत रूपमा यहाँ उल्लेख गर्ने प्रयत्न गरिएको छ :

## ९.१ निर्वाचन बदर समेत

संविधान सभा अदालतमा अधिकांश उजुरीहरू निर्वाचन बदरको सम्बन्धमा परेका थिए । निर्वाचन बदरका आधारहरू के कस्ता हुने ? मतपत्रको वैधानिकताका आधारहरू के के हुन् ? जस्ता विषयहरूमा सम्मानित सर्वोच्च अदालत र संविधान सभा अदालतबाट व्याख्या भएका छन् । यस सम्बन्धमा गोम्बु शेर्पा विरुद्ध बल बहादुर के.सी. समेतको निर्वाचन बदर सम्बन्धी मुद्दामा माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ, माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल र माननीय न्यायाधीश श्री सुशिला कार्की समेतको इजलासबाट निर्वाचन प्रारम्भ भएदेखि निर्वाचन सम्पन्न भएसम्मका निर्वाचनसँग सम्बन्धित सम्पूर्ण प्रक्रियाहरूमा यी उजुरकर्ता समेतको उपस्थिति रहेको उक्त निर्वाचनसँग सम्बन्धित कागजातहरूमा गरिएको हस्ताक्षर विभिन्न मुचुल्काहरूमा देखिन्छ । मत गणनाको समयमा पनि उजुरीकर्ता एवं निजको पार्टी प्रतिनिधिहरूको समेत मत गणना मुचुल्कामा हस्ताक्षर भएको देखिएबाट उजुरीकर्ता निर्वाचनको सम्पूर्ण प्रक्रियामा सामेल रहेको र सो कार्यमा निजको समर्थन रहेको पुष्टि हुन आउँछ । यसरी आफ्नै उपस्थिति र समर्थनमा सम्पन्न भएको निर्वाचनमा मतदान केन्द्रहरू अनधिकृत रूपमा कब्जा गरी व्यापक अनियमितता भएको भन्न मिल्दैन भन्ने व्याख्या भएको छ ।द्दड्ड त्यसै गरी उक्त मुद्दामा निर्वाचन प्रयोजनको लागि निर्वाचन आयोगद्वारा निर्वाचन अधिकृत नियुक्ति भए पश्चात् निजले सम्पादन गर्नुपर्ने काम, कर्तव्य र अधिकार समेत निर्वाचनसँग सम्बन्धित ऐन, कानुनले व्यवस्थित गरेको र निर्वाचनसँग सम्बन्धित निर्वाचन क्षेत्रको जिम्मेवारी निर्वाचन अधिकृतको नै हुने हुन्छ । तर प्रस्तुत उजुरीमा भने उक्त निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतलाई विपक्षी समेत बनाउन सकेको देखिएन भन्ने समेतको व्याख्या भएको छ । तीनै जना माननीय न्यायाधीशहरूको विशेष इजलासबाट एक अर्को मुद्दामा निर्वाचनको समयमा भए गरेका भनेका त्रुटि वा धाँधलीका हकमा आम सञ्चारका माध्यममा प्रकाशित भएको भन्ने कुराहरूको सहायताले मात्र निर्णय हुने होइन । उजुरवालाले उजुरीसाथ कानुन बमोजिम प्रमाण लाग्ने तथ्यहरू साथ उजुरी पुष्टि गर्न सक्नु पर्ने हुन्छ । तर, उजुरवालाले सो गर्न नसकी आम सञ्चारका माध्यममा प्रकाशित समाचार टिप्पणीहरू र निर्वाचन पर्यवेक्षण

२८१ हे. सम्वत् २०७० सालको उजुरी नं. १, मिति २०७० चैत्र ५ गते, संविधान सभा अदालतबाट भएका फैसलाहरूको सङ्ग्रह, भाग २, पृष्ठ १-९

टोलीका कथित भनाइहरूलाई आधार बनाएको देखिन्छ। अमुक निर्वाचन धाँधलीरहित हो वा होइन, निर्वाचन सम्बन्धी कानुनको उल्लङ्घन भएको छ वा छैन भन्ने प्रश्न पक्ष विपक्षको भनाइ एवम् जिकिर तथा प्रमाणको मूल्याङ्कनको रोहमा मात्रै निर्णय हुन सक्दछ भन्ने समेतको व्याख्या भएको छ।[२८२]

त्यसै गरी निर्वाचन बदर सम्बन्धमा एक अर्को मुद्दामा समानुपातिक निर्वाचन प्रणालीतर्फको मतदान पुनः हुन नसक्ने अवस्थामा त्यसलाई आधार मानी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचन क्षेत्र भरीको निर्वाचन बदर गरी पाउन गरेको माग औचित्यपूर्ण र कानुनसम्मत मान्न सकिने भएन । विवादित मतदान केन्द्रको मतदान रद्द गरी अर्को मतदानको आदेश भई निर्वाचन सम्पन्न समेत भै सकेको अवस्थामा यथावस्थामा प्रयोजनहीन र अवैध भन्न मिल्दैन भनी संविधान सभा अदालतबाट व्याख्या भएको छ ।[२८३]

## ९.२ मतदानको अधिकार

मतदाताको मतदान गर्न पाउने र निर्वाचनमा प्रतिस्पर्धी बनेका उम्मेदवारलाई अस्वीकार गर्न पाउने अधिकारको सम्बन्धमा नागरिकको निर्वाध अधिकारको रूपमा सर्वोच्च अदालतबाट व्याख्या भएको छ । विकास लकाई समेत विरुद्ध नेपाल सरकार भएको मुद्दामा माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ र माननीय न्यायाधीश श्री प्रकाश वस्ती समेतको संयुक्त इजलासबाट, “अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत व्यक्तिले आफूलाई लागेको कुरा व्यक्त गर्न पाउनु पर्दछ र त्यसलाई व्यक्त गर्ने माध्यमहरूको व्यवस्था निर्वाध रूपमा उपलब्ध पनि हुनु पर्दछ । आफूलाई मन लागेको कुरा व्यक्त गर्ने कुराअन्तर्गत व्यक्त गर्न नचाहेका कुरा व्यक्त नगर्ने अधिकार पनि समेटिएको हुन्छ । आफ्नो चयन वा रोजाइ व्यक्त गर्ने कुनै प्रयोजनको लागि कुनै प्रक्रिया गरिन्छ भने सो स्वीकार वा इन्कार गर्ने अधिकार पनि व्यक्तिको हुन्छ। यही विचार अभिव्यक्तको सार्वभौम मान्यताभित्र प्रजातन्त्रको पनि गुणस्तर र औचित्य अनुप्राणित भएको हुने” भन्ने व्याख्या भएको छ । उक्त मुद्दामा अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत जसरी बोल्ने अधिकार (right to speak) हुन्छ चुप लाग्न पाउने (right to silence) अधिकार पनि त्यसैमा निहित हुन्छ । ठिक त्यसै प्रकारले मत दिन पाउने अधिकार (right to vote) अन्तर्गत मत नदिने वा उम्मेदवारलाई आफ्नो मत दिन्न भन्ने अधिकार (right not to vote) पनि पर्दैन भन्न नमिल्ने र राजनीतिक दलले उठाएका उम्मेदवारलाई छनोट गर्न पाउने अधिकार (right to select) नागरिकमा हुन्छ भने तिनलाई अस्वीकार गर्न पाउने अधिकार (right to reject) पनि त्यसैमा निहित हुने भन्ने समेतको व्याख्या भएको छ ।[२८४]

शम्भु प्रसाद उपाध्याय अधिकारी विरुद्ध निर्वाचन अधिकृत भएको मुद्दामा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बासुदेव शर्मा र माननीय न्यायाधीश श्री झपट सिंह रावल समेतको संयुक्त इजलासबाट निर्वाचनमा मतदान गर्दा सबै मताधिकारीले मतदान गर्न पाउने कानुनी व्यवस्था हो । कुनै मताधिकारीहरू मतदान गर्न आएनन् भने जे जति मताधिकारीले मतदान

---

२८२ हे. लिलानाथ श्रेष्ठ विरुद्ध पुष्पकमल दहाल समेत, सम्बत् २०७० सालको उजुरी नं. २, मिति २०७१ पुस २ गते, उही

२८३ हे. नवल किशोर साह सुडी विरुद्ध निर्वाचन आयोग, सम्बत २०७० सालको उजुरी नं. ७, मिति २०७१ कार्तिक १९, उही, पृष्ठ ६९-८४

२८४ हे. विकास लकाई खड्का समेत विरुद्ध नेपाल सरकार, सम्मानीय अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मिति २०७०/०९/२१ नेकाप २०७०, अङ्क १०, नि.नं.९०६९, ०७०- WO-०३२६

गर्दछन्, त्यत्तिकैबाट निर्वाचनको निर्णायक परिणाम निक्लन सक्ने[२८५]भन्ने व्याख्या भएको छ। त्यसै गरी निर्वाचनमा भाग लिन पाउने मताधिकारी निवेदकले निर्वाचनमा भाग लिन पाउने हक अधिकार हो र सो अधिकारको प्रयोग गरी निर्वाचनमा भाग लिन नपाएको पक्षमा कानुनी अधिकार कुण्ठित भएको हुन जाने[२८६] भन्ने समेतको व्याख्या भक्तेश्वर माबुहाङ विरुद्ध निर्वाचन आयोग समेत भएको मुद्दामा माननीय न्यायाधीश श्री बासुदेव ढुङ्गाना र माननीय न्यायाधीश श्री झपट सिंह रावल समेतको सर्वोच्च अदालतको संयुक्त इजलासबाट फैसला भएको छ । त्यसै गरी वैदेशिक रोजगारीको क्रममा नेपाल बाहिर रहेका नेपाली नागरिकले मतदानको अधिकार पाउने सम्बन्धमा अधिवक्ता प्रेमचन्द्र राई विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको मुद्दामा माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल र माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारीको संयुक्त इजलासबाट व्याख्या भएको छ ।[२८७]उक्त मुद्दामा "लोकतान्त्रिक शासन व्यवस्थाको चरित्र भनेको लोकसम्मति वा इच्छाअनुसार चल्नु हो र निर्वाचन नागरिकहरूको आफ्नो इच्छा अभिव्यक्त गर्ने माध्यम हो। लोकतन्त्रमा मतदान मार्फत नै नागरिकहरूले कसलाई प्रतिनिधि छान्ने तथा कस्तो कानुन तथा नीति निर्माण गर्ने जस्ता आधारभूत प्रश्नहरूमा आफ्नो धारणा अभिव्यक्त गर्ने भएकोले नागरिकको मतदान गर्ने अधिकार विचार र अभिव्यक्तिको स्वतन्त्रतासँग पनि अन्योन्याश्रित रूपमा जोडिएको हुने" भनी व्याख्या भएको छ। त्यसै गरी निर्वाचनमा सहभागी भई मतदान गर्न पाउने नागरिकको संवैधानिक हकलाई कुनै पनि अवस्थामा अवरोध हुनु कानुनसम्मत मान्न नसकिने भन्ने समेत व्याख्या भएको छ। संविधानले मतदानको अधिकार प्रदान गर्ने तर राज्यले मतदान गर्ने अवसर सिर्जना नगर्ने हो भने संविधानले व्यवस्था गरेको उक्त अधिकार निरर्थक र प्रयोजनहीन हुन जाने भन्ने समेतको व्याख्या उक्त मुद्दामा गरिएको छ।

## ९.३ निर्वाचनको मिति तोक्नु पूर्व आवश्यक कानुन तर्जुमा हुनुपर्ने

निर्वाचनको मिति तोक्ने सम्बन्धमा अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको मुद्दामा माननीय न्यायाधीश श्री दिपक राज जोशी र माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीको संयुक्त इजलासबाट "आवधिक निर्वाचनको माध्यमद्वारा निर्वाचित प्रतिनिधिहरूबाट नागरिकले शान्ति, विकास, आर्थिक समृद्धि र जीवनस्तरमा सुधार जस्ता जायज अपेक्षाहरू राखेका हुन्छन् । जसलाई निर्वाचित जनप्रतिनिधिहरू मार्फत सम्बोधन हुन्छ भन्ने सम्बन्धमा पूर्ण आश्वस्त बन्नु उनीहरूको वैध अपेक्षा (legitimate expectation) नै हो । उनीहरूको त्यो वैध अपेक्षालाई पूरा गर्न तथा नागरिक अधिकारको सुनिश्चितताका लागि आवधिक निर्वाचनमा भाग लिन पाउने गरी संविधानले प्रत्याभूत गरेको आवधिक निर्वाचनको मिति तोक्नु तथा स्वतन्त्र र निष्पक्ष तवरले निर्वाचन सम्पन्न गराउनु राज्यको नागरिकप्रतिको कर्तव्य र दायित्व नै हुने"[२८८]भनी व्याख्या भएको छ। प्रतिनिधि सभा र राष्ट्रिय सभाको निर्वाचनको पूर्णताको सम्बन्धमा "नेपालको संविधानको धारा ८३ मा प्रतिनिधि सभा र राष्ट्रिय सभाका दुई सदन सहितको एक सङ्घीय व्यवस्थापिका हुनेछ, जसलाई सङ्घीय संसद् भनिनेछ भन्ने उल्लेख गरेको छ। यस प्रावधान अनुसार सङ्घीय व्यवस्थापिकाको पूर्णताका

२८५ हे. शम्भु प्रसाद उपाध्याय अधिकारी विरुद्ध निर्वाचन अधिकृत बाग्मती अञ्चलाधिस समेत डि.वे. मिति २०३१/१०/०५, रिट नं. १०७०

२८६ हे. भक्तेश्वर माबुहाङ विरुद्ध निर्वाचन आयोग समेत, डि. बे., मिति २०३१/१२/१८, रिट नं. १४२७

२८७ हे. प्रेमचन्द्र राई विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ०७३-WO-११४९, मिति २०७४/१२/०७

२८८ हे. अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ०७३ -WO-०२०७, मिति २०७४/०५/१९

लागि राष्ट्रिय सभा हुनुपर्ने अनिवार्यता देखिन्छ । राष्ट्रिय सभाको निर्वाचन, सङ्घीय सभाको पूर्णताको लागि अपरिहार्य रहेको भन्ने संविधानको धारा ८३ को अध्ययनबाट स्पष्ट हुन्छ भने धारा ८६ मा राष्ट्रिय सभाको गठन सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ । राष्ट्रिय सभाको निर्वाचन सम्पन्न गर्न राष्ट्रिय सभा सदस्य निर्वाचन सम्बन्धी ऐन निर्माण भई लागू हुनु अपरिहार्य हुने" भन्ने समेत व्याख्या उक्त फैसला मार्फत गरिएको छ ।

## ९.४ उम्मेदवारको योग्यता र अयोग्यता

निर्वाचनमा उम्मेदवारको योग्यता र अयोग्यता सम्बन्धमा अधिवक्ता विश्वप्रकाश भण्डारी विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको मुद्दामा माननीय न्यायाधीश श्री सुशिला कार्की, माननीय न्यायाधीश श्री गोविन्द कुमार उपाध्याय र माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेलको विशेष इजलासबाट "ज्यान सम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वस्व सहित जन्मकैदको सजाय पाएको व्यक्ति संविधान सभा सदस्यको निर्वाचनमा उम्मेदवार हुन पाउने देखिदैन । अदालतबाट भएको फैसला सबैले मान्नु र पालना गर्नुपर्ने हुँदा सशस्त्र द्वन्द्वको पक्ष रहेको भन्ने आधारमा मात्र अदालतबाट भएको फैसला बमोजिमको दायित्व बहन गर्न नपर्ने भन्न नमिल्ने"[२८९] भनी व्याख्या भएको छ । त्यसै गरी चन्द्र बहादुर माझी विरुद्ध निर्वाचन विशेष अदालत सप्तरीबाट माननीय न्यायाधीश श्री प्रकाश बहादुर के.सी. र माननीय न्यायाधीश श्री हेरम्ब राजको संयुक्त इजलासबाट पहिले उम्मेदवारको दस्तखत लिएपछि निर्वाचन अधिकृतले आफैँले जाँच गरी सच्याउने मौका केही नदिई नामावलीको अन्तिम प्रकाशन गर्ने होइन, अन्तिम नामावली प्रकाशन हुनुअघि नै दस्तखतवालालाई के कुराले अयोग्य देखिएको हो भन्ने समेत कुराको सच्याउने मौका दिनुपर्ने[२९०] भन्ने व्याख्या भएको छ भने चन्द्र नारायण सिंह राजपुत विरुद्ध निर्वाचन विशेष अदालत सप्तरीको मुद्दामा गैर नागरिक भनी गरेको उजुरीमा निर्वाचन अधिकृतले उम्मेदवारबाट हटाएकोबाट निवेदक निर्विरोध भएकोमा त्यो फैसलालाई निर्वाचन विशेष अदालतले बदर गरेपछि स्वभावैले निवेदक निर्विरोध हुन नसकेको स्पष्टै हुने[२९१]भनी माननीय न्यायाधीश श्री हेरम्ब राज र माननीय न्यायाधीश रत्न बहादुर विष्टको संयुक्त इजलासबाट निर्णय भएको पाइन्छ ।

## ९.५ मतपत्रको वैधानिकता

**मतपत्रको वैधताका सम्बन्धमा सर्वोच्च अदालतबाट विभिन्न फैसलाहरू भएका छन् । यस सम्बन्धमा दिनेशमान प्रधान विरुद्ध निर्वाचन आयोग समेत भएको मुद्दामा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री धनेन्द्र बहादुर सिंहको एकल इजलासबाट कुनै मतपत्र वैध वा अवैध के छ भनी निर्णय गर्नका लागि कानुनले त्यस्तो मतपत्रको अवलोकन गर्दछ जो निर्वाचनमा प्रयोग गरिनको लागि मतदान अधिकृतले मतदातालाई उपलब्ध गराएको हुन्छ र मतदान गर्ने अधिकारको सिलसिलामा मतदाताले प्रयोग गरेको हुन्छ । प्रस्तुत विषयमा मतदान अधिकृतले मतदातालाई मतपत्र उपलब्ध गराएको र मतदाताले प्रयोग गरिसकेको देखिन नआएको हुनाले यस अवस्थामा**

२८९ हे. अधिवक्ता विश्वप्रकाश भण्डारी विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ०७०-WS-००२२, मिति २०७२/०६/०७

२९० हे. चन्द्र बहादुर माझी विरुद्ध निर्वाचन विशेष अदालत सप्तरी, डि. वे., मिति २०३१/१०/३१, रिट नं. १३०३

२९१ हे. चन्द्र नारायण सिंह राजपुत विरुद्ध निर्वाचन विशेष अदालत सप्तरी, डि.बे., मिति २०३२/०८/०८, रिट नं. १०९६

निवेदकका जिकिर अनुसार निर्वाचनमा प्रयोग गरिने मतपत्रको सम्बन्धमा विवेचना गरी त्यसलाई निर्णय गर्न कानुनसम्मत देखिन नआउने[२९२] भन्ने फैसला भएको छ ।

त्यसै गरी मान बहादुर प्यासाङ राई समेत विरुद्ध निर्वाचन विशेष अदालत मोरङ समेतको मुद्दामा माननीय न्यायाधीश श्री प्रकाश बहादुर के.सी. र माननीय न्यायाधीश श्री हेरम्ब राज भएको संयुक्त इजलासबाट मतपत्र चोरी भएको भनी जिकिर गरे पनि बेञ्च समक्ष देखाएको मतपत्रमा पोलिङ्ग अधिकृतले दस्तखत गरी निस्सा लगाएको देखिन्छ । त्यस्तो लापर्वाही सहित मतपत्र बाहिर दिएकोमा निर्वाचन कानुन विरुद्ध भएको छैन भन्न अनुचित हुने[२९३]भन्ने निर्णय भएको छ भने मतपत्र बदर गर्दा कानुनले निर्दिष्ट गरेको व्यवस्था बमोजिम आधार खुलाई निर्णय नगरी केवल रिट निवेदक भन्दा बढी मत प्राप्त गरेको भनी निर्वाचित घोषित हुने ठहराउने गरी निर्वाचन विशेष अदालतको निर्णय कानुन विपरीत भई त्रुटिपूर्ण देखिन आएकोले पुनः ऐन बमोजिम निर्णय गर्नु भनी परमादेश जारी हुने[२९४]भन्ने समेतको फैसला जितेन्द्र मण्डल खत्वे विरुद्ध निर्वाचन विशेष अदालत सप्तरी, जिल्ला अदालत, राजविराज समेतको मुद्दामा सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री जोगेन्द्र प्रसाद श्रीवास्तव र माननीय न्यायाधीश श्री हरगोविन्द सिंह प्रधान समेतको संयुक्त इजलासबाट भएको छ ।

## ९.६ मतदाता र मतदाता नामावली

मतदाता र गैर मतदाता सम्बन्धमा पनि सर्वोच्च अदालतले व्याख्या गरेको छ । अधिवक्ता पूर्णचन्द्र पौडेल विरुद्ध निर्वाचन आयोग भएको मुद्दामा माननीय न्यायाधीश श्री गिरिश चन्द्र लाल, माननीय न्यायाधीश श्री गोपालप्रसाद पराजुली र माननीय न्यायाधीश श्री दीपकराज जोशी समेतको विशेष इजलासबाट "नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ अन्तर्गत मतदानको अधिकारलाई मौलिक हकअन्तर्गत समावेश गरेको देखिदैन । तर पनि मतदानको अधिकार राजनीतिक अधिकार भएकोले यो अधिकार नागरिकले मात्र प्राप्त गर्न सक्ने अधिकार भएको कुरामा विवाद रहँदैन । संवैधानिक एवम् कानुनी व्यवस्थाबाट पनि गैर नेपाली नागरिकलाई मतदानको अधिकार रहे भएको देखिन नआएकोले गैर नेपाली नागरिकले मतदानको अधिकार प्राप्त गर्ने प्रयोजनको लागि मतदाता नामावलीमा नाम समावेश गराउन निवेदन दिने लगायतका प्रक्रियामा समावेश हुन पाउने देखिन आउँदैन । त्यस्तो अधिकार नेपाली नागरिकले मात्र प्राप्त गर्न सक्ने भन्ने देखिन आउने"[२९५] भन्ने व्याख्या भएको छ । त्यसै गरी प्रकाशित नामावलीको प्रयोजन निर्वाचनको लागि मात्र रहने हो, उक्त निर्वाचनको कार्य समाप्त भएपछि सो नामावली अन्य प्रयोजनको लागि कुनै महत्व नरहने । जुन प्रयोजनको लागि मतदाता नामावली प्रकाशन भएको हो र सो नामावलीको सम्बन्धमा दावी विरोध परी नामावली हटाउने गरी निर्णय गरिएको हो सो कार्य समाप्त भई निर्वाचन समेत समाप्त भई निर्वाचन सदर कायम रही रहेको अवस्थामा यतिखेर आएर उक्त नामावलीमा रिट निवेदकको नाम समावेश गर्नु भनी आदेश जारी गर्न निरर्थक हुने[२९६] भन्ने समेतको नजिर कटक बहादुर बस्नेत विरुद्ध निर्वाचन आयोग, बहादुर भवन काठमाण्डौ समेतको मुद्दामा सर्वोच्च अदालतका माननीय न्यायाधीश

---

२९२ हे. दिनेशमान प्रधान विरुद्ध निर्वाचन आयोग समेत, मिति २०३८/०१/१४, रिट नं. १५३२

२९३ हे. मान बहादुर प्यासाङ राई समेत विरुद्ध निर्वाचन विशेष अदालत मोरङ, डि. बे., मिति २०३१/०३/०६, रिट नं. ७६९

२९४ हे. जितेन्द्र मण्डल खत्वे विरुद्ध निर्वाचन विशेष अदालत सप्तरी, जिल्ला अदालत, राजविराज समेत, डि.बे. मिति २०४३/०४/३१, रिट नं. १७५५

२९५ हे. ०६९ -WS-००८५, मिति २०७२/०५/१०

२९६ हे. कटक बहादुर बस्नेत विरुद्ध निर्वाचन आयोग, बहादुर भवन काठमाण्डौ समेत, मिति २०४४/०९/०८, रिट नं. १०९३

श्री गजेन्द्र केशरी बास्तोला र माननीय न्यायाधीश श्री हरगोविन्द सिंह प्रधान समेतको संयुक्त इजलासबाट प्रतिपादन भएको छ।

## ९.७ मतदान स्थगित, निर्वाचनमा धाँधली र बदर

मतदानको प्रक्रिया, निर्वाचनमा भएका धाँधली र निर्वाचन बदर सम्बन्धमा पनि सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा सिद्धान्त प्रतिपादन भएका छन्। यस सम्बन्धमा मतदान स्थगित गर्ने कानुन बमोजिमको कारण परेमा निर्वाचन अधिकृतले कानुन बमोजिम स्थगित गर्ने आदेश दिन पाउने तर मतदान सम्पन्न भइसकेपछि त्यसलाई रद्द गरी पुनः अर्को निवेदन गराउने अधिकार रिटर्निङ्ग अधिकृतलाई कानुनले नदिएको[२९७] भन्ने व्याख्या गोपाल राय यादव विरुद्ध प्र.जि.अ. महोत्तरी समेतको मुद्दामा माननीय न्यायाधीश श्री बासुदेव शर्मा र माननीय न्यायाधीश श्री झपट सिंह रावलको संयुक्त इजलासबाट भएको छ। अर्को मुद्दामा निर्वाचन भै रिक्त पदपूर्ति भैसकेपछि निर्वाचन अधिकृतले पुनः निर्वाचन गराउन सक्ने कुरा यो कानुनमा व्यवस्था भएको छ भनी निवेदकले उल्लेख गर्न सकेको छैन। कानुनमा व्यवस्था भए बमोजिमको गर्नुपर्ने कार्य अधिकारीले नगरी दिएमा मात्र परमादेशको आदेशको माग गर्नुपर्ने अवस्था पर्न आउँछ। सो अवस्था प्रस्तुत केसमा विद्यमान नभएकोले निवेदकको माग बमोजिमको आदेश जारी गर्न नमिल्ने[२९८] भन्ने समेतको आदेश गोविन्दमान सिंह अधिकारी विरुद्ध निर्वाचन आयोग समेतको मुद्दामा पनि माननीय न्यायाधीश द्वयको इजलासबाट जारी भएको छ।

निर्वाचन स्थगित भएको सम्बन्धमा गैर कानुनी ढङ्गले निर्वाचन स्थगित भयो भन्ने भ्रममा पार्ने उद्देश्यले नै प्रभावमा पार्न खोजेको प्रस्टै हुने हुनाले पोलिङ्ग अधिकृतको कारबाहीलाई बदर गर्ने गरी ठहराएको निर्वाचन विशेष अदालतको फैसलामा गैर कानुनी तथा अनाधिकार नदेखिएको समेतबाट रिट निवेदनपत्र खारेज हुने[२९९] भन्ने फैसला बहुर सिंह थारु विरुद्ध निर्वाचन विशेष अदालत महोत्तरी समेतको मुद्दामा सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री प्रकाश बहादुर के.सी. र माननीय न्यायाधीश श्री हेरम्ब राजको संयुक्त इजलासबाट फैसला भएको छ। निर्वाचनमा भएको अनियमितताका सम्बन्धमा कृष्णदेव झा विरुद्ध गजेन्द्र नारायण सिंह समेतको मुद्दामा प्रत्यर्थीहरूले निर्वाचनमा के कस्तो अनियमितता र धाँधली गरेका हुन् भन्ने कुराको तथ्ययुक्त प्रमाण पेश गर्न नसकेको, समयमै अनियमितता सम्बन्धी विरोध गरेको छु पनि भन्न नसकेको र निर्वाचनमा तोकिएको भन्दा बढी खर्च गरिएको कुराको तथ्ययुक्त प्रमाण पनि प्रस्तुत गर्न नसकेकोबाट कानुन बमोजिम भएको निर्वाचन बदर गर्न नमिल्ने[३००] भनी निर्वाचन विशेष अदालतका माननीय न्यायाधीश श्री पृथ्वी बहादुर सिंहको इजलासबाट व्याख्या भएको छ।

त्यसै गरी निर्वाचन बदर गरी पाउँ भन्ने निवेदनहरूको सम्बन्धमा मत गणना सम्बन्धी कागजाज हेर्दा मत गणना प्रारम्भ गर्दा, मतपेटिका बन्द गर्दा र खोल्दा उजुरवालाहरूका वारेसहरूको रोहवरमा मुचुल्का गराइएको देखिएको र मत गणनामा चित्त बुझाइ मत गणना फारममा उजुरवालाहरूको सहीछाप समेत भएकोले रितपूर्वक सम्पन्न भएको निर्वाचन बदर गर्न नमिल्ने,[३०१] प्रत्यर्थीले

---

२९७ हे. गोपाल राय यादव विरुद्ध प्र.जि.अ. महोत्तरी समेत, डि. बे., मिति २०३१/०२/०७, रिट नं. २२९७

२९८ हे. गोविन्द मान सिंह अधिकारी विरुद्ध निर्वाचन आयोग समेत, डि. बे., मिति २०३१/१२/१८, रिट नं. १४१३

२९९ हे. बहुर सिंह थारु विरुद्ध निर्वाचन विशेष अदालत महोत्तरी समेत, डि. बे., मिति २०३२/०८/१८, रिट नं. १०९४

३०० हे. कृष्णदेव झा विरुद्ध गजेन्द्र नारायण सिंह समेत, नि.वि.अ. मिति २०४६/०४/१३, उजुरी नं. ११

३०१ हे. मदन गिरी समेत विरुद्ध निर्वाचन आयोग, काठमाण्डौ समेत, निर्वाचन विशेष अदालत, मिति २०४६/०८/१६, उजुरी नं. २

निर्वाचनमा धाँधली गरेको, मतदातामाथि अनुचित प्रभाव पारेको र तोकिएको हदभन्दा बढी खर्च गरेको भन्ने सम्बन्धमा उजुरवालाले तथ्ययुक्त प्रमाण पेश गर्न नसकेकोले निर्वाचन बदर हुने आधार नदेखिने[३०२] र विशेष अदालतबाट भएको निर्णय हेर्दा रेजाङ्कित चिन्हभन्दा बढी मत खसेकोमा मतदान अधिकृत पनि सहमत हुनु भएको र कानुन बमोजिम नभए नगरेको पनि नपाइएकोले निर्वाचन विशेष अदालतको निर्णय बदर हुने[३०३] भन्ने जस्ता फैसलाहरू विभिन्न मुद्दाको सम्बन्धमा भएका छन् ।

त्यसै गरी निर्वाचन विशेष अदालतबाट भएको फैसलामा निर्वाचनको परिणामबाट विजयी भएको उम्मेद्वारले प्राप्त गरेको मत अनुचित तवरले निर्वाचनजन्य कसुर गरी प्राप्त गरेको भन्न सकिने कुनै आधार नभएकोले दाबी बमोजिम निर्वाचन बदर गर्नुपर्ने स्थिति विद्यमान देखिदैन भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।[३०४] त्यसै गरी एक अर्को मुद्दामा मत गणनाको चरणसम्मलाई स्वाभाविक रूपमा स्वीकार गरी दल विशेषको निर्वाचन परिणाम बरिष्कारको कारण मत गणना बहिष्कार गरेका उजुरकर्ताले ५० प्रतिशत मत प्राप्त गरेको हुनुपर्ने भनी अन्जाम गरेको तथ्यले पुष्टि गरेकोमा बाहेक मान्य हुन सक्दैन । अन्यथा कुराको पुष्टि नभएसम्म मटपेटिकामा परेको मत नै स्वाभाविक मत परेको मान्नपर्ने हुन्छ । कसैले आफूले मत प्राप्त गरेको हुनुपर्ने भन्ने कुरा कानुनी नभै अनुमान र तर्कना मात्र हुन्छ, तथ्य होइन भन्ने फैसला भएको छ ।[३०५]

त्यसै गरी अनधिकृत मतदानको सम्बन्धमा परेको मुद्दामा संविधान सभा अदालतबाट, उजुरीकर्ताले उजुरीमा उल्लेख गरे जस्तो अनधिकृत मतदान भएमा मतदान केन्द्रमा उपस्थित कर्मचारी, सुरक्षाकर्मी, अनुगमनकर्ता र सुरक्षाकर्मी जो कोहीले अनियमित मतदान प्रक्रियाका बारेमा उजुरी प्रतिवेदन दिनु पर्नेमा त्यस्तो विरोध भएको वा उजुरी प्रतिवेदन दिएको भन्ने उजुरीमा समेत छैन । मत गणना प्रक्रिया प्रारम्भ हुनुभन्दा अगावै गरिएको सर्वपक्षीय बैठकमा उजुरीकर्ता स्वयं उपस्थित भै मत गणना प्रारम्भ भएकोमा हस्ताक्षर समेत गरेको, मत गणनाको लागि मतपेटिका भण्डारण गरिएको कोठामा लगाएको सिल खोल्ने क्रममा गरिएको मुचुल्का तथा सबै मतपेटिकाको सुरक्षण सिल ठिक दुरुस्त रहेको मुचुल्का र मत गणना प्रारम्भ भएको मुचुल्का समेतमा यी उजुरीका प्रतिनिधि चन्द्रमोहन यादवले सहीछाप गरेको भन्ने तत्कालीन मुख्य निर्वाचन अधिकृत समेतको प्रतिवादबाट उल्लेख भएको देखिएको छ, सो कुरालाई उजुरीकर्ताले खण्डन समेत गर्न नसकेकोले प्रस्तुत उजुरीमा दाबी पुग्न नसक्ने फैसला भएको छ ।[३०६] एक अर्को मुद्दामा संविधान सभा अदालतबाट मतदान केन्द्रमा हस्तक्षेप वा कब्जा भएको भन्ने कुराको सो अवस्थामा तथ्य पुष्टि हुनु पर्दछ । अनियमित तवरले मतदान भएको वा मतदान केन्द्र कब्जा भएको भन्ने मात्रको उजुरी वा दलहरूले गरेको विरोध मात्रले आफैँमा प्रमाणको स्थान ग्रहण गर्न सक्दैन । पुष्टिकारक सबुदको अभावमा त्यस्तो दावी वा जिकिरको पुष्टि हुन सक्दैन भनी फैसला भएको छ ।[३०७]

---

३०२ हे. मुलचन्द्र आजाद विरुद्ध फत्तेह सिंह थारु, बाँके जिल्ला निर्वाचन अधिकृत समेत नि.वि.अ. मिति २०४१/०५/२७, उजुरी नं. ३

३०३ हे. क्षेत्र बहादुर लामा विरुद्ध निर्वाचन विशेष अदालत, कन्चनपुर समेत डि.बे., मिति २०४१/०६/०८, रिट नं. १२९७

३०४ हे. जिपछिरिङ लामा विरुद्ध निर्वाचन आयोग समेत, सम्बत २०७० सालको उजुरी नं. ४, मिति २०७१ कार्तिक २६ गते, संविधान सभा अदालतबाट भएका फैसलाहरू, भाग २, पृष्ट ३२-४९

३०५ हे. नन्द बहादुर पुन विरुद्ध निर्वाचन आयोग समेत, २०७० सालको उजुरी नं. ६, मिति २०७१ साल आषढ २९ गते, उही, पृष्ठ ५७-६८

३०६ हे. राम रिझन यादव विरुद्ध सितादेवी यादव समेत, सम्वत् २०७० सालको उजुरी नं. १०, मिति २०७१ साल आषाढ २५, संविधान सभा अदालतबाट भएका फैसलाहरू, भाग २, पृष्ट ११६-१२४

३०७ हे. रविकला शर्मा विरुद्ध निर्वाचन आयोग समेत, सम्वत् २०७० सालको उजुरी नं. १२, मिति २०७१ माघ २८, संविधान सभा अदालतबाट भएका फैसलाहरू, भाग २, पृष्ट ३२-४९

एक अर्को मुद्दामा संविधान सभा अदालतबाट अमुक क्षेत्रमा फेला परेका भनिएका ती निर्वाचन सामग्री लगायतका वस्तुहरू यही निर्वाचन क्षेत्रकै हुन् भनी यी उजुरकर्ताले पुष्टि गर्न नसकी केवल कपोलकल्पित रूपमा उजुरीमा उल्लेख गर्दैमा यस्तो अपरिपक्व सूचनालाई आधार मान्न मिल्ने पनि भएन। अर्को निर्वाचन क्षेत्रमा भेटिएका भनेका स्ट्याम्प प्याड जस्ता निर्वाचनको सामग्रीको विषयले यी उजुरीकर्ताको मत प्राप्त हुने परिणाममा असर गर्ने पनि होइन। निर्वाचन सम्पन्न गराउने क्रममा अनियमितता भएको भए तत् बखत नै अन्य राजनीतिक दलले समेत सो सम्बन्धमा आपत्ति उठाउनु पर्नेमा सो भएको पनि देखिदैन। अतः यी उजुरकर्ताले उल्लेख गरे बमोजिम निर्वाचनमा निष्पक्षता भएन भन्ने लगायतका उजुरीमा माथि उल्लेखित तथ्य स्थापित हुने कुनै वस्तुनिष्ठ प्रमाण उजुरीकर्ताले यस अदालत समक्ष पेश गर्न सकेको नदेखिएको एवं निजले उजुरीमा उल्लेख गरेका कपोलकल्पित तथ्यका भरमा प्रस्तुत उजुरी पर्न आएको समेत देखिदा प्रस्तुत उजुरी तथ्यमा आधारित भएको देखिएन[३०८] भन्ने फैसला भएको छ।

## ९.८ मत गणना र अनुचित प्रभाव

मत गणना सम्बन्धमा पनि सम्मानित अदालतबाट विभिन्न फैसलाहरू भएका छन्। विमल प्रसाद श्रीवास्तव विरुद्ध निर्वाचन विशेष अदालत पर्सा समेत भएको मुद्दामा निर्वाचनको मत गन्तीमा चित्त नबुझेपछि सो सम्बन्धमा उजुरी गर्ने हक विपक्षीलाई कानुनले दिएकै देखिन्छ। मत गन्ती गर्ने तारेख निर्वाचन विशेष अदालतले तोक्दैमा निवेदकको कुनै मौलिक हकमा आघात पर्‍यो भन्न सकिने अवस्था विद्यमान नहुँदा रिट निवेदन खारेज हुने[३०९] भन्ने सिद्धान्त प्रतिपादन भएको छ। राम कुमार मण्डल धानुक विरुद्ध महोत्तरी जिल्ला निर्वाचन विशेष अदालत जलेश्वर समेत भएको अर्को मुद्दामा अधिकार प्राप्त निर्वाचन विशेष अदालतले दुवै पक्षको रोहवरमा मतगन्ती समेत गरी तथ्यको निरूपण गरी सकेकोलाई अन्यथा भन्न मिल्ने स्थिति नहुँदा मैले बढी मत पाएकोले मलाई निर्वाचित घोषित गरिनुपर्ने भन्ने निवेदकको जिकिर नमिल्ने[३१०] भन्ने सिद्धान्त प्रतिपादन भएको छ भने एक अर्को मुद्दामा मुद्दाको औचित्य अनुसार मात्र पुनः मतपत्र गन्ती गरिने हुन्छ, उजुरी पर्नासाथ मतपत्र गन्ती गर्नुपर्ने कानुनी बाध्यता होइन, उजुरीको निर्णय गर्नका लागि कति हदसम्म मतपत्रको गन्ती गर्न आवश्यक छ भन्ने कुरा मुद्दाको तथ्यमा निर्भर हुने[३११] भन्ने समेतका मान्यताहरू स्थापित भएका छन्।

त्यसै गरी अनुचित प्रभाव सम्बन्धमा निर्वाचन (कसुर तथा सजाय) ऐनमा "कुनै किसिमले प्रभाव पार्नु हुँदैन" भन्ने वाक्यांशले उम्मेदवारको पक्ष वा विपक्षमा प्रभाव पारेको हुनुपर्ने उक्त दफाको उद्देश्य देखिन्छ। उक्त दफाले निषेध गरेको हुनको लागि कुनै किसिमको प्रभाव पारी एक उम्मेदवारको पक्षमा र अर्को उम्मेदवारको विपक्षमा कर्मचारीले काम गरेको हुनुपर्ने[३१२]भनी व्याख्या भएको पाइन्छ। त्यसै गरी मत गणना सम्बन्धमा संविधान सभा अदालतबाट प्राप्त मत परिणामबाट उजुरीकर्ताले प्राप्त गरेको मतभन्दा विपक्षीले बढी मत प्राप्त गरेको देखिएको र उजुरीकर्ताले प्राप्त गरेको कुनै मत परिणाममा नै अन्तर आउने गरी मत गणनामा त्रुटि भएको भनी वस्तुगत आधार

३०८ हे. मोहम्मद इस्तियाक राई विरुद्ध निर्वाचन आयोग समेत, सम्वत् २०७० सालको उजुरी नं. २०, मिति २०७१ जेठ २१, संविधान सभा अदालतबाट भएका फैसलाहरू, भाग २, पृष्ट १९४-२०३

३०९ हे. विमल प्रसाद श्रीवास्तव विरुद्ध निर्वाचन विशेष अदालत पर्सा समेत, डि. बे., मिति २०४०/११/२२, रिट नं. १५४४

३१० हे. राम कुमार मण्डल धाकुन विरुद्ध महोत्तरी जिल्ला निर्वाचन विशेष अदालत जलेश्वर समेत, सं.इ., मिति २०४५/०८/१९, रिट नं. १९०१

३११ हे. चन्द्र नारायण सिंह विरुद्ध सप्तरी जिल्ला निर्वाचन विशेष अदालत समेत, सं.इ., मिति २०४५/११/१५, रिट नं. १९०२

३१२ हे. गुणराज पाठक विरुद्ध चितवन जिल्ला निर्वाचन विशेष अदालत, डि. वे.,मिति २०३१/०१/१९, रिट नं. ९६२

समेत विद्यमान नदेखिएकोले माग बमोजिम निर्वाचन बदर गर्न तथा पुनः मत गणना गरिपाउँ भन्ने समेतको दाबी पुग्न सक्ने अवस्था नदेखिई प्रस्तुत उजुरीमा उजुरीकर्ताको दाबी पुग्न नसक्ने ठहर्छ भनी फैसला भएको छ ।[३१३]त्यसै गरी मतदान प्रक्रिया अवरुद्ध वा कब्जा भएको सम्बन्धमा संविधान सभा अदालतबाट अर्को मुद्दामा घटना परिघटनाले पुष्टि नहुने तथ्यहीन उजुरीहरूको चाहेर पनि उपचार गर्न सकिदैन । मतदान प्रक्रिया नै अवरुद्ध भएको वा कब्जामा पारिएका तथ्यहरू तथ्यका प्रश्नहरू भएकोले तिनको संपुष्टि उजुरीवालाले नै विधिसम्मत ढङ्गले उजुरी गर्ने र पुष्टि गर्ने दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । त्यस्तो स्थितिको अभावमा त्यस्तो स्थिति भए गरेको रहेछ भनी अनुमान गर्नसम्म पनि मिल्दैन भनी फैसला भएको छ ।[३१४]

## ९.९ निर्वाचन सम्बन्धी अन्य विषय

निर्वाचन सम्बन्धी अन्य विषयहरूमा मतदान अधिकृतले गरेको कारबाही बदर गर्ने सम्बन्धमा, उम्मेदवार बन्ने हक सम्बन्धी विवाद, क्षेत्राधिकार सम्बन्धी विवाद र मतपेटिका तोडफोड भएको भन्ने जस्ता विवादहरूमा सम्मानित अदालतबाट विभिन्न फैसलाहरू भएका छन् । यस सम्बन्धमा निर्वाचनमा उम्मेदवार हुने हकलाई कानुनी हक मानिने,[३१५]पोलिङ्ग अधिकृतको कारबाही तथा निर्णय अधिकार विहीन तथा गैर कानुनी भएकाले त्यस्तो निर्णय उपर पुनरावेदन सुनी निर्वाचन विशेष अदालतले गरेको निर्णय स्वतः प्रभावहीन हुने,[३१६]मत पेटिकामा लाहाछाप दुरुस्त छ भनी कानुन बमोजिम मुचुल्का खडा भएको देखिएको, सिल तोडिएको भए मौकामा उजुर गर्नु पर्नेमा सो गर्न सकेको नदेखिएको र निर्वाचन परिणाम घोषणा हुनुअघि दोहोऱ्याई मत गन्ती गरी पाउँ भनी उजुरवालाले निवेदन समेत नगरेको देखिएकोले वैधानिक प्रक्रियाबाट मत गणना नै नगरी घोषणा गरेको भन्न नमिल्ने,[३१७]र मतपेटिका तोडफोड गरी मतपत्रहरू चोरेको वारदातको मुचुल्का गर्ने मानिसहरूले अदालतमा बकपत्र गर्न नआई म्याद गुजारी बसेकोले विपक्षीहरूमाथि लगाइएको आरोप ठोस प्रमाणद्वारा समर्थित भएको नदेखिने[३१८] भन्ने समेतका फैसलाहरू भएका छन् ।

त्यसै गरी कानुनले निर्दिष्ट गरे मुताविक तोकिएको अधिकृत जिल्ला न्यायाधीश समक्ष उजुर गर्न पाउने विद्यमानता हुँदा हुँदै यस अदालतको असाधारण अधिकार क्षेत्र आकर्षित नहुने हुँदा रिट निवेदन खारेज हुने[३१९] भनी क्षेत्राधिकारको सम्बन्धमा स्पष्ट व्याख्या गरिएको छ । हद म्यादको सम्बन्धमा संविधान सभा अदालतबाट भएको एक फैसलामा वस्तुतः हद म्याद पक्षको सुविधाका लागि भएको सिद्धान्त होइन । हद म्याद त मुद्दामा निश्चितताका लागि व्यवस्था गरिने सिद्धान्त हो । मुद्दाको कुनै पक्षले मनोगत आधारमा तथ्य सङ्कलन गर्न समय लागेको भनी आफूखुसी म्याद कायम गरी अदालतमा आउन दिने हो भने अनन्तकालसम्म मुद्दा सिर्जना गर्ने म्याद कायम गरिरहने र यसले निश्चितताको सट्टा अनिश्चितता बढ्न जाने हुन्छ । त्यसै कारणले विधायिकाले नै हद म्यादका सम्बन्धमा कठोर संरचनाको व्यवस्था गर्नु परेको हो भनी सिद्धान्त प्रतिपादन भएको छ ।[३२०]

---

३१३ हे. सुरिता कुमारी साह विरुद्ध महोत्तरी जिल्ला निर्वाचन कार्यालय, सम्वत् २०७० सालको उजुरी नं. ८, मिति २०७१ भाद्र ४,

३१४ हे. शिवपुजन राय विरुद्ध अमरेश कुमार सिंह समेत, सम्वत् २०७० सालको उजुरी नं. १६, मिति २०७१ आषाढ २५, संविधान सभा अदालतबाट भएका फैसलाहरू, भाग २, पृष्ट १५६-१६८

३१५ हे. कृष्ण बहादुर रावल विरुद्ध निर्वाचन अधिकृत, जिल्ला वर्गीय सङ्गठन निर्वाचन कार्यालय तनहु समेत, सं इ., मिति २०४५/०५/१५, रिट नं. २५३७

३१६ हे. लक्ष्मी शरण शर्मा समेत विरुद्ध निर्वाचन विशेष अदालत डोल्पा समेत, डि. बे., मिति २०३१/१२/२८, रिट नं. १११८

३१७ हे. प्रायगराज सिंह सुवाल विरुद्ध काठमाण्डौ जिल्ला निर्वाचन अधिकृत समेत, नि.वि.अ., मिति २०४१/०२/३१, उजुरी नं. १४

३१८ हे. मतदान अधिकृत, पर्वत जिल्ला मतदान केन्द्र विरुद्ध प्रधान पंच युद्ध बहादुर अर्याल समेत, नि.वि.अ., मिति २०४५/०४/२८, उजुरी नं. १५

३१९ हे. कालिका ढकाल विरुद्ध निर्वाचन अधिकृत बिराटनगर समेत सं.इ., मिति २०४६/०२/०१, रिट नं. २३९७

३२० हे. गोपाल जी जंग शाह विरुद्ध निर्वाचन आयोग समेत, सम्वत् २०७० सालको उजुरी नं. १९, मिति २०७१ साल आषाढ २५, संविधान सभा अदालतबाट भएका फैसलाहरू, भाग २, पृष्ट ३२-४९

त्यसै गरी लाभको पदका सम्बन्धमा संविधान सभा अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ, जसअन्तर्गत शम्भु पासवान हजारी राष्ट्रिय दलित आयोगको सदस्यको पदमा कायम रही रहेकै अवस्था विद्यमान भै निजले सार्वजनिक लाभको पद ग्रहण गरेको अवस्थामा नै निजको उम्मेदवारी बन्द सूची लगायतका प्रक्रियामा परिरहेको अवस्था देखिई संविधान सभा सदस्य निर्वाचन अध्यादेश, विपरीत निजको योग्यता रहेको स्पष्ट हुन आयो। नेपाल सरकारको प्रशासकीय निर्णय र स्वविवेकको लाभ विपक्षीले हासिल गरी रहेको अवस्था देखिँदा समानुपातिक तर्फको संविधान सभाको सदस्यमा अन्तिम निर्वाचित घोषणाको बेला राजीनामा दर्ता गराएको भए पनि कानुनी व्यवस्थाले लाभको पदमा रहँदाको अवस्थामा उम्मेदवार हुनलाई नै अयोग्य मानेको हुनाले त्यस्तो उम्मेदवार हुन नै अयोग्य रहेको व्यक्तिलाई उम्मेदवार कायम गरी निर्वाचित घोषित गरी सभासद् कायम गरेको सम्पूर्ण कार्य गैर संवैधानिक एवम् गैर कानुनी देखिएकोले निज विपक्षी शम्भु पासवान हजारीको सभासद् पद खारेज हुने ठहर्छ, भनी नजिर प्रतिपादन भएको छ ।[३२१]

त्यस बाहेक निर्वाचन सम्पन्न भई सकेको देखिएकोले निवेदकका माग बमोजिमको आदेश जारी गर्दा निरर्थक हुने हुँदा रिट निवेदनपत्र खारेज हुने,[३२२]रिक्त पदमा बाँकी पदावधिको लागि उपनिर्वाचन भएको देखिन आएको र सो निर्वाचनको अवधि समाप्त भई अर्को निर्वाचन भैसकेको हुँदा सो निर्वाचन स्वतः निष्क्रिय भैसकेकोले निवेदकको माग बमोजिम निर्णय दिइरहन परेन[३२३] भन्ने जस्ता महत्वपूर्ण फैसलाहरू भएका छन् ।

३२१ हे. सुमित्रा देवी कलवार विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, सम्वत् २०७० सालको मुद्दा नं. २२, मिति २०७१ कार्तिक ५, संविधान सभा अदालतबाट भएका फैसलाहरू, भाग २, पृष्ट २२१-२३२

३२२ हे. हरिकृष्ण विष्ट समेत विरुद्ध निर्वाचन अधिकृत, मकवानपुर समेत, डि.बे., मिति २०४०/१०/२०, रिट नं. १७७८

३२३ हे. लाल बहादुर श्रेष्ठ विरुद्ध नवलपरासी जिल्ला निर्वाचन विशेष अदालत समेत, सं. इ., मिति २०४४/०२/२६, रिट नं. २२८७

# परिच्छेद - दश
## निर्वाचन आयोगको विवाद निरूपणमा अर्धन्यायिक भूमिका

यस अधिका परिच्छेदहरूमा विवाद निरूपणका न्यायिक प्रक्रियाका सम्बन्धमा चर्चा गरी सकिएकोले यस परिच्छेदमा अर्धन्यायिक प्रक्रियाका सम्बन्धमा चर्चा गर्ने प्रयास गरिएको छ। नेपालको संविधान तथा अन्य कानुनले विवाद निरूपणमा निर्वाचन आयोगलाई महत्वपूर्ण जिम्मेवारी दिएको छ। अतः संविधान र कानुनमा भएका व्यवस्थाहरूको सङ्क्षिप्त चर्चा यस परिच्छेदमा गरिएको छ।

## १०.१ संवैधानिक हैसियतमा निर्वाचन आयोग

नेपालको संविधान अनुसार निर्वाचन आयोगलाई संवैधानिक आयोगको रूपमा व्यवस्था गरिएको छ। निर्वाचन आयोगमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहने छन्। निजहरूको पदावधि उमेरको हद पैँसठ्ठी वर्ष पूरा भई अवकाश भएको अवस्थामा बाहेक नियुक्ति भएको मितिले ६ वर्षको हुने व्यवस्था गरिएको छ। संविधानको धारा २४६ बमोजिम निर्वाचन आयोगले राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने अधिकार तथा कर्तव्य तोकिएको छ। त्यसको लागि मतदाता नामावली तयार गर्ने, आवश्यकता अनुसार राष्ट्रिय महत्वका विषयमा जनमत सङ्ग्रह गराउने, उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय गर्ने लगायतका जिम्मेवारीहरू समेत संविधानद्वारा नै निर्वाचन आयोगलाई सुम्पिएको छ। निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउने, आयोगले आवश्यकता अनुसार राजनीतिक दल, सरकार र अन्य सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा निर्वाचन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न सक्ने व्यवस्था समेत संविधानले गरेको छ। अतः यस किसिमका संवैधानिक जिम्मेवारी बमोजिम स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गराउन आयोग निरन्तर क्रियाशील छ। यसैले निर्वाचन आयोग निर्वाचन सञ्चालन गर्नको लागि स्थापित नेपालको एउटा संवैधानिक अङ्गको रूपमा रहेको छ।

## १०.२ निर्वाचन आयोग ऐनमा भएका मुख्य व्यवस्थाहरू

निर्वाचन आयोग ऐन, २०७३ मा भएका मुख्य व्यवस्थाहरूमा सङ्घीय कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारले आयोगसँगको परामर्शमा निर्वाचनको मिति तोक्ने, उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने, निर्वाचन रद्द गर्न सक्ने, आयोग आफैँले सम्पादन गर्नुपर्ने कामका लागि आवश्यकता अनुसार प्रदेश तथा तोकिए बमोजिमको अन्य स्थानमा प्रादेशिक वा अन्य कार्यालय स्थापना गर्न सक्ने व्यवस्था ऐनले गरेको छ। आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न सरोकारवालाहरूसँग परामर्श गरी सरकार, सुरक्षा निकाय, कर्मचारी, राजनीतिक दल, उम्मेदवार र सम्बन्धित व्यक्ति, सञ्चार माध्यम, गैर सरकारी संस्था र अन्य व्यक्तिहरूले पालना गर्नुपर्ने आचार संहिता समेत बनाउन सक्ने व्यवस्था छ।

त्यसै गरी आयोगले बनाएको आचार संहिता पालना भए नभएको सम्बन्धमा आवश्यकता अनुसार संयन्त्र निर्माण गरी जाँचबुझ तथा अनुगमन गर्ने, कसैबाट आचार संहिता पालना नभएको वा उल्लङ्घन भएको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नका लागि आयोगले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिने, आयोगले दिएको आदेश बमोजिम काम कारबाही नरोक्ने वा बदर नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्ने र कुनै उम्मेदवारले आयोगले बनाएको आचार संहिताको उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा त्यसको स्पष्ट आधार र कारण खोली आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्ने व्यवस्था समेत ऐनमा गरिएको छ। त्यस बाहेक निर्वाचन खर्चको हद तोक्ने, राजनीतिक दल वा उम्मेदवारले तिस दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने, निर्वाचनमा निर्धारित हदभन्दा बढी खर्च गरेमा बिगो बमोजिमको सजाय गर्ने जस्ता व्यवस्थाहरू गरिएका छन् ।

त्यसै गरी निर्वाचन आयोगले यस ऐन बमोजिम निर्वाचन सम्बन्धी नीति निर्धारण गर्दा, कार्यक्रम सञ्चालन गर्दा, कर्मचारी खटाउँदा, अनुगमन वा पर्यवेक्षण गर्दा वा गराउँदा लैङ्गिकमैत्री र समावेशी सिद्धान्तलाई अवलम्बन गर्नुपर्ने, जिम्मेवार व्यक्तिलाई जिम्मेवारीबाट हटाउन वा निलम्बनको लागि सिफारिस गर्न सक्ने र विभागीय कारबाहीको लागि लेखी पठाउन सक्ने अधिकार समेत ऐनले निर्वाचन आयोगलाई नै दिएको छ ।

## १०.३ प्रभावकारी निर्वाचनको लागि आयोगले खेल्नु पर्ने भूमिका

निर्वाचन आयोगले निर्वाचन निष्पक्ष र सर्वस्वीकार्य बनाउनको लागि न्यूनतम रूपमा निम्न भूमिकाहरू निर्वाह गर्नु आवश्यक छ :

क. आवश्यक कानुनहरूको पहिचान र आवश्यकताका आधारमा समयमा नै सरकारलाई कानुन तर्जुमा वा संशोधनको लागि अनुरोध गर्ने,

ख. यथाशक्य सबै निर्वाचनहरूका लागि उपयुक्त हुने कानुन संहिता तयार गरी जारी गर्न सम्बन्धित निकायसँग पहल गर्ने

ग. निर्वाचनको लागि उपयुक्त वातावरण र समय पहिचान गरी समयमा सरकारलाई निर्वाचन मिति सिफारिस गर्ने,

घ. मतदाता नामावली अद्यावधिक र वैज्ञानिक रूपमा राख्ने, सार्वजनिक गर्ने, नेपाल बाहिर बस्ने मतदाताहरू, निर्वाचन कार्यमा संलग्न कर्मचारी, पर्यवेक्षक र सुरक्षाकर्मीको मतदानको अधिकारको सुनिश्चितताको लागि उपयुक्त व्यवस्था गर्ने,

ङ. मतदाता शिक्षा प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि सरकार, नागरिक समाज र विकास साझेदारहरूसँग हातेमालो गर्दै व्यापक कार्यक्रमहरू यथासमयमै सञ्चालन गर्ने,

च. प्रभावकारी आचार संहिता तयार गरी आचार संहिता उल्लङ्घनका घटनाहरूलाई प्रारम्भदेखि नै कडाईका साथ पालना गर्ने गराउने व्यवस्था गर्दै निर्वाचनप्रतिको विश्वसनीयतामा वृद्धि गर्ने,

छ. निर्वाचनलाई स्वतन्त्र र समावेशी प्रनितिधित्वको सुनिश्चितता गर्न कायम रहेका कानुनको समीक्षा गरी संशोधनको लागि सरकारलाई सुझाव दिने,

ज. मतदान केन्द्रको लागि आवश्यक पर्ने सुविधाहरूको आकलन गरी अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सुत्केरी र अस्वस्थ व्यक्तिहरूको लागि उपयुक्त सुविधा सहितको प्रभावकारी व्यवस्था गर्ने,

झ. निर्वाचन पर्यवेक्षकलाई तीनवटै चरण (मतदान अघि, मतदानको अवधिभर र मत गणनाको समय) लगायतका प्रक्रियामा सहज पहुँचको व्यवस्था गर्ने,

ञ. निर्वाचनमा संलग्न कर्मचारी, सुरक्षा निकाय र अन्य सरोकारवालाहरूलाई निर्वाचन प्रक्रिया, पर्यवेक्षण, आचार संहिता लगायतका विषयमा आवश्यक तालिम दिने व्यवस्था गर्ने,

ट. निर्वाचनमा आधुनिक प्रविधिको प्रयोग गरी निर्वाचनलाई सहज र सर्वसुलभ बनाउनको लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने र आवश्यकता अनुसार सरकारसँग अनुरोध गर्ने,

ठ. निर्वाचन अनुगमन, खर्चको व्यवस्थापन, विभिन्न निकायहरूले खेल्ने र खेल्नुपर्ने भूमिकाहरू लगायतका विषयमा प्रभावकारी अनुगमनको व्यवस्था गर्ने र अनुगमन प्रतिवेदनहरू कडाईका साथ लागू गर्ने आदि ।

आयोगले संविधान र कानुन बमोजिमको जिम्मेवारी पूरा गर्नको लागि मतदाताको नाम कम्प्युटरकृत गरिसकेको छ। यस क्रममा फोटोलगायत बायोमेट्रिक विवरण समेत यसमा समावेश गरी प्रयोगमा समेत ल्याइसकेको छ । सबै नेपाली मतदाताको नाम मतदाता नामावलीमा समेट्न आयोगले क्षेत्रीय निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरूमा निरन्तर दर्ता, तोकिएका इलाका प्रशासन कार्यालयहरूमा दर्ता, विभिन्न जिल्लामा घुम्ती दर्ता, लक्षित समुदायमा आधारित दर्ता लगायतका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । दुईवटा महत्वपूर्ण संविधान सभाका निर्वाचनहरू, लामो समयसम्म हुन नसकेको स्थानीय तहको निर्वाचन, सङ्घीय प्रणाली बमोजिम प्रदेश सभा र सङ्घीय संसद्को निर्वाचनहरू लगायतका कानुन बमोजिम सम्पन्न गर्नुपर्ने अन्य निर्वाचनहरू सफलतापूर्वक सम्पन्न गरी यतिखेर आयोग रिक्त पद पूर्तिको लागि उपनिर्वाचन गराउने तयारीमा रहेको छ ।

## १०.४ निर्वाचन सम्बन्धी न्यायमा निर्वाचन आयोगको भूमिका

निर्वाचनसँग सम्बन्धित विवादको सम्बन्धमा नेपालको संविधानको भाग २४, धारा २४६, निर्वाचन आयोग ऐन, २०७५, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ लगायतका कानुनहरूले निर्वाचनको सन्दर्भमा हुन आउने विवाद र कसुर सम्बन्धमा तत्काल उपचारको निम्ति निर्वाचन आयोगलाई विवाद निरूपण गर्ने जिम्मा दिएको छ । निर्वाचन सम्बन्धी विवाद निरूपणको लागि निर्वाचन आयोग, निर्वाचन अधिकृत, अनुगमनकर्ता, मतदान अधिकृत र नाम दर्ता अधिकारीलाई आयोगको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहेर विवादहरू समाधान गर्ने जिम्मेवारी दिइएको छ । निर्वाचन सम्बन्धी विवादको निरूपणको सम्बन्धमा दुई चरण र प्रकृतिको व्यवस्था भएको पाइन्छ ।

क. निर्वाचन मत परिणामको घोषणापूर्वको चरण - अर्धन्यायिक प्रकृतिबाट आयोगले विवादको निरूपण गर्ने,

ख. मत परिणामको घोषणा पश्चात् न्यायिक निकायबाट मुद्दाको निरूपण हुने ।

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम, निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसुर तथा सजाय, मतदान तथा मत गणना सम्बन्धी कसुर तथा सजाय, निर्वाचनमा प्रभाव पार्ने सम्बन्धी कसुर तथा सजाय, निर्वाचन प्रचार प्रसार सम्बन्धी कसुर तथा सजाय, निर्वाचन प्रचार प्रसारको आय-व्यय सम्बन्धी कसुर तथा सजाय र केही अन्य कसुर तथा सजायहरूको सम्बन्धमा निर्वाचन आयोग/समिति, निर्वाचन अधिकृत, अनुगमनकर्ता, मतदान अधिकृत र नाम दर्ता अधिकारीले विवादको निरूपण गर्ने व्यवस्था छ । निर्वाचन पश्चात् वा निर्वाचन अगाडि, निर्वाचनको क्रममा तथा मत गणना कार्यमा अर्धन्यायिक निकायबाट भएको निर्णय उपर चित्त नबुझ्ने पक्ष वा व्यक्तिले सम्बन्धित पुनरावेदन अदालतमा मुद्दा दायर गर्ने बाहेक मतपरिणाम घोषणा पश्चात् दिने उजुरी र कारबाहीको प्रक्रिया न्यायिक निकायबाट हुने व्यवस्था छ, जुन विषयका सम्बन्धमा न्यायिक निकायबाट विवादको निरूपण सम्बन्धी परिच्छेदमा विस्तृत चर्चा गरी सकिएकोले यहाँ अर्धन्यायिक प्रकृतिबाट आयोगले निरूपण गर्ने विवाद सम्बन्धमा मात्र चर्चा गर्ने प्रयत्न गरिएको छ ।

संविधान, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ र निर्वाचन आयोग ऐन, २०७३ को आधारमा आयोग ऐनको दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले निर्वाचन विवाद ( सुनुवाइ र निरूपण) सम्बन्धी कार्यविधि २०७६ जारी गरी लागू समेत गरिसकेको छ । निर्वाचन आयोगले सुनुवाइ गर्न सम्बन्धित विषय हेर्ने आयुक्तको संयोजकत्वमा बढीमा नौ जनाको एक निर्वाचन विवाद निरूपण समितिको व्यवस्था समेत उक्त कार्यविधिले गरेको छ ।[३२४] उक्त समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत समितिलाई आयोगको क्षेत्राधिकारभित्र पर्ने उजुरी वा निर्वाचन विवादको जाँचबुझ तथा छानबिन गर्ने वा गराउने, जाँचबुझ तथा छानबिनको आधारमा आयोग समक्ष पेश गर्नुपर्ने देखिएका विषयमा आफ्नो राय सहितको सिफारिस पेश गर्ने, उजुरी वा निर्वाचन विवाद निरूपणका सम्बन्धमा मतदान अधिकृत, अनुगमनकर्ता वा निर्वाचन अधिकृतले माग गरेको विषयमा आवश्यकता अनुसार निर्देशन दिने, मतदान अधिकृत, अनुगमनकर्ता वा निर्वाचन अधिकृत वा नाम दर्ता अधिकारीबाट आयोगको क्षेत्राधिकारभित्र पर्ने भनी पेश भएका विवाद उपर आवश्यक जाँचबुझ तथा छानबिन गरी सिफारिस सहित आयोग समक्ष पेश गर्ने र उजुरी वा निर्वाचन विवाद निरूपणका सम्बन्धमा आयोगले तोके बमोजिमका अन्य कार्य गर्ने जिम्मेवारी दिइएको छ ।[३२५] कार्यविधिले ऐन बमोजिम आयोगले सुनुवाइ गर्नुपर्ने विषयमा समितिले जाँचबुझ तथा छानबिन गरी सिफारिस सहित निर्णयको लागि आयोगमा पेश गर्नुपर्ने विषयहरू अनुसूची १ मा तोकिएको छ ।[३२६] त्यसै गरी निर्वाचन अधिकृतले अनुसूची-२ बमोजिमको विवादको सुनुवाइ गर्ने, अनुगमनकर्ताले अनुसूची-३ बमोजिमको विवादको सुनुवाइ गर्ने,[३२७] मतदान अधिकृतले अनुसूची-४ बमोजिमको विवादको सुनुवाइ गर्ने[३२८] र अनुसूची ५ बमोजिमको बिवादको सुनुवाइ नाम दर्ता

३२४ हे. निर्वाचन विवाद (सुनुवाइ र निरूपण) सम्बन्धी कार्यविधि २०७६ को दफा ४
३२५ ऐ. दफा ५
३२६ ऐ. दफा ६
३२७ ऐ. दफा ७
३२८ ऐ. दफा ८

अधिकारीले गर्ने व्यवस्था समेत कार्यविधिले गरी प्रत्येक निकाय वा पदाधिकारीको कार्यक्षेत्र स्पष्ट पारेको छ। उक्त कार्यविधि बमोजिम आयोगअन्तर्गतका आयोग/समिति, निर्वाचन अधिकृत, मतदान अधिकृत र अनुगमनकर्ताले छानबिन गर्ने विषयहरू यस प्रकार छन् :

**क. निर्वाचन आयोग/विवाद निरूपण समितिले जाँचबुझ तथा छानबिन गर्ने विषय**

कार्यविधिको अनुसूची १ बमोजिम ४४ वटा विषयहरू निर्वाचन आयोग/विवाद निरूपण समितिले जाँचबुझ तथा छानबिन गर्ने विषयको रूपमा किटान गरिएको छ। उक्त अनुसूची अनुसार मुख्य मुख्य विषयहरू निम्न छन् :

१. उम्मेदवारको अयोग्यता सम्बन्धी विषय, योग्यता नपुगेको व्यक्तिको नाम उम्मेदवारको बन्द सूचीबाट हटाउने, मतदान केन्द्रको मतदानको काम रद्द गर्ने विषय,

२. कसुरदार कर्मचारीलाई तत्काल निलम्बन गर्ने वा सम्बन्धित अख्तियारवाला समक्ष निलम्बनको लागि सिफारिस गर्ने, विभागीय कारबाही गर्ने वा सेवा शर्त सम्बन्धी प्रचलित कानुन बमोजिम विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने विषय,

३. कर्मचारी, सुरक्षा निकाय, दल वा अन्य संस्थालाई जरिबाना गर्न सक्ने विषय,

४. दोहोरो उम्मेदवारी दिएको व्यक्तिको उम्मेदवारी बदर गर्ने विषय,

५. दल त्याग गरेमा वा अर्को दलमा प्रवेश गरेमा निजको सदस्यता खारेज गर्ने विषय,

६. मतदान केन्द्रको अनधिकृत कब्जा भएकोमा त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्ने विषय,

७. मतदान केन्द्रको मतदान रद्द गर्ने, अवैध घोषणा गर्ने र पुनः मतदान गर्ने मिति र समय तोक्न निर्देशन दिने विषय,

८. निर्वाचन अधिकृतको नियुक्ति बदर गरी अर्को निर्वाचन अधिकृत नियुक्त गर्ने वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने विषय,

९. मत गणना, गलत छपाइ, प्रचार प्रसार, आयोगको मर्यादा विपरीतका कार्य, सार्वजनिक सवारी साधन र सम्पत्तिको दुरूपयोग जस्ता विषय,

१०. आर्थिक सहयोग लिने वा दिने, तोकिएभन्दा बढी खर्च गर्ने, आयोगको निर्देशन पालना नगर्ने, खर्चको विवरण नबुझाएको, सार्वजनिक नगरेको जस्ता विषय,

११. निर्वाचनमा संलग्न कर्मचारीले कुनै लिखत, कागजात, अभिलेख वा विवरण झुट्टा हो भन्ने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो लिखत, कागजात वा अभिलेखलाई कानुन बमोजिमको प्रयोजनका लागि मान्यता दिएको, पदीय जिम्मेवारीबाट पन्छिएको, आफूलाई प्राप्त जानकारी कानुन बमोजिमको अवस्थामा बाहेक अन्य कुनै व्यक्तिलाई दिएमा, अभिव्यक्त गरेमा वा प्रकट गरेको, मतदान सम्बन्धी गोपनीयता भङ्ग गरेको विषय,

१२. निर्वाचन सम्बन्धी कार्यमा प्रतिकूल असर पर्ने अन्य कुनै किसिमको कार्य गरे वा गराएको, उद्योग गरेमा वा त्यस्तो कसुर गर्न मद्दत वा दुरुत्साहन गरेको सम्बन्धमा, झुट्टा विवरणका

आधारमा मतदाता नामावली तयार भई अन्तिम मतदाता नामावली प्रकाशन भएको कुराको प्रमाणबाट स्पष्ट देखिन आएमा त्यस्तो मतदाता नामावली रद्द गर्ने विषय ।

**ख. निर्वाचन अधिकृतले सुनुवाइ गर्ने विषय**

कार्यविधिको दफा ७ बमोजिम अनुसूची २ मा २८ वटा विषयहरू निर्वाचन अधिकृतले सुनुवाइ गर्ने गरी सूची तयार पारिएको छ, जसमा मुख्य रूपमा निम्न विषयहरू व्यवस्था गरिएको छ :

१. उम्मेदवारको अयोग्यता सम्बन्धमा प्रश्न उठेमा त्यस्तो उम्मेदवारलाई स्पष्टीकरण माग गरी निर्णयको लागि कागजात सहित आयोगमा पठाउने विषय, मनोनयन पत्रको जाँच सम्बन्धी कारबाही स्थगित गर्ने, उम्मेदवारको मनोनयनपत्र बदर गर्ने र निर्वाचन चिन्ह वितरण सम्बन्धी विषय,

२. मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएकोमा मतदान रद्द गरी आयोगलाई प्रतिवेदन दिने, विशेष परिस्थितिमा मतदानको काम हुन नसक्ने कुरामा विश्वस्त भएमा मतदान कार्य तत्काल स्थगित गरी आयोगलाई जानकारी दिने र मतदान केन्द्रको अनधिकृत कब्जा भएकोमा मतदान अधिकृतले दिएको प्रतिवेदन समेतको आधारमा आयोगलाई प्रतिवेदन दिने र आयोगको निर्देशन अनुसार त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्ने सम्बन्धमा,

३. मतदान स्थगित भएमा उक्त मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोक्ने,

४. मत गणना पूरा हुनुअघि मतपत्र नोक्सान भएमा मत गणनाको काम स्थगित गरी आयोगलाई प्रतिवेदन दिने, मतपत्र बदर गर्ने, दोहोऱ्याई मत गणना गर्ने र मत बराबर भएमा गोला हाली निर्णय गर्ने विषय,

५. झुट्टा विवरण वा कागजात संलग्न गरी मनोनयनपत्र पेश गरेको, मतदान अधिकृतको स्वीकृतिबिना निर्वाचनमा प्रयोग गरिने वा गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री निर्वाचनमा प्रयोग हुन नदिन मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लगेको, विवरणमा छेडछाड गरेको, अनधिकृत व्यक्ति मत गणना स्थलमा प्रवेश गरेको विषय,

६. तोकेभन्दा फरक किसिमले प्रचार सामग्रीको प्रयोग, तोकिएभन्दा अन्यत्र साउण्ड सिस्टमको प्रयोग, आचार संहिता विपरीत प्रचार प्रसार गरेको, आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने गरी प्रचार प्रसार गरेको, निर्देशनको पालना नगरेको, तोकेभन्दा बढी सरकारी वा संस्थाको स्वामित्वमा रहेका सवारी साधन प्रयोग गरे वा गराएको, कुनै सवारी साधनको प्रयोग गरी ऱ्याली गरे वा गराएमा र राजनीतिक दल वा उम्मेदवारले आफ्नो निर्वाचन प्रतिनिधि मार्फत खर्च गर्ने बाहेक निर्वाचन प्रचार प्रसारमा खर्च गर्दा अन्य व्यक्तिलाई खर्च गर्न लगाएको विषयहरू ।

**ग. अनुगमनकर्ताले सुनुवाइ गर्ने विषय**

कार्यविधिको दफा ७ बमोजिम अनुसूची ३ मा अनुगमनकर्ताले सुनुवाइ गर्ने विषयको सूची तोकिएको छ । उक्त सूचीमा रहेका मुख्य विषयहरू निम्न छन् :

१. कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजात नोक्सान गर्ने काम गरेको,

२. मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन बाधा अवरोध गरे वा गराएको,

३. अनधिकृत व्यक्ति मत गणना स्थलमा प्रवेश गरे वा गराएको,

४. शान्ति भङ्ग गर्ने, भय, त्रास सिर्जना गर्ने वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गरेको विषय,

५. आचार संहिता विपरीत निर्वाचनको प्रचार प्रसार गरेमा, साउण्ड सिस्टमको प्रयोग गरेमा, आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने गरी प्रचार प्रसार गरेमा वा आयोगको निर्देशन पालना नगरेको विषय,

६. आयोगले तोकेको सङ्ख्याभन्दा बढी र अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गरे वा गराएको, अन्य निकायको सवारी साधन दुरूपयोग गरेको, सवारी साधनको प्रयोग गरी र्‍याली गरे वा गराएको र निर्वाचन सम्बन्धी कार्यमा प्रतिकूल असर पर्ने कार्य गरे वा गराएको विषय ।

**घ. मतदान अधिकृतले सुनुवाइ गर्ने विषय**

त्यसै गरी कार्यविधिको दफा ८ बमोजिम अनुसूची ४ मा मतदान अधिकृतले सुनुवाइ गर्ने विषयको सूची दिइएको छ । जुन सूचीमा निम्न बमोजिमका १९ वटा विषयहरू समावेश गरिएको छ :

१. नाम ढाँटी मतदान गर्न आएको विषय, हतियार लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्न नदिने विषय,

२. मतपेटिका नोक्सान भएमा वा तोडफोड भएमा निर्वाचन अधिकृतलाई प्रतिवेदन गर्ने, विशेष परिस्थिति उत्पन्न भएमा मतदान स्थगित गर्ने, मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान स्थगित गर्ने विषय,

३. निविदा मतपत्र दिने, निर्वाचनमा प्रयोग गरिने वा गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री निर्वाचनमा प्रयोग हुन नदिन मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लगेको र सूचनामा छेडछाड गरेको, छाप वा चिन्ह लागेको मतपत्र दुरूपयोग गरेको, अनधिकार मतदान गरेको, अर्को व्यक्तिको नामबाट मतदान गरेको, एउटै निर्वाचनमा एक पटक भन्दा बढी मतदान गरेको, मत सङ्केत गरेको व्यहोरा कुनै प्रकारले सार्वजनिक गरेको र सङ्घीय कानुन वा आयोगले तोकेको प्रक्रिया उल्लङ्घन गरेको विषय,

४. मतपत्र बाहेक अन्य कुनै वस्तु मतपेटिकाभित्र खसाले वा राखेमा, मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन कुनै किसिमले बाधा अवरोध गरे वा गराएमा, गैर नेपाली नागरिकले मतदान गरेको, अनधिकृत व्यक्ति मत गणना स्थलमा प्रवेश गरेको र मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी निर्वाचनको वातावरण बिथोल्ने कार्य गरी भय त्रास सिर्जना गरे वा गराएको विषय ।

**ङ. नाम दर्ता अधिकारीले अनुसन्धान अभियोजन र सुनुवाइ गर्ने विषय**

त्यसै गरी कार्यविधिको दफा ९ को उपदफा (१) बमोजिम अनुसूची ५ मा प्रमुख नाम दर्ता अधिकारी, नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारीले सुनुवाइ गर्ने विषयको सूची दिइएको छ । उक्त सूची अनुसार निम्न बमोजिमका ८ वटा विषयहरू उक्त सूचीमा तोकिएको छ :

१. कसैले आफ्नो नाम दोहोरो परेकोमा हटाउन निवेदन दिएमा र नाम दर्ता अधिकारीलाई कुनै व्यक्तिको नाम दोहोरो परेको जानकारी प्राप्त हुन आएको विषय,

२. कसैले आफ्नो नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी नाम दर्ता गराएको वा दर्ता गराउनको लागि दरखास्त दिएको वा त्यसरी ढाँटी दर्ता गराएको भनी विरोधपत्र दिएको विषय,

३. मतदाता नामावलीमा जानी बुझी कसैले कानुन विपरीत कुनै व्यहोरा थपेको, केरमेट गरेको, सच्याएको वा त्यस्तो मतदाता नामावली कुनै किसिमले बिगारेको, नोक्सान पारेको वा नष्ट गरेको विषय,

४. मतदाता नामावली तयार गर्ने कार्यमा खटिएका कर्मचारीलाई कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएको वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालन गर्न वा गराउनबाट विचलित गराएको विषय,

५. गोप्य राख्नु पर्ने कागजात वा विवरणको गोप्यता भङ्ग गरेको विषय,

६. मतदाता नामावली दर्ता गर्ने प्रयोजनको लागि आयोगले सङ्कलन गरेको मतदाताको नाम, थर, वतन, फोटो र अन्य विवरण अनधिकृत रूपमा प्रकाशन गरेको वा वितरण गरेको वा जानीजानी दुरूपयोग गरेको विषय,

७. मतदाता नामावली ऐन, २०७३ को दफा ३१ को खण्ड (च) र सोही ऐनको दफा २२ को उपदफा (२) विपरीत मतदाता नामावली प्रयोग गरेको विषय ।

## १०.५ निर्वाचन आयोगको प्रभावकारिता र मुख्य चुनौतीहरू

निर्वाचन आयोग एउटा स्वतन्त्र संवैधानिक अङ्ग हो । निर्वाचन प्रयोजनको लागि संविधानको धारा २४६, निर्वाचन आयोग ऐन, २०७३ र निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम आयोगलाई निर्वाचन सम्बन्धी सम्पूर्ण अधिकारहरू दिइएको छ । कानुनमा भएका कतिपय छिद्रहरू बाहेक आयोगको अधिकार सम्बन्धमा धेरै खोट लगाउने ठाउँ छैन तर निर्वाचन आयोगलाई संविधान र कानुन बमोजिम प्रदत्त अधिकार र जिम्मेवारी निर्वाह गर्नका लागि आवश्यक स्वायत्तताको प्रत्याभूति प्रमुख रूपमा देखिन आउँछ । निर्वाचन आयोग निरीह भएमा, उसको कार्यदक्षता कमजोर भएमा वा पूर्वाग्रहपूर्ण भएमा निष्पक्ष निर्वाचनको कल्पना गर्न सकिदैन । प्रभावकारी निर्वाचनको लागि निर्वाचन आयोग, अधिकार सम्पन्न, दक्ष, पारदर्शी र जवाफदेही हुनु आवश्यक छ ।

निर्वाचन एउटा नियमित प्रक्रिया मात्र नभएर लोकतान्त्रिक प्रणालीको आधारस्तम्भ हो । निष्पक्ष र प्रभावकारी आवधिक निर्वाचनबिना निर्वाचित सरकार उत्तरदायी हुन सक्दैन भने निर्वाचनप्रति जनविश्वास समेत गुम्दै जान्छ । निर्वाचन प्रक्रियामा सरकार वा राजनीतिक दलको हस्तक्षेप, आयोगमा हुने राजनीतिक नियुक्तिका कारण दलीयकरण, कर्मचारीतन्त्रको गैर जिम्मेवारीपन, दक्षताको अभाव, साधन र स्रोतको अभाव, समयमा कानुन निर्माण नभएका कारण निर्वाचनको तयारीमा पर्याप्त समय प्राप्त हुन नसक्नु, मतदाता शिक्षाको अपर्याप्तता, कानुनमा भएका अस्पष्टता

र दोहोरोपन जस्ता विषयहरूका कारणले निर्वाचन गराउने निकायहरूले प्रभावकारी रूपमा कार्य सम्पादन गर्न सक्दैनन् ।

नेपालको सन्दर्भमा पनि निर्वाचन गराउने संस्थाले निर्वाचनको मिति तोक्ने कुरामा नै निर्णायक भूमिका नपाउनु एउटा प्रमुख चुनौती मान्नु पर्दछ । नेपाल सरकारले तोकेको मितिमा निर्वाचन गर्नुपर्ने स्थिति परिवेश सुहाउँदो छैन । आफूलाई चाहिने स्रोत, साधन, जनशक्ति र सङ्घीयता कार्यान्वयनको सन्दर्भमा प्रदेश स्तरमा कार्यालय खडा गर्ने लगायतका कुरामा नेपाल सरकारले तत्परताका साथ सहयोग गर्न जरुरी हुन्छ । मतदान स्थलमा नै मत गणना हुन नसक्दा मत परिणाम बिलम्ब गरी प्राप्त हुने गरेको छ । तह र पद पिच्छे फरक फरक कानुन र निर्वाचन प्रणाली प्रयोग गर्दा निर्वाचन प्रक्रिया र प्रणाली बुझ्न कठिन भएको छ । निर्वाचनमा उल्लेख्य सङ्ख्यामा मतपत्रहरू बदर हुने गरेका छन् । मतदाता शिक्षा प्रभावकारी नभएको अनुभव गरिएको छ भने मतदानस्थल तथा मत गणना प्रक्रिया आदिमा हस्तक्षेप भएका कुराहरू समय समयमा सार्वजनिक भएका हुन्छन् । निर्वाचन आचार संहिता कार्यान्वयनको प्रभावकारी अनुगमन भएको छैन । उम्मेदवारको निर्वाचन खर्च गराइको हद पनि निर्वाचन आचार संहिताले तोकेको सीमाभित्र नरहेको स्पष्ट छ । निर्वाचनमा खटिएका कर्मचारीहरूको जबाफदेहितामा समय समयमा प्रश्नहरू उठ्ने गरेका छन् । राजनीतिक दलहरूको उत्तरदायित्व बहन गराउने सम्बन्धमा आयोग सक्षम हुनुपर्ने अपेक्षा बढिरहेको छ ।

यसर्थ, निर्वाचनको लागि फरक फरक कानुनलाई एकीकृत गरी निर्वाचन संहिता जारी गर्न ढिला भइसकेको छ । निर्वाचन मिति सम्बन्धमा अमेरिका लगायतका कतिपय देशहरूले किटान गरे जस्तै किटान गरेर जाँदा एकातिर निर्वाचन तयारी गर्ने पर्याप्त समय उपलब्ध हुन्छ भने प्रभावकारी मतदाता शिक्षाको लागि सरकार, निर्वाचन आयोग, सामाजिक सङ्घ संस्था, विकास साझेदारहरूको सहयोग लिने कुरामा आयोगलाई सहजता प्राप्त हुन्छ । निर्वाचन खर्च सम्बन्धमा निश्चित सीमा तोकी बैङ्क मार्फत मात्र उठाउन र खर्च गर्न पाउने कडा व्यवस्था गर्ने, निर्वाचनमा आधुनिक प्रविधिको प्रयोग आगामी निर्वाचनबाट गर्ने जस्ता कुराहरू सुधार गर्न आवश्यक छ । यस्तै निर्वाचन आयोगको क्षमता विस्तार, साधन स्रोत सम्पन्नता र दक्ष तथा प्रविधियुक्त बनाउनको लागि आयोगलाई पूर्ण आर्थिक स्वायत्तता दिन आवश्यक छ । आयुक्तहरूको नियुक्तिको लागि रोष्टर खडा गरी स्वच्छ प्रतिस्पर्धाका आधारमा नियुक्ति गर्ने, आयोगका आफ्नै कार्यालयहरू कम्तीमा प्रदेश स्तरमा खडा गरी नियमित रूपमा मतदाता शिक्षा सञ्चालन गर्ने, कर्मचारीको स्वायत्तताको लागि निजामती सेवाभित्र सकेसम्म छुट्टै " निर्वाचन आयोग सेवा" स्थापना गरी कर्मचारी नियुक्ति गर्ने लगायतका व्यवस्था गर्न आवश्यक देखिन्छ ।

त्यसै गरी निर्वाचन न्यायको सम्बन्धमा आयुक्तहरू, आयोगका कर्मचारी, समिति, निर्वाचन अधिकृत, मतदान अधिकृत, अनुगमनकर्ता र नाम दर्ता अधिकारीलाई प्रशिक्षणको लागि बृहत् तालिम पुस्तिका तयार पारी समय समयमा आवश्यक तालिमको व्यवस्था गर्ने, उनीहरूको सुरक्षाको पूर्ण प्रत्याभूति गर्ने, आचार संहिताको पालना सम्बन्धमा राजनीतिक दलको नेतृत्वका लागि आवश्यक प्रशिक्षण सञ्चालन गर्ने र विवाद समाधानका वैकल्पिक उपायहरूलाई निर्वाचन विवाद समाधानको सन्दर्भमा समेत आधिकारिक मान्यता दिई सञ्चालनमा ल्याउने गर्न सकिएमा निर्वाचन विवाद समाधानको अर्धन्यायिक पद्धति छिटो, छरितो र प्रभावकारी हुन सक्दछ ।

निर्वाचन अधिकृत, मतदान अधिकृत, अनुगमनकर्ता र नाम दर्ता अधिकारीको सुरक्षाको पूर्ण प्रत्याभूति नहुँदासम्म यिनीहरूबाट निष्पक्ष न्याय कल्पना गर्न सकिदैन । निर्वाचन सम्बन्धी विवाद राजनीतिक प्रकृतिको हुने र कर्मचारीहरूले मतदान अधिकृतको रूपमा भूमिका निर्वाह गर्नुपर्ने भएकोले यो एउटा गम्भीर चुनौतीको विषय बनेको छ । तसर्थ उनीहरूलाई उनीहरूको सेवाको सुरक्षा र यस किसिमका विवादमा पर्नबाट कसरी मुक्त पार्ने भन्ने विषयमा विकल्पहरू तयार पारी छलफल गर्ने र युक्तियुक्त निकास निकाल्न ढिला गर्नु हुँदैन ।

# परिच्छेद - एघार

## निर्वाचन प्रणालीमा जबाफदेहिता सुनिश्चित गर्ने संयन्त्रहरु

निर्वाचन आयोगको एकल प्रयासले मात्र स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन सम्भव हुँदैन । त्यसै गरी निर्वाचन न्यायको बिषय पनि कुनै एक निकायको मात्र एकल प्रयासले सम्भव नहुने हुनाले निर्वाचन न्यायको लागि न्यायिक र अर्धन्यायिक पद्धतिको विकास गरिएको हुन्छ । निर्वाचन न्यायका सम्बन्धमा निर्वाचन विवाद निरुपण गर्न तोकिएका न्यायिक र अर्ध न्यायिक निकायको मुख्य भूमिका रहने भए पनि यसका लागि सरकार, संसद्, सुरक्षा निकाय, अभियोजन गर्ने निकाय, राजनीतिक दल, सञ्चार जगत्, नागरिक समाज र आम मतदाता तथा नागरिकको पनि उत्तिकै भूमिका रहन्छ । ती निकायहरूको भूमिका यस परिच्छेदमा क्रमशः उल्लेख गर्ने प्रयत्न गरिएको छ ।

## ११.१ नेपाल सरकार

आवधिक निर्वाचनको वातावरण तयार पार्ने मूल दायित्व सरकारको हो । उपयुक्त वातावरणबिना निर्वाचन सम्पन्न हुन सक्दैन । विगतमा करिब १६ वर्षसम्म स्थानीय तहहरू जनप्रतिनिधि विहीन हुनु उपयुक्त वातावरणको अभावको कारण नै हो । जनताको आफ्ना प्रतिनिधिहरू मार्फत शासित हुने, प्रतिनिधिहरू चयन गर्ने वा आफैँ चुनिने र भयरहित वातावरणमा निर्वाचन प्रक्रियामा भाग लिन पाउने अधिकार उनीहरूको मानव अधिकार हो भने मानव अधिकारको संरक्षण गर्नु राज्यको मूल दायित्व हो । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्ष राष्ट्र हुनुको नाताले आफ्ना नागरिकको मानव अधिकार तथा मौलिक हकको सुनिश्चितता गर्नु राज्यको कर्तव्य एवम् अनिवार्य दायित्व हो । संविधानमा "नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ"[३२९] भन्ने व्यवस्था गरिएको छ । त्यसै गरी राज्यका निर्देशक नीति तथा दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन र मूल्याङ्कन गर्न सङ्घीय संसद्मा कानुन बमोजिम एक समिति रहने व्यवस्था समेत गरिएको छ[३३०] भने उक्त समिति हाल निरन्तर रूपमा क्रियाशील समेत छ ।

राज्यका अवयवहरूभित्र, सरकार/कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, विभिन्न आयोगहरू, गैर सरकारी संस्था तथा निजी क्षेत्र समेत पर्दछन् । तर आम बुझाइ केवल सरकारमा केन्द्रित छ, त्यसमा पनि कार्यपालिकाको भूमिकामा मात्र । सङ्कीर्ण अर्थमा सरकार अर्थात् कार्यपालिका नागरिकको मानव अधिकार तथा मौलिक हक कार्यान्वयनमा सबैभन्दा बढी जिम्मेवार र जवाफदेही हुनु आवश्यक छ । कार्यकारी जिम्मेवारी भएको निकाय कार्यपालिका हो । यसको भूमिका वा जिम्मेवारी अन्य निकायकोभन्दा बढी हुन्छ । संविधानको धारा ५७ बमोजिम तीनवटै तहका सरकारहरूले आफ्नो क्षेत्राधिकारभित्र रहेर व्यक्तिको अधिकारको संरक्षण र संवर्द्धन गर्नुपर्ने हुन्छ ।

---

३२९ हे. नेपालको संविधानको धारा ५२ (राज्यको दायित्व)

३३० ऐ. धारा ५४

अतः स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गर्नको लागि सरकारले निम्न भूमिका निर्वाह गर्नु आवश्यक छ :

क. संविधान र कानुनमा निर्दिष्ट गरिएका नागरिकका निर्वाचन सम्बन्धी अधिकारको सुनिश्चितता गर्ने वातावरण तयार पार्ने,

ख. निर्वाचनसँग सम्बन्धित कानुनहरूको मसौदा गरी समयमै संसद्मा पुऱ्याउने,

ग. राजनीतिक दलहरू र निर्वाचन आयोगसँग समन्वय गरी निर्वाचनको मिति तोक्ने र उपयुक्त वातावरण तयार गर्ने,

घ. दण्डहीनताको अन्त्य र कानुनको शासनको संस्कारको विकास गर्नको लागि निश्चित मापदण्ड र पद्धतिको विकास गर्ने,

ङ. भ्रष्टाचारको अन्त्य र कानुन बमोजिमको शासन व्यावहारिक रूपमै देखिने गरी लागू गर्ने,

च. शान्ति सुरक्षाको वातावरण तयार गरी भयरहित वातावरणमा स्वच्छ र निष्पक्ष निर्वाचनका लागि सुरक्षाको पूर्ण प्रत्याभूति सहित प्रभावकारी व्यवस्था गर्ने,

छ. आचार संहिता पालना गर्न निर्वाचन आयोगलाई आवश्यक सहयोग गर्ने,

ज. मतदान केन्द्रमा ज्येष्ठ नागरिक, अस्वस्थ, सुत्केरी, अपाङ्गता भएका मतदाताको पहुँचको सुनिश्चितताको लागि आवश्यकता अनुसार केन्द्र र यातायातको व्यवस्था गर्ने,

झ. निर्वाचन सम्बन्धी नीति तथा योजना तर्जुमा गर्दा सहभागितामूलक ढङ्गबाट प्रतिनिधित्वको सुनिश्चितता हुने गरी गर्ने,

ञ. निर्वाचन आयोग लगायत सरोकारवालाहरूले पेश गरेका प्रतिवेदन उपर छलफल गरी इमान्दारिताका साथ कार्यान्वयन गर्नुका साथै आयोग तथा अन्य सामाजिक सङ्घ संस्थाहरूसँग सहकार्य गरी स्वच्छ र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने संस्कारको विकास गर्न आयोगलाई आवश्यक सहयोग उपलब्ध गराउने,

ट. सामाजिक सङ्घ, संस्था, निर्वाचन पर्यवेक्षक, सञ्चार जगत् र नागरिक समाजलाई काम गर्ने सहज वातावरणको निर्माण गर्ने र आवश्यकता अनुसार परिचालन गर्ने, आदि ।

## ११.२ व्यवस्थापिका/संसद्

निर्वाचन समयमै र औचित्यपूर्ण रूपमा सम्पन्न गर्नको लागि समयमा नै आवश्यक कानुनको तर्जुमा र संशोधन आवश्यक हुन्छ । सबै तहका निर्वाचनहरूको लागि सम्बन्धित संसद्ले निर्वाचन आयोग र सरकारको आवश्यकता बमोजिम समयमा कानुन तर्जुमा नगर्दा वा स्पष्ट र औचित्यपूर्ण कानुनको तर्जुमा नगर्दासम्म निर्वाचनको प्रक्रिया समेत सुरु गर्न सम्भव हुँदैन । त्यसै गरी निर्वाचन आयोग र सरकारले गरेका कामको प्रगति विवरणको समीक्षा गर्ने, आवश्यक निर्देशन दिने र दुवै निकायलाई उपयुक्त समयमा युक्तियुक्त निर्णय गर्नको लागि सल्लाह, सुझाव र निर्देशन दिने काम संसद्को कार्यक्षेत्रभित्र पनि पर्दछ र गर्नु पर्दछ । अतः संसद्ले निष्पक्ष, पारदर्शी र औचित्यपूर्ण निर्वाचनको सुनिश्चितताको लागि निम्न कार्यहरू गर्नु आवश्यक छ :

क. नयाँ बन्ने कानुनहरू स्वच्छ, स्वतन्त्र, निर्वाचनमैत्री ढङ्गबाट निर्माण गर्ने र बनिसकेका कानुनहरूको संशोधन गर्दा सरोकारवालाहरूसँगको व्यापक छलफलका अधारमा गर्ने,

ख. सङ्घीय संसद्ले आफूले बनाउनुपर्ने कानुन तदारूकताका साथ बनाई वा संशोधन गरी प्रदेश र स्थानीय तहलाई बाटो खुला गरिदिने,

ग. संसद्मा निर्वाचन सम्बन्धी अलग्गै समिति बनाई यस सम्बन्धमा सरकार र निर्वाचन आयोगले गरेका कामहरूको सम्बन्धमा प्रतिवेदनहरू झिकाई छलफल गर्ने र आवश्यक सल्लाह तथा सुझाव दिने,

घ. राज्य वा राजनीतिक दलबाट हुन सक्ने निर्वाचन कानुन र आचार संहिताको उल्लङ्घनप्रति सरकारलाई सचेत गराउने तथा निर्वाचन अपराध अनुसन्धानमा आवश्यक कानुन तर्जुमा गरी सहयोग गर्ने,

ङ. विभिन्न नीति तथा कार्यक्रमहरू निर्माण गर्दा मानव अधिकारमैत्री नीति तथा कार्यक्रमको लागि सरकारलाई आवश्यक सल्लाह तथा सुझाव दिने,

च. सबै किसिमका नियुक्तिहरूमा समानुपातिक समावेशी सिद्धान्त अनुरूप गर्न सरकारलाई आवश्यक सल्लाह तथा निर्देशन दिने,

छ. सरकारबाट हुन सक्ने जवाफदेही विहीनताको अवस्थाको निगरानी गर्दै चुस्त तथा दुरूस्त सङ्गठन निर्माणको लागि आवश्यक सल्लाह तथा सुझाव दिने,

ज. सरकारका विभिन्न निकायबाट हुनसक्ने साङ्गठनिक भ्रष्टाचार रोक्न संसदीय छानबिन समिति बनाई भ्रष्टाचार शून्यताको अवस्थाको निर्माण गर्न आवश्यक कानुन तर्जुमा गर्ने,

झ. आवश्यकता अनुसार आयोग तथा सामाजिक सङ्घ संस्थाहरूसँग काम गरी व्यापक सहभागितामूलक ढङ्गबाट कानुन निर्माण गर्ने र आवश्यकता अनुसार विशिष्टिकृत सेवा निर्वाध रूपमा लिने, आदि ।

## ११.३ जबाफदेहिता सुनिश्चितताको लागि राजनीतिक दलको भूमिका

संविधान तथा अन्य कानुनका आधारमा निर्वाचनको सन्दर्भमा राजनीतिक दलको भूमिका सम्बन्धमा निम्न बुँदाहरूमा उल्लेख गर्ने प्रत्यत्न गरिएको छ :

क. शान्तिपूर्ण रूपमा निर्वाचनमा भाग लिन पाउने नागरिकको अधिकारको सम्मान गर्ने,

ख. निर्वाचनमा हिंसा, कुनै पनि किसिमको दबाब र प्रभावमा पर्न नदिनको लागि कार्यकर्ता वा समर्थकलाई निर्देशन दिने,

ग. कानुन बमोजिम उम्मेदवार चयनको निश्चित मापदण्ड बनाई लागू गर्ने,

घ. निर्वाचन आयोगले तयार गरेको निर्वाचन आचार संहिताको कडाईका साथ पालना गर्ने र गर्न लगाउने,

ङ. निर्वाचनमा आर्थिक चलखेल नगर्ने र हुन नदिने,

च. निर्वाचन आयोगको निर्देशनलाई इमान्दारिताका साथ पालना गर्ने,

छ. मत परिणामलाई सहज स्वीकार गर्ने संस्कृतिको विकास गर्ने,

ज. निर्वाचन आयोग, नागरिक समाज र सरकारसँगको सहकार्यमा निर्वाचन सम्बन्धी चेतनामूलक कार्यक्रम र मतदाता, नेता तथा कार्यकर्तालाई क्षमतामूलक तालिमहरूको व्यापक रूपमा सञ्चालन गर्ने,

झ. निर्वाचनमा भएका अपराध र अपराधीलाई कारबाही र अन्यायमा परेका व्यक्तिलाई न्याय दिलाउनको लागि आवश्यक सहयोग गर्ने, आदि ।

## ११.४ सरकारी वकिल

राज्यले गम्भीर अपराधको अनुसन्धान गरी कसुरदारलाई सजायको माग दाबी लिई अदालतमा मुद्दा दायर गर्दछ । सरकारी मुद्दामा अनुसन्धान सम्पन्न भएपछि मुद्दा चलाउने वा नचलाउने निर्णय सरकारी वकिलले गर्दछ। मुद्दा चलाउने निर्णय गरी अदालत समक्ष अभियोगपत्र पेश गर्ने कार्यलाई अभियोजन भनिन्छ । प्रभावकारी अभियोजनको लागि अनुसन्धानले महत्वपूर्ण भूमिका खेल्दछ । त्यस्तो अनुसन्धान प्रहरीले गर्दछ। यसर्थ सरकारवादी मुद्दामा अनुसन्धान र अभियोजन एक अर्काका पूरक विषय हुन् । निर्वाचन सम्बन्धी मुद्दा सरकारवादी भै चल्ने भएकोले यस्ता मुद्दामा सरकारी वकिलको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । निर्वाचन न्याय सम्बन्धमा यस्ता सरकारी वकिलको भूमिकालाई बुँदागत रूपमा यसरी औँलयाउन सकिन्छ :

क. अपराध अनुसन्धानमा प्रहरीलाई आवश्यक राय सल्लाह र सुझाव दिने,

ख. पर्याप्त प्रमाणका आधारमा समयमै मुद्दाको अभियोजन गर्ने,

ग. निर्वाचन सम्बन्धी मुद्दामा दक्षतापूर्वक वादीको प्रतिरक्षा गर्ने, र

घ. फैसलामा गम्भीर कानुनी वा तथ्यगत त्रुटि फेला परेमा वा फैसला चित्त नबुझेमा पक्षको तर्फबाट कानुन बमोजिमको म्यादभित्र पुनरावेदन जाने ।

## ११.५ निर्वाचन र निर्वाचन न्यायमा नेपाल प्रहरी

नेपाल प्रहरी शान्ति सुरक्षा कायम राख्ने र फौजदारी मुद्दाको अनुसन्धान गर्ने आधिकारिक निकाय हो । मुद्दाको सफलता र असफलतामा प्रहरीले गर्ने अनुसन्धान नै एउटा महत्वपूर्ण आधारस्तम्भ हो । प्रहरीले निर्वाचन अगाडि, निर्वाचन अवधिभर तथा निर्वाचन पश्चात्का सबै चरणहरूमा शान्ति सुरक्षा कायम गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । अतः नेपाल प्रहरीको निर्वाचन र निर्वाचन न्यायका सम्बन्धमा निम्न बमोजिमको भूमिका अपरिहार्य मानिन्छ :

क. निर्वाचनका चरणहरूमा शान्ति सुरक्षा कायम गर्ने,

ख. कुनै अवाञ्छित गतिविधि हुन लागेको वा भएको ठाउँमा तत्काल पुगी स्थितिको सामान्यीकरण गर्ने,

ग. अपराध भएको वा हुन लागेको शङ्का लागेमा कानुन बमोजिम पक्राउ गर्ने तथा अनुसन्धान गर्ने,

घ. निर्वाचन सुरक्षा सम्बन्धमा नेपाल सरकार र निर्वाचन आयोगको आदेश वा निर्देशन कडाईका साथ पालना गर्ने,

ङ  निर्वाचन अपराध भएको अवस्थामा निर्भिकताका साथ बिनापूर्वाग्रह कानुन बमोजिम अनुसन्धान गरी सरकारी वकिल समक्ष प्रतिवेदन पेश गर्ने, आदि ।

## ११.६ निर्वाचन पर्यवेक्षक, नागरिक समाज र सञ्चार जगत्को भूमिका

निर्वाचनमा नागरिकले निर्वाध रूपमा भाग लिन पाउने हक अधिकारको सुनिश्चितताको लागि सामाजिक सङ्घ संस्थाहरू, नागरिक समाज विकास साझेदारहरू तथा सामाजिक अगुवाहरूको भूमिका पनि अत्यन्तै महत्वपूर्ण मानिन्छ। यस्ता सङ्गठित वा असङ्गठित शक्तिको सल्लाह, सुझाव र दबाबले समयमै विश्वसनीय, निष्पक्ष, पारदर्शी र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस किसिमको नागरिक अनुगमन पद्धति व्यक्तिको मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि अत्यन्तै महत्वपूर्ण रहन्छ । मतदाता शिक्षा सञ्चालन गर्न, आवश्यक तालिमको व्यवस्था गर्न, राजनीतिक दल, उम्मेदवार तथा अन्य सरोकारवालाहरूलाई आचार संहिता पालनाको लागि सजग गराउन पनि यिनीहरूको अत्यन्तै महत्वपूर्ण भूमिका हुन्छ । नेपालमा विभिन्न समयमा निर्वाचन क्षेत्रमा भएका प्रगतिहरूमा यिनीहरूको भूमिका निकै महत्वपूर्ण सावित हुँदै आएको छ ।

यी निकायहरूले राज्य वा निर्वाचन आयोग वा राजनीतिक दललाई आवश्यकता अनुसार सल्लाह तथा परामर्श दिने, दबाब सिर्जना गर्ने र सर्वसाधारण नागरिकमा निर्वाचन शिक्षा सञ्चालन गर्दै व्यापक जनचेतनाको विस्तार गर्ने, निर्वाचन पर्यवेक्षण गर्ने, निर्वाचन अपराध भएका विषयमा न्यायको लागि सहजीकरण गर्ने र सम्बन्धित निकायमा सिफारिस गर्ने जस्ता महत्वपूर्ण योगदानहरू दिन सक्दछन् । त्यस बाहेक पनि निर्वाचन आयोग, कर्मचारी र सुरक्षा निकायको लागि आवश्यक तालिमको व्यवस्था गर्ने, स्रोत सङ्कलनको लागि सहयोग गर्ने, निर्वाचन प्रचार प्रसार गर्ने, सरकार, निर्वाचन आयोग र राजनीतिक दललाई गलत निर्णय गर्नबाट रोक्ने र नागरिकको अपेक्षाका बारेमा सुसूचित गर्ने जस्ता महत्वपूर्ण कार्यहरू गर्दछन् । निर्वाचनको वैधता पुष्टि गर्न यी निकायहरूको अत्यन्तै महत्वपूर्ण भूमिका हुन्छ ।

नेपालस्थित कूटनीतिक नियोगहरू, विभिन्न विकास साझेदारहरू र संयुक्त राष्ट्रसङ्घीय अङ्गहरू तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको पनि निर्वाचन स्वच्छ, स्वतन्त्र र जवाफदेही बनाउनको निम्ति महत्वपूर्ण भूमिका रहँदै आएको छ । यी निकायहरू राष्ट्रिय संयन्त्रभित्रका निकायहरू होइनन् । तर यिनीहरूबाट राष्ट्रिय संयन्त्रअन्तर्गतका सरकारी निकायहरू, संवैधानिक अङ्गहरू, पेशागत सङ्घ सङ्गठनहरू, मानव अधिकारसँग सम्बन्धित गैससहरू, अपराध पीडित तथा आम नागरिकलाई प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने, क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू आयोजना गर्ने, थप सहयोग र स्रोतको व्यवस्था गर्ने, आर्थिक रूपमा सहयोग गर्ने, विशेषज्ञ सेवा उपलब्ध गराउने, आवश्यकता अनुसार राज्यका निकायहरूलाई विभिन्न माध्यमबाट दबाब सिर्जना गर्ने जस्ता महत्वपूर्ण कार्यहरू भएका छन् ।

दुई पक्षीय वा बहुपक्षीय सम्झौताका आधारमा स्थापना भएका यस्ता निकायहरूले आफैँमा विशेषज्ञता उपलब्ध गराउन, आवश्यक स्रोत जुटाउन र सरकारी तथा गैर सरकारी क्षेत्रबाट नेपालमा सञ्चालन भएका र हुने विभिन्न निर्वाचनप्रतिको प्रतिबद्धता र दायित्व पूरा गर्न सहयोगी भूमिका खेलेका छन् र आगामी दिनहरूमा पनि उनीहरूले यस्तो भूमिका खेल्न आवश्यक छ ।

## ११.७ फरक फरक तहका निकाय बिचको प्रभावकारी समन्वय संयन्त्रको सुनिश्चितता

निर्वाचन सञ्चालन गर्ने मुख्य भूमिका संविधान र अन्य कानुनहरूले निर्वाचन आयोगलाई सुम्पेको छ । संविधान र कानुन बमोजिम निर्वाचन आयोगलाई सबै तहका सरकार र अन्य निकायहरूले सहयोग गर्नुपर्ने भन्ने व्यवस्था छ[३३१] तर आयोग आफैँसँग पर्याप्त स्रोत, साधनको अभाव छ भने आयोगका प्रदेश र स्थानीयस्तरमा आफ्नै कार्यालयहरू छैनन् । जिल्ला कार्यालयहरू भए पनि पर्याप्त स्रोत र साधनको अभाव छ । संविधान बमोजिम अन्य कार्यालयहरू सञ्चालन गर्ने अधिकार समेत आयोगसँग छैन तर निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि केन्द्रीय स्तरमा आयोगको सचिवालय रहने[३३२] व्यवस्था छ । आयोग आफैँले सम्पादन गर्नुपर्ने कामका लागि आवश्यकता अनुसार प्रदेश तथा तोकिए बमोजिमका अन्य स्थानमा कार्यालय स्थापना गर्न सक्ने र उक्त कार्यालयको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ[३३३]भन्ने व्यवस्था गरिएको छ भने आयोगको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी आयोगको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने, आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ[३३४]भन्ने समेतका व्यवस्था गरिएको छ। यसरी हेर्दा आगामी दिनहरूमा आयोगले आवश्यकता अनुसार प्रदेश, स्थानीय वा सम्पर्क कार्यालयहरू सञ्चालन गर्न सक्ने देखिन्छ ।

सरकार, राजनीतिक दल, सुरक्षा संयन्त्र, नागरिक समाज, मतदाता लगायतको सहयोग निर्वाचन आयोगलाई आवश्यक हुन्छ । प्रभावकारी समन्वयको लागि निर्वाचन आयोग र यसका गतिविधिहरूप्रति सरोकारवाला सबैको विश्वास हुनु अनिवार्य हुन्छ । अन्यथा आयोग र निर्वाचन प्रक्रियाप्रति नै विश्वास गुम्ने खतरा हुन्छ । निर्वाचनको दृष्टिले नेपालमा समन्वय संयन्त्रको प्रभावकारी व्यवस्था गरिएको छैन । निर्वाचन आयोग र सरकार वा राजनीतिक दल वा नागरिक समाजको पहलमा समन्वय गर्ने गरिएको छ भने आयोगले विभिन्न स्थानमा गई परामर्श बैठकहरू राख्ने र निर्वाचनसँग सम्बन्धित विभिन्न विषयमा छलफल गोष्ठी आदि गर्ने बाहेक प्रभावकारी व्यवस्था र संयन्त्र छैनन् । निर्वाचन आयोगले समन्वय गर्दा बन्दै गरेको "सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय सम्बन्धी विधेयक" का आधारमा समन्वय संयन्त्र खडा गरेर काम गर्न सक्ने हुन्छ । तसर्थ कम्तीमा हरेक प्रदेशमा आयोगको एक एक प्रादेशिक कार्यालय स्थापना गरी तत् तत् क्षेत्रका राजनीतिक दल, सरकार, सुरक्षा निकाय, सञ्चार जगत् र नागरिक समाजसँग बलियो समन्वय संयन्त्र स्थापना गर्नु आवश्यक छ ।

---

३३१ हे. नेपालको संविधानको धारा २४७

३३२ हे. निर्वाचन आयोग ऐन, २०७३ को दफा १५

३३३ ऐ. दफा १६

३३४ ऐ. दफा १७

# खण्ड - तीन

## अभ्यास, चुनौती, निष्कर्ष र सुझाव

# परिच्छेद - बाह्र
## विभिन्न देशमा विकसित केही अभ्यासहरू

### १२.१ विभिन्न देशका निर्वाचनबाट प्राप्त अनुभवहरू

निर्वाचन सम्बन्धी कानुनहरूले यसको कार्यविधिको तय गर्दछन् । त्यसैले निर्वाचन सुधारको लागि मतदाता र राजनीतिक शक्तिले सहर्ष स्वीकार गर्ने पद्धतिको विकास हुन आवश्यक हुन्छ । निर्वाचन सम्बन्धी न्याय प्रणालीको सुधारको लागि राजनीतिक शक्तिहरू बिच पारदर्शिता, उद्देश्यमा स्पष्टता, परिणाममा एकरूपता र सुधारको निम्ति सहज स्वीकार्यता आवश्यक हुन्छ । स्वच्छ प्रतिस्पर्धा निर्वाचनको सुन्दर र महत्वपूर्ण पक्ष हो । यति हुँदा हुँदै पनि निर्वाचन प्रक्रिया विभिन्न किसिमका अनुचित व्यवहारहरूले घेरिएको हुन्छ । उदाहरणको लागि योग्य उम्मेदवार वा मतदातालाई अस्वीकार गर्नु, निर्वाचन सम्बन्धी जालझेल, निर्वाचन कार्यमा संलग्न जो कोही व्यक्ति वा मतदाताहरूद्वारा निर्वाचन प्रक्रियामाथि अवरोध पुऱ्याउनु, अर्थ सङ्कलन अभियानमा अवरोध जस्ता विषयहरू यसभित्र पर्दछन् । यी वा यस्तै विषयहरू मध्ये एक वा सबै विषयहरूले निर्वाचनमा विवादहरू सिर्जना गर्दछन् भने त्यस प्रकारका विवादहरू के कसरी हल गर्ने भन्ने विषय वा प्रक्रियाले निर्वाचनको निष्पक्षता मापन गर्दछ । त्यसैले कुशल र पारदर्शी विवाद निरूपण प्रणालीले मात्र स्वतन्त्र, निष्पक्ष र औचित्यपूर्ण निर्वाचनको पुष्टि गर्दछन् ।[३३५]

निर्वाचन सम्बन्धी न्यायका सम्बन्धमा विभिन्न देशहरूले फरक फरक किसिमका अनुभवहरू प्राप्त गरेका छन् । सन् २०१८ मा मात्र विश्वमा करिब ६५ वटा निर्वाचन भएका छन् जसमा निर्वाचन व्यवस्थापन निकाय, ट्रिबुनल र अदालतलाई राजनीतिक रूपमा लगाइएका जालसाजी तथा सङ्क्रमणकालीन प्रक्रियालाई अस्थिर बनाउने सम्बन्धी अभियोगहरू मिलाउनको लागि अनावश्यक दबाब दिएका कारण अधिकांश निर्वाचनहरू विवादित भएका छन् ।[३३६] निर्वाचनको अवधिमा हुने अवाञ्छित क्रियाकलापमाथि प्रभावकारी न्यायको सम्पादनको लागि निर्वाचन प्रक्रिया सुरु हुनुभन्दा धेरै अगाडि नै प्रभावकारी निर्वाचन न्याय प्रणालीको विकास गर्न सकिएमा मात्र सम्भव हुन्छ । तर दुर्भाग्यवश विभिन्न देशहरूले बाहिरका अभ्यासहरूबाट सिकेर निर्वाचन न्याय प्रणाली सम्बन्धी कानुन सुधार गर्नेभन्दा आफ्नै आन्तरिक अभ्यासका आधारमा हतारमा पद्धतिको विकास गर्दछन् ।[३३७]

सन् १९६० देखि सन् २०१० सम्म निर्वाचन पूर्व र पश्चात्का हिंसाहरू देखा परेका थिए तर सन् २०१० पश्चात् निर्वाचनमा देखा परेका विवादहरू चिन्ताका विषयको रूपमा अगाडि आएका छन् । तुलनात्मक रूपमा हेर्दा सन् १९९० को दशकमा देखा परेका विवादहरू त्यस अघिका विवादहरूभन्दा धेरै देखा परेका थिए । युरोप र अमेरिकामाभन्दा दक्षिण एशियामा निर्वाचन विवाद बढी देखा परेका छन् ।[३३८] नेपालमा वि. सं. २०६४ सालमा भएको संविधान सभाको निर्वाचनमा निर्वाचन पूर्व भएका

---

३३५ See at https://www.idea.int/data-tools/data/electoral-justice

३३६ See IFES, Electoral Justice Essesntial to Tackling Evolving Challenges and Protecting Political and Electoral Rights, at https://www.ifes.org/news/electoral-justice-essential-tackling-evolving-challenges-and-protecting-political-and-electoral

३३७ Ibid

३३८ See, Election Commission of Nepal, Report on Regional Workshop ELECTORAL DISPUTE RESOLUTION AND ELECTORAL JUSTICE on 21-22 JULY, 2016 KATHMANDU, NEPAL, at https://nepal.ec-undp-electoralassistance.org/wp-content/uploads/sites/16/2018/12/ec-undp-jtf-nepal-resources-publications-electoral-dispute-resolution-and-electoral-justice.pdf, P. 12

घटनामा ६४ प्रतिशत राजनीतिक दलसँग सम्बन्धित व्यक्तिहरूमा घटना घटाइएका थिए । पीडितहरू पनि करिब ६७ प्रतिशत राजनीतिक दलसँग नै सम्बन्धित थिए । अतः निर्वाचन अपराधका दृष्टिले राजनीतिक दल वा दलसँग सम्बन्धित व्यक्तिहरूलाई लक्षित गरेर निर्वाचन न्याय प्रणालीको विकास गर्नु आवश्यक देखिन्छ ।[३३९]

निर्वाचन सम्बन्धी विवाद हेर्ने निकायहरू विवादको प्रकृति हेरी विभिन्न देशहरूमा भिन्न भिन्न प्रकृतिको व्यवस्था गरिएका हुन्छन् । मूलतः निर्वाचन व्यवस्थापन अङ्गहरूलाई नै विवादको निरूपण गर्ने जिम्मेवारी दिइएको हुन्छ भने कतिपय मुलुकहरूमा कानुन लागू गर्ने निकायहरूलाई नै जिम्मा दिइएको हुन्छ । अर्जेन्टिना बाहेकका ल्याटिन अमेरिकी मुलुकहरूमा ट्रिबुनलहरूलाई विवाद निरूपण गर्ने जिम्मा दिइएको छ । यसको अन्तिम निर्णय गर्ने अधिकार संसद्लाई छ । म्यानमारमा निर्वाचन आयोगद्वारा स्थापना गरिएका ट्रिबुनलहरूलाई विवाद निरूपण गर्ने जिम्मा दिइएको छ । दक्षिण एशिया र बेलायतमा निर्वाचन सम्बन्धी निकायहरू बढी जिम्मेवार छन् भने थाइल्याण्डमा संवैधानिक अदालतलाई यस सम्बन्धी जिम्मा दिइएको छ । कतिपय देशहरूमा अन्य वैकल्पिक र अनौपचारिक निकायहरूको व्यवस्था गरिएको हुन्छ भने अन्य केही मुलुकहरूमा अनौपचारिक निकायको व्यवस्था छ । उदाहरणको लागि बोस्निया हर्जगोभिना र कम्बोडियामा अनौपचारिक पद्धति अपनाइएको छ भने अमेरिका र युरोपमा औपचारिक रूपमा मानव अधिकार आयोगहरूलाई जिम्मा दिइएको छ ।[३४०]

हालैका दिनहरूमा विवाद समाधानका वैकल्पिक उपायहरूको रूपमा अनौपचारिक प्रणाली अपनाउने प्रचलन बढ्दै गएको छ तर यो औपचारिक प्रणालीको प्रतिस्थापन भने हुन सक्दैन । सन् १९९९ मा दक्षिण अफ्रिकामा शिक्षक, चिकित्सक र वकिलहरू लगायतका विभिन्न समुदायका दक्ष व्यक्तिहरूको पहिचान गरी निर्वाचन सम्बन्धी तालिम सञ्चालन गरी जिम्मा दिइएको थियो जसले निर्वाचन सम्बन्धी विवादहरूमा मध्यस्थता गरेका थिए । कम्बोडियामा समुदायमा आधारित परामर्श समितिहरू बनाइएका छन् तर यस्ता समितिहरू विवादमुक्त भने छैनन् । उदाहरणको लागि पछिल्लो निर्वाचनमा यी समितिहरूले सत्ताधारी राजनीतिक दललाई समर्थन गरेको आरोप लागेको थियो । विभिन्न देशका अनुभवहरूलाई हेर्दा निर्वाचन सञ्चालन गर्ने निकायहरूसँग कार्यादेश र स्रोत दुवै हुन्छ जसले निर्वाचन सम्बन्धी विवादहरू समाधान गर्न बढी सक्षम हुन्छ भन्ने मानिन्छ । यस्ता निकायहरूसँग अदालतहरूले सँगसँगै जिम्मेवारी निर्वाह गर्ने प्रणालीको विकास भएमा बढी प्रभावकारी हुन्छ किनकि निर्वाचन सम्बन्धी विवादहरू अत्यन्तै चुनौतीपूर्ण र विषयगत हुन्छन् ।

जोर्डनमा निर्वाचन सम्बन्धी विवाद समाधानको लागि र एक अर्कामा समन्वय कायम गर्न तथा विषयवस्तुप्रतिको बुझाइ स्पष्ट पार्नको लागि निर्वाचन सम्बन्धी प्रशासनिक निकाय र अदालतको संयुक्त कार्यशाला सञ्चालन गर्ने प्रचलन छ, युरोपमा निर्वाचन सम्बन्धी विवादहरू प्रारम्भमा निर्वाचन सञ्चालन निकायहरूले हेर्ने गर्दछन् भने पछि मात्र अदालतमा पठाइन्छ । एशियामा सामान्यतया प्रशासनिक निर्णय विरुद्ध अदालतमा पुनरावेदन लाग्ने व्यवस्था पाइन्छ । केन्यामा सन् २००७ मा भएको निर्वाचन पश्चात्को हिंसामा १००० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो भने लाखौंको सङ्ख्यामा घरबारविहीन भएका थिए । उक्त घटनाको छानबिनको लागि विभिन्न आयोगहरू गठन गरियो तर उपयुक्त ढङ्गबाट समस्या समाधान हुन सकेन, जसको कारणमा निर्वाचन

३३९ Ibid P. 13
३४० Ibid P. 15

सम्बन्धी बलियो न्यायिक प्रणाली अभाव हो भन्ने मानिन्छ । त्यस कारण सन् २०१३ मा प्रणालीको विकास गरी निर्वाचन आयोगलाई विभिन्न अधिकारहरू दिने गरी अदालतले फैसला गऱ्यो । तत् पश्चात् निर्वाचन विश्वसनीय हुन थाल्यो ।

निर्वाचन परिणाम सम्बन्धी विवादका कारण अष्ट्रियामा सबै राजनीतिक दलहरूले अदालतले गरेको पुनः निर्वाचन सम्बन्धी निर्णयको स्वागत गरे । यसले निर्वाचन सम्बन्धी निकायहरूप्रतिको अविश्वसनीयताको सङ्केत गर्दछ । निर्वाचन कानुनको गलत व्याख्या गर्ने र आफ्नो अनुकूल प्रयोग गर्ने अभ्यास राजनीतिक दलहरूमा बढ्दै गएको देखिन्छ । उदाहरणको लागि अमेरिकामा भएको पछिल्लो निर्वाचनमा समेत त्यस किसिमको गलत अभ्यास भएको पाइएको थियो । दण्ड सजायका सम्बन्धमा पनि निकै हलुका खालका सजायहरू तेक्ने अभ्यास विभिन्न देशहरूमा पाइन्छ । संसद्को सिट हार्ने उम्मेदवार र पक्षको लागि त्यस किसिमको दण्ड सजायले प्रोत्साहन गर्दैन । राजनीतिक दलहरूले प्रारम्भमा निर्वाचन निकायलाई अधिकार दिने तर अभ्यासको क्रममा आफ्नो अहित हुने देखेपछि आलोचना गर्ने जस्ता गलत अभ्यासहरू समेत देखा पर्ने गरेका छन् । उदाहरणको लागि नेपालमा वि. सं. २०६४ मा भएको संविधान सभाको निर्वाचनमा निर्वाचन आयोगलाई उम्मेदवारी रद्द गर्न सक्नेसम्मको अधिकार दिइएको थियो तर अभ्यासमा आउन थालेपछि निर्वाचन आयोगको आलोचना गरियो । यस किसिमका समस्याहरूको समाधानको लागि निर्वाचन सम्बन्धी ऐन, कानुन, निर्देशिका, निर्वाचन आचार संहिता, अन्तर्राष्ट्रिय कानुन र अभ्यासका आधारमा एउटा प्याकेजको विकास गर्ने र त्यसैका आधारमा निर्वाचन विवादहरूमा सम्बोधन गर्ने प्रणालीको विकास आवश्यक छ । यस किसिमको अभ्यासबाट समयमै न्याय प्राप्त हुने,[३४१]निर्वाचन सम्बन्धी विवादको निरूपण गर्ने निकाय स्पष्ट पहिचान हुने र निर्वाचन सम्बन्धी विवादको छिटो, छरितो, पारदर्शी ढङ्गबाट सम्बोधन गर्न सकिने हुन्छ भने निर्वाचन प्रणालीप्रति विश्वसनीयता बढ्दै जान्छ ।

## १२.२ विवाद निरूपण सम्बन्धमा भएका केही अन्तर्राष्ट्रिय असल अभ्यासहरू

निर्वाचन, निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउनको लागि विभिन्न देशहरूले आफ्ना अभ्यासबाट खारिएर अनुभवका आधारमा विभिन्न तरिकाहरू र संस्थागत फेरबदल गरेका छन् । निर्वाचन निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउनु सरकार, निर्वाचन सम्बन्धी निकाय र न्याय निरूपण गर्ने निकायहरूको जिम्मेदवारी हो । यति हुँदा हुँदै पनि निर्वाचनमा कुनै न कुनै रूपमा विवाद देखा परिरहेको हुन्छ । निर्वाचनको निष्पक्षता वा विश्वसनीयता माथि चुनौती दिनु भनेको पद्धतिको असफलता मान्नु हुँदैन । बरु, यसलाई अझ प्रभावकारी बनाउनको लागि गरिने अभ्यास, लचिलोपना, उदारता वा वैधता प्रदान गर्नको लागि अपनाइएको खुलापन मान्नु पर्दछ । यसर्थ निर्वाचन सम्बन्धी प्रक्रियामा आएका विवादलाई नागरिकमा आएको चेतनास्तरको विकासको रूपमा लिनु बढी लाभदायी हुन्छ । निर्वाचन न्याय प्रणालीमाथिकै प्रश्न भने भर्खर निर्वाचन प्रणालीको विकास हुँदै गरेका मुलुकहरूमा बढी हुने गर्दछन् । निर्वाचन विवाद निरूपणका केही मौलिक सिद्धान्तहरू छन् :[३४२]

- परिणामप्रतिको वैधतामा निर्वाचन परिणाममा चुनौती दिने अधिकार,

---

३४१ विगतका नेपालका अभ्यासहरूमा पनि सासद्को विजय वा पराजयको सम्बन्धमा गर्नुपर्ने निर्णय संसद् विगटन भए पश्चात् फैसला भएका दृष्टान्तहरू पनि छन् ।

३४२. Denis Petit, Office for Democratic Institutions and Human Rights Resolving Election Disputes in the OSCE Area: Towards a Standard Election Dispute Monitoring System, Warsha 2000, P. 5

- समस्या सुधारका निम्ति निर्वाचन प्रशासनबाट निर्वाचन अधिकारीहरूको कार्यक्षमता माथि गरिने कारबाही जसमा विश्वव्यापी मतदानको अधिकारको उल्लङ्घनको विरुद्धमा हुने पूर्ण उपचार पर्दछ,
- निर्वाचन प्रक्रियामा भ्रष्ट्राचार गरेका र गर्ने प्रयास गरेका व्यक्तिहरू माथि फौजदारी अभियोजनको व्यवस्था ।
- यी उपचारहरू एकअर्कामा परिपूरक छन् र तिनलाई परनिर्भरताको रूपमा प्रयोग गर्न सकिन्छ ।

निर्वाचन सम्बन्धी असल अभ्यासका सम्बन्धमा विभिन्न देशहरूका आआफ्नै अनुभव र सिकाइ छन् ।[३४३] केन्यामा सन् २००७ मा भएको निर्वाचन पछाडि हिंसा भड्किएको थियो, जसका कारण निर्वाचन आयोगलाई प्रतिस्थापन गरी जाँचबुझ आयोगको स्थापना गरियो । उक्त आयोगको सिफारिस बमोजिम कानुनमा संशोधन गर्नुपर्ने, द्वन्द्वमा भएका हिंसाको अनुसन्धान गर्नुपर्ने लगायतका सिफारिसका आधारमा संविधान संशोधनको लागि सन् २०१० मा जनमत सङ्ग्रह गर्ने र निर्वाचन प्रणाली सुधारको लागि विभिन्न कानुनहरूमा सुधार गर्ने काम भयो । नयाँ निर्वाचन ऐन, राजनीतिक दल ऐन, आर्थिक अभियान ऐन तथा निर्वाचन सीमा निर्धारण ऐनहरूमा सुधार गरियो । पाकिस्तानमा निर्वाचन प्रणाली सुधारको निम्ति निर्वाचन विशेष संसदीय समितिको गठन गरी विधायिकाले गर्नुपर्ने महत्वपूर्ण हस्तक्षेपका लागि सुझाव दिने कार्यादेश दिइयो । अर्जेन्टिनामा निर्वाचन प्रणाली सुधारको निम्ति जम्मा ३ महिना मात्र लागेको थियो, जसमा संसद्ले सुधारको एजेण्डा पारित गरेको १८ महिनापछि निर्वाचन सम्पन्न भयो । क्यामरुनमा निर्वाचन सरोकारवालाहरूको राष्ट्रिय मञ्च स्थापना गरियो । उक्त मञ्चले निर्वाचन प्रक्रियाका सम्बन्धमा मन्त्रीहरू, विधायक र गैसस प्रतिनिधिहरूसँग भेटघाट र छलफल गर्न सक्दछ ।

यस सम्बन्धमा सन् २०११ मा घानाको राजधानी आक्रामा भएको न्यायाधीशहरूको सम्मेलनले संसारका विभिन्न देशहरूको अभ्यासका आधारमा आफ्ना व्यवहार र काम गर्ने तौरतरिकामा परिवर्तन गरेको कुरा लिपिवद्ध गरेका छन् । निर्वाचन न्यायका सम्बन्धमा न्यायका आधारभूत मूल्य मान्यताका आधारमा असल अभ्यासहरू वा राम्रा पक्षहरू र सुधार गर्नुपर्ने पक्षहरू पहिचान गरेको छ । उक्त सम्मेलनले पहिचान गरेका असल पक्षहरू निम्न छन् :[३४४]

- **सदाचारिता** (Integrity): सदाचारितासम्बन्धी मूल्य मान्यताका सम्बन्धमा विभिन्न देशहरूले निर्वाचन अधिकारीले गरेका गल्ती कमजोरीहरूलाई इमान्दारिताका साथ स्वीकार गर्न थालेका छन् भने तत्काल निष्पक्षतापूर्वक सम्बोधन गर्दछन् । कतिपय देशहरूमा धेरै नागरिकको मतदाता नामावलीमा नाम दर्ता भएको छैन, वा अन्य आधिकारिक दस्तावेजहरू छैनन् भने पनि स्थानीय जवाफदेही निकायहरूले गरेको पहिचानका आधारमा मतदानमा भाग लिने अधिकारको सुनिश्चितता गरेका छन् । राज्यको स्वामित्वबाट सञ्चालित सञ्चार जगत्ले पनि निर्वाचन अभियानमा राजनीतिक दलका धारणाहरू मतदातासम्म पुऱ्याउन सहयोग गर्ने अभ्यासको थालनी गरेका छन् ।

---

३४३ http://aceproject.org/electoral-advice/archive/questions/replies/554905807#617846492

३४४ Election Intigrity Group, TOWARDS AN INTERNATIONAL STATEMENT OF THE PRINCIPLES OF ELECTORAL JUSTICE, The Accra Guiding Principles, 15 September 2011.

- **सहभागिता (Participation):** सहभागिता सम्बन्धी मूल्य मान्यताअन्तर्गत दर्ता केन्द्र तथा मतदान केन्द्रहरू मतदाताको सहज पहुँचयोग्य बनाउन थालिएको छ। निर्वाचन प्रक्रियाका सबै पक्षहरूमा महिलाहरूको सहभागिता वृद्धि गर्न थालिएको छ । दुर्गम क्षेत्रको निम्ति विभिन्न देशहरूमा घुम्ती मतदान केन्द्रहरू सञ्चालन गरिएका छन् । अपाङ्गता भएका व्यक्तिहरूका लागि थुप्रै देशहरूमा उनीहरूको आवश्यकता अनुसार विशेष व्यवस्था गर्न थालिएको छ । त्यसै गरी मतदान गर्न योग्यता पुगेकाहरूलाई वर्षभरि नै मतदाता शिक्षा सञ्चालन गर्ने क्रम बढ्दै गएको छ ।

- **कानुनी वैधता वा कानुनको शासन (Legality or Rule of Law):** यस मूल्यअन्तर्गत उपयुक्त समयभित्र मुद्दाहरू सुनुवाइ हुने र उक्त मुद्दाहरू विषयवस्तुको गाम्भीर्यका आधारमा हेरिने तथा सामान्य प्रक्रियागत त्रुटिका कारणले सुनुवाइको मौकाबाट वञ्चित नगरिने कुराको ग्यारेन्टी थुप्रै देशका कानुनले गरेका छन् । निर्वाचनभन्दा छ महिना अगाडि संशोधन भएका कानुनहरू मात्र उक्त निर्वाचनको लागि मान्य हुने व्यवस्था गरिएको छ। निर्वाचन सम्बन्धी मुद्दाहरूको सुनुवाइको निष्पक्षता सम्बन्धमा स्पष्ट पार्नको लागि वरिष्ठ न्यायाधीशको नेतृत्वमा सेमिनार गोष्ठी आदिको आयोजना गरी विश्वसनीयता कायम गर्ने गरिएको र राजनीतिक दलले आवश्यक शुल्क तिर्न नसकेका कारण मतदान गर्न नपाएको विषयमा अदालतको फैसलाले मुद्दा जिताउने गरेको जस्ता अभ्यासहरूको विकास हुँदै गएको छ ।

- **निष्पक्षता र स्वच्छता (Impartiality and Fairness):** निष्पक्षता र स्वच्छता सम्बन्धी मूल्य मान्यताअन्तर्गत निर्देशनहरू खुला, निष्पक्ष र त्यसको कारण सहित दिने प्रचलनको विकास भएको छ ।

- **पेशागत दक्षता (Professional Competence):** पेशागत दक्षता सम्बन्धी मूल्य मान्यताअन्तर्गत निर्वाचन व्यवस्थापन निकायले राजनीतिक दलका पदाधिकारीहरूलाई निर्वाचनको सम्पूर्ण चरणमा तालिम दिने प्रचलनको विकास भएको छ। मतदाता नामावली दर्ता सम्बन्धी अधिकारीहरूलाई आवधिक रूपमा निर्वाचन सञ्चालन र आचार संहिता सम्बन्धी तालिम सञ्चालन गर्ने गरिएको छ। निर्वाचन सञ्चालन गर्नका लागि निर्वाचन सम्बन्धी निकायहरूले आधुनिक प्रविधिको प्रयोग गर्ने गरेका छन्। निर्वाचन सम्बन्धी ऐन, कानुनहरूमा उजुरी कारबाही सम्बन्धमा पुनरावलोकन गरी समयमा प्रभावकारी निर्वाचन सञ्चालन गर्नको लागि सहयोगी सिद्ध भएका छन् ।

- **स्वायत्तता (Independence):** यस सम्बन्धी मूल्य मान्यताका सम्बन्धमा निर्वाचन सञ्चालन गर्ने निकायप्रति आम नागरिक र सरोकारवालाहरूले उच्च सम्मान व्यक्त गर्ने गरेका छन् ।

- **पारदर्शिता (Transparency):** पारदर्शिता सम्बन्धी मूल्य मान्यताअन्तर्गत सुरक्षा खतरा नभएको अवस्थामा भिडमा नै मत गणना गरी पारदर्शिता अपनाउने गरिएको छ। निर्वाचन अधिकारीहरूले उम्मेदवार र राजनीतिक दलको विस्तृत विवरण (शिक्षा, सम्पत्तिको आवधिक घोषणा तथा अपराधिक गतिविधि सम्बन्धी विवरण आदि) लिने गरेका छन् । पूर्वाग्रहको सम्भावनाको अन्त्यको लागि स्वतन्त्र निकायका अनुगमनकर्ताबाट सूचना

सम्पादन र प्रकाशन हुने गरेका र निर्वाचनमा आर्थिक अपचलन हुनबाट रोक्नको लागि एउटै मात्र बैङ्क खाताबाट कारोबार सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

- **समयवद्धता (Timelineness):** समयवद्धता सम्बन्धी मूल्य मान्यताअन्तर्गत निर्वाचन सञ्चालन गर्ने निकायले निर्वाचन परिणाम छिटो छरितो बनाउनको लागि मत गणना प्रक्रिया चुस्त र दुरुस्त बनाउने गरेका छन् ।

- **अहिंसा (Non-Voilence):** अहिंसा सम्बन्धी मूल्य मान्यताअन्तर्गत उम्मेदवारहरू, राजनीतिक दल, अनुगमनकर्ता, सञ्चार जगत् र पर्यवेक्षणकर्ताको लागि आचार संहिता तयार गरी कडाईका साथ लागू गर्ने गरिएको छ । जहाँ शक्तिको प्रयोग बढी हुन्छ, त्यस्तो मुलुकमा सुरक्षा निकायलाई निर्वाचन आयोगहरू मार्फत सञ्चालन गर्ने गरिएको जस्ता अभ्यासहरू भएका छन् ।

- **निरन्तरता (Continuity):** निरन्तरता सम्बन्धी मान्यताअन्तर्गत संविधान तथा कानुन बमोजिम समयमै आवधिक निर्वाचन गर्नुपर्ने हुन्छ । यस सिद्धान्तले राजनीतिक दलले आफ्नो अनुकूल निर्वाचनको मिति तोक्न वा सार्न अनुमति दिँदैन ।

- **स्वीकार्यता (Acceptability):** त्यसै गरी स्वीकार्यता सम्बन्धी मान्यताअन्तर्गत लामो समय काम गरेका राष्ट्रपति वा प्रधानमन्त्रीले निर्वाचन परिणाम सहजै स्वीकार गर्ने गरेका छन् भने शक्तिको हस्तान्तरण यथासमयमा नै सहज रूपमा गर्ने गरेका छन् ।

## १२.३ नेपालका केही असल अभ्यास र सिकाइहरु

नेपालमा सञ्चालन गरिएका विभिन्न निर्वाचनहरूबाट थुप्रै सिकाइ र केही असल अभ्यासहरू समेत भएका छन् । निर्वाचन निरन्तर सञ्चालन गर्दा भोगेका भोगाइ, अन्तर्राष्ट्रिय अभ्यास र आफ्नै कतिपय प्रयोगहरूका आधारमा खारिएर सफल भएका उदाहरणको प्रयोग निरन्तर रूपमा अगाडि बढिरहेको अवस्था एकातिर छ । अर्कातिर असफल भएका अभ्यासहरू बिस्तारै हटाउँदै लगिएको देख्न सकिन्छ । हामी कहाँ भएका निर्वाचनका प्रयोगबाट केही असल अभ्यास र सिकाइहरू पनि भएका छन् । ती अभ्यास र सिकाइ मुख्यतया निम्न छन् :

क. प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन एकै दिनमा हुने भएमा एकै उम्मेदवार दुई ठाउँमा प्रतिस्पर्धा गर्न नपाउने, दुई निर्वाचन प्रणालीमा एकै जनाले भाग लिन नपाउने, एक व्यक्ति दुईवटा निर्वाचन क्षेत्रबाट उम्मेदवार बन्न नपाउने जस्ता विषयमा कानुनी सुधार भएका छन् । त्यसै गरी समावेशी सिद्धान्तलाई सबै तहका निर्वाचनमा समावेशी प्रतिनिधित्वको लागि क्रमागत सुधार भएका छन् ।

ख. अन्तरिम संविधानमा संविधान सभाको निर्वाचन हुने मिति तोकिएकोमा सो दिन निर्वाचन हुन नसकी अब निर्वाचन नै हुन नसक्ने हो कि भन्ने अन्योल खडा भएकोमा सर्वोच्च अदालतले प्रजातन्त्रमा निर्वाचन अन्तर्निहित प्रक्रिया भएकाले तोकिएको मितिमा निर्वाचन नहुँदैमा निर्वाचन नगरे पनि हुने वा निर्वाचन गर्न नमिल्ने भन्न नमिल्ने भन्दै अर्को निर्वाचनको घोषणा गर्न सरकार सक्षम हुने भनी आदेश जारी भई निर्वाचन सम्पन्न गरिएको थियो ।

ग. निर्वाचन स्वच्छ, विश्वसनीय र निष्पक्ष बनाउनको लागि हरेक क्षेत्रमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतको रूपमा जिम्मेवारी दिने गरिएको छ ।

घ. उम्मेदवारको अयोग्यताको सम्बन्धमा निर्वाचन परिणाम घोषणा हुनु पूर्व विवाद आएमा सोको सुनुवाइ गर्ने क्षेत्राधिकार निर्वाचन आयोगलाई दिइएकोले छिटो, छरितो र प्रभावकारी भएको छ ।

ङ. विवाद निरूपणको लागि तीन किसिमका पद्धति अवलम्बन गरिएकोले सहज र प्रभावकारी निर्वाचन न्याय प्रणालीको विकास भएको छ । उदाहरणका लागि अदालत, निर्वाचन आयोग र मातहत अधिकारी (मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत र नाम दर्ता अधिकारी) लाई मुद्दा हेर्ने जिम्मेवारी निर्वाचन (कसुर तथा सजाय) ऐनले दिएको छ ।

च. निर्वाचन आयोगले पछिल्लो निर्वाचनमा केही अनुभवी अवकाश प्राप्त कर्मचारीहरूलाई विज्ञको रूपमा अनुबन्ध गरी सेवा प्राप्त गरेको थियो । विगतमा अनुभव प्राप्त गरेका विभिन्न क्षेत्रका राष्ट्रसेवक कर्मचारीहरूलाई काजमा नियुक्त गरी सेवा प्राप्त गरेका कारणले पनि निर्वाचन अझ बढी प्रभावकारी हुन पुग्यो ।

छ. निर्वाचनमा आपराधिक अभिलेख भएका व्यक्तिलाई उम्मेदवार बन्नबाट अयोग्य हुने व्यवस्था गरिएको छ ।

ज. मतपत्र डिजाइन तथा तयारीको लागि निर्वाचन क्षेत्रमा लामो अनुभव प्राप्त गरेका दक्ष व्यक्तिहरूलाई संलग्न गराई कार्य सम्पन्न गरिएकाले मतपत्रका सम्बन्धमा निर्वाचनका समयमा कुनै पनि किसिमको समस्या देखा परेनन् ।

झ. निर्वाचन चरणवद्ध रूपमा सम्पन्न गरेको र सुरक्षा व्यवस्थालाई तीनवटा घेराबाट सञ्चालन गरिएकोले सहजतापूर्वक निर्वाचन सम्पन्न भयो ।

ञ. संवेदनशीलताका हिसाबले निर्वाचन सामग्रीहरू अति संवेदनशील, संवेदनशील र सामान्य गरी तीन किसिममा वर्गीकरण गरिएको र दुर्गम स्थानहरूमा नेपाली सेनाको हेलिकप्टरबाट निर्वाचन सामग्री पठाउने काम गरेकोले सुरक्षा र संवेदनशीलतामा समस्या हुन पाएन ।

ट. मतदाताको उपयुक्त पहिचानको लागि फोटो सहितको मतदाता नामावलीको प्रयोग गरिएको, अन्य कुनै परिचयपत्र समेतका आधारमा मतदान गर्न पाउने व्यवस्था गरिएको, मतदाता परिचयपत्र मोबाइल एप र आयोगको वेवसाइटमा समेत उपलब्ध गराइएकोले मतदाताको मतदान कार्यलाई सहज बनाएको थियो ।

ठ. अपाङ्गतामैत्री मतदान केन्द्रहरू क्रमागत रूपमा वृद्धि गर्दै लगिएको छ ।

ड. राजनीतिक दलको नियमनका लागि राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ल्याइएको, उक्त ऐन बमोजिम समावेशी चरित्र, प्रजातान्त्रिक विधान र समयमा अधिवेशन लगायतका प्रक्रिया अपनाएका दलहरूलाई मात्र दलीय हैसियत कायम गर्ने व्यवस्था गरिएको छ ।

ढ. प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्यको निर्वाचन दुई चरणमा गरिएकोले अघिल्लो चरणको निर्वाचनले पछिल्ला निर्वाचनको लागि असर पर्ने भएकोले दोस्रो चरणको निर्वाचन सम्पन्न भएपछि मत गणना कार्य प्रारम्भ गरी शान्त वातावरणमा सम्पन्न गरिएको थियो ।

ण. निर्वाचन आयोगले पहिलो पटक एकीकृत निर्वाचन परिणाम व्यवस्थापन प्रणाली तयार गरी सफलतापूर्वक सम्पन्न गरेको थियो ।

त. निर्वाचन विवाद निरूपणको लागि संवैधानिक इजलासको व्यवस्था गरी माथिल्लो अदालतबाट विशेषज्ञताका आधारमा विवाद निरूपण गर्ने प्रावधान संविधानमा नै राखिएको छ ।

थ. समावेशीकरणको लागि सम्बन्धित कानुनहरूमा स्पष्ट व्यवस्था गरी हरेक क्षेत्रबाट अनिवार्य प्रतिनिधित्वको व्यवस्था गरिएकोले संविधान र कानुनले अपेक्षा गरे बमोजिम समावेशीकरण गर्न आयोग सफल भएको छ, आदि ।

# परिच्छेद - तेह्र

## चुनौती, निष्कर्ष र समाधानका उपायहरु

### १३.१ नेपालको लागि मुख्य चुनौतीहरु

नेपालमा विगत ६१ वर्षदेखि संसदीय तथा अन्य निर्वाचनहरू हुँदै आएका छन् । विभिन्न तहका निर्वाचनहरूमा सिक्दै र सुधार गर्दै जाने अभ्यासअन्तर्गत निर्वाचनहरू सम्पन्न हुने गरेका छन् । निर्वाचन सञ्चालन गर्नको लागि नेपालको सन्दर्भमा निर्वाचन आयोग मुख्य जिम्मेवार निकाय हो । उक्त निकायले अन्य निकायहरूसँगको सहकार्य र समन्वयमा निर्वाचन सञ्चालन गर्ने गरेको छ । निर्वाचन आयोगलाई स्पष्ट अधिकार र जिम्मेवारी संविधान र अन्य कानुनहरूले दिएका छन् । तर, निर्वाचन आयोग एक्लैले निर्वाचन सञ्चालन गर्न सक्दैन । त्यसको लागि सरकार, सुरक्षा निकाय, न्याय निरूपण गर्ने निकाय, मतदाता र नागरिक समाजको सहयोग अति आवश्यक हुन्छ । विगतमा भएका निर्वाचनहरूबाट महसुस गरिएका संस्थागत, संरचनागत, कानुनी र व्यावहारिक चुनौतीहरू मुख्यतया निम्न छन् :

क. निर्वाचनको मिति आयोगसँगको परामर्शमा नेपाल सरकारले तोक्नुपर्ने प्रावधान भए बमोजिम समयमा राजनीतिक निर्णय नभएका कारण निर्वाचन सम्बन्धी आवश्यक कानुनको तर्जुमा हुन र निर्वाचन सञ्चालनको लागि आवश्यक प्रक्रिया, तालिम आदि सञ्चालन गर्न निर्वाचन आयोगलाई पर्याप्त समय नहुने गरेको, परिणामतः मतदाता शिक्षा, कर्मचारी शिक्षा पर्याप्त हुन नसकेकोले निकै कमी कमजोरीहरू देखा पर्ने गरेका छन् । निर्वाचन मिति तोक्ने कुरा कार्यपालिकाको सुविधाको कुरा नभई निर्वाचन गराउने निकायको योजना, तयारी र अनुकूलता हेरी स्वायत्तताका साथ निर्णय गर्ने विषय भएकोले निर्वाचन मितिको घोषणा आयोगबाट गराउन त्यति अनुचित देखिँदैन ।

ख. निर्वाचन अपराध सम्बन्धमा पीडितलाई उजुर गर्ने निकायको बारेमा जानकारी समेत नरहेको, प्रक्रियाको बारेमा जानकारी नभएको र कतिपय स्थानहरूमा झुठा उजुरीहरू पर्ने गरेको, तोकिएको समयमा अर्थात् ९० दिनभित्र मुद्दा फछ्र्यौट हुन नसकेको, मतदान अधिकृत, निर्वाचन अधिकृत तथा मुख्य निर्वाचन अधिकृतको मुद्दा हेर्ने जिम्मेवारी भए पनि त्यस्तो कामबाटै पन्छिने गरेको, निर्वाचन विवाद निरूपण कार्यविधिको अभाव रहेको जस्ता चुनौतीहरू निर्वाचन न्याय सम्बन्धमा देखा परे ।

ग. राजनीतिक दल दर्ता सम्बन्धमा नयाँ दर्ता हुन आउने राजनीतिक दललाई स्वतन्त्र हैसियत प्रदान गर्दा असन्तुष्टि देखा परेको, समानुपातिक सूची पटक पटक हेरफेर गरिएको, निर्वाचन चिन्ह ढिला प्रदान गरिएको, दलको दर्ता प्रक्रिया निकै खुकुलो भएका कारण एक व्यक्तिले समेत दल दर्ता गर्न सक्ने सम्भावना रहेको, निर्वाचनमा भाग लिन दललाई प्रदान गरिने सुविधा दोहन गरी अर्को दलले फाइदा लिनका लागि राजनीतिक दल दर्ता हुने गरेको, राजनीतिक दलमा संविधान र कानुन बमोजिम हुनुपर्ने समावेशीकरण नहुने गरेको र उम्मेदवारले आवश्यक कागजातबिना नै उम्मेदवारी दर्ता गर्न आउने गरेको,

घ. राजनीतिक दलको फरक फरक व्याख्याका कारणले शृङ्खलावद्ध रूपमा हुनुपर्ने निर्वाचनहरू अगाडि पछाडि हुँदा कानुनी र व्यावहारिक जटिलता थपिने गरेको । उदाहरणको लागि नेपालको संविधान बमोजिम स्थानीय तह, प्रदेश सभा, राष्ट्रिय सभा, प्रतिनिधि सभा, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन क्रमशः हुनुपर्नेमा राष्ट्रिय सभाको निर्वाचनको क्रम रोकिएको कारणले प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणाम समयमा नै घोषणा गर्न कठिन भएकोले निर्वाचन आयोगप्रति प्रश्न उठाइएको र सरकार गठनमा समेत असर पर्न गएको,

ङ. विभिन्न तहका निर्वाचनको लागि अलग अलग कानुनहरू बनाइएको र कतिपय कानुनी व्यवस्थाहरू दोहोरिएका र बाझिएका कारण निर्वाचन सञ्चालन गर्न कठिनाई भएको, एकीकृत कानुन (framework legislation) को अभाव रहेकोले समस्या सिर्जना भएको,

च. निर्वाचन सम्बन्धी कसुर र सजाय सम्बन्धमा न्यायिक निकायबाट हुनुपर्ने फैसलाहरू मुद्दाको चापका कारण ९० दिनभित्र हुन नसकेको, अदालतको प्राथमिकतामा निर्वाचन न्याय पर्न नसकेको र न्यायाधीशहरूको विषयगत विज्ञताको लागि क्षमता विकासमा पर्याप्त ध्यान नदिइएको,

छ. आयोगबाट मतदाता नामावली ढिलो प्रकाशन भएको कारण सच्याउन कठिन भएको, एउटै परिवारका विभिन्न सदस्यहरूको समेत मतदान स्थल फरक फरक पारिएको, नामावलीमा विवरण फरक परेको, फोटो र विवरण फरक परेको, अघिल्लो निर्वाचनमा भाग लिएका मतदाताहरूको नाम बिनाकारण अर्को निर्वाचनमा छुटेको, मृत्यु भएका व्यक्तिहरूको नाम मतदाता नामावलीबाट नहटाइएको, मतदाता परिचयपत्र हराएकोमा प्रतिलिपि उपलब्ध गराउने कानुनी व्यवस्था नभएको जस्ता मतदाता नामावली र परिचयपत्र सम्बन्धमा देखा परेका कारण उच्च प्रविधि, दक्ष कर्मचारीको अभाव तथा कानुनी व्यवस्थामा कमजोरीहरू लगातार देखा परे ।

ज. निर्वाचन कार्यक्रम सार्वजनिक भएपछि पनि मतदान केन्द्रहरू परिवर्तन गरिएको, पूर्वाधार नभएको ठाँउहरूमा मतदान केन्द्रहरू राखिएका कारण असुविधा भएको र स्थानीय तहको सङ्ख्या र सिमाना पटक पटक हेरफेर भएकोले मतदान केन्द्र तय गर्न कठिन भएको,

झ. स्थानीय तह निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने अवधि एकदिन मात्र दिइएको र प्रचार प्रसार गर्ने अवधि ७ दिन मात्र दिइएको,

ञ. समयाभावका कारण प्रभावकारी मतदाता शिक्षा सञ्चालन हुन नसकेको, मतदाता शिक्षा कार्यक्रम निकै खर्चिलो हुने गरेको र आयोगसँग पर्याप्त स्रोतको अभाव रहेको, राजनीतिक दल र उम्मेदवारले आफ्ना मतदातालाई उपयुक्त शिक्षा नदिएका कारण ठुलो सङ्ख्यामा मतपत्र रद्द हुने गरेको, मतदाता शिक्षा स्वतन्त्र व्यक्तिहरू र विज्ञहरूबाट सञ्चालन हुन नसकेको,

ट. स्थानीय तहको मत गणना क्रममा मत गणना स्थलमा उपस्थित राजनैतिक दलका प्रतिनिधिले मतपत्र च्यातेका कारण सुरक्षा चुनौती रहेको र पुनः मतदान गर्नु गराउनु परेको ।

ठ. स्थानीय तहको निर्वाचनमा कागजको एउटै सिटमा ६ वटा मतपत्र रहेका कारण मत गणना प्रक्रिया झन्झटिलो र ढिलो भएको, मतपत्रको आकार ठुलो भएको, स्थानीय तहमा सानातिना विषयमा पनि बढी विवाद हुने गरेको, मत गणना स्थलको भौतिक पूर्वाधार कमजोर रहेको,

ड. आचार संहिताअन्तर्गत खर्चको सीमालाई पालना नगरिएको, खर्चको अभिलेख राख्ने र पारदर्शी हिसाब राख्ने पद्धतिको विकास नभएको, निर्वाचनमा हिंसात्मक घटना हुने गरेको, कानुन बमोजिम दण्ड सजाय गर्ने निकायहरू पनि प्रभावकारी नभएको,

ढ. प्रशिक्षणहरू ढिला सञ्चालन गर्ने र पर्याप्त स्रोत र साधनको अभावमा सञ्चालन गर्ने गरिएको, मतदान अधिकृतलाई समेत पर्याप्त तालिमको अभाव रहेको, तालिम उपलब्ध गराउँदाको अवस्थामा पनि निर्वाचनको काममा खारिएका दक्ष स्रोत व्यक्तिहरूको अभाव रहेका कारण तालिम प्रभावकारी हुन नसकेको,

ण. कतिपय स्थानमा मतपेटिकामा भएका मतपत्र र मुचुल्कामा भएको मत सङ्ख्या फरक पर्न गएको, राजनीतिक दलहरू बिच समन्वय र सहयोग नहुने गरेको,

त. वैदेशिक रोजगारीमा रहेका मतदाता, मतदान प्रक्रियामा संलग्न रहेका करिब २ लाख कर्मचारी र ३ लाख सुरक्षाकर्मीहरू मतदानको अधिकारबाट वञ्चित हुनु परेको,

थ. निर्वाचन पर्यवेक्षण पूर्वाग्रही हुने गरेको, सुगमस्थलमा मात्र पर्यवेक्षण गरिएको र पदीय जिम्मेवारी समेत पूरा नगरेको तथ्य फेला परेका,

द. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत राजनीतिक दलले उम्मेदवारी दिँदा समावेशीकरणलाई उपेक्षा गरिएका कारण समानुपातिक निर्वाचन प्रणालीबाट बाँकी सिट पूरा गर्नुपर्दा निर्वाचन प्रणालीको औचित्यमा नै प्रश्न उठेको,

ध. अधिकांश स्थानहरूमा निर्वाचन सामग्रीको भण्डारणमा समस्या रहेको, मतपेटिका सङ्कलन र ढुवानीमा पर्याप्त सुरक्षा व्यवस्था नअपनाइएको जस्ता चुनौतीहरू देखा परेको,

न. कतिपय ठाउँमा एक जिल्लाको मतपत्र अर्को जिल्लामा पुगेको, मतपत्र र स्वस्तिक छापको मसी उस्तै प्रकृतिको एउटै परेको, एकै पटक दुईवटा निर्वाचनको व्यवस्था भएकोले एउटा मतपेटिकामा खसाउनुपर्ने मतपत्र अर्कामा परेको, निकै ठुलो आकारको मतपत्र र झुक्किने खालका निर्वाचन चिन्हहरू प्रदान गरिएको,

प. निर्वाचन सम्बन्धी सूचना प्रवाह ढिला हुने गरेको, तथ्याङ्क प्रविष्ट गर्ने दक्ष कर्मचारीको अभावका कारण सूचना समयमा उपलब्ध गराउन कठिन भएको, नियमित रूपमा विद्युत आपूर्ति नभएको, सामाजिक सञ्जालको दुरूपयोग भएको, भौगोलिक विकटताका कारण सबै ठाउँमा सूचना प्रविधिको सहज पहुँचको अभाव रहेको, निर्वाचन आयोगको कल सेन्टरको प्रभावकारिता कमजोर रहेको, आदि ।

फ. सुरक्षा सम्बन्धमा मुख्य निर्वाचन अधिकृतलाई जिल्लास्तरीय सुरक्षा बैठकमा आमन्त्रण नगरिएको, म्यादी प्रहरीको छनोट राजनीतिक दबाबका आधारमा पूर्वाग्रही ढङ्गबाट

गरिएको, सुरक्षाकर्मीलाई पर्याप्त अभिमुखीकरण तालिम नदिइएको, संयुक्त निर्वाचन सञ्चालन केन्द्रहरू प्रभावकारी नभएको जस्ता चुनौतीहरू देखा परेका छन् ।

## १३.२ सम्भावित विकल्पहरू

निर्वाचन विवाद निरूपण एउटा अत्यन्तै जटिल र महत्वपूर्ण विषय हो जसले निर्वाचनमा विश्वसनीयता कायम गर्न भूमिका खेल्दछ । नियमित अदालतमा यसै पनि मुद्दाको चाप बढ्दै गएको, अदालतको जनशक्ति नियमित मुद्दाहरूमा नै बढी केन्द्रित हुनुपर्ने अवस्था रहेका कारण विषयगत विशेषज्ञता हासिल गर्ने सम्बन्धमा पर्याप्त ध्यान पुग्न नसकेका कारण सङ्क्षिप्त कार्यविधि अपनाइएको भए पनि समयमा नै मुद्दा पछ्यौंट हुन सकेका छैनन् । यस किसिमको समस्याको निराकरण गर्दै निर्वाचन सम्बन्धी न्याय सुनिश्चिततताको लागि नेपालमा निम्न विकल्पहरूको प्रयोग आवश्यक हुन्छ ।

क. अलग्गै निर्वाचन अदालत वा स्थायी निर्वाचन इजलासको व्यवस्था गर्ने,

ख. विवाद समाधानका वैकल्पिक उपायहरू निर्वाचनको सम्बन्धमा पनि विस्तार गर्ने,

यी दुवै विकल्पका असल तथा खराब पक्षहरू छन् । तर, निर्वाचन सम्बन्धी एकीकृत कानुन (framework legislation) को विकास गरी सम्बन्धित निकायको जिम्मेवारी थप स्पष्ट पार्न सकिएमा निर्वाचन विश्वसनीय हुन सक्दछ ।

## १३.३ समस्याको सम्बोधनको लागि केही सुझावहरू

निर्वाचनमा होस् वा राजनैतिक दलको आन्तरिक पदको लागि हुने प्रतिस्पर्धा वा मनोनयनमा इमान्दार नेता तथा कार्यकर्ता पाखा लाग्दै गरेका गुनासाहरू दिनहुँ आम सञ्चार मार्फत बाहिर आउने गरेका छन् । राजनीति सबै नीतिको मूल नीति भएकाले जबसम्म राजनीति ठिक ढङ्गले चल्दैन तबसम्म लोकतन्त्रले जनतालाई लाभ दिन सक्दैन भने अन्य सबै निकायहरूलाई पारदर्शी र जवाफदेही ढङ्गले सञ्चालन गर्न कठिन हुन्छ। जुन मुलुकमा राजनैतिक र आर्थिक संरचनाहरूको व्यवहार अनुचित दोहन गर्ने र चुस्ने प्रबृत्तिको हुन्छ त्यस्तो मुलुक अन्ततः असफल हुन्छ। राजनीति पेशा हो कि सेवा हो भन्ने वारेमा अझै पनि मानिसहरूलाई भ्रम छ। जानेर वा नजानेर राजनीतिलाई मानिसहरूले सेवाभन्दा पेशाका रूपमा अङ्गीकार गर्ने गरेका छन् । अतः महँगो बन्दै गएको निर्वाचन प्रणाली, कमजोर हुँदै गएको राज्य संयन्त्रका जिम्मेवार निकायहरूमा दलीयकरणले पारेको प्रभावलाई अन्त्य गर्न ढिला भइसकेको छ। यसले गर्दा योग्य र इमान्दार उम्मेदवार पाखा लाग्ने र अनुचित प्रभावको भरमा दलबाट उम्मेदवारी लिने र त्यसकै कारणले निर्वाचन जित्ने हुँदा निर्वाचनप्रति नै मतदाताको उत्साह घट्दै जान थालेको छ भने जनप्रतिनिधिप्रतिको सम्मान समेत गुम्दै जान थालेको छ। यसको अन्त्यको लागि प्रभावकारी कानुनी व्यवस्था र निर्वाचन आयोगबाट आवश्यक हस्तक्षेपको व्यवस्था गर्नु आवश्यक छ। मतपत्रमा मतदाताले प्रतिस्पर्धी उम्मेदवार मध्ये कुनै पनि उम्मेदवारलाई मत सङ्केतकै माध्यमबाट मत दिन्न भन्न पाउने हक (Right to Reject) को कानुनी व्यवस्था गर्नु आवश्यक छ ।

मतदाता नामावली, निर्वाचन आचार संहिताको कडाईका साथ पालना, दल तथा उम्मेदवारको खर्चको सीमा र पारदर्शिता, मतदाता शिक्षा, सम्बन्धित कर्मचारीको लागि प्रदान गरिने शिक्षामा

प्रभावकारिता जस्ता विषयहरू मा सतर्कतापूर्वक समयमै व्यवस्थापन गर्नु अति आवश्यक छ । परम्परागत निर्वाचन पद्धतिले मतदाताहरूलाई समेट्न कठिन भएको, ठुलो सङ्ख्यामा मतदाताहरू मतदान सम्बन्धी अधिकारबाट वञ्चित भएको, निर्वाचन परिणाममा शङ्का उत्पन्न हुने गरेका कारण निर्वाचनको वैधता र विश्वसनीयतामा शङ्का उत्पन्न हुने गरेका छन् । आगामी निर्वाचनहरूमा प्रविधिको प्रयोग गरी सम्पन्न गराउन सक्दा हजारौँ मेट्रिक टन कागजको खपतलाई घटाई वातावरणीय स्वच्छता समेत कायम गर्न सकिने हुँदा आगामी निर्वाचनमा विद्युतीय मतदान मेसिन (Electronic Voting Machine) को प्रयोग गर्ने सम्बन्धमा निर्वाचन आयोग, सरकार र राजनैतिक दलले छलफल गरी अगाडि बढ्न जरुरी भइसकेको छ भने अन्य अनलाइन प्रणाली समेतका अत्याधुनिक प्रविधिको प्रयोग गर्न ढिलाइ भएको छ । समयमा नै उपयुक्त व्यवस्था, क्षमता विकास गरी आगामी निर्वाचनहरूमा उल्लिखित सबै उपायको खोजी र प्रयोग गरी निर्वाचनलाई अझ विश्वसनीय बनाउन आवश्यक छ ।

निर्वाचन विवाद निरूपणको लागि स्पष्ट कार्यादेश, दक्ष र प्रभावकारी संयन्त्र, नागरिकको सहज पहुँचको व्यवस्था, निर्वाचन न्याय निरूपण निकाय र कार्यादेशका सम्बन्धमा व्यापक प्रचार प्रसार र समयमा प्रभावकारी न्याय निरूपण गरी विश्वासको वातावरणको निर्माण नगर्दासम्म संयन्त्रहरूप्रतिको विश्वास प्राप्त गर्न सकिदैन । त्यसको लागि प्रभावकारी कानुनी र संस्थागत संयन्त्रको विकास गरी दक्ष, स्वतन्त्र र निर्भिक न्याय निरूपणकर्ताको व्यवस्थापन छिटोभन्दा छिटो गर्नु आवश्यक छ ।

न्याय निरूपणमा सानातिना विवादहरू स्थानीय स्तरबाट नै समाधान गर्नको लागि विवाद समाधानका वैकल्पिक उपायहरू अवलम्बन गर्नु आवश्यक छ । त्यसको लागि प्रत्येक स्थानीय स्तरमा स्वतन्त्र र दक्ष व्यक्तिहरू मध्येबाट गैर राजनीतिक प्रकृतिको स्थायी समितिहरू निर्माण गरी उनीहरूको क्षमता विकासमा लगानी गर्ने र तयारी हालतमा राख्नु उपयुक्त हुन्छ ।

संवैधानिक इजलासमा अन्य प्रकृतिका विवादहरू पनि हुने भएकाले निर्वाचन विवादको विषय र त्यसलाई हेर्ने प्राथमिकता गौण हुन पुगेको छ भने समयमा न्याय निरूपण हुन सकेको छैन । त्यसको निराकरणको लागि अलग्गै निर्वाचन अदालत वा इजलासको व्यवस्था गरी निर्वाचन क्षेत्रमा विशेषज्ञता हासिल गरेका न्यायाधीशलाई नियुक्त गर्ने र लगातार क्षमता विकासमा लगानी गर्ने व्यवस्था गर्दा निर्वाचन न्यायप्रति विश्वसनीयताको विकास हुने र न्याय प्रभावकारी हुने हुन्छ । यसको लागि संविधान संशोधनको हदसम्म पनि जानु पर्ने स्थिति देखिन्छ ।

समावेशीकरणलाई संविधानको मर्म र भावना बमोजिम सम्बोधन गर्नको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा समानुपातिक उम्मेदवारको व्यवस्था गर्ने वा निर्वाचन क्षेत्र आरक्षणको व्यवस्था गर्न सकिएमा मिश्रित निर्वाचन प्रणालीको औचित्य सफल हुन्छ भने प्रतिनिधिहरूको क्षमतामा समेत प्रश्न उठ्दैन । त्यसका लागि कानुनमा आवश्यक सुधार गरी कडाईका साथ लागू गर्नुपर्ने हुन्छ । उक्त कार्यको लागि निर्वाचन आयोग कठोर रूपमा प्रस्तुत हुन आवश्यक छ ।

निर्वाचनमा ठुलो मात्रामा मानव संसाधनको परिचालन गर्नुपर्ने भएकोले यसको व्यवस्थापनको लागि निर्वाचन आयोगका कम्तीमा प्रदेश स्तरमा संरचना निर्माण गरी लगातार काम गर्ने वातावरणको सिर्जना गर्ने र त्यसको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भएका असल अभ्यास र सिकाइलाई भरपुर प्रयोग गर्ने वातावरणको निर्माण गर्न सकिएमा विगतमा भएका त्रुटिहरूलाई

सच्याउँदै प्रभावकारी रूपमा निर्वाचन सञ्चालन गर्न सकिने हुन्छ । हरेक निर्वाचनको समीक्षा खरो रूपमा र समयमा नै गर्ने र उक्त निर्वाचनमा भएका कमी कमजोरीहरूबाट सिकी आगामी निर्वाचनमा त्यस्ता कमी कजोरीहरू सबै सरोकारवालाहरूले पुनः नदोहोराउने प्रतिवद्धता र दोहोरिएमा कडा कारबाहीको व्यवस्था गरिएमा निर्वाचन प्रभावकारी हुन्छ ।

निर्वाचन गराउने क्रममा विभिन्न कारणवश नेपाल सरकारबाट पटक पटक निर्वाचन मिति फेरबदल हुने गरेका कारण निर्वाचन क्षेत्र निर्धारण आयोगबाट प्राप्त प्रतिवेदनका आधारमा चरणवद्ध निर्वाचन कार्यतालिका बनाई काम गर्न कठिनाइ हुन्छ, त्यसको निराकरणको लागि निर्वाचन मिति पहिले नै सुनिश्चित गर्नु उपयुक्त हुन्छ । यस्तो अभ्यास अमेरिका लगायतका देशहरूमा छ जसले गर्दा निर्वाचन आयोग, राजनीतिक दल, उम्मेदवार, पर्यवेक्षक  र निर्वाचन आयोगलाई निर्वाचनको तयारीका लागि पर्याप्त समय प्राप्त हुन्छ । निर्वाचनको मिति तय गर्दा संविधान बमोजिम क्रमबद्ध रूपमा तोक्ने प्रणालीको विकास गरिएमा मत परिणाम प्राप्त गर्ने लगायतका अन्य विषयमा कठिनाइ हुँदैन ।

निर्वाचन कार्य निर्वाचन आयोग एक्लैले सम्पन्न गर्न सक्दैन । त्यसको लागि सम्पूर्ण सरोकारवालाहरू बिचको समन्वय सम्बन्धी स्थायी संयन्त्रको विकास गर्न सकिएमा निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा समयमा नै गर्न सहज हुन्छ । त्यसको लागि सुरक्षा संयन्त्र र राजनीतिक नेतृत्वको महत्वपूर्ण भूमिका हुन्छ । अतः निर्वाचन सुरक्षा संयन्त्रको विकास गरी निरन्तर काम गर्नु आवश्यक हुन्छ । तसर्थ माथि उल्लेख गरिएका चुनौतीहरूको सामना गर्नको लागि निम्न व्यवस्था गर्न आवश्यक छ :

**क. कानुनी सुधारतर्फ**

१. कानुनमा नै निर्वाचन आयोगसँगको परामर्शमा सरकारले निर्वाचन मिति तोक्ने व्यवस्था भएकोले सरकारले आफ्नो अनुकूलतामा निर्वाचन मिति तोक्ने र आयोगलाई तयारी गर्ने समय नपुग्ने हुन्छ भने आयोगले आफ्नो योजना र कार्यक्रम तयार गरी लागू गर्नको लागि अन्योलको अवस्था व्यहोर्नु पर्ने  हुन्छ । अतः निर्वाचनको मिति तोक्ने जिम्मा निर्वाचन आयोगलाई दिनुपर्ने वा कानुनमा नै निर्वाचन मिति तोकिनुपर्ने,

२. संसद्ले आवश्यक कानुनहरू समयमै तर्जुमा नगरेका कारण निर्वाचन आयोगलाई तयारी गर्ने पर्याप्त समय उपलब्ध नहुने गरेको छ, अतः समयमै (कम्तीमा निर्वाचन हुनुभन्दा छ महिनाअघि) आवश्यक कानुनको तर्जुमा निर्वाचन आयोग र अन्य सरोकारवालाहरूसँगको परामर्शमा गरी सहज वातावरण तयार गर्ने,

३. विभिन्न तहका निर्वाचनको लागि अलग अलग कानुनहरू बनाइएको र कतिपय कानुनी व्यवस्थाहरू दोहोरिएका र बाझिएका कारण निर्वाचन सञ्चालन गर्न कठिनाई भएको हुँदा शीघ्रातिशीघ्र एकीकृत कानुन (framework legislation) तर्जुमा गरी लागू गर्ने,

४. धेरैजसो मुद्दाहरू निर्वाचन बदर, मत गणना प्रक्रिया तथा पुनः मत गणनासँग सम्बन्धित छन्, जहाँ कम मतहरूको फरक छ । यसका लागि स्पष्ट मत गणना कार्यविधि तथा पुनर्जांच (Reconciliation) को व्यवस्था सहित सुधारको व्यवस्था गर्न आवश्यक देखिन्छ । एउटै कागजमा धेरै वटा मतपत्र रहने व्यवस्था भएको अवस्थामा कुन पदको कति मत बदर भएको हो भन्ने यकिन गर्न बदर मत  पुनर्जांच (Reconciliation) को व्यवस्था

सहितको कार्यविधि हुन आवश्यक छ । अथवा, एउटा मतपत्रमा एउटा मात्र मत दिने व्यवस्था गरिनुपर्छ,

५. निर्वाचन अपराध सम्बन्धमा पीडितलाई उजुर गर्ने निकाय र प्रक्रियाका बारेमा जानकारी समेत नरहेको, कतिपय स्थानहरूमा झुठा उजुरीहरू पर्ने गरेको, तोकिएको समयमा मुद्दा फछ्र्यौट हुन नसकेको, मतदान अधिकृत, निर्वाचन अधिकृत तथा मुख्य निर्वाचन अधिकृतको मुद्दा हेर्ने जिम्मेवारी भए पनि त्यस्ता कामबाट सकेसम्म पन्छिने गरेका जस्ता चुनौतीहरू निर्वाचन अपराध न्याय सम्बन्धमा देखा परेकोले न्यायकर्ताहरूको जबाफदेहिता बृद्धि गर्न आवश्यक कानुनी व्यवस्था गर्ने ।

**ख. निर्वाचन न्यायतर्फ**

१. निर्वाचन सम्बन्धी कसुर र सजाय सम्बन्धमा न्यायिक निकायबाट हुनुपर्ने फैसलाहरू मुद्दाको चापका कारण ९० दिनभित्र हुन नसकेको, अदालतको प्राथमिकतामा निर्वाचन न्याय पर्न नसकेको र न्यायाधीशहरूको विषयगत बिज्ञताको लागि क्षमता विकासमा पर्याप्त ध्यान नदिइएको विषयलाई सम्बोधन गर्नको लागि निर्वाचन विशेष अदालत वा इजलासको व्यवस्था गरी न्यायाधीशहरूको क्षमता विकासमा व्यापक कार्यक्रमहरू सञ्चालन गर्ने,

२. सङ्क्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गत निर्वाचन विवादका मुद्दाहरूमा दुवै पक्ष अदालतमा उपस्थित भएको ९० दिनभित्र अन्तिम रूप दिनु पर्दछ । यसरी हेर्दा यी मुद्दाहरू वि. सं. २०७४ मङ्सिर २६ सम्म अन्तिम भइसक्नु पर्ने थियो तर अदालतहरूले थुप्रै मुद्दामा अहिलेसम्म पनि अन्तिम निर्णय दिएका छैनन् । अतः ९० दिनभित्र मुद्दाको अन्तिम किनारा गर्ने वातावरण तयार गर्नका लागि निर्वाचन आयोग, सर्वोच्च अदालत र नेपाल सरकारले आवश्यक पहल र सहयोग गर्नुपर्ने देखिन्छ,

३. निर्वाचन विवाद निरूपणका लागि निर्वाचन क्षेत्र तथा मतदान केन्द्र स्तरमा व्यक्तिगत रूपमा निर्वाचन अधिकृत र मतदान अधिकृतलाई जिम्मेवार बनाइएको छ तर उनीहरूलाई कसले सहयोग गर्ने र कसरी विवादको सुनुवाइ गर्ने भन्ने कार्यविधि भए पनि प्रक्रिया र सहयोगको मापदण्ड तथा सुरक्षाको ग्यारेन्टी स्पष्ट नहुँदा यस विषयमा सुनुवाइ गर्ने तथा प्रतिवेदन गर्ने प्रक्रिया स्पष्ट नभई निर्वाचन विवादको सङ्ख्या र प्रकृति निर्वाचन आयोगले प्राप्त गर्न नसकेको अवस्था रहेको छ । अतः यस्तो अवस्थाको अन्त्य गर्नका लागि अझ व्यवस्थित कार्यविधि बनाई मार्गदर्शन गर्नु पर्ने देखिन्छ,

४. न्याय निरूपणमा सानातिना विवादहरू स्थानीय स्तरबाट नै समाधान गर्नको लागि विवाद समाधानका वैकल्पिक उपायहरू अवलम्बन गर्नु आवश्यक छ । त्यसको लागि प्रत्येक स्थानीय स्तरमा स्वतन्त्र र दक्ष व्यक्तिहरू मध्येबाट गैर राजनीतिक प्रकृतिको स्थायी समितिहरू निर्माण गरी उनीहरूको क्षमता विकासमा लगानी गर्ने र तयारी हालतमा राख्नु उपयुक्त हुन्छ ।

## ग. संस्थागत सुधारतर्फ

१. निर्वाचन आयोग र अदालतको साधन, स्रोत र दक्षता विस्तारको लागि आवश्यक बजेट विनियोजन गर्ने र आयोगलाई आफ्नो योजना बमोजिम काम गर्न सहज वातावरण निर्माण गर्ने,

२. निर्वाचन आयोगका आफ्नै कार्यालयहरू सम्भव भएसम्म स्थानीय तथा जिल्ला स्तरमा र नभए कम्तीमा प्रदेश स्तरमा स्थापना गरी निरन्तर निर्वाचन शिक्षामा काम गर्ने वातावरण तयार गर्ने,

३. निर्वाचन विशेष अदालत वा इजलासको स्थापना गर्ने, आदि ।

## घ. प्रक्रियागत सुधार

१. मतदाताहरुले अनलाईन प्रणालीबाट आफ्नो नाम दर्ता गर्ने पद्धत्तिको विकास गर्न आवश्यक छ ।

२. आगामी निर्वाचनमा विद्युतीय मतदान मेसिन (Electronic Voting Machine) को प्रयोग गर्ने सम्बन्धमा निर्वाचन आयोग, सरकार र राजनैतिक दलले छलफल गरी अगाडि बढ्न जरुरी भइसकेको छ । अन्य अनलाइन प्रणाली समेतका अत्याधुनिक प्रविधिको प्रयोग गर्न ढिलाइ भएको छ । समयमा नै उपयुक्त व्यवस्था, क्षमता विकास गरी आगामी निर्वाचनहरूमा उल्लिखित सबै प्रविधिको प्रयोग गरी निर्वाचनलाई अझ छिटो छरितो र विश्वसनीय बनाउन आवश्यक छ ।

३. राजनीतिक दल दर्ता सम्बन्धमा नयाँ दर्ता हुन आउने दललाई स्वतन्त्र हैसियत प्रदान गर्दा असन्तुष्टि देखा परेको, समानुपातिक सूची पटक पटक हेरफेर गरिएको, निर्वाचन चिन्ह ढिला प्रदान गरिएको, दलको दर्ता प्रक्रिया निकै खुकुलो भएका कारण एक व्यक्तिले समेत दल दर्ता गर्ने सम्भावना रहेको, सुविधाको लागि मात्र पनि राजनीतिक दल दर्ता हुने गरेको, राजनीतिक दलमा संविधान र कानुन बमोजिम हुनुपर्ने समावेशीकरण नहुने गरेको र उम्मेदवारले आवश्यक कागजातबिना नै दर्ता हुन आउने गरेको जस्ता विषयहरूलाई सम्बोधन गर्न निर्वाचन आयोगले निर्वाचन तालिका समयमा नै प्रकाशन गरी पारदर्शी रूपमा निर्वाचन कार्यक्रम सञ्चालन गर्न आवश्यक हुन्छ । त्यसको लागि दक्ष जनशक्ति र पर्याप्त स्रोतको परिचालन गर्नुपर्ने र निर्वाचन कानूनमा निर्वाचन आयोगले सरकारसँगको परामर्शमा निर्वाचनको मिति तोक्ने व्यवस्था गर्न जरुरी देखिन्छ,

३. पछिल्लो निर्वाचनमा वैदेशिक रोजगारीमा रहेका र मतदान प्रक्रियामा संलग्न रहेका करिब २ लाख कर्मचारी र ३ लाख सुरक्षाकर्मीहरू मतदानको अधिकारबाट वञ्चित हुनु परेकोले आगामी निर्वाचनहरूको लागि त्यस किसिमका मतदाताहरूलाई समेट्ने गरी आवश्यक व्यवस्था मिलाउने,

४. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत राजनीतिक दलले उम्मेदवारी दिँदा समावेशीकरणको सिद्धान्तलाई त्यतिविधि वास्ता नगरिएका कारण समानुपातिक निर्वाचन प्रणालीबाट आरक्षण कोटा पूरा गर्नुपर्दा निर्वाचन प्रणालीको औचित्यमाथि नै प्रश्न उठ्ने गरेकोले निर्वाचन आयोगले कार्यविधि बनाउँदा र राजनीतिक दललाई निर्देशन दिँदा नै

प्रत्यक्ष निर्वाचनमा समेत ५० प्रतिशत उम्मेदवारको सुनिश्चितता गर्ने व्यवस्था गरी लागू गर्नुपर्ने,

५. राजनीतिक दलको फरक फरक व्याख्याका कारणले शृङ्खलावद्ध रूपमा हुनुपर्ने निर्वाचनहरू अगाडि पछाडि हुँदा कानुनी र व्यावहारिक जटिलता थपिने गरेकोले स्पष्ट कार्यविधि बनाई समयमा नै निर्वाचन कार्यक्रमको घोषणा गर्ने व्यवस्था मिलाउनु पर्ने,

६. मतदाता नामावली समयमा नै प्रकाशन गर्ने, दाबी विरोध गर्ने समय पर्याप्त दिनुपर्ने, परिचयपत्रमा रहन सक्ने दुबिधा हटाउने र तथ्याङ्क प्रशोधनको लागि आवश्यक दक्ष जनशक्ति परिचालन गरी समयमा नै उपयुक्त व्यवस्था मिलाउने,

७. निर्वाचन कार्यक्रम सार्वजनिक भएपछि मतदान केन्द्रहरू परिवर्तन नगर्ने, आवश्यक पूर्वाधार भएको ठाँउहरूमा मात्र मतदान केन्द्रहरू राख्ने व्यवस्था मिलाउने र निर्वाचन क्षेत्रको सिमाना हेरफेर नहुने व्यवस्था गर्ने, उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने अवधि पर्याप्त दिनुपर्ने,

८. मतपत्रको आकार वैज्ञानिक र बुझिने तथा एक मतपत्रमा एक मात्र मत सङ्केत गर्ने व्यवस्था गर्ने,

९. निर्वाचन सामग्रीको भण्डारण, मतपेटिका सङ्कलन र ढुवानीको उपयुक्त व्यवस्था र पर्याप्त सुरक्षा व्यवस्था अपनाइनु पर्ने,

१०. निर्वाचन सम्बन्धी सूचना प्रवाह समयमा गर्ने र निर्वाचन आयोगको कल सेन्टरको प्रभावकारितामा वृद्धि गर्ने, आदि ।

**ङ. निर्वाचन शिक्षा**

१. समयाभावका कारण प्रभावकारी मतदाता शिक्षा सञ्चालन हुन नसकेको, मतदाता शिक्षा कार्यक्रम निकै खर्चिलो हुने गरेको, त्यो पनि खर्चको तुलनामा त्यति प्रभावकारी हुन नसकेको र आयोगसँग पर्याप्त स्रोतको अभाव रहेको, राजनीतिक दल र उम्मेदवारले आफ्ना मतदातालाई उपयुक्त शिक्षा नदिएका कारण ठुलो सङ्ख्यामा मतपत्र रद्द हुने गरेको, मतदाता शिक्षा स्वतन्त्र व्यक्तिहरू र विज्ञहरूबाट सञ्चालन हुन नसकेको जस्ता चुनौतीहरू विगतका निर्वाचनहरूमा देखिएकाले निर्वाचन आयोगको नेतृत्वमा स्रोत सामग्रीको तयारी गरी समयमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरी एकद्वार प्रणालीबाट नियमित रुपमा मतदाता शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने,

२. प्रशिक्षणहरू ढिला सञ्चालन गर्ने र पर्याप्त स्रोत र साधनको अभावमा सञ्चालन गर्ने गरिएको, मतदान अधिकृतलाई समेत पर्याप्त तालिमको अभाव रहेको, दक्ष स्रोत व्यक्तिहरूको अभाव रहेका कारण मतदाता शिक्षा प्रभावकारी हुन नसकेकोले निर्वाचनसँग संलग्न निर्वाचन अधिकृत, मतदान अधिकृत, अन्य कर्मचारीलाई निर्वाचन स्रोत सामग्रीको व्यवस्था गरी दक्ष जनशक्तिबाट समयमै आवश्यक प्रशिक्षणको व्यवस्था मिलाउने,

३. निर्वाचन विवादहरू अनुसन्धान र सुनुवाइ गर्ने अधिकार प्राप्त अधिकारीहरू विशेष गरी निर्वाचन कर्मचारी र न्यायाधीशहरूलाई आवश्यक "निर्वाचन विवाद निरूपणको प्रशिक्षण" प्रदान गरिनु पर्ने, र

४. मतदाता शिक्षामा निर्वाचन विवाद निरूपणको प्रक्रिया र संयन्त्र समेत समावेश गरी कार्यान्वयन गर्नु पर्दछ । जसमा निर्वाचन प्रक्रिया, उजुरीको प्रक्रिया, पुनरावेदनको प्रक्रिया र सुनुवाइको प्रक्रिया समेत सार्वजनिक जानकारीका लागि प्रचार प्रसार गरिनु पर्दछ । विशेषतः राजनीतिक दल र दलका प्रतिनिधिहरूलाई यस विषयमा प्रशिक्षित गर्नुपर्ने हुन्छ ।

### च. आर्थिक पारदर्शिता

निर्वाचन आचार संहिताअन्तर्गत खर्चको सीमालाई पालना नगरिएको, खर्चको अभिलेख राख्ने र पारदर्शी हिसाब राख्ने पद्धतिको विकास नभएको, सार्वजनिक सवारी साधनको दुरूपयोग गरिएको, मतदातालाई अनुचित प्रभावमा पारिएको जस्ता चुनौतीहरू हरेक पटकका निर्वाचनहरूमा देखा परेकोले आर्थिक पारदर्शिता सम्बन्धमा भएका कानुनहरूको कडाईका साथ पालना गर्ने निर्वाचन आयोग निर्भिक भएर काम गर्न आवश्यक छ । निर्वाचन खर्च र स्रोत सङ्कलन सम्बन्धमा स्पष्ट कार्यविधि बनाई बैङ्किङ प्रणाली मार्फत मात्र तोकिएको सीमाभित्रको बजेट जुटाउन र खर्च गर्न पाउने पारदर्शी व्यवस्था गर्न आवश्यक छ । यसका लागि मनोनयन पत्र दर्ता गर्दा उम्मेदवारले आफ्नो बैंक खाताको विवरण खुलाई पेश गर्ने र निर्वाचन प्रयोजनका लागि खर्च हुने रकम सोहि खाताबाट मात्र खर्च गर्ने प्रतिवद्धतापत्र पेश गर्न लगाउनु पर्दछ ।

### छ. निर्वाचन पर्यवेक्षण

विगतका निर्वाचन पर्यवेक्षण पूर्वाग्रही हुने गरेको पाइएको, सुगमस्थलमा मात्र पर्यवेक्षण गरिएको र पदीय जिम्मेवारी समेत पूरा नगरेको, आयोगले कतिपय सङ्घ संस्थाहरूलाई पर्यवेक्षणको लागि अनुमति नदिएको, दिएका मध्ये पनि नियन्त्रित किसिमको रहेको भन्ने अभिव्यक्तिहरू सार्वजनिक भएकाले निर्वाचन पर्यवेक्षण निर्देशिकामा पारदर्शिता, जबाफदेहिता र निष्पक्षताका अन्तर्राष्ट्रिय मापदण्डहरू समेतको व्यवस्था गरी कठोर रूपमा पालना गर्ने व्यवस्था गर्ने, चुस्त अनुगमनको व्यवस्था गर्ने र अनुगमन गर्ने अनुमतिलाई लचिलो बनाउनु पर्ने ।

### ज. निर्वाचन सुरक्षा

सुरक्षा सम्बन्धमा कतिपय स्थानहरूमा मतदान स्थल र मत गणना स्थल सुरक्षित नरहेको, मतदातालाई डर, त्रास, धाक, धम्की दिइएको, उम्मेदवार सुरक्षित नरहेको, मुख्य निर्वाचन अधिकृतलाई जिल्लास्तरीय सुरक्षा बैठकमा आमन्त्रण नगरिएको, म्यादी प्रहरीको छनोट राजनीतिक दबाबका आधारमा पूर्वाग्रही ढङ्गबाट गरिएको, सुरक्षाकर्मीलाई पर्याप्त अभिमुखीकरण तालिम नदिइएको, संयुक्त निर्वाचन सञ्चालन केन्द्रहरू प्रभावकारी नभएको जस्ता चुनौतीहरू देखा परेका थिए । अतः निर्वाचनमा पर्याप्त सुरक्षाको लागि दलीय संयन्त्रको निर्माण, म्यादी प्रहरीको नियुक्तिमा पारदर्शी प्रक्रिया अवलम्बन गर्ने व्यवस्था मिलाउने । सुरक्षा मापदण्डको पालनाको सम्बन्धमा सुरक्षा निकायलाई जवाफदेही बनाउने व्यवस्था गर्ने र आवश्यकता अनुसार सबै सुरक्षा निकाय सम्मिलित संयुक्त सुरक्षा संयन्त्रको परिचालन गरी निर्वाचन भयरहित वातावरणमा हुने कुराको सुनिश्चितता गर्ने ।